# जहदा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यलय

## मोरङ्ग १ न. प्रदेश, नेपाल

## गाउँपालिका पार्श्वचित्र

## २०७७

# (Village profile - 2077)

# जहदा गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यलय
जहदा , मोरङ्ग
प्रदेश १ नेपाल




पत्र संख्या :-

चलानी न :-

**मेरो भनाई :**

*२१ औं शताब्दीको प्रविधी मैत्री युगमा प्रमाणमा आधारित नीति तथा नियम निर्माणको युग हो । यसका लागी गाउँपालिकाका आधारभूत एवं प्राथमिक तथ्याङ्क अनिवार्य पूर्व शर्तका रुपमा रहन्छन् । गाउँपालिकाका दीर्घकालिन,बार्षिक,क्षेत्रगत एवं रणनीतिक योजना तर्जुमा मा अध्यावधिक तथ्याङ्क अति महत्वपूर्ण देखिन्छन् । गाउपालिका वस्तुस्थिति विवरण/पार्श्व चित्र कार्यविधी २०७५ को प्रमुख उद्देश्य स्थानीय तहको विकाश प्रक्रिया तथा सेवा प्रवाहका लागी नीति,योजना तथा कार्यक्रमहरु तयार गर्न साथै एक रुपता र स्तरियता कायम गर्न सक्ने अपेक्षा लिएको छ । यसैगरी स्थानीय तहका तथ्याङ्क सूचनाहरुमा आधारित भएको हुनाले योजना तर्जुमा तथा निर्णय प्रक्रियामा सहजता ल्याउने विश्वास लिएको छु । तथ्याङ्क संकलन विश्लेषणमा Application को प्रयोग गरी तथ्याङ्क व्यवस्थापनमा दक्षता र प्रभावकारिता अभिवृद्धि गर्नुको साथै गाउँपालिकाका यथार्थ सूचना र तथ्याङ्कलाई समेटिएको छ । यसले विभिन्न अनुसन्धानकर्ता,योजनाविद् र सरोकारवालाहरुको चाहनालाई पूरा गर्ने आशा राखेको छु । यस पार्श्व चित्र गाउँपालिकाको पूर्न संरचना पश्चातको पहिलो लिखित तथ्याङ्किय दस्तावेज भएको कारणले यस पार्श्व चित्रसँग सम्वन्धीत सरोकारवालाहरुले अझै केही कमी र कमजोरी रहेको पाइएमा उजागर गरिदिनु हुनेछ भन्ने आशा लिएको छु साथै कमी र कमजोरी लाई सुधार गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।*

*अन्तमा यस पार्श्व चित्र निर्माणका क्रममा सहयोग पुर्याउने सारथी टेक्नोसफ्ट प्रा.ली, गाउँपालिकाका कर्मचारी तथा गाउँपालिका वासीहरु जसले आफ्नो अमूल्य समयमा तथ्याङ्क उपलब्ध गराई सहयोग गरिदिनु भयो, यसका लागी तपाइहरु सवैसँग म अनुग्रहित छु । तथ्याङ्क संकलनका क्रममा गाउ-घरमा तथ्याङ्क संकलकको रुपमा काम गर्ने भाइ बहिनीहरु प्रति विशेष कृतज्ञता व्यक्त गर्दछु । जसको अथक परिश्रमको बाबजुद यस पार्श्व चित्रलाई एक महत्वपूर्ण दस्तावेज र सूचना तथा तथ्याङ्कको हतियारको रुपमा ल्याउन सहयोग पुर्याउनु भएको छ । अन्त्यमा पार्श्वचित्र निर्माणमा प्रत्यक्ष साथै परोक्ष तवरले सहयोग पुर्याउने सम्वद्ध सवे पक्षलाई धन्यवाद व्यक्त गर्न चाहन्छु ।*

*धन्यवाद !*

**कैलाश प्रसाद मण्डल**

गाउपालिका प्रमुख

जहदा गाउपालिकाको कार्यलय

मोरङ्ग

# जहदा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यलय

जहदा , मोरङ्ग

प्रदेश १ नेपाल



पत्र संख्या :-

चलानी न :-

**मेरो भनाई**

*नेपालमा संघीयता कार्यन्वयन सँगै स्थानीय तहको निर्वाचन पछि गठन भएको स्थानीय सरकारवाट प्रवाह हुने सेवाले लोकतन्त्रको मर्मलाई आत्मसमत गर्न सक्नु पर्छ, जसका लागी सरकारको सेवा प्रवाह गर्ने जनसांख्यिक पूर्वाधार,सामाजिक तथा आर्थिक लगायत समग्र क्षेत्रको प्राथमिक सूचना तथा तथ्याङ्क अध्यावधिक रहनु आवश्यक छ । गाउँपालिकामा साविकको स्थानीय निकायको रुपमा रहदा ताका छरिएर रहेका सूचनाहरुलाई आधार मानी अहिले सम्मको विकाश योजना तर्जुमा भइरहेको परिपेक्षमा विराटनगर स्थित सारथी टेक्नोसफ्टको प्राविधीक सहयोगमा गाउँपालिकाको आधुनिक सूचना व्यवस्थापन पद्धतीवाट गाउँपालिका पार्श्व चित्र तयार भएकोमा अत्यन्तै गौरवान्वित महसुस भएको छ । यस पार्श्व चित्रले गाउँपालिकाको विषयमा जानकारी लिन चाहने सम्बन्ध क्षेत्रको जो कोहीलाई पनि सहयोग पुग्ने र गाउँ क्षेत्रमा भएको विकाश तथा सेवा प्रवाहको वर्तमान स्थिति चित्रण गर्न एवं विकाशका लागी भावि योजना तथा कार्यक्रम बनाइ सेवा व्यवस्थापन गर्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास लिएको छु ।*

*सारथी टेक्नोसफ्ट प्रा.ली.का तर्फवाट प्राविधीक सहयोग गरी जहदा गाउँपालिकाको गाउ पार्श्वचित्र-२०७७ तयार गर्न अहोरात्र खटिनु हुने प्राविधीक टोली, गाउँपालिकाका कर्मचारी पदाधिकारी तथा गाउपालिकावासी जसले तथ्यांक उपलब्ध गराइदिनु भयो वहाहरु सवैलाई धन्यवाद दिन चाहन्छु । साथै यस कार्यका लागी तथ्याङ्क संकलन गर्ने वडा वडा का हाम्रा भाइबहिनिहरु जसको अथक प्रयासमा यस दस्तावेजलाई यहा सम्म ल्याइ पुर्याउन सहयोग गर्नु भयो वहाहरु लाई विशेष धन्यवाद दिन चाहन्छु ।*

*धन्यवाद !*

**शालो शाह**

गाउँपालिका उपप्रमुख

जहदा गाउँपालिकाको कार्यलय

मोरङ्ग

# जहदा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यलय

जहदा , मोरङ्ग

प्रदेश १ नेपाल



पत्र संख्या :-

चलानी न :-

**मन्तव्य**

*स्थानीय निकायहरुको सर्वाङ्गिण विकाशका निम्ती विकाश निती तथा योजना निर्माण गर्ने सही सूचनाहरुको आवश्यकता पर्दछ । यर्थाथ सूचनामा आधारित विकाश योजना निर्माणका लागी गाउँपालिका पार्श्वचित्र (Village profile) अति नै आवश्यक र खड्किने विषय हो । स्थानीय स्वायत्त शासन ऐन-२०७४ संशोधन र परिमार्जन सहित गाउँपालिकाले आफ्नो क्षेत्रको जनसांख्यिक,भौगोलिक,आर्थिक,सामाजिक,शैक्षिक विवरण र सूचनाहरु संकलन गरेर दस्तावेजको रुपमा तयार गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ । गाउँपालिकाले संकलित तथ्याङ्कहरु प्रविधी मैत्री बनाउन र सो को अद्यावधिक गर्न,वातावरण मिलाउन र विद्यमान स्थितिको विश्लेषण गरी विकाशका प्रयासहरुलाई दिशा निर्देश गर्न,आवधिक तथा बार्षिक गाउँविकाश योजना तर्जुमा,योजनाको नतिजा मूलक अनुगमन गर्न महत्वपूर्ण र अपरिहार्य आवश्यकता भएको छ ।*

*यसैगरी गाउँपालिका भित्रका सम्पूर्ण वस्तुस्थिति तथा सूचनालाई यस पार्श्वचित्र मा अभिलेखिकरण गरिएको छ । गाउँपालिकाका समग्र नेतृत्व,साझेदारी संघ संस्थाहरु,राजनीतिक दल,सेवा केन्द्रको सहभागीतामा आवधिक गाउँ विकाश योजनाका रुपमा पहिलो भाग यस पार्श्वचित्र (Village profile) सारथी टेक्नोसफ्ट प्रा.ली. ले तयार गरेको छ । यस पार्श्व चित्र यस क्षेत्रको विकाशमा कोशे ढुङ्गा सावित हुने विश्वास लिएको छु । साथै यसवाट गाउँपालिका भित्रका सम्पूर्ण नागरिक तथा गाउँपालिका सँग सरोकार राख्ने सवै महानुभावहरु,संघ संस्था,अध्ययन अनुसन्धानकर्ता,योजनाकार लगायत सम्पूर्ण पक्ष लाभान्वित हुने मा दुइमत छैन । यस पार्श्व चित्रलाई अध्ययन गरी यसमा भएका कमी कमजोरी औल्याइ आगामी दिनमा सुधार गर्ने पक्षहरु भएमा सम्पूर्ण यसमा सम्वन्धीत सरोकार पक्षसँग अनुरोध गर्दछु ।*

*यस पार्श्व चित्र (Village profile) तयार गर्दा सूचनाहरु संकलन गरी व्यवस्थित गर्न सहयोग गर्नुहुने जनप्रतिनिधी,गाउँपालिकावासीहरु जसले सही र सौहार्दपूर्ण वातावरणमा तथ्याङ्क उपलव्ध गराइदिनु भयो, यहाहरु सवैलाई धन्यवाद दिन चाहन्छु । यस कार्यमा विराटनगर स्थित सारथी टेक्नोसफ्ट प्रा.ली. लाई दस्तावेज प्रविधीमैत्री बनाउन सहयोग गर्नु भएकोमा स-धन्यवाद प्रकट गर्दछु । साथै तथ्याङ्क संकलक भाइबहिनीहरुको अथक प्रयासलाई यस महत्वपूर्ण कार्यका लागी आभार व्यक्त गर्दछु ।*

*धन्यवाद !*

**सुवर्ण घिमिरे**


प्रमुख प्रशासकिय अधिकृत

जहदा गाउपालिकाको कार्यलय

मोरङ्ग

मोरङ्ग जिल्लाको नक्सा



# विषयसुची


**परिच्छेद १: भूमिका ..........................................................................१**

१.१. अध्ययनको परिचयः- .......................................................................................१

१.२. उद्देश्यः– ........................................................................................................२

१.३. अध्ययनको महत्व :- ........................................................................................३

१.४ अध्ययनको आवश्यकता र औचित्य :- ....................................................................३

१.५ अध्ययन विधि र प्रकृया :- ...................................................................................३

१.५.१ घरधूरी सर्भेक्षण (प्राथामिक श्रोत) :– ......................................................................३

१.५.२ संस्थागत सर्भेक्षण (दोश्रो श्रोत) :– ........................................................................४

१.५.३ तथ्यांक विश्लेषण र प्रस्तुतिकरण :- ......................................................................४

१.५.४ गाउपालिका वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी :- .............................................४

१.६अध्ययनको क्षेत्र र सीमा :- ....................................................................................४

**परिच्छेद २: गाउपालिकाको परिचय ........................................................५**

२.१. नामाकरण तथा ऐतिहासिक पृष्ठभूमी ......................................................................५

२.१.१. ऐतिहासिक पृष्ठभूमी .........................................................................................५

२.१.२ नामाकरण ..........................................................................................................६

२.२.३ मूख्य बस्ति र टोल सम्बन्धि विवरण .....................................................................६

२.३. क्षेत्रफल ............................................................................................................६

२.४ भू-उपयोग सम्बन्धि विवरण ..................................................................................६

२.५ सिचाइ तथा सिंचित क्षेत्रफल ..................................................................................८

२.६ वन क्षेत्र तथा नर्सरि सम्बन्धि विवरण ......................................................................८

२.७ सरकारी तथा सार्वजनिक जमिनहरुको विवरण ..........................................................८

२.८ खेल मैदान सम्बन्धि विवरण .................................................................................९

२.९ पर्यटन तथा धार्मिक स्थलहरुको विवरण ..................................................................९

२.१० स्थानिय चाडपर्व, जात्रा र मेलाको विवरण ...............................................................९

२.११ भौगोलिक स्वरुप ...............................................................................................१०

**परिच्छेद ३ :जनसंख्याको विवरण ..........................................................११**

३.१ जनसङ्ख्याको विवरण - .........................................................................................११

३.२ वडा अनुसार तुलनात्मक जनसांख्यिक विवरण ......१२
३.३ लिङ्ग अनुसार तुलनात्मक जनसंख्या विवरण ......१३
३.४ समूहगत उमेरको जनसंख्या विवरणः ......१४
३.५ जनसांख्यिक बनावट र संरचना ......१६
३.६ अस्थाई बसाइसराई गर्ने वडागत जनसंख्या ......१७
३.७ वडा अनुसार निश्चित उमेर समूहको जनसंख्या विवरण ......१८
३.८ व्यक्तिगत घटना दर्ता : ......२२
३.८.१ गाउपालिकाको जन्मदर्ता तथा मृत्युदर्ता सम्वन्धी विवरण ......२२
३.८.२ गाउपालिकाको विवाह,सम्बन्ध-विच्छेद,बसाइ-सराई दर्ता सम्वन्धी विवरणः ......२३
३.८.३ बसाइ सराई तथा जनसांख्यिक गतिशिलता : ......२३
३.८.४ अस्थाई बसाइ सराई गरेका जनसंख्या र देशहरुको विवरण : ......२४
३.८.५ बसाइ सराई र जनसांख्यिक गतिशिलता ......२८
३.९ जातजाति अनुसार गाउपालिकाको विवरण ......२९
३.१० थर र जातका आधारमा जनसंख्या विवरण ......३०
३.१०.१ वडागत रुपमा जात जातियताको जनसांख्यिक विवरण ......३२
३.११ धर्म अनुसार जनसंख्या विवरण ......३७
३.१२. मातृभाषाको आधारमा जनसंख्या विवरण : ......३८
३.१३. मातृभाषा र लिङ्गका आधारमा जनसंख्या विवरण ......४०
३.१४ उमेर अनुसार वैवाहिक स्थितिका विश्लेषण ......४१
३.१५. अपाङ्गता सम्वन्धी जनसांख्यिक विवरणः ......४२
३.१५.१ अपाङ्गता अनुसार जनसंख्या विवरणः ......४३
३.१५.२ अपाङ्ग परिचय पत्रका आधारमा जनसंख्या विवरण ......४५
३.१६. व्यक्तिगत घटना दर्ता ......४६
३.१७ मतदाताको आधारमा जनसंख्या विवरण ......४७
**परिच्छेद ४ : आर्थिक स्थिती ......४८**
४.१ गाउपालिकाको रोजगारी र आम्दानीको अवस्था ......४९
४.१.२ वडागतरुपमा रोजगारीको अवस्था ......४९
४.१ पारिवारीक आम्दानीको विवरण : ......५०
४.२ पारिवारीक आम्दानीको वडा अनुसारको बार्षिक विवरणः ......५२

४.३. पारिवारीक बार्षिक खर्चको विवरणः ....................................................................५६

४.४. पारिवारीक खर्चको वडागत विवरणः ....................................................................५८

४.५. पेशा अनुसार जनसंख्या विवरणः ....................................................................६१

४.६ कृषि ....................................................................६३

४.६.१ कृषिजन्य उत्पादनहरुको विवरणः ....................................................................६५

४.६.२. कृषिजन्य उत्पादनमा खाद्यान्नवाली/अन्नवालीको उत्पादनको अवस्थाः ....................................६५

४.६.३. कृषिजन्य दलहनवाली उत्पादनको विवरणः ....................................................................६६

४.६.४. कृषिजन्य तेलहन वालीको उत्पवादन विवरणः ....................................................................६७

४.६.५. कृषिजन्य तरकारी वाली उत्पादनको अवस्था : ....................................................................६८

४.६.६ कृषिजन्य उत्पादनमा फलफूल खेतीको अवस्थाः ....................................................................६९

४.७. वैदेशिक रोजगारीको अवस्थाः ....................................................................७०

४.७.१. रेमिटेन्स सम्वन्धी विवरणः ....................................................................७१

४.८ सामाजिक सुरक्षा प्राप्त व्यक्तिको विवरण ....................................................................७१

४.९. विमाः ....................................................................७२

४.१०. खेती गरिएको आधारमा घरधूरी विवरणः ....................................................................७४

४.१०. गरिवीको रेखामुनी भएका घर परिवारको विवरण ....................................................................७५

४.१०.१: आफ्नै वार्षिक आम्दानीले परिवार धान्न पुग्ने महिनाको आधारमा परिवारको विवरण ............७५

४.१०.२ कुल वार्षिक आम्दानीले परिवार धान्न नपुग्ने परिवारले नपुग अवधिको लागि घर धान्न गरेको अन्य व्यवस्थाको आधारमा परिवारको विवरण ....................................................................७७

४.११. सुकुम्वासीको अवस्थाः ....................................................................७७

४.१२.कृषि उपजमा लाग्ने रोग किरा सम्वन्धी जानकारी विवरणः ....................................................................७९

४.१३. पशुपंक्षीपालनः ....................................................................८०

४.१३.१ पशुनश्लः ....................................................................८१

४.१३.२ पशुपंक्षीमा लाग्ने रोगहरुः ....................................................................८१

४.१४. बैक तथा वित्तिय संस्था : ....................................................................८२

४.१४.१. सहकारी संस्थाको विवरणः ....................................................................८२

**परिच्छेद-५ सामाजिक पूर्वाधार ....................................................................८४**

५.१ शिक्षा - (पृष्ठभूमि) ....................................................................८४

५.१.१ शैक्षिक संस्थाहरुको विवरण ....................................................................८५

५.१.२ वडा अनुसार शैक्षिक संस्थाहरुः ....................................................................................८५

५.१.३ नगरपालिकामा कार्यरत तहगत शिक्षक विवरणः ..............................................................८७

५.१.४ शैक्षिक छात्रवृत्ति तथा लक्षित सुविधाको विवरणः ..............................................................८७

५.१.५. साक्षरताको स्थिति निश्चित उमेर समूहमाः ....................................................................८७

५.१.७. वडा र लिङ्गगत रुपमा साक्षरताको विवरणः .................................................................८८

५.१.८. गाउपालिकाको शैक्षिक स्तरको विवरणः ........................................................................८९

५.१.९ जातिगत आधारमा विद्यार्थीहरुको विवरणः .......................................................................८९

५.१.१०. विद्यालयमा पहुचको स्थितिः .........................................................................................९०

५.२. विशेष सीप र दक्षता भएको जनसंख्याको वडागत विवरणः ...................................................९१

५.३. जनचेतनामूलक तालिम सम्वन्धी विवरणः .........................................................................९२

५.४ स्वास्थ्यः ........................................................................................................................९३

५.४.१. दीर्घ रोग र जनसंख्या विवरणः ......................................................................................९४

५.४.२ गाउपालिकाका स्वास्थ्य सेवा प्रदायक स्थलहरुः ...............................................................९४

५.४.३.नियमीत खोपः .............................................................................................................९५

५.४.४. गाउघर क्लिनिक : ........................................................................................................९६

५.४.५ सरकारी स्वास्थ्य संस्था : ..............................................................................................९७

५.५ स्वास्थ्य सेवा तथा पोषणको स्थिति : ..............................................................................९७

५.६ परिवार नियोजन सम्वन्धी विवरणः ...................................................................................९८

५.७. सुरक्षित मातृत्वको आवश्यकता : ....................................................................................९९

५.८. पोषण सम्वन्धी विवरण : ...............................................................................................९९

५.९. खानेपानी तथा सरसफाई : ............................................................................................१००

५.९.१ खानेपानी : ..................................................................................................................१०१

५.९.२. खानेपानी सुरक्षित बनाउने घरपरिवार सम्वन्धी विवरण ....................................................१०२

५.९.३. खानेपानी सुरक्षित बनाउने तरिका सम्वन्धी विवरण : .......................................................१०३

५.१०. फोहोरमैला व्यवस्थापन : ............................................................................................१०४

५.१०.१. घरवाट निस्कने फोहोरको व्यवस्थापन : .......................................................................१०५

५.१०.२ खुल्ला दिशामुक्त क्षेत्र र शौचालयको व्यवस्थापनः ..........................................................१०६

५.११. महिला तथा वालवालिकाः ............................................................................................१०७

५.११.१. पीारिवारीक संरचनामा महिला : ...................................................................................१०८

५.११.२. वालवालिका सम्वन्धी विवरणः ..........१०९
५.११.३. वाल श्रमको अवस्थाः ..........११०
५.१२. संघ संस्थामा आवद्धता सम्वन्धी : ..........१११
**परिच्छेद -६ भौतिक विकासको अवस्था ..........११२**
६.१. घरायसी विवरणः ..........११२
६.२. घरपरिवारले प्रयोग गरेको घरको भित्ता सम्वन्धी विवरणः..........११३
६.७. घरायसी सरसामानहरुको विवरणः ..........११४
**परिच्छेद - ७: गाउपालिकाका आधारभूत सेवाहरु ..........११५**
७.१. स्थानीय तहको कार्यलयः ..........११६
७.२.सुरक्षा निकायः ..........११७
७.३. स्वास्थ्य संस्थाः ..........११९
७.४. गाउघर क्लिनिकः ..........१२०
७.५. वैक तथा वित्तिय संस्थाहरुः ..........१२१
७.६. कृषि सेवा केन्द्रः ..........१२२
७.७. सहकारी संस्था : ..........१२३
७.८. खेलमैदानः ..........१२४
७.९. स्थानीय बजारमा पहुचको अवस्था सम्वन्धी विवरणः ..........१२५
७.१०. सामूदायिक भवनसम्मको पहुच विवरणः ..........१२६
७.११. शवदाह गर्ने स्थानमा पहुचको अवस्थाः ..........१२७
७.१२. हुलाक सेवा केन्द्रः ..........१२८
७.१३. गैर सरकारी संस्थाः ..........१२९
**परिच्छेद -८: वन तथा वातावरणिय स्थिति : ..........१३१**
८.१. वन जंगल र खोलानालाः ..........१३१
८.२. जैविक विविधता र वातावरणिय अवस्था : ..........१३१
८.३. प्राकृतिक प्रकोप र विपदको व्यवस्थापनः ..........१३२
८.४. प्राकृतिक विपद वा प्रकोपको आधारमा पारिवारीक विवरण : ..........१३३
**परिच्छेद -९ विकासमा गाउवासीको चाहना/आवश्यकता ..........१३४**
९.१. आवश्यकताको विश्लेषणको पृष्ठभूमिः ..........१३५
९.२. विकाश आवश्यकताको प्राथमिकीकरण : ..........१३५

९.३.वडा न.२ को आवश्यकताको प्राथमिकीकरणः ....................................................................१३६

९.४. वडा न.३ को आवश्यकता सम्वन्धी स्तरिकरणः ..............................................................१३६

९.५.वडा न.४ को आवश्यकता सम्वन्धी स्तरिकरणः ...............................................................१३७

९.६.वडा न.५ को आवश्यकता सम्वन्धी स्तरिकरणः ................................................................१३७

९.७.वडा न.६ को आवश्यकता सम्वन्धी स्तरिकरणःब ..............................................................१३८

९.८.वडा न.७ को आवश्यकता सम्वन्धी स्तरिकरणः ...............................................................१३९

**परिच्छेद - १०: संस्थागत सुशासनको स्थिति .....................................................१४१**

१०.१. सरकारी कार्यलय सम्वन्धी विवरणः ..............................................................................१४१

१०.२. नगरपालिकामा रहेका विभिन्न समूह सम्वन्धी विवरणः ....................................................१४१

१०.३.विकाश साझेदार गर्ने गैर सरकारी संस्थाः ......................................................................१४२

१०.४. गाउपालिकाको संगठनात्मक संरचनाः ..........................................................................१४३

१०.५. गाउपालिका आफैँले बनाएका नियम/विनियमहरुको नियमावलिः .......................................१४३

१०.६. गाउकार्यपालिका सदस्यको नामावलीः ..........................................................................१४४

# तालिका सुची

तालिका न. १: मूख्य बस्ति र टोल सम्बन्धि विवरण ६
तालिका न.२: भू-उपयोग सम्बन्धि विवरण ७
तालिका न.३: सिचाइ तथा सिंचित क्षेत्रफल ८
तालिका न.४: धार्मिक स्थलको विवरण ९
तालिका न.५ प्रमुख चाडपर्वहरु १०
तालिका न.६: जनसंख्या बिबरण ११
तालिका न.७: वडागत जनसांख्यिक बिबरण १३
तालिका न.८ उमेर र लिङ्ग समूहका आधारमा जनसंख्या विवरण र प्रतिशत १५
तालिका न.९: घरमूलिको आधारमा वडागत घरधूरी विवरण १६
तालिका न.१०: वडा अनुसार स्थाइ वसाइ सराइ गर्ने जनसंख्या विवरण १८
तालिका न.११: वडा न.१ को निश्चित उमेर समूहको जनसांख्यिक विवरण १८
तालिका न.१२: वडा न.२ को निश्चित उमेर समूहको जनसांख्यिक विवरण १९
तालिका न.१३: वडा न.३ को निश्चित उमेर समूहको जनसांख्यिक विवरण १९
तालिका न.१४: वडा न.४ को निश्चित उमेर समूहको जनसांख्यिक विवरण २०
तालिका न.१५: वडा न.५ को निश्चित उमेर समूहको जनसांख्यिक विवरण २०
तालिका न.१६: वडा न.६ को निश्चित उमेर समूहको जनसांख्यिक विवरण २१
तालिका न.१७: वडा न.७ को निश्चित उमेर समूहको जनसांख्यिक विवरण २१
तालिका न.१८: जन्म तथा मृत्यु दर्ता सम्बन्धी विवरण २२
तालिका न.१९: विवाह र सम्बन्ध-विच्छेद सम्वन्धी विवरण २३
तालिका न.२०: वडा अनुसार अस्थाइ बसाइ सराई गर्ने जनसंख्याको विवरण २४
तालिका न.२१: नेपालमै अस्थाई बसोवास गर्नेहरुको वडागत विवरण २५
तालिका न.२२: भारतमा अस्थाई रुपमा बसोवास गरेका वडागत जनसंख्या विवरण २५
तालिका न.२३: यूरोप र अमेरिकी देशहरुमा अस्थाई रुपमा बसोवास गरेको विवरण २६
तालिका न.२४: अस्थाई रुपमा खाडी मूलुकमा बसोवास गर्नेहरुको वडागत विवरण २६
तालिका न.२५: जापान,कोरियामा कामको कारण अस्थाई बसोवास गर्ने जनसंख्या २७
तालिका न.२६: अष्ट्रेलियामा  बसोवास गरेको वडागत विवरण २७
तालिका न.२७: अन्य देशमा बसोवास गर्ने जनसंख्या विवरण २८
तालिका न.२८: वडा अनुसार बसाइ सराई गर्नुको कारणहरुको विवरण २९
तालिका न.२९: जात/जातियताको आधारमा जनसंख्या विवरण ३०
तालिका न.३०: तराई दलितहरुको जनसंख्या विवरण ३१
तालिका न.३१: पहाडे दलित जातिहरुको जनसंख्या विवरण ३१
तालिका न.३२: तराई जनजातिहरुको  समग्र जनसांख्यिक विवरण ३२
तालिका न.३३: जात जातियताको आधारमा जनसंख्या विवरण वडा न.१ ३३
तालिका न.३४: जात जातियताको आधारमा जनसंख्या विवरण वडा न.२ ३३
तालिका न.३५: जात जातियताको आधारमा जनसंख्या विवरण वडा न.३ ३४

तालिका न.३६: जात जातियताको आधारमा जनसंख्या विवरण वडा न.४ ३४
तालिका न.३७: जात जातियताको आधारमा जनसंख्या विवरण वडा न.५ ३५
तालिका न.३८: जात जातियताको आधारमा जनसंख्या विवरण वडा न.६ ३६
तालिका न.३९: जात जातियताको आधारमा जनसंख्या विवरण वडा न.७ ३६
तालिका न.४०: वडागत रुपमा धर्मका आधारमा जनसंख्या विवरण ३७
तालिका न.४१: मातृभाषाको आधारमा जनसंख्या विवरण ३९
तालिका न.४२: मातृभाषा र लिङ्गका आधारमा जनसंख्या विवरण ४०
तालिका न.४३: गाउपालिकाको वैवाहिक स्थितिको विवरण ४२
तालिका न.४४: वडाअनुसार अपाङ्गता भएकाको विवरण ४३
तालिका न.४५: अपाङ्गताको किसिम अनुसार जनासंख्या विवरण ४४
तालिका न.४६: अपाङ्ग परिचय पत्रका आधारमा जनसंख्या विवरण ४५
तालिका न.४७: ५ बर्ष भन्दा मूनिका वालवालिकाका जन्मदर्ता सम्वन्धी विवरण ४६
तालिका न.४८: मतदाताको आधारमा जनसंख्या विवरण ४७
तालिका न.४९: आर्थिक आम्दानी नगर्ने जनसंख्या ४९
तालिका न.५०: रोजगार र बेरोजगार जनसंख्या ५०
तालिका न.५१: औषत पारिवारीक बार्षिक आम्दानी विवरण ५१
तालिका न.५२: पारिवारीक बार्षिक खर्च विवरण ५७
तालिका न.५३: पेशा अनुसार जनसंख्या विवरण ६२
तालिका न.५४: कृषिजन्य उत्पादनहरुको गतबर्षको विवरण ६५
तालिका न.५५: अन्नवाली उत्पादनको विवरण ६५
तालिका न.५६: दलहनवाली उत्पादनको अवस्था र विवरण ६६
तालिका न.५७: तेलहन वाली उत्पादनको अवस्था.. ६७
तालिका न.५८: कृषिजन्य तरकारी वाली उत्पादनको विवरण ६८
तालिका न.५९: फलफूल खेतीवाट भएको उत्पादनको विवरण ६९
तालिका न.६०: वैदेशिक रोजगारीमा गएकाको वडागत विवरण ७०
तालिका न.६१: रेमिटेन्स सम्वन्धी विवरण ७१
तालिका न.६२: सामाजिक सुरक्षा प्राप्त व्यक्तिको विवरण ७२
तालिका न.६३: वडा अनुसार विमा गरेकाको विवरण ७३
तालिका न.६४: आफ्नै वार्षिक आम्दानीले परिवार धान्न पुग्ने महिनाको आधारमा परिवारको विवरण ७६
तालिका न.६५: सुकुम्वासी र जग्गा धनिको विवरण ७८
तालिका न.६६: जग्गा जमिन नहुनुका कारणहरु ७८
तालिका न.६७: वालीमा लाग्ने रोगको विवरण ७९
तालिका न.६८: तराईका कृषि वालीमा लाग्ने रोग किरा सम्वनधी विवरण ८०
तालिका न.६९: पशुपंक्षीहरुको विवरण ८०
तालिका न.७०: पंक्षीमा लाग्ने रोग ८१
तालिका न.७१: पशुमा लाग्ने रोग ८२
तालिका न.७२: वित्तीय संस्थाको विवरण ८२

तालिका न.७३: सहकारी संस्था सम्वन्धी विवरण ८३
तालिका न.७४: शैक्षिक संस्थाहरु सम्वन्धी विवरण ८५
तालिका न.७५: वडागत शैक्षिक संस्थाहरुको विवरण ८६
तालिका न.७६: तहगत शिक्षक विवरण ८७
तालिका न.७७: शैक्षिक छात्रवृत्ति लक्षित सुविधाको विवरण ८७
तालिका न.७८: निश्चित उमेरसमूहमा साक्षरता प्रतिशत ८८
तालिका न.७९: वडा र लिङ्गगत रुपमा साक्षरता स्थिति ८८
तालिका न.८०: वडागत शैक्षिक स्तर सम्वन्धी विवरण ८९
तालिका न.८१: जातिगत आधारमा विद्यार्थीको संख्या ९०
तालिका न.८२: वडागत रुपमा विद्यालय पुग्न लाग्ने समय अनुसार घरधूरी विवरण ९०
तालिका न.८३: वडागत रुपमा विशेष सीप वा दक्षता भएको जनसंख्याको विवरण ९१
तालिका न.८४: गाउपालिकामा जनचेतनामूलक तालिम ९२
तालिका न.८५: वडा अनुसार उपचारका लागी घरधूरी विवरण ९३
तालिका न.८६: वडा अनुसार दीर्घ रोगका किसिम र जनसंख्या ९४
तालिका न.८७: स्वास्थ्य संस्थाको खोप केन्द्र पुग्न लाग्ने समय अनुसार घरभूरी विवरण ९५
तालिका न.८८: नियमित राष्ट्रिय खोप विवरण ९५
तालिका न.८९: खोप सम्वन्धी विवरण ९६
तालिका न.९०: गाउघर क्लिनिक पुग्न लाग्ने समयका आधारमा घरधूरी विवरण ९७
तालिका न.९१: सरकारी स्वास्थ्य संस्था सम्मको दूरी सम्वन्धी विवरण ९७
तालिका न.९२: परिवार नियोजन सम्वन्धी विवरण ९८
तालिका न.९३: सुरक्षित मातृत्व सम्वन्धी विवरण ९९
तालिका न.९४: विगत ३ बर्षमा पोषणको अवस्था १००
तालिका न.९५: वडाअनुसार खानेपानी श्रोतको वर्गिकरण विवरण १०१
तालिका न.९६: खानेपानी शुद्ध बनाउने घरधूरी विवरण १०२
तालिका न.९७: खानेपानी सुरक्षित बनाउने तरिका सम्वन्धी विवरण १०३
तालिका न.९८: घरवाट निस्कने फोहोरलाई छुट्याउने र नछुट्याउने घरधूरी १०४
तालिका न.९९: घरवाट निस्कने फोहोरको व्यवस्थापन सम्वन्धी विवरण १०५
तालिका न.१००: वडा अनुसार घरपरिवारले प्रयोग गर्ने चर्पीको प्रकार १०७
तालिका न.१०१: महिला हिंसा सम्वन्धी विवरण १०८
तालिका न.१०२: वडाअनुसार घरमूलिको वनावट र महिला घरमूलि विवरण १०९
तालिका न.१०३: वडा अनुसार वाल श्रमको विवरण १११
तालिका न.१०४: संघ संस्थामा आवद्ध भएका घरधूरी विवरण १११
तालिका न.१०५: घरको प्रकार अनुसार घरधूरी विवरण ११३
तालिका न.१०६: वडा अनुसार घरपरिवारले प्रयोग गरेको भित्ताको विवरण ११४
तालिका न.१०७: वडाअनुसार आधारभूत घरायसी सामग्रीको विवरण ११५
तालिका न.१०८: स्थानीय तहको कार्यलयमा पहुचको अवस्था ११७
तालिका न.१०९: स्थानीय स्तरमा सुरक्षा निकायमा पहुचको अवस्था ११८

तालिका न.११०: खोप केन्द्रमा पहुचको अवस्था ११९
तालिका न.१११: गाउघर क्लिनिकमा पहुचको अवस्था १२०
तालिका न.११२: वैकं तथा वित्तिय संस्थामा पहुचको अवस्था १२१
तालिका न.११३: कृषि सेवा केन्द्रमा स्थानीयको पहुच विवरण १२२
तालिका न.११४: सहकारी संस्थामा वडागतरुपमा पहुच सम्वन्धी विवरण १२३
तालिका न.११५: खेलमैदान सम्मको पहुचको आधारमा घरधूरी विवरण १२४
तालिका न.११६: स्थानीय हाट बजारमा पहुचको अवस्था १२५
तालिका न.११७: सामूदायिक भवनमा पुग्न लाग्ने समयको आधारमा वडागत विवरण १२६
तालिका न.११८: शवदाह गर्ने स्थल सम्मकोसहजता सम्वन्धी विवरण १२७
तालिका न.११९: हुलाक सेवा केन्द्रमा पहुच सम्वन्धी विवरण १२८
तालिका न.१२०: गैर सरकारी संघ संस्थामा वडावासीको पहुच सम्वन्धी विवरण १२९
तालिका न.१२१: अस्थाई विचरणका रुपमा पाइने जनवार र चराचुरुङ्गी १३२
तालिका न.१२२: प्राकृतिक प्रकोपको अवस्था १३३
तालिका न.१२३: प्रकोपको आधारमा क्षतिको आर्थिक तथा मानविय विवरण १३४
तालिका न.१२४: वडा न.१ को घरधूरीवाट प्राप्त मूख्य आवश्यकता सम्वन्धी विवरण १३५
तालिका न.१२५: वडा न.२ को घरधूरीवाट प्राप्त मूख्य आवश्यकता सम्वन्धी विवरण १३६
तालिका न.१२६: वाड न. ३ को घरधूरीवाट प्राप्त मूख्य आवश्यकता सम्वन्धी विवरण १३७
तालिका न.१२७: वडा न.४ को घरधूरीवाट प्राप्त मूख्य आवश्यकता सम्वन्धी विवरण १३७
तालिका न.१२८: वडा न.५ को घरधूरीवाट प्राप्त मूख्य आवश्यकता सम्वन्धी विवरण १३८
तालिका न.१२९: वडा न.६ को घरधूरीवाट प्राप्त मूख्य आवश्यकता सम्वन्धी विवरण १३९
तालिका न.१३०: वडा न.७ को घरधूरीवाट प्राप्त मूख्य आवश्यकता सम्वन्धी विवरण १३९
तालिका न.१३१: सरकारी कार्यलय सँग सम्वन्धीत विवरण १४१
तालिका न.१३२: गाउपालिकामा रहेका विभिन्न समूहहरुको विवरण १४२
तालिका न.१३३: विकाश साझेदार गर्ने गैर सरकारी संस्था १४२
तालिका न.१३४: नियम/विनियमहरुको नियमावलि: १४३
तालिका न.१३५: गाउकार्यपालिका सदस्यको नामावली: १४४

# परिच्छेद १ः भूमिका

यस परिच्छेदमा गाउपालिका पार्श्वचित्र तयारीका आधार,उद्देश्य,विधी प्रकृया र विश्लेषण विधिहरु समावेश गरिएको छ । जसलाई शिर्षक र विभिन्न उप-शिर्षकहरुमा राखि व्याख्या र विश्लेषण गरिएको छ ।

## १.१. अध्ययनको परिचयः-

नेपालको सन्दर्भमा गाउपालिका स्थानीय स्तरको सरकार हो । यसले स्थानीय स्तरमा जनतालाई तोकिएको सेवाहरु प्रवाह गर्दछ । नेपालमा रहेका गाउपालिकाहरु स्थानीय स्वायत्त शासन ऐन तथा यस (यस अन्तर्गत जारी भएका) नियमावलि द्वारा निर्देशित भएका छन् । यस नियमावलिमा गाउपालिकाहरुले वस्तुगत विवरण तयार गरी यसैका आधारमा योजना  छनौट गर्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । वस्तुगत विवरण तयारीका लागि सूचना संकलन र विश्लेषण गर्नु पर्दछ । संकलन गरिएका सूचाङ्कलाई यर्थात परक ढंगले राखी वस्तुगत विवरण तयार गर्दा त्यसले गाउपालिका लगायत अन्य सरोकारवालाहरुलाई विकास कियाकलाप संचालन गर्न ठूलो सहयोग पुर्‍याउँदछ । कुनैपनि व्यक्ति, घटना, प्रकृया वा संस्था बारेको तथ्य वा विस्तृत विवरणलाई सामान्यत सूचना भनिन्छ । सूचनाहरु संकलनका आधार २ प्रकारका हुन्छन् -प्राथमिक र द्वितिय सूचना । सूचना संकलनकर्ता आफैले सम्वन्धीत क्षेत्रमा गएर संकलन गरिन्छ भने त्यस्तो सूचना प्राथमिक सूचना हो । अरुले संकलन गरेको सूचनालाई द्वितिय सूचना भनिन्छ । यि सूचनालाई संकलन, प्रशोधन (तालिकाकरण, व्याख्या वा विश्लेषण ) तथा प्रकाशन गर्ने सम्मका सर्म्पूण कार्यहरु सूचना व्यवस्थापन अन्तर्गत पर्दछ । आवश्यकता अनुसार चाहिएको मात्रामा र समयमा सूचना प्राप्त गर्न सकियोस् भन्ने उद्देश्यले सूचना  व्यवस्थापन गरिन्छ । व्यवस्थित गरीएको सूचनालाई आवश्यक मात्रामा निकाल्ने र प्रयोग गर्न सकिने हुनुपर्छ । सूचनाहरु व्यवस्थापन नगरी सवै वा अनावश्यक मात्रामा दिदा मुख्य विषय छुट्ने वा ओझेलमा पर्ने सम्भावना हुन्छ । त्यसकारण सूचनाको व्यवस्थापन आवश्यक हुने गर्दछ ।

गाउपालिकाको वस्तुगत विवरण वा गाउपालिकाको पार्श्वचित्र भनेको यसको प्रतिविम्ब हो । जसरी मानिसले आफूलाई ऐनाको अगाडी उभिएर आफ्नो मूल्यांकन गर्छ । जस्तो मेरो रंग अलि कालो छ ,अनुहार थेप्चो छ , कालो तिलकोठी पनि छ । कपाल लामो छ । आँखा अलि भित्र पसेको छ । नाक चुच्चो छ भनी आफ्नो वर्णन आफैं गर्छ । त्यसरी नै यस नगर वा गाउपालिकाको पार्श्वचित्रले सो गाउपालिकाको तथ्याङ्कीय भाषामा सबै कुरा उल्लेख गर्छ । जस्तोकि-यस ठाउँमा वसोवास गर्ने विभिन्न उमेर समूहको जनसंख्या यति, महिला, पुरुष तथा अपाङ्गको संख्या आदी । त्यसैले यो वस्तुगत विवरण सहितको दस्तावेज भनेको गाउपालिकाको लागि हिन्दु धर्ममा आस्था राख्नेका लागि 'गीता', क्रिस्चियनका लागि 'वाइवल', किरातका लागि 'मुन्धुम', बौद्धका लागि 'त्रिपिटक' जत्तिकै हो । समयले फड्को मार्दै जाँदा अहिले हामी एक्काइसौं शताब्दि मा आइपुगेका छौं । यो समय भनेको विज्ञान र प्रविधिको संयोजन लाइ अधिकतम मानविय हित अनुकुल बनाई सहशाब्दि विकाशको लक्ष्य हासिल गर्नु हो ।  यसरी लक्ष्य हासिल गर्नको लागि दुरगामी महत्वको कार्यक्रमका योजनाको आवश्यकता पर्दछ । नगर पार्श्व चित्र पनि सम्वन्धित नगरको लागि सहशाब्दि विकासको लक्ष्य हासिल गर्ने एक दुरगामी महत्वको कार्यक्रमिक योजना हो । त्यसैले यस पार्श्वचित्र स्थानीय सरकारको लागि ऐना जत्तिकै हो साथै यो गाउपालिकाको लागि नगरको भाग्य र भविष्य निर्धारण गर्ने दुरगामी महत्वको दस्तावेज हो ।

गाउको विकास निर्माण र सार्वजनिक सेवा प्रवाहमा स्थानीय तहको भूमिका बढिरहेको सन्दर्भमा गाउ विकास सम्वन्धी सूचना व्यवस्थापन गाउपालिकाको एक महत्वपूर्ण कार्य हो । गाउपालिकाहरुमा वस्तुगत विवरणहरु राज्यको पुर्नसंरचना, स्थानिय निकाय र तहहरुको स्वरुपमा भएको फेर बदलले गर्दा वस्तुगत विवरणहरु अपूर्ण छन् भने तिनिहरुमा एकरुपताको अभावका कारण योजना निर्माणका कार्यमा कठिनाई उत्पन्न भएको देखिन्छ । गाउपालिकाका विविध पक्षहरुको वास्तविक स्थितिको तथ्यांक र सूचना विना कुनैपनि योजनाको सहि छनौट हुन सक्दैन । तर्सथ वस्तुगत विवरणको आधारमा प्राथमिकताक्रम निर्धारण गरी वास्तविक आवश्यकता र जनताको चाहनामा आधारित कार्यक्रम संचालन गर्न तथा भविष्यका लागि  पूर्व तयारी गर्न समेत यसले सहयोग गर्नेछ ।

गाउको भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक इत्यादि सम्पूर्ण पक्षहरु जस्तै, गाउपालिकाको वार्ड अनुसार जनसंख्याको स्थिति, महिला, पुरुष तथा बालबालिका, अपाङ्गताको अवस्था बसाइसराइको अवस्था के, कस्तो अवस्था छ एवं विकासका पूर्वाधारहरुको अवस्था के कस्तो रहेको छ भन्ने पक्षलाई प्रस्तुत नगरपालिकापार्श्वचित्रमा समेट्ने प्रयास गरिएको छ । यहाँ छरिएर रहेका तथा अव्यवस्थित रुपमा रहेका गाउपालिकाका सूचनाहरुलाई व्यवस्थित गर्न तथा एकिकृत गर्ने प्रयास गरिएको छ ।

स्थानीय निकायको पून(संरचना भए पश्चात् करिब २० वर्षपछि निर्वाचन भई निर्बाचीत जनप्रतिनिधिहरु स्थानिय तहमा पद वहाली भइ काम गर्न थालेको अवस्था छ । यस स्थानिय तहलाई व्यवस्थित ढंगले संञ्चालन गर्नका लागी , स्थानिय सरकारको काम , कर्तब्य र अधिकारलाई व्यवस्थित गर्न स्थानिय सरकार संञ्चालन ऐन २०७४ लागू भैसकेको छ । जस अनुसार ऐनको दफा - ११ उपदफा २ को च, ड, र थ मा जनसाङ्खिक , सामाजिक , आर्थिक, संस्कृतिक, भौतिक पूर्वाधार, प्राकृतिक, रोजगारी अवस्था, कुल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आम्दानी राजस्व तथा आयव्यय, मानव विकास सूचांक जस्ता सूचनाका INDICATOR माध्यम द्वारा तथ्याङ्क सङ्कलन गरि त्यसलाई अध्यावधिक रुपमा सूचना प्रणालीमा राखनुपर्ने स्थानिय सरकारलाई दायित्व छ । स्थानियतहको योजना तर्जुमा, बजेट, कार्यक्रम छनौट र विनियोजन गर्दा भौगोलिक, सामाजिक, आर्थिक, तथा पूर्वाधार लगायत क्षेत्रको यथार्त स्थिति आकलन गरि मात्र विनियोजन गर्न निर्देशन प्राप्त छ ।

केन्द्रीकृत शासन प्रणालीबाट प्रादेशिक (संघात्मक) शासन प्रणालीमा रुपान्तरित भएपछि हाम्रो देशको प्रशासनिक, राजनैतिक, संरचनागत स्वरुपमै परिवर्तन भएको छ । सोहि अनुरुप विगतमा रहेका केन्द्र, विकास क्षेत्र, जिल्ला तथा गाउँविकास समिति र गाउपालिकाको संरचनाहरुमा परिवर्तन भई संघ, प्रदेश र स्थानिय तहको रुपमा वर्गिकरण गरिएको हालको संरचनामा केन्द्र सरकार-१,प्रदेश सरकार-७ र स्थानिय सरकार-७५३मा परिवर्तित छ । स्थानीय तह अन्तर्गत महानगरपालिका-६, उपमहानगरपालिका-११, नगरपालिका-२७६ र गाउपालिका-४६० रहेका छन् ।

जहदा गाउपालिका मोरङ जिल्लाको सदरमुकामबाट १० किलोमिटरको दुरीमा अवस्थित छ । यस गाउपालिकाको पूर्वमा धनपालथान गाउपालिका तथा मित्र राष्ट्र भारत, पश्चिममा विराटनगर महानगरपालिका, उत्तरमा कटहरी गाउपालिका र दक्षिणमा मित्र राष्ट्र भारत सँग यसको सीमाना जोडिएको छ । यस जहदा गाउपालिका राज्यको पुर्नसंरचना भइसके पछाडी यसको पनि संरचना, आकार र क्षेत्रफलमा बृद्धि भै हाल पहिलाको बुधनगर, शिशवाी, मझारे र पोखरिया गाविसका सम्पूर्ण क्षेत्रहरु मिलेर ७ वटा वडाहरुमा अवस्थित रहेको छ । यस जहदा गाउपालिका अन्तर्गत ९१३२ घरधूरीहरु रहेको यस अध्ययनका क्रममा पाइएको छ ।

## १.२. उद्देश्यः–

यस गाउपालिकासंग सम्वन्धीत सामाजिक, आर्थिक, शैक्षिक, भौगोलिक तथा स्वास्थ्य र जनसंख्यिक अवस्था झल्कने विवरणहरु तयार गर्दै योजना छनौट, कार्यन्वयन र तर्जुमा तथा अनुगमन र मुल्यांकनलाई सहयोग पुर्याउने उद्देश्यमा अध्ययन केन्द्रित मुख्य उद्देश्य पनि रहेको छ । जसलाई निम्न वुदाहरुमा उल्लेख गरीएको छ ।

१. गाउपालिकाको वडागत जनसांख्यिक विवरण लगायत घरधूरी तथ्याङ्क संकलन गर्ने ।

२. शैक्षिक अवस्थाको सूचना संकलन गर्ने ।

३.सामाजिक,सांस्कृतिक अवस्थाबारे जानकारी लिने ।

४ आर्थिक अवस्थाको बारेमा जानकारी संकलन गर्ने ।

यिनै उद्देश्यहरुको सेरोफेरोमा रहेर यस अध्ययन विषयगत तथ्याङ्कहरुलाई तथ्याङ्कीय भण्डारणको रुपमा प्रस्तुत गरिने छ ।

## १.३. अध्ययनको महत्व :-

विकासका प्रतिफलहरु जनता समक्ष पुर्याउन र साझेदारहरुलाई अनुभूत गराउन एंव सवै वर्गले उपयोग गर्न सक्ने वातावरणको श्रृजना गर्नका लागि स्थानिय तहको वास्तविक वस्तुस्थिति र आवश्यकताको पहिचान गर्नु आजको सन्दर्भमा प्रमुख आवश्यकता रहेको छ । आजको विश्वव्यापिकरणको युगमा समय सापेक्ष ढंगले समानुपातिक विकाशका प्रकृयाहरुलाई अगाडी बढाउन सम्वन्धीत क्षेत्रको वस्तुगत र विश्लेषणात्मक अध्ययन हुनु जरुरी छ । यस अध्ययनले सम्वन्धित क्षेत्रको बास्तविकता, वस्तुस्थिति पहिचान गरि भावि विकाश योजना र रणनितिहरु तर्जुमा गर्नमा विशेष महत्व राख्ने छ । यसका अतिरिक्त प्रस्तुत गाउपालिका सग सम्वन्धित क्षेत्रका संस्था, अनुसन्धानकर्ता, योजनाकार, विकाश चिन्तक, समाजसेवी लगायत जिज्ञासु महानुभावहरुलाई समेत उपयोगी हुने भएकोले यस अध्ययनको महत्व अति नै व्यापक रहेको छ ।

## १.४ अध्ययनको आवश्यकता र औचित्य :-

नेपाल सरकारले स्थानीय तह अन्तर्गत गाउपालिकाहरुलाई दिदै आएको विकाश अनुदानमा बर्षेनि बढोत्तरी भै रहेको छ । केन्द्र सरकारले गाउपालिकाहरुको न्यूनतम शर्त मापनका सूचांकहरु लागु पनि गरेको हुँदा ति सूचांकहरु मध्ये हरेक गाउपालिकाहरुले आफ्नो क्षेत्रको वस्तुगत विवरण तयार गर्नुपर्ने अनिवार्य व्यवस्था मिलाएको छ । जसका कारण प्रत्येक आर्थिक वर्षमा यसको मुल्यांकन गरीने हुँदा वस्तुगत विवरण अध्ययनको आवश्यकता देखिएको हो । गाउपालिकाले वस्तुगत विवरणका आधारमा श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा कार्यन्वयन एंव अनुगमन र मूल्यांकन का साथै नीति नियम तर्जुमामा सहयोगी हुने हुँदा पनि यो अध्ययन अपरिहार्य बन्न पुगेको छ ।

## १.५ अध्ययन विधि र प्रकृया :-

उपलब्ध कानूनी र नीतिगत व्यवस्था र विभिन्न गाउपालिकाहरुले अभ्यास गरेका र संघीय मामिला स्थानिय विकास मन्त्रालयबाट जारी गाउपालिका वस्तुगत विवरण ढाँचा अनुसार यस गाउपालिकाको वस्तुगत विवरण तयार गरिएको छ । यस गाउपालिका वस्तुगत विवरण आवधिक गाउपालिका योजना तर्जुमाका लागी आधार रेखा र गाउपालिका योजनाको अनुगमन तथा मुल्यांकनका लागी आधारभूत सूचनाको आधार सहित देहायका विधि तथा प्रकृया जनगणनाको आधारमा पुरा गरिएको थियो । यस घरधूरी सर्वेक्षणकालागी मिति २०७७ साल असोज महिनाको १ र २ गतेका दिन २५ जना तथ्याङ्क संकलकहरुलाई तालिम दिइएको थियो । जसमध्ये सामाजिक परिचालक ७ जना र गणकहरु १८ जना रहेका छन् । यस तालिम अवधिमा गणकहरुले तथ्याङ्क संकलनका वारेमा सैद्धान्तिक ज्ञानका साथै फिल्डमा गएर प्रत्यक्ष अन्तवार्ता पनि गरेका थिए । यसमा जम्मा २५ जना गणकले स्थलगत घरधुरी सर्भेक्षण गरेका थिए । ती गणकहरुलाई यस सर्भेक्षण सम्वन्धि २ दिनको तालिम पहिला Paperwork सिकाएर Software Application निर्माण गरि Tablet मा data collection गराइएको थियो । यस Software र गणकहरुलाई तथ्यांक संकलन गर्नु पूर्व २ दिनको पूर्व परिक्षण समेत गरी ४ दिनमा दक्ष बनाई सर्भेक्षण कार्यका लागि यस जहदा गाउपालिकाको ७ वटा वडाहरुमा ३-३ जनाको दरले खटाइएको थियो ।

### १.५.१ घरधूरी सर्भेक्षण (प्राथामिक श्रोत) :–

स्थानीय विकास मन्त्रालयबाट जारी गाउपालिका बस्तुगत विवरणको ढाँचा, गाउ विकास योजनाको आधार सूचनाको ढाँचा अनुसार घरघूरी सर्भेक्षणबाट सूचना संकलन गरिएको थियो । साथै घरधुरी सर्भेक्षणका लागी तथ्यांक विवरणहरु विभिन्न अध्ययन सर्भेक्षण र प्रतिवेदनबाट सूचाङ्कहरुको आधार तयार गरी अर्थात् प्रश्नावली बनाई अध्ययन सर्भेक्षण कार्य गर्नु भन्दा अगाडी पूर्वपरिक्षण (Pre-Testing) गरि पूर्वपरिक्षण गरी सके पश्चात् यसलाई प्रयोगमा ल्याइएको थियो। यसरी घरधुरी सर्भेक्षणका लागि तयार भएका प्रश्नवलीका माध्यमबाट सूचना संकलन गर्न जनगणना विधी अपनाई स्थानिय गणकहरुलाई तालिम प्रदान गरी घरधुरी सर्भेक्षणबाट तथ्यांक संकलन गरिएको थियो।

### १.५.२ संस्थागत सर्भेक्षण (दोश्रो श्रोत) :–

पेशागत विज्ञहरु र प्राविधिक टोलीहरुले संस्थागत श्रोत तथा अध्ययन र प्रतिवेदन जस्ता श्रोतहरुबाट आवश्यक तथ्यांक, सूचना विवरणहरु संकलन गरिएकोथियो । यस गाउपालिका वस्तुगत विवरणमा दोश्रो श्रोतमा संस्थागत तथा अध्ययनका लागिसूची तयार गरीएकोथियो जसमा गाउपालिका, स्वास्थ्य संस्था, विद्यालय, सेवाकेन्द्र तथा संघ संस्थामा उपलब्ध तथ्यांक गरिएको छ । यसैगरी राष्ट्रिया जनगणना, नेपाल जीवनस्तर सर्भेक्षण, आर्थिक सर्भेक्षण, कृषि गणना तथा विभिन्न उपलब्ध विषयगत अध्ययन प्रतिवेदनहरुलाई यस द्धितिय स्रोतमा समावेश गरिएको छ ।

### १.५.३ तथ्यांक विश्लेषण र प्रस्तुतिकरण :-

घरधुरी सर्भेक्षणका तथ्यांकहरुलाई computer software तयार गरी प्रत्येक घरधुरीको संकलित तथ्यांकलाई computer प्रणालीबाटै प्रशोधन गरि तथ्यांकशास्त्रीय विधी द्वारा तथ्यांक विश्लेषण गरीएको छ । विश्लेषित तथ्यांकहरुलाई नगरपालिका वस्तुगत विवरणमा उल्लेख गरिएको छ । दोश्रो श्रोतबाट प्राप्त तथ्यांकलाई घरधुरी सर्भेक्षणबाट उपलब्ध या प्राप्त हुन नसक्ने गाउ विकासको वस्तुगत चित्रण गर्ने तथा दुई समयावधिका तुलनात्मक विवरण झल्काउने गरि प्रस्तुत गरिएको छ । प्राथमिक तथ्यांकको विश्लेषणका लागी घरधूरीलाई मुख्य गरेर टोल, वार्ड, जनसंख्या, उमेर, लिङ्ग र जातियताका आधारमा वर्गिकरण पनि गरिएको छ ।  तथ्यांकलाई विश्लेषण गर्ने क्रममा प्राप्त सूचनालाई तालिका, चित्र र नक्सामा समेत प्रस्तुत गरिएको छ । यसै क्रममा घरधुरी सर्भेक्षणबाट प्राप्त सूचनालाई बर्णानात्मक तथ्यांकीय विधिबाट विश्लेषण पनि गरिएको छ । यस अध्ययनको आवश्यकता अनुरुप विभिन्न माध्यम द्वारा तथ्याङ्क लाई प्रस्तुत गरिएको छ ।

### १.५.४ गाउपालिका वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी :-

गाउपालिका स्तरीय साझेदारी, सरोकारवाला बाट प्राप्त राय सल्लाह सुझाब समावेश गरी यस प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ ।यसका लागी Reflecting workshop stakeholder गराई Data को प्रमाणिकरण गरिएको छ । यस सर्भेक्षणबाट प्राप्त नतिजा/तथ्याङ्कहरुलाई सूचना प्रविधि को प्रयोग हुने भविष्यमा Digitization process को प्रकृयामा समावेश गराउन सहज र सरल हुने गरी व्यवस्थापन गरीएको छर यस अध्ययन बाट प्राप्त तथ्याङ्कहरुलाई गाउपालिका स्तरिय गोष्ठी द्वारा प्रमाणित गरी लाइभ (live) गरिएको छ ।

## १.६अध्ययनको क्षेत्र र सीमा :-

प्रस्तुत प्रोफाइलको अध्ययन क्षेत्र विस्तृत भएको हुदा अध्ययनको उद्देश्यले दर्शाएका विषय वस्तुलाई नै मुख्य क्षेत्रको रुपमा लिइएको छ । गाउपालिका वस्तुगत विवरणलाई संघीय मामिला तथा विगतमा गाउपालिकाले स्थानीय विकास मन्त्रालयबाट जारी गरेका ढाँचा अनुसार यो गाउपालिका प्रोफाइल तयार गरएको छ । यो गाउपालिका वस्तुगत विवरण स्थानीय तहको पूर्नसंरचना पश्चातको पहिलो स्थलगत सर्वेक्षणको लिखित दस्तावेज भएको कारणले केहि कमी कमजोरीहरु रहन सक्ने सम्भाव्यतालाई नर्कान नसकिने हुँदा यसलाई आगामी दिनमा परिमार्जन गर्दै लान सकिने रुपमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद २: गाउपालिकाको परिचय

## २.१. नामाकरण तथा ऐतिहासिक पृष्ठभूमी

### २.१.१. ऐतिहासिक पृष्ठभूमी

जहदा गाउपालिका पूर्वि नेपालको पूर्व-पश्चिम (महेन्द्र) राजमार्ग भन्दा दक्षिणि दिशामा अवस्थित छ। यस गाउपालिका संघिय नेपालको नयाँ संरचना अनुसार प्रदेश १ को राजधानि रहेको विरानटनगर महानगरपालिका बाट पूर्व दक्षिण तर्फको भागमा झण्डै कछुवा आकारको रुपमा उत्तर दक्षिण भएर फैलिएको छ। वि.स १९७१ अघि मोरङ जिल्लाको सदरमूकाम विराटनगरमा सारियो। तत्पश्चात गाउपालिका आर्थिक तथा रणनीतिक हिसाबले कमिक रुपमा सवल बन्दै आएको पाइन्छ। यस गाउपालिकाको भएर भारतको विहार राज्य सँग साधसिमा कायम भएको पनि छ र त्यस क्षेत्रमा छोटि भन्सार नाका समेत रहेको देखिन्छ।

परापूर्वक कालमा जहदा गाउपालिका क्षेत्रको ठूलो भू-भागलाई घना जगंलले ढाकेको देखिन्छ। यहाँको नदि किनारामा स्थानीय जात-जातिका स-साना झुण्ड वस्तिहरु थिए। घना जगंलका कारण सहज पानी उपलब्ध नहुने र वास वस्न नसकिने हुनाले मानिसहरुलाई नदि किनार र पहाडको फेदिमा वस्नु जरुरी थियो। गाउपालिकाको विभिन्न स्थानमा बेला-बेलामा पाइने पुराना वासस्थानको अवशेषले पनि थप पुष्टि गर्दछ। ती मध्ये कतिपय नासिएका छन् भने कतिपय अझै फेला पर्न सकेका छैनन्। राणाकालिन समयमा मोरङको सदरमूकाम रंगेलितिर जाने बाटो यतैवाट थियो। पहिले पुर्वि भेग र भारतको विभिन्न स्थानमा पुग्नको लागि मुख्य प्रवेश मार्ग यहि छ। तसर्थ प्रारम्भिक समयदेखिनै तराइ,पहाड र छिमेकि देशलाइ जोड्ने महत्वपुर्ण सेतु यो गाउपालिका रहेको देखिन्छ। यसरि हेर्दा यसको अस्तित्व मोरङ् जिल्लामा अन्य जत्तिकै पुरानो मानिन्छ।

ऐतिहासिक रुपमा मोरङको जहदा लगायत विराटनगर भेग विभिन्न राज्यमा पर्ने कम चलिरह्यो। तत्कालिन भारतबर्षमा विकास भएको जनपदमध्ये मत्स्य देश एक जनपदमा पर्दथ्यो। प्राचीन समयमा यो भेग मत्स्यदेशमा पर्दथ्यो र समयकममा मत्स्यदेश टुकिन पुग्यो र यो भेग पुण्ड्रवर्धनको एक महत्वपुर्ण केन्द्र बन्यो। प्राचीन कालमा यो भेग प्रसिद्ध तिर्थस्थल वराहक्षेत्र नजिक पर्ने गर्दथ्यो। प्राचीन समयदेखि नै यसभेगको ठूलो क्षेत्रमा मानिसको वसोवास रहेको अनुमान छ। मोरङको भेडियारि ,कसेनिको धनपाल गढी, हरैँचा र राजघाट सरह नै जहदामा पनि मानिसहरुको वसोवास थियो। यसको सम्वन्ध द्धापर युगको विराटराजाको दरवारसँग पनि जोडिएको छ। भनिन्छ , पाँच पाण्डवहरु वनवासपछि एक बर्ष गुप्तवास बस्नका लागि विभिन्न रुप धारण गरि बसेका थिए। त्यही विराटराजाको दरवार क्षेत्र रहेको बुधनगर गाविस विभाजित भई केही भाग जहदा गाउपालिका र विराटराजाको दरवारको भग्नावशेष रहेको भेडियारी हाल विराटनगर महानगरपालिकामा परेको छ।

जहदा भेग मध्यकालमा धेरै जंगल र कतै-कतै वस्ति को रुपमा रहेको थियो भन्ने किम्वदन्तीहरु पनि पाइन्छ। विभिन्न भागमा भएका स-साना वस्तिहरुमा स्थानीय रजौटाहरुले शासन गर्दथे। वि.स. १८३१ म विजयपुर बृहत्तर नेपालमा गाभिएपछि जहदा पनि बृहत्तर नेपालभित्र पर्न पुग्यो। केही समय साँगुरिगढी वाट यस भेगको शासन चलाइयो। त्यसपछि मोरङ को राजधानि रङ्गेलिमा स्थापना गरि केही समय त्यहिँ वाट शासन चलाइयो। वि.स १९७१ पछि रङ्गेलिवाट सदरमूकाम विराटनगर सारियो। सदरमूकाम वाट नजिकको गाउँको रुपमा जहदा रहन पुग्यो। यहाँ उत्पादित स्थानीय उत्पादनको पहिलो र रोजाइको बजार विराटनगर बन्न पुग्यो।

### २.१.२ नामाकरण

जहदा गाउपालिका साविकका बुधनगर, शिशवनी,मझारे र पोखरिया गाविसका  सम्पूर्ण क्षेत्रहरु मिलाएर वनाइएको हो । यस भेगको पश्चिम तर्फवाट वहने लोहोन्द्रा खोलाले यहाको भूमि उर्वर बनाएको छ ।  यस गाउपालिकामा परापूर्वक कालमा औलोको प्रकोप भूमिको रुपमा पनि रहेको यहाका बूढापाकाहरुले कथा सुनाउने गरेको पाइन्छ ।

### २.२.३ मूख्य बस्ति र टोल सम्बन्धि विवरण

**तालिका न. १: मूख्य बस्ति र टोल सम्बन्धि विवरण**

| वडा न. | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| टोल बस्ति | १.धुनी टोल<br>२. तुलामदान टोल<br>३.हेल्थपोस्ट टोल<br>४. बुधनगर टोल<br>५.यादव टोल<br>६. यादव पश्चिम टोल<br>७. हेठेवा टोल<br>८.नया टोल<br>९. भुटाहा टोल<br>१०. स्कुल टोल<br>११. कलाबंजर टोल<br>१२. कुलहडिया टोल<br>१३. ऋषिदेव टोल | सिरसिया<br>सिन्तमतोल<br>सुकुम्वासी टोल (संग्रहालय टोल )<br>.दोरांग टोल<br>बारी टोल<br>भिमपूर<br>महादेवकोल<br>नयाँ( पट्टितरिगामा<br>निमटोल. चम्पा वस्ती<br>छोटी महादेवकोल<br>मालदैहा टोल<br>भिमपूर नयाँ टोलतरिगामा | बमनटोलि टोल,भट्ट टोल<br>साह टोल,तरी टोल<br>बनारखोरिया टोल<br>हाथीबन्धा टोल उत्तर<br>मिलनचोक टोल<br>काजि टोल,राय टोल<br>हाथीबन्धा दक्षिण टोल<br>जयरामपुर टोल<br>राधा कृष्ण टोल<br>ऋषि देव टोल<br>थान टोल<br>सहनी टोल<br>सन्थाल टोल<br>महा भाचीगह टोल<br>मुस्लिम टोल<br>दावी ऋषिदेव टोल | नबदुर्गा चौर टोल<br>शान्ति टोल,विन टोल<br>मधुरा टोल<br>कविलासा टोल<br>जहदा टोल २<br>हटिया टोल<br>जहदा टोल ४<br>केवरत टोल<br>मुखिया टोल<br>जहदा टोल ६<br>फुल टोल<br>फुराबहा टोल<br>सोहल<br>सिसौबारी<br>जयराम पुर टोल<br>सोघले टोल<br>बिर बजरंगबलि<br>लक्ष्मीनिया | लक्ष्मीनिया टोल<br>कामत टोल<br>महतो टोल<br>जगुवा ऋषिदेव टोल<br>डकैता ४<br>डकैता ५<br>डोन बोस्को महतो<br>जगुवा नुनिया टोल<br>उखर कट्टा गनगाई टोल<br>उखर कट्टा मुस्लिम टोल<br>डुमरिय सन्थाल टोल<br>सन्थाल टोल<br>मुखिया टोल<br>महथा टोल | पोखरिया<br>मुस्लिम टोल<br>ठेकी टोल<br>डकैता<br>सन्थाल टोल<br>डुमरिया<br>लबटोलिया<br>मुसहरी टोल<br>ऋषि देव टोल<br>धानुक टोल | मझारे टोल<br>डग्राहा टोल<br>बकरी टोल<br>.वौधा टोल<br>छोटकी वैरिया<br>वटुकी वैरिया<br>.काली टोल<br>खान्ता टोल<br>मोहनपुर<br>वीरपुर<br>खिखरी टोल<br>हरिनागरा<br>दहिचार टोल<br>मिलन चोक<br>हाथिबन्धा |

## २.३. क्षेत्रफल

साविकको चारवटा गा.वि.स मिलाएर वनाइएको कुल क्षेत्रफल ६२.३८ वर्गकिलोमिटर रहेको यो  गाउपालिकाको पूर्वि सिमानामा धनपालथान गाउपालिका, उत्तरी सीमानामा कटहरी गाउपालिका , दक्षिणी सीमानामा भारतको विहार राज्य र उत्तरी सिमानामा विराटनगर महानगरपालिका रहेको छ । समुद्रि सतहवाट  करिव ६० देखि ७२ मिटरको उचाइमा रहेको यो गाउपालिका ८७.२६ डिग्रि पुर्वि देशान्तरवाट २६ डिग्रि २३ उत्तरि अक्षांश मा अवस्थित छ ।

## २.४ भू-उपयोग सम्बन्धि विवरण


यस जहदा गाउपालिकाको अधिकांश भू-भाग समथर हुनुको साथै खेतियोग्य रहेको छ । गाउपालिकाको भू-उपयोग सम्बन्धि विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.२: भू-उपयोग सम्बन्धि विवरण**

| क.स | विवरण | गा.पा | |
|---|---|---|---|
| | | क्षेत्रफल(वर्ग कि.मि मा) | प्रतिशत(%) |
| १. | कृषि | ४७.९४८५ | ६५ |
| २. | वन तथा चरन क्षेत्र | ०.००५६४१ | ०.०१ |
| ३. | आवास क्षेत्र | १.६९२३ | ३ |
| ४. | नदिनालाले ओगटेको क्षेत्र | ०.००५६४१ | ०.०१ |
| ५. | ताल तलैया | ०.११२८२ | ०.२ |
| ६. | सिमसार क्षेत्र | ०.११२८२ | ०.२ |
| ७. | औद्योगिक क्षेत्र | २.५८३५७८ | ४.५८ |
| ८. | सडकले ओगटेको क्षेत्र | १.१२८२ | ०.२ |
| ९. | अन्य | २.८२०५ | ५ |
| १०. | **जम्मा** | **५६.४१** | **१००** |

*श्रोत-केन्द्रिय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८*

माथिका तालिकाको तथ्याङ्कलाई अझ विस्तृत रुपमा अध्ययन गर्नको लागी वृत्त चित्रमा प्रस्तुत गरिएको छ ।




माथिको वृत्त चित्रमा यस जहदा गाउपालिकाको भू-उपयोग सम्बन्धि तथ्याङ्कलाई प्रतिशतको आधारमा प्रस्तुत गरिएको छ । चित्र अनुसार सवैभन्दा बढी भूमिको उपयोग कृषि क्षेत्रमा भएको छ । कूल क्षेत्रफलको झण्डै ६५ प्रतिशत भू-भाग कृषी ले ओगटेको छ । त्यसैगरि वन तथा चरण , आवाश ,नदी नाला, ताल तलैया,सिमसार,औद्योगिक सडक ले कूल क्षेत्रफलको क्रमश ०.०१ प्रतिशत, ३ प्रतिशत, ०.०१ प्रतिशत, ०.२ प्रतिशत, ०.२ प्रतिशत, ४.५८ प्रतिशत र २ प्रतिशत भूभाग ओगटेका छन् । त्यसेगरि अन्य लगायतका विविध क्षेत्रले जम्मा ५

प्रतिशत भूभाग ओगटेको छ । यसरि तुलना गर्दा यस जहदा गाउपालिकामा सवैभन्दा बढी भू-भाग कृषि क्षेत्रले र सवैभन्दा कम वन तथा चरण र नदी नालाले ओगटेको देखिन्छ ।

## २.५ सिचाइ तथा सिंचित क्षेत्रफल

यस जहदा गाउपालिकाको अधिकांश भू-भाग समथर हुनुको साथै भूमिगत जलस्रोत ले भरिपूर्ण छ । मूल नहर द्वारा सिंचित, मोटर/ट्युवेल द्वारा सिंचित हुने र परम्परागत कुलो, पैनि आदी बाट पनि तथा आकाशे सिचाई वाट पनि यस गाउपालिकाको कृषी क्षेत्र सिंचित भएको पाइन्छ । जिल्ला कृषी विकास कार्यलयको तथ्याङ्क अनुसार यस गाउपालिकाको सिंचित भूमिलाइ तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.३ः सिचाइ तथा सिंचित क्षेत्रफल**

| क.स | विवरण | क्षेत्रफल(प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| १ | सालैभर सिंचित | ७५ | |
| २ | मैासमी सिंचित | १५ | |
| ३ | कूल सिंचित क्षेत्रफल | ९० | |
| ४ | असिंचित जमिन | १० | |
| ५ | खेतियोग्य जमिन | ६५ | |
| ६ | खेति गरिएको जमिन | ६५ | |

*श्रोत :जिल्ला कृषी विकास कार्यालय*

माथिको तालिकामा उल्लेखित तथ्याङ्कले गाउपालिकाको सिंचित जमिन को क्षेत्रफललाई प्रस्तुत गरेको छ । कूल खेतियोग्य जमिनमध्ये खेति गरिएको करिब ७५ प्रतिशत भू-भाग सालैभर सिंचित हुने गरेको छ । त्यसैगरि मौसमी प्रकिया वाट करिब १५ प्रतिशत भू-भाग सिंचित हुने गरेको छ । यसरि गणना गर्दा जम्मा ९० प्रतिशत भूमिमा सिंचाइ सुविधा पुगेको देखिन्छ । त्यसैगरि कूल खेतियोग्य जमिनको झण्डै १० प्रतिशत क्षेत्रमा कुनै पनि किसिमको सिंचाइ सुविधा नपुगेको देखिन्छ । त्यसैगरि कूल खेतियोग्य जमिनमध्ये करिब ६५ प्रतिशत जमिनमा खेति गरिएको र सिंचाइ सुविधा पुगेको देखिन्छ ।

## २.६ वन क्षेत्र तथा नर्सरि सम्बन्धि विवरण

मानव जीवनको विकासक्रम वनवाटै सुरु भएको हो । त्यसकारण वन मानव जीवनको अपरिहार्य आवश्यकता हो । यस गाउपालिकामा भएको वन तथा नर्सरी शून्य रुपमा रहेको छ । यो गाउपालिका चारकोशे झाडी भन्दा अति दूर दराजमा अवस्थित छ । त्यसैले यहा सामुदायिक, व्यक्तिगत तथा संरक्षण क्षेत्र यहा रहेको देखिन्छ । यस गाउपालिका भित्र व्यक्तिगत रुख, बोट, विरुवा का वृक्ष रहेको क्षेत्र पाईन्छ जुन व्यवस्थित रुपमा देखिदैन । यस गाउपालिका भित्र विशेष गरेर कटहर, आप, लिच्ची, साल, सिसौ, सिमल, बकाइनो र बडहर लगायत जातका विरुवाहरु पाइन्छ ।

## २.७ सरकारी तथा सार्वजनिक जमिनहरुको विवरण

अधिक मात्रामा जमिनको खण्डिकरण भइ बढेको अव्यवस्थित सहरिकरणका कारण प्राय धेरै स्थानमा सार्वजनिक तथा सरकारी जग्गा भएको पाइँदैन । यस गाउपालिकामा उपलब्ध सरकारी तथा सार्वजनिक जमिनहरुको विवरण हेर्दा व्यवस्थित रुपमा हालसम्म रेकर्ड राखिएको पाइदैन । तर यस क्षेत्रमा ऐलानी, पर्ति जग्गा-जमिनहरु प्रशस्त मात्रामा रहेको देखिन्छ । यस गाउपालिका भित्र सुकुम्वासीहरुको वसोवास उल्लेख्य रुपमा रहेको देखिएका कारण पनि यस क्षेत्रमा यस्ता सार्वजनिक जग्गा-जमिनहरुको खोज पड्ताल गर्नुपर्ने देखिन्छ ।

## २.८ खेल मैदान सम्बन्धि विवरण

राज्यको सामाजिक न्याय र समावेशीकरणको नीति अन्तर्गत स्वास्थ्य, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्द लगानी गर्ने नीति रहेको छ । खेलकुद क्षेत्रमा स्वास्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउपालिकाको चौतर्फी विकासलाई बल पुऱ्याउन सकिन्छ ।यस गाउँपालिकामा खेलकुद विकासमा लागि तोकिएको खेलमैदान नभए पनि वाड नं. ४ मा रहेको खुल्ला जग्गालाई स्थानिय युवाहरुले खेलकुदको लागी प्रयोग गर्दै आएको पाइयो ।

## २.९ पर्यटन तथा धार्मिक स्थलहरुको विवरण

पछिल्लो समय ग्रामिण तथा विकासोन्मुख अर्थतन्त्रको एक महत्वपुर्ण हिस्सा वन्दै गइरहेको पर्यटन तथा धार्मिक क्षेत्रहरु समृद्धिका महत्वपुर्ण आधार हुन् । जहदा धार्मिक ,ऐतिहासिक र सांस्कृतिक पर्यटनको लागी प्रचुर सम्भावना वोकेको स्थान हो । यहाँका विभिन्न मठ-मन्दिर, पुरातात्विक क्षेत्र, पोखरि पर्यटन प्रवर्द्धनका मेरुदण्ड हुन् । विभिन्न जात-जातिका ऐतिहासिक स्थलहरु, चाडपर्वहरु यहाँको धार्मिक तथा सांस्कृतिक पर्यटनको आकर्षणका केन्द्र हुन् । त्यसैगरि आदिवासि समुदायको जीवनशैलि पनि आकर्षण को केन्द्र हो । धार्मिक, साँस्कृतिक तथा आन्तरिक पर्यटनको प्रचुर सम्भावना रहेको छ । यस गाउपालिकामा भएको धार्मिक तथा पर्यटकिय स्थलहरुलाई पनि गाउपालिकाले व्यवस्थित गरी पर्यटा प्रवर्द्धन तर्फ कदम चाल्नु जरुरी देखिन्छ ।

**तालिका न.४: धार्मिक स्थलको विवरण**

| क.स | मन्दिर | मस्जिद | गुम्बा | चर्च | अन्य |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | पन्चेश्वर मन्दिर, जहदा-५ | | | | |
| ३ | दुर्गा मन्दिर , जहदा | | | | |
| ४ | रामजानकि मन्दिर, जहदा | | | | |
| ५ | जीतिया मन्दिर, जहदा | | | | |
| ६ | कालीमन्दिर , जहदा | | | | |
| ७ | ग्रामथान, जहदा | | | | |
| ८ | दिनाभद्री मन्दिर, जहदा | | | | |

*श्रोत:जहदा गाउपालिका*

माथिको तालिकामा उल्लेख गरिएका मन्दिर तथा मस्जिदहरु गाउपालिकाको महत्वपूर्ण धार्मिक सम्पदाहरु हुन् । यि सम्पदाहरु पनि धार्मिक पर्यटनको केन्द्रविन्दु वन्न सक्छन् ।

## २.१० स्थानिय चाडपर्व, जात्रा र मेलाको विवरण

जहदा गाउपालिका आफैँमा विविध समुदाय र संस्कृति को तालमेल भई सामाजिक सद्भाव रहि आएको गाउपालिका हो । यहाँ रहेका विभिन्न जात-जातिका चाडपर्व तथा संस्कृति गाउपालिकाको अमूल्य सम्पत्ति हुन् । मूख्यतया यहाँ को प्रमुख मेला भनेको ग्रामथान मेला हो । विशेषगरि ग्रामथान मेला हरेक वर्ष वैशाख १ गतेवाट लाग्न थालेर महिना भरिनै हरेक स्थानमा लाग्ने गर्दछ । यो स्थान यादव, थारु र राजवंशिको आदिम थलो भएको कारणले उनिहरुले मनाउने विभिन्न परम्परागत मेला तथा जात्राहरु समेत यहाँ समय-समयमा लाग्ने गरेका छन् । यहाँ जितिया, छैठ, दिपावली, दशैं, करवा चौथ, फागु, रामनवमी, सकान्ति, र शिवरात्री लगायतका पर्वहरु धुमधामका साथ मनाउने चलन छ । यि बाहेक राष्ट्रिय एवम् अन्तराष्ट्रिय रुपमा प्रचलित पर्वहरु समेत मनाउने गरिन्छ । यस गाउपालिकामा मनाइने प्रमुख चाडपर्वहरुलाइ तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.५ प्रमुख चाडपर्वहरु**

| क.स | चाडपर्व | जात्रा | मेलाहरुको नाम | मनाउने महिना | तिथि | मनाउने जातजाति |
|---|---|---|---|---|---|---|
| १ | जितिया | | ग्रामथान | वैशाख महिनाभर | | तराई आदिवासि |
| २ | जुडशितल | | | वैशाख महिना | | मैथलि समुदाय |
| ३ | सोहराय | | | झापा, मोरङ | | सतारको पर्व |
| ४ | अत्वारीी | | | असोज-कार्तिक | | समग्र नेपालि |
| ५ | बुद्धजयन्ति | | बौद्ध मार्गि | वैशाख शुक्ल पूर्णिमा | | बौद्ध मार्गि |
| ६ | छैठ | | नदि किनारा | कार्तिक महिना | | तराइ तथा अन्य सवै जात-जातिहरु |
| ७ | माघी, माघे सक्रान्ति | माघे जात्रा | माघे मेला | माघ महिना | | सवै जातजातिहरु |
| ८ | ताजिया, बकरइद, इजातिमा | | | | | मुस्लिम समाज |
| ९ | दशै, तिहार | | | | | हिन्दु समाज |
| १० | धनतेरस | तराइक्षेत्र | तराइक्षेत्र | कार्तिक कृष्ण पक्ष त्रयोदशि | | सबै जातजाती विशेष हिन्दु |

*श्रोत: जहदा गाउपालिका*

## २.११ भौगोलिक स्वरुप

जहदा गाउपालिका नेपालको भौगोलिक विभाजन अनुसार तराइ क्षेत्रमा पर्दछ। समूद्रि सतहवाट करिव ६५-७५ मिटरको उचाइमा अवस्थित रहेको गाउपालिकाको भौगोलिक बनावट पूरै समथर रहेको छ। पूर्वि तराइको जिल्ला मोरङको पूर्वि सीमानामा रहेको जमिन समथर र खेतियोग्य छ। यसको ढाल केही पूर्वि दक्षिण तथा उत्तरतिर रहेको देखिन्छ। यस गाउपालिकामा भएका खोलाहरु केही बिच-बिच भागमा लोहान्द्रामा मिसिने गर्दछन्। यसको पश्चिमि भागमा विराटगरवाट बहने सिङ्गिया खोला रहेको छ।

# परिच्छेद ३ :जनसंख्याको विवरण

## ३.१ जनसङ्ख्याको विवरण -

जहदा गाउपालिकामा २०७७ सालमा सम्पन्न गरिएको घरधूरी सर्भेक्षण बाट प्राप्त तथ्याङ्कहरु अनुसार यस गाउपालिकाको ७ वटै वडाहरुको कूल क्षेत्रफल ६२.३८ वर्ग किलोमिटर मा फैलिएर रहेका ९१३२ घरधूरी अर्थात घरपरिवार यस अध्ययनको क्रममा समेटिएका छन् । यस अध्ययनमा घरधूरी सर्भेक्षण गर्दा कुनै पनि घर नछुटोस् भन्ने उद्देश्यले जनगणना विधी वाट तथ्यांक संकलन गरिएको थियो । यसै क्रममा यस अध्ययनलाई एउटा निश्चित दिशा प्रदान गर्नका लागि कस्ता घरधूरी र कस्ता घरपरिवार यस अध्ययनमा समेट्ने भन्ने परिभाषा पनि यसै सर्भेक्षणको दौरानमा निर्कोयोल गरीएको थियो । यस अध्ययनमा यस गाउपालिकाको ७ वटा वडाहरुमा बसोवास गरेका आफ्ना पूर्ख्यौली बसोवास गरेका र विगतमा अन्यत्रबाट वसाइसराइ गरेर यहि स्थायी रुपमा बसोवास गर्ने घरधूरीहरुलाई पनि यस अध्ययनका क्रममा समेटिएको छ । यस गाउपालिकाका केही वडाहरु हाल आएर शहरिकृत वडाहरुमा रुपान्तरण भएका र केही वडाहरु हालपनि ग्रामिण परिवेशका वडाहरुको रुपमा रहेका छन् ।


यस गाउपालिकाका ७ वटा वडाहरुमा सर्भेक्षणका क्रममा कूल जनसङ्ख्या ४५००१ जना रहेको देखिन्छ । यस तथ्यांकलाई हेर्दा यहाको लैङ्गिक अनुपात १०७ जना पुरुष रहेको पाइन्छ । अर्कोतर्फ प्रतिवर्ग कि.मि क्षेत्रफलमा ४.८ जनाको दरले जनघनत्व रहेको देखिन्छ । जनसङ्ख्याको हिसाबले हेर्दा यस गाउपालिकाको सर्वाधिक जनसङ्ख्या वडा .न ६ मा सर्वाधिक कम र वडा.न. १ मा सर्वाधिक बढी रहेको देखिन्छ । यस वडामा बढी जनसङ्ख्या हुनुमा विभिन्न मानविय सुविधाहरु जस्तैः शिक्षा, स्वास्थ्य, रोजगार, आवास ,सुरक्षा, व्यापार आदिको सहज उपलव्धता नै रहेको देखिन्छ । तसर्थ योजना निर्माणमा जनघनत्व र त्यसलाइ प्रत्यक्ष प्रभाव पार्ने तत्वहरु को अध्ययन गर्नु अर्थात जनसङ्ख्या वितरणलाई क्षेत्रगत हिसाबले सन्तुलनमा राख्न मानविय सुविधाहरुमा केन्द्रित हुनुपर्दछ । छोरा या छोरी जन्मने विषय एउटा विशुद्ध जैविक परिघटना भएतापनि सामान्यतया नेपाली सामाजिक संरचना र परम्परा लाई हेर्दा पितृसत्तात्मक स्वरुपको समाजमा छोराको चाहना पुरागर्ने मनोविज्ञानका कारण छोरीहरुको संख्या अप्रत्यक्ष ढंगले बढेको पाइन्छ । अर्कोतर्फ छोरीहरुको अर्थात महिलाहरुको विशिष्ट आवश्यकताहरु जस्तै- प्रजनन स्वास्थ्य, महिला शिक्षा, महिला अधिकार जस्ता विषयहरुलाइ सम्बोधन गर्ने योजनाहरु राज्यद्धारा निर्माण हुनु आवश्यक देखिन्छ । साथै लैङ्गिक अनुपातमा रहेको अन्तर वृद्धि हुदैजादा यसले सामाजिक स्वरुपमा नै लैङ्गिक संरचनाको खाडल बढाइदिन्छ । यसतर्फ समग्र समाजको ध्यान जानु आवश्यक छ । यस गाउपालिकाको समग्र जनसांख्यिक विवरणलाई निम्नाअनुसार तालिकामा वृत्त चित्रमा प्रस्तुत गरिएको छ ।

**तालिका न.६ः जनसंख्या बिबरण**

| विवरण | गणना |
|---|---|
| कुल जनसंख्या | ४४६१४ |
| घरधुरी | ९१३२ |
| महिला | २१५५७ |
| पुरुष | २३०५७ |
| तेस्रो लिङ्ग | ० |
| अस्थाई बसाई सराई गरेको महिला | ५ |
| अस्थाई बसाई सराई गरेको पुरुष | ३८२ |

*श्रोतः पार्श्वचित्र २०७७*

**वृत्त चित्र न.२ : जनसांख्यिक विवरण**




*श्रोत: पार्श्वचित्र २०७७*

माथीको वृत्तचित्र अनुसार यस गाउपालिकाको कुल जनसंख्या मध्ये अस्थायी रुपमा बसोवास गर्नेको संख्या हेर्ने हे भने पुरुषहरुको तुलनामा महिलाहरुको संख्या कम देखिन्छ । यसको प्रमुख कारण पुरुषहरु आर्थिक आर्जन गर्नका लागी तथा रोजगारीको शिलशिलामा यस गाउपालिका भन्दा बाहिर बसोवास गरेको कारणले यस्तो जनसांख्यिक विवरण देखिएको हो । यस गाउपालिका बाट अस्थाइरुपमा विभिन्न कारणले गर्दा गाउपालिकाको हाल उपस्थित नभएको जनसंख्यामा पुरुष ०.००८५% र महिला ०.००००01% रहेको देखिन्छ । यि अस्थायी जनसंख्या यस गाउपालिकाको पार्श्वचित्र निर्माणको क्रममा गरिएको अध्ययनमा मात्र अनुपस्थित रहेको देखिन्छ ।

## ३.२ वडा अनुसार तुलनात्मक जनसांख्यिक विवरण

वि.स २०६८ सालको राष्ट्रिय जनगणना र हालको पार्श्वचित्र निर्माणका लागि गरिएको स्थलगत सर्भेक्षणका क्रममा पाइएको घरधूरी विवरण लगायत जनसंख्याको विवरणहरुको तुलनात्मक अध्ययन यस शिर्षकमा गरिएको छ । यस सर्भेक्षणका क्रममा यस नगरपालिकामा घरमा ताला लगाएको अवस्था घरधूरीमा जानकारी दिने व्यक्ति नभेटिएको तथा पहाड र मधेश दुवैतर्फ घर भएका र हाल उनिहरु पहाडमा बसोवास गर्ने गरेका र घरधूरीहरुको संख्या पनि यस गाउपालिकाका वडाहरुमा रहेको स्थलगत अध्ययनमो क्रममा पाइएको थियो । गाउपालिकाको ७ वटा वडाहरुमा सर्भेक्षणको दौरानमा सर्भेक्षण टोलीले जानकारी दिने उपयुत्त व्यत्तिको उपस्थिति नभएकोले अन्तवार्ता गरेका थिएनन् । यसरी अन्तवार्ता लिन नसकिएका केही घरधूरीहरु पनि पाइएको थियो । पारिवारीक तथा जनसांख्यिक विवरणमा सप्तकोशी गाउपालिकाको विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका न.७: वडागत जनसांख्यिक विवरण

| वडा | घरधूरी | जनसंख्या २०७७ | | | अस्थाइ बसाइ सराइ गर्ने | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पूरुष | ते.लि | महिला | पूरुष | ते.लि | कुल जनसंख्या |
| १ | १३८८ | ३४३७ | ३६५१ | ० | ० | ३७ | ० | ७१२५ |
| २ | १३७४ | ३४१९ | ३५४० | ० | ० | २७ | ० | ६९८६ |
| ३ | १४९० | ३४५५ | ३७४७ | ० | ० | २२ | ० | ७२२४ |
| ४ | १४१० | ३२६५ | ३५३४ | ० | ० | ४५ | ० | ६८४४ |
| ५ | १३७२ | ३१४८ | ३४१२ | ० | ० | ७६ | ० | ६६३६ |
| ६ | ७४२ | १७३० | १८७० | ० | २ | १०४ | ० | ३७०६ |
| ७ | १३५६ | ३१०३ | ३३०३ | ० | ३ | ७१ | ० | ६४८० |


*श्रोत: पार्श्वचित्र २०७७*

माथीको तालिका अनुसार २०६८ सालको राष्ट्रिय जनगणनामा भन्दा यस सर्भेक्षणमा सवै वडाहरुमा घरधूरी तथा जनसंख्या वृद्धि भएको पाइन्छ । स्थलगत सर्भैक्षणको दौरानमा COVID – 19 का कारणले गर्दा केही दिन काम रोकिएको र पुन सञ्चालन गरि सर्भेक्षण सम्पन्न गरिएको थियो । २०६८ सालको जनगणना अनुसार जम्मा ८१७५.घरधूरी रहेकोमा हाल ९१३२ घरधूरी रहेको पाइयो । यसैगरी जनसंख्या विवरणलाई हेर्दा २०६८ सालमा ४१८१९ र २०७७ सालको सर्भेक्षणमा ४५००१ जनसंख्या देखिन्छ ।

## ३.३ लिङ्ग अनुसार तुलनात्मक जनसंख्या विवरण

यस सप्तकोशी गाउपालिकाको जनसंख्यालाई तुलनात्मक रुपमा हेर्ने हो भने विगतको राष्ट्रिय जनगणना २०६८ को तुलनामा हाल लिङ्ग अनुसार जनसंख्या कुन रुपमा वृद्धि भएइको छ र कस्तो अवस्था छ भन्ने कुराको जानकारी तलको ग्राफमा देखाइएको छ ।

**ग्राफ न.१ : लिङ्ग अनुसार २०७६ साल र २०६८ सालको जनसांख्यिक अवस्था**




*श्रोत:* पार्श्वचित्र २०७६/७७

माथीको ग्राफमा हेर्दा यस गाउपालिकामा अन्य गाउपालिकाको दाजोमा उल्लेख्य वृद्धि भएको देखिदैन । यसको प्रमुख कारण मानिसहरु बढी सुख-सुविधा र अवसरको खोजीमा ग्रामिण भेगवाट नजिकै रहेका शहरी क्षेत्रतर्फको वसाइसराइको कारण नै प्रमुख देखिन्छ । यस गाउपालिकाको नजिकै रहेका बिराटनगर महानगरपालिका तर्फ पलायनको अवस्था पनि यहा देखिएको छ । पहिला २०६८ सालको जनगणनामा यस गाउपालिकामा महिलाको दाजोमा पूरुषहरुको संख्या बढी देखिएको थियो भने हाल आएर पुरुषहरुको दाजोमा केही रुपमै भएपनि महिलाहरुको संख्या बढी देखिएकोछ । यस अवस्थालाइ गहन रुपमा विश्लेषण गर्दा अस्थायी रुपमा यस नगरपालिका बाट विभिन्न रुपमा वाहिर जाने तथा समय-समयमा केही निश्चित समय पश्चात यसै गाउपालिका फर्किनेहरुको संख्यालाइ पनि हाल यसै गाउपालिकाको संख्या मान्नुपर्ने देखिन्छ । यस पार्श्वचित्र निर्माणका क्रममा २०६८ सालमा तेश्रो लिङ्गि भनेर पहिचान खुलेको संख्या एकजना पनि नदेखिएको र अहिले पनि कोही पाइएको छैन ।

## ३.४ समूहगत उमेरको जनसंख्या विवरण:

समूहगत उमेर समूहको जनसंख्या विश्लेषणमा स्थानीय निकायहरुलाई यसको धेरै नै महत्व रहेको हुन्छ । समूहगत रुपको जनसंख्याको भूमिका महत्वपूर्ण हुने हुदा गाउपालिकाको जनसांख्यिक विवरणको ढाँचालाई वर्गिकरण गरेर कुन उमेर समूहको जनसंख्या कति छ ? कुन उमेर समूह बसी खाने आश्रीत समूहमा पर्दछ भन्ने कुरा सो विश्लेषणमा निर्भर रहन्छ । यस शिर्षकमा यो उमेर समूहको जनसंख्याले स्थानीय तह हरुलाई यहाँको श्रम शक्ति र जनशक्ति कसरी परिचालित गर्ने, उनिहरुको जिवनस्तर उठाउन, वृत्ति विकास गर्न के,कसरी केन्द्रित रहने भन्ने कुरामा जानु पर्छ । अर्को तर्फ उमेर समूहको जनसंख्या आत्मनिर्भर भइनसकेको अवस्था विभिन्न अध्ययन अनुसंधानले देखाएपनि हाल वृत्ति विकाशमा केन्द्रित हुनुपर्ने उमेर समूह भएकोले राज्यले व्यापक लगानी गरि शिक्षा,स्वास्थ्य,वाल तथा युवा मनोविज्ञानमा आधारित योजना तथा कार्यक्रमलाई कार्यन्वयन गर्नुपर्ने हुन्छ । युवा उमेरको जनसंख्या बढी हुनु राम्रो भएतापनि राज्यले उनिहरुको शिक्षा,स्वास्थ्य,मानव संसाधन विकाशमा जोड दिदै सहि दिशातर्फ उँमूख गराउनु र रोजगारीका अवसरहरु सिर्जना गरी राष्ट्र निर्माणमा सरीक बनाउनु समाज र राज्यको दायित्व हुन आउछ । वाल-वालिका तथा शिशुहरुको संख्या कम हुनुले क्रमश: प्रजनन दर घट्दै गएको संकेत गर्दछ भने वृद्धहरुको तथा प्रौढहरुको

संख्या कम हुनुले औषत आयू हुनु र प्रौढ अवस्थामा लाग्ने रोगहरुका कारणले पाका उमेरमा जनसंख्याको मृत्युदर बढी हुनु भन्ने जनाउछ ।उमेर समूहको जनसंख्या को विश्लेषण गर्दा प्रत्येक उमेर समूहका आवश्यकताहरु सम्वोधन नगरी उनिहरुको उचित व्यवस्थापन गनू नै चुनौतिपूर्ण हुन्छ । वालवालिकाको पोषण,स्याहार तथा शिक्षा,युवालाई उचित रोजगारी र वृद्धहरुलाई आवश्यक सामाजिक सुरक्षा तथा स्वास्थ्य सेवा राज्यले निर्वाह गर्नुपर्ने दायित्व भित्र आउछन् । नगरपालिकाले त्यस तर्फ ध्यान पुर्याउनु पनि आजको आवश्यकता हो । समूहगत उमेर समूहको विश्लेषण गर्ने क्रममा उमेर समूहलाई निम्नानुसार वर्गिकरण गरेर ति उमेर समूह अन्तर्गत रहेका महिला,पूरुष तथा तेश्रो लिङ्गी को विश्लेषण गरीएको छ । १ बर्षभन्दा मूनिको जनसंख्या,१ बर्ष भन्दा माथीको ५ बर्ष सम्मको जनसंख्या, ६ बर्ष देखि १० बर्ष सम्मको जनसंख्या एवं प्रकारले ति उमेर समूहमा पर्ने जनसंख्याको विश्लेषण तलको तालिकामा गरिएको छ ।

**तालिका न.८ ; उमेर र लिङ्ग समूहका आधारमा जनसंख्या विवरण र प्रतिशत**

| क्र.स. | उमेर समूह | जनसंख्या | | | जम्मा | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | तेस्रो लिङ्गी | | महिला | पुरुष | तेस्रो लिङ्गी |
| १ | १ वर्ष मुनिको | १६२ | १७५ | ० | ३३७ | ४८.०७ | ५१.९३ | ० |
| २ | ०१-०५ | २४२२ | २५९६ | ० | ५०१८ | ४८.२७ | ५१.७३ | ० |
| ३ | ०६-१० | २४६७ | २५८७ | ० | ५०५४ | ४८.८१ | ५१.१९ | ० |
| ४ | ११-१५ | २११७ | २१५७ | ० | ४२७४ | ४९.५३ | ५०.४७ | ० |
| ५ | १६-२४ | ३८६६ | ४०६७ | ० | ७९३३ | ४८.७३ | ५१.२७ | ० |
| ६ | २५-४० | ६००१ | ६२६६ | ० | १२२६७ | ४८.९२ | ५१.०८ | ० |
| ७ | ४१-६० | ३२३४ | ३७३२ | ० | ६९६६ | ४६.४३ | ५३.५७ | ० |
| ८ | ६१-७४ | १०८४ | १२४१ | ० | २३२५ | ४६.६२ | ५३.३८ | ० |
| ९ | ७५ देखि माथि | २०४ | २३६ | ० | ४४० | ४६.३६ | ५३.६४ | ० |
| **जम्मा** | | २१५५७ | २३०५७ | ० | ४४६१४ | ४८.३२ | ५१.६८ | ० |

*श्रोत: पार्श्वचित्र २०७६/२०७७*

माथिको तालिका अनुसार यस नगरपालिकामा अस्थायी रुपमा वसाइ सराइ गरी हाल यस अध्ययनको क्रममा नभेटिएको जनसंख्या लाई यस शिर्षकमा समावेश गरीएको छैन । यस तालिकामा दिइएको तथ्याङ्क अनुसार नगरपालिकामा काम गरी खाने उमेर समूहको जनसंख्या हेर्ने हो भने १०५१० जना अर्थात श्रम गर्ने उमेर समूहको वाहुल्यता रहेको देखिन्छ भने परनिर्भर जनसंख्या पनि यस नगरपालिकामा उल्लेख्य रुपमा रहेका माथिको तालीका बाट प्रष्ट हुन्छ ।

## ३.५ जनसांख्यिक बनावट र संरचना

जहदा गाउपालिकाको जनसांख्यिक वनोटलाई हेर्दा घरमूलिको आधारमा घरको पारिवारीक वनावट महिला घरमूलि हूने घरपरिवार ७ प्रतिशत र पूरुष घरमूलि हुने घरधूरि ९३ प्रतिशत देखिन्छ।

अधिकांशत नेपाली समाज पितृसत्तात्मक समाजका रुपमा परिचीत हाम्रो समाज हिजोआज विस्तारै रुपान्तरण हुदै गएको पनि देखिन्छ । विशेष गरेर पूरुषहरु घरवाहिरको काममा बढी जाने गर्दा घरको नेतृत्व विहिन अवस्था आउने भएकोले घरमा सामाजिक, आर्थिक रुपमा घर व्यवहारको सम्पूर्ण पक्षको निर्णय गर्ने अधिकार हाल महिलाहरुमा पनि हस्तान्तरण हुदै गएको पाइन्छ । यस जहदा गाउपालिकाको ७ वटा घरहरुमा वडागत रुपमा घरमूलिलाई निम्नानुसारको तालिकामा देखाइएको छ।


**तालिका न.९: घरमूलिको आधारमा वडागत घरधूरी विवरण**

| वडा न.. | घरमूलि अनुसार घरधूरी | | | जम्मा | जम्मा जनसंख्या | परिवारको आकार प्रतिशतमा |
|---|---|---|---|---|---|---|
| | महिला | पूरुष | ते.ली | | | |
| १ | ८८ | १३०० | ० | १३८८ | ७०८८ | ५.१० |
| २ | ११५ | १२५९ | ० | १३७४ | ६९५९ | ५.०६ |
| ३ | ९५ | १३९५ | ० | १४९० | ७२०२ | ४.८३ |
| ४ | १३४ | १२७६ | ० | १४१० | ६७९९ | ४.८२ |
| ५ | १०४ | १२६८ | ० | १३७२ | ६५६० | ४.७८ |
| ६ | ४५ | ६९७ | ० | ७४२ | ३६०० | ४.८५ |
| ७ | ८२ | १२७४ | ० | १३५६ | ६४०६ | ४.७२ |

*श्रोत: पार्श्वचित्र २०७७/७८*

माथिको तालिकामा अस्थाई रुपमा वसाइ सराइ गरेको जनसंख्यालाई समावेश गरीएको छैन । तालिका अनुसार हेर्दा यस गाउपालिकामा महिला घरमूलि हुने घरधूरी संख्या ६६२ देखिन्छ भने पूरुष घरमूलि भएका घरधूरी संख्या ८४६८ रहेको देखिन्छ। यसवाट के देखिन्छ पूरुष प्रधान समाजवाट महिलाहरुमा पनि अधिकार विस्तारै हस्तान्तरण हुदै गएको हालको पारिवारीक संरचना भिन्न पाइन थालेको छ। यसलाई प्रतिशतको आधारमा निम्नानुसारको वृत्त चित्रमा पनि देखाइएको छ।

**वृत्त चित्र न.३ :घरमूलिका आधारमा पारिवारीक संरचना**




*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथिको वृत्तचित्र अनुसार यस जहदा गाउपालिका मा हाल यस स्थलगत अध्ययनका क्रममा ७ प्रतिशत घरधूरीहरु महिलाहरुले नेतृत्व गरेका छन् । लैङ्गिक विभेदका घटनाहरु आइरहेको हालको हाम्रो नेपालका ग्रामिण भेगमा विशेष गरेर पितृसत्तात्मक समाजका कारणवाट एकतर्फ छलफल र बहसको विषय भइ रहेको अवस्थामा निर्णय गर्ने स्तरमै महिलाहरुको प्रतिनिधित्व घर, समाज र टोल बाटै हुन थालेका कारण वाट लैङ्गिक विभेदहरु कम हुने आशा राख्न सकिन्छ तर पनि यस गाउपालिकाको हालको पारिवारीक संरचना मा महिलाहरुको भूमिकालाई अझै पनि स्थापित हुन नसकिरहेको तथ्याङ्क ले देखाउछ ।

## ३.६ अस्थाई बसाइसराई गर्ने वडागत जनसंख्या

जहदा गाउपालिकामा अस्थायी रुपमा बसाइसराई गर्ने जनसंख्या पनि रहेको देखिन्छ । यसरी अस्थायी रुपमा बसाइ सर्ने जनसंख्यालाई पनि यसै गाउपालिकाको समग्र जनसंख्याको गणनामा उल्लेख गर्नुपर्ने हुन जान्छ । ति जनसंख्या जो भोलीका दिनमा यस नगरपालिकामा आउने सम्भावना शतप्रतिशत नै रहेको हुन्छ । ति र यस्ता जनसंख्या ले पनि गाउपालिकाको समग्र अवस्थालाई प्रभाव पारिरहेको हुन्छ । यसरी यस अध्ययनका शिलशिलामा घरधूरीहरुमा अनुपस्थित हुने जनसंख्या हाल विभिन्न कारणले घर वाहिर बसोवास गरेको हुन्छ । उनिहरुको प्रमुख कारणहरुमा अध्ययन,रोजगारी तथा अन्य कामका अवसरका कारणले वाहिरिएको देखिन्छ । नगरपालिका भित्र नै सवै प्रकारका सेवा, सुविधा र सुनिश्चित भएको खण्डमा यसरी अनुपस्थित हुने संख्या स्वतः न्यून हुन जान्छ । सामान्यतया उर्जावान युवा जनशक्ति नै बढी अनुपस्थित वा अस्थाई बसाइ सराई हुने प्रवृत्तिका कारण यसले गाउपालिकाको दिगो विकाशमा दीर्घकालिन असर पार्दछ ।

यस शिर्षकको विश्लेषण वाट सशक्त युवा अवस्थाको पूरुषहरु को जनसंख्या काम,रोजगारी,अध्ययन वा अन्य कारणहरुले गाउपालिका बाहिर हुनु भनेको गाउपालिका भित्र ति सवैखाले अवसरहरु न्यून वा कम तथा गुणस्तरीय नहुनु नै हो । अर्को तर्फ महिलाहरुको अनुपस्थित जनसंख्या उल्लेख्य रुपमा कम हुनुले लैङ्गिक रुपमा असमानता रहेको स्पष्ट हुन्छ । यसरी सक्षम र जुझारु युवा जनशक्तिको ठूलो हिस्सा गाउपालिका बाट बाहिर रहदा गाउपालिकाको समग्र विकाशमा दिर्घकालिन नकारात्मक प्रभाव पर्दछ । यस्ता अस्थाई वसाइ सराइ गर्ने यस अध्ययनको शिलशिलामा छुटेका जनसंख्याको विवरण निम्नानुसारको तालिकामा देखाइएको छ ।

**तालिका न.१०: वडा अनुसार स्थाइ वसाइ सराइ गर्ने जनसंख्या विवरण**

| वार्ड नं | महिला | पुरुष | तेस्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|
| १ | ० | ३७ | ० | ३७ |
| २ | ० | २७ | ० | २७ |
| ३ | ० | २२ | ० | २२ |
| ४ | ० | ४५ | ० | ४५ |
| ५ | ० | ७६ | ० | ७६ |
| ६ | २ | १०४ | ० | १०६ |
| ७ | ३ | ७१ | ० | ७४ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

## ३.७ वडा अनुसार निश्चित उमेर समूहको जनसंख्या विवरण

कूल जनसंख्याको सवैभन्दा ठूलो हिस्सा कुन उमेर समूह भित्र छ ,लैङ्गिक अवस्था, वाल-वालिकाको अवस्था तथा वृद्धहरुको अवस्था कस्तो छ। ति लिङ्ग र उमेर समूहलाई तलको तालिकामा विश्लेषण गरिएको छ। वडागत लैङ्गिक तथा उमेर समूहको जनसंख्याले विभिन्न खालका कार्यक्रम तथा योजनाहरुमा सहयोग पुग्ने सम्भावना रहेको हुन्छ। वाल-वालिकाको जनसंख्या अर्थात ०-५ बर्ष सम्मका वाल-वालिका पोषण,खोप, तथा अन्य सरुवा रोगका लागी कार्यक्रम बनाउदा यस्ता लिङ्ग र उमेर समूहले सहजता ल्याउने गर्दछ। त्यसैले यस गाउपालिकाका कुन वडामा कुन उमेर समूहको बाहुल्यता छ भन्ने कुरा देखाउन सकिन्छ जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका न.११: वडा न.१ को निश्चित उमेर समूहको जनसांख्यिक विवरण**

| वडा न | निश्चित उमेर समूह | जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | ते.ली | जम्मा |
| १ | १ बर्ष भन्दा मूनिको | ३ | ४ | ० | ७ |
| | १ बर्ष देखि ५ बर्ष सम्म | ४२६ | ४३८ | ० | ८६४ |
| | ६ बर्ष देखि १० बर्ष सम्म | ४०३ | ३७८ | ० | ७८१ |
| | ११ बर्ष देखि १५ बर्ष सम्म | ३११ | ३५९ | ० | ६७० |
| | १६ बर्ष देखि २४ बर्ष सम्म | ६०० | ६५३ | ० | १२५३ |
| | २५ बर्ष देखि ४० बर्ष सम्म | ९६६ | ९६० | ० | १९२६ |
| | ४१ बर्ष देखि ६० बर्ष सम्म | ५२१ | ५९९ | ० | ११२० |
| | ६१ बर्ष देखि ७५ बर्ष सम्म | १८५ | २१८ | ० | ४०३ |
| | ७६ बर्ष माथी सवै | २२ | ४२ | ० | ६४ |
| | जम्मा | ३४३७ | ३६५१ | ० | ७०८८ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यहा अस्थाई बसाई सराइ गरेको जनसंख्या समावेश गरीएको छैन। यस वडा न. १ मा ५ बर्ष भन्दा मूनिको जनसंख्या पुरुष र महिला दुवैको गरी ८७१ जना रहेको देखिन्छ भने ७५ बर्षभन्दा माथीको

जनसंख्या महिला र पूरुष दुवैको ६४ जना देखिन्छ । यस वडामा सक्रिय श्रम जनशक्ति ४२९९ जना रहेको देखिन्छ भने परनिर्भर जनशक्ति २७८९ जना रहेको देखिन्छ ।

**तालिका न.१२: वडा न.२ को निश्चित उमेर समूहको जनसांख्यिक विवरण**

| वडा न | निश्चित उमेर समूह | जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | महिला | पूरुष | ते.ली | जम्मा |
| २ | १ बर्ष भन्दा मूनिको | १६ | १८ | ० | ३४ |
| | १ बर्ष देखि ५ बर्ष सम्म | ३९८ | ३८७ | ० | ७८५ |
| | ६ बर्ष देखि १० बर्ष सम्म | ३७९ | ३८२ | ० | ७६१ |
| | ११ बर्ष देखि १५ बर्ष सम्म | ३३२ | ३३९ | ० | ६७१ |
| | १६ बर्ष देखि २४ बर्ष सम्म | ६४५ | ६४७ | ० | १२९२ |
| | २५ बर्ष देखि ४० बर्ष सम्म | ९१९ | ९४९ | ० | १८६८ |
| | ४१ बर्ष देखि ६० बर्ष सम्म | ५१३ | ६०६ | ० | १११९ |
| | ६१ बर्ष देखि ७५ बर्ष सम्म | १९० | १६७ | ० | ३५७ |
| | ७६ बर्ष माथी सवै | २७ | ४५ | ० | ७२ |
| | जम्मा | ३४१९ | ३५४० | ० | ६९५९ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यहा अस्थाई बसाई सराइ गरेको जनसंख्या समावेश गरीएको छैन । यस वडा न. २ मा ५ बर्ष भन्दा मूनिको जनसंख्या पूरुष र महिला दुवैको गरी ८१९ जना रहेको देखिन्छ भने ७५ बर्षभन्दा माथीको जनसंख्या महिला र पूरुष दुवैको संख्या ७२ जना देखिन्छ । यस वडामा सक्रिय श्रम जनशक्ति ४२७९ जना रहेको देखिन्छ भने परनिर्भर जनशक्ति २६८० जना रहेको देखिन्छ ।

**तालिका न.१३: वडा न.३ को निश्चित उमेर समूहको जनसांख्यिक विवरण**

| वडा न | निश्चित उमेर समूह | जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | महिला | पूरुष | ते.ली | जम्मा |
| ३ | १ बर्ष भन्दा मूनिको | ३२ | ३४ | ० | ६६ |
| | १ बर्ष देखि ५ बर्ष सम्म | ४१७ | ४५६ | ० | ८७३ |
| | ६ बर्ष देखि १० बर्ष सम्म | ३५४ | ४१२ | ० | ७६६ |
| | ११ बर्ष देखि १५ बर्ष सम्म | ३३० | ३३३ | ० | ६६३ |
| | १६ बर्ष देखि २४ बर्ष सम्म | ६६२ | ६५६ | ० | १३१८ |
| | २५ बर्ष देखि ४० बर्ष सम्म | ९६४ | १०६३ | ० | २०२७ |
| | ४१ बर्ष देखि ६० बर्ष सम्म | ५२० | ५९२ | ० | १११२ |
| | ६१ बर्ष देखि ७५ बर्ष सम्म | १४६ | १७५ | ० | ३२१ |
| | ७६ बर्ष माथी सवै | ३० | २६ | ० | ५६ |
| | जम्मा | ३४५५ | ३७४७ | ० | ७२०२ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यहा अस्थाई बसाई सराइ गरेको जनसंख्या समावेश गरीएको छैन । यस वडा न.३ मा ५ बर्ष भन्दा मूनिको जनसंख्या पूरुष र महिला दुवैको गरी ९३९ जना रहेको देखिन्छ भने ७५ बर्षभन्दा माथीको जनसंख्या महिला र पूरुष दुवैको ५६ जना देखिन्छ । यस वडामा सक्रिय श्रम जनशक्ति ४४५७ जना रहेको देखिन्छ भने परनिर्भर जनशक्ति २७४५ जना रहेको देखिन्छ ।

**तालिका न.१४: वडा न.४ को निश्चित उमेर समूहको जनसांख्यिक विवरण**

| वडा न | निश्चित उमेर समूह | जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | महिला | पूरुष | ते.ली | जम्मा |
| ४ | १ बर्ष भन्दा मूनिको | ३६ | ३० | ० | ६६ |
| | १ बर्ष देखि ५ बर्ष सम्म | ३०० | ३३१ | ० | ६३१ |
| | ६ बर्ष देखि १० बर्ष सम्म | ३४१ | ३६१ | ० | ७०२ |
| | ११ बर्ष देखि १५ बर्ष सम्म | ३३२ | ३५४ | ० | ६८६ |
| | १६ बर्ष देखि २४ बर्ष सम्म | ६१६ | ६७१ | ० | १२८७ |
| | २५ बर्ष देखि ४० बर्ष सम्म | ९०५ | ९६३ | ० | १८६८ |
| | ४१ बर्ष देखि ६० बर्ष सम्म | ५२६ | ५७७ | ० | ११०३ |
| | ६१ बर्ष देखि ७५ बर्ष सम्म | १६९ | २०२ | ० | ३७१ |
| | ७६ बर्ष माथी सवै | ४० | ४५ | ० | ८५ |
| | जम्मा | ३२६५ | ३५३४ | ० | ६७९९ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यहा अस्थाई बसाई सराइ गरेको जनसंख्या समावेश गरीएको छैन । यस वडा न. ४ मा ५ बर्ष भन्दा मूनिको जनसंख्या पूरुष र महिला दुवैको गरी ६९७ जना रहेको देखिन्छ भने ७५ बर्षभन्दा माथीको जनसंख्या महिला र पूरुष दुवैको संख्या ८५ जना देखिन्छ । यस वडामा सक्रिय श्रम जनशक्ति ४२५८ जना रहेको देखिन्छ भने परनिर्भर जनशक्ति २५४१ जना रहेको देखिन्छ ।

**तालिका न.१५: वडा न.५ को निश्चित उमेर समूहको जनसांख्यिक विवरण**

| वडा न | निश्चित उमेर समूह | जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | महिला | पूरुष | ते.ली | जम्मा |
| ५ | १ बर्ष भन्दा मूनिको | ३९ | ३८ | ० | ७७ |
| | १ बर्ष देखि ५ बर्ष सम्म | ३२७ | ३७७ | ० | ७०४ |
| | ६ बर्ष देखि १० बर्ष सम्म | ३७४ | ४०९ | ० | ७८३ |
| | ११ बर्ष देखि १५ बर्ष सम्म | ३३५ | ३२४ | ० | ६५९ |
| | १६ बर्ष देखि २४ बर्ष सम्म | ५१४ | ५८० | ० | १०९४ |
| | २५ बर्ष देखि ४० बर्ष सम्म | ८९७ | ९४७ | ० | १८४४ |
| | ४१ बर्ष देखि ६० बर्ष सम्म | ४६६ | ५१९ | ० | ९८५ |
| | ६१ बर्ष देखि ७५ बर्ष सम्म | १६२ | १८७ | ० | ३४९ |
| | ७६ बर्ष माथी सवै | ३४ | ३१ | ० | ६५ |
| | जम्मा | ३१४८ | ३४१२ | ० | ६५६० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यहा अस्थाई बसाई सराइ गरेको जनसंख्या समावेश गरीएको छैन ।  यस वडा न.५ मा ५ बर्ष भन्दा मूनिको जनसंख्या पूरुष र महिला दुवैको गरी ७८१ जना रहेको देखिन्छ भन ७५ बर्षभन्दा माथीको जनसंख्या महिला र पूरुष दुवैको ६५ जना देखिन्छ । यस वडामा सकिय श्रम जनशक्ति ३९२३ जना रहेको देखिन्छ भने परनिर्भर जनशक्ति २६३७ जना रहेको देखिन्छ ।

**तालिका न.१६: वडा न.६ को निश्चित उमेर समूहको जनसांख्यिक विवरण**

| वडा न | निश्चित उमेर समूह | जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | महिला | पूरुष | ते.ली | जम्मा |
| ६ | १ बर्ष भन्दा मूनिको | १० | ८ | ० | १८ |
| | १ बर्ष देखि ५ बर्ष सम्म | १८७ | २०९ | ० | ३९६ |
| | ६ बर्ष देखि १० बर्ष सम्म | २२५ | २१९ | ० | ४४४ |
| | ११ बर्ष देखि १५ बर्ष सम्म | १६२ | १७१ | ० | ३३३ |
| | १६ बर्ष देखि २४ बर्ष सम्म | ३१५ | ३२५ | ० | ६४० |
| | २५ बर्ष देखि ४० बर्ष सम्म | ४७७ | ५०३ | ० | ९८० |
| | ४१ बर्ष देखि ६० बर्ष सम्म | २५६ | ३०९ | ० | ५६५ |
| | ६१ बर्ष देखि ७५ बर्ष सम्म | ७३ | १०७ | ० | १८० |
| | ७६ बर्ष माथी सवै | २५ | १९ | ० | ४४ |
| | जम्मा | १७३० | १८७० | ० | ३६०० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यहा अस्थाई बसाई सराइ गरेको जनसंख्या समावेश गरीएको छैन । यस वडा न ६ मा ५ बर्ष भन्दा मूनिको जनसंख्या पूरुष र महिला दुवैको गरी ४१४ जना रहेको देखिन्छ भने ७५ बर्षभन्दा माथीको जनसंख्या महिला र पूरुष दुवैको ४४ जना देखिन्छ । यस वडामा सकिय श्रम जनशक्ति २१८५जना रहेको देखिन्छ भने परनिर्भर जनशक्ति १४१५ जना रहेको देखिन्छ ।

**तालिका न.१७: वडा न.७ को निश्चित उमेर समूहको जनसांख्यिक विवरण**

| वडा न | निश्चित उमेर समूह | जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | महिला | पूरुष | ते.ली | जम्मा |
| ७ | १ बर्ष भन्दा मूनिको | २६ | ४३ | ० | ६९ |
| | १ बर्ष देखि ५ बर्ष सम्म | ३६७ | ३९८ | ० | ७६५ |
| | ६ बर्ष देखि १० बर्ष सम्म | ३९१ | ४२६ | ० | ८१७ |
| | ११ बर्ष देखि १५ बर्ष सम्म | ३१५ | २७७ | ० | ५९२ |
| | १६ बर्ष देखि २४ बर्ष सम्म | ५१४ | ५३५ | ० | १०४९ |
| | २५ बर्ष देखि ४० बर्ष सम्म | ८७३ | ८८१ | ० | १७५४ |
| | ४१ बर्ष देखि ६० बर्ष सम्म | ४३२ | ५३० | ० | ९६२ |
| | ६१ बर्ष देखि ७५ बर्ष सम्म | १५९ | १८५ | ० | ३४४ |
| | ७६ बर्ष माथी सवै | २६ | २८ | ० | ५४ |
| | जम्मा | ३१०३ | ३३०३ | ० | ६४०६ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यहा अस्थाई बसाई सराइ गरेको जनसंख्या समावेश गरीएको छैन । यस वडा न.७ मा ५ बर्ष भन्दा मूनिको जनसंख्या पूरुष र महिला दुवैको गरी ८३४ जना रहेको देखिन्छ भने ७५ बर्षभन्दा माथीको जनसंख्या महिला र पूरुष दुवैको ५४ जना देखिन्छ । यस वडामा सकिय श्रम जनशक्ति ३७६५ जना रहेको देखिन्छ भने परनिर्भर जनशक्ति २६४१ जना रहेको देखिन्छ ।

## ३.८ व्यक्तिगत घटना दर्ता :

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न राज्यमा विद्यमान कानुनी प्रकृयाहरु पालना गर्नु पर्ने हुन्छ । नागरिकता, राहदानी वा अन्य परिचय पत्र लिन, रोजगारी वा अन्य इलम, उद्योग गर्न,विदेश जान राज्यले आधिकारिक प्रमाण-पत्र उपलब्ध गराउदछ । जन्म,विवाह,सम्वन्ध-बिच्छेद, बसाइसराई,मृत्यु जस्ता घटना समयमै दर्ता गर्नु पर्ने हुन्छ । संविधानले नागरिकलाई विभिन्न अधिकारहरु प्रत्याभूत गरेको छ । यस प्रकारको सेवा,सुविधा र अधिकार प्राप्तीको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटनाको दर्ता हो । राष्ट्रिय तथ्याकं बनाउने यसको विश्वव्यापी मान्यता हो । कहाँ कति जन्मे, कतिको मृत्यु भयो,कतिको विवाह भयो , कति बसाइ सरे, कतिको सम्वन्ध बिच्छेद भयो भनिने कुराको जानकारी राज्यले पाउनु पर्छ । यसैको आधारमा सरकारले वा स्थानीय तहहरुले नीति, नियम र कानुन बनाउने हुदा व्यक्तिगत घटना दर्ता सम्वन्धी जनचेतना अभिवृद्धि गनु पर्ने देखिन्छ ।

जहदा गाउपालिकामा व्यक्तिगत घटनासंग सम्वन्धीत विवरणहरुलाई समूदाय र लिङ्गका आधारमा हेर्दा कस्तो स्थिति रहेको छ । यस क्षेत्रमा गतबर्ष भएका जन्म, मृत्यु, विवाह, सम्वन्ध-विच्छद र बसाइ सराई सम्वन्धी घटना कुन रुपमा रहेका छन् भन्ने वारेको तथ्याकं निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ३.८.१ गाउपालिकाको जन्मदर्ता तथा मृत्युदर्ता सम्वन्धी विवरण

गाउपालिकामा जन्म तथा मृत्यु जस्ता व्यक्तिगत घटनासँग सम्वन्धीत विवरणहरु प्रत्येक दिन, महिना र साल अध्यावधिक गरेर राखिन्छ । यस तथ्यांक ले लिङ्ग, जात/जाति, समूदायका आधारमा व्याख्या र विश्लेषण गरेर हेर्ने गरेको पाइन्छ । यस जहदा गाउपालिकामा गतबर्ष भित्रमा जन्मदर्ता गर्ने पूरुष तथा महिला वाल-वालिकाहरुको संख्या यति भनि वताइन्छ । यस पाश्व चित्र निर्माणका कममा गाउपालिकाको विवरण देहाय बमोजीम रहेको देखिन्छ ।

**तालिका न.१८: जन्म तथा मृत्यु दर्ता सम्बन्धी विवरण**

| वाड न. | जन्म दर्ता | | | मृत्यु दर्ता | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | कूल संख्या जम्मा | महिला | पूरुष | कूल संख्या जम्मा |
| १ | ७५ | ९१ | १६६ | १९ | १५ | ३४ |
| २ | ६८ | ५२ | १२० | १६ | १८ | ३४ |
| ३ | ८५ | ७९ | १६४ | ६ | १३ | १९ |
| ४ | ११४ | ९६ | २१० | २३ | १७ | ४१ |
| ५ | ९७ | ९२ | १८९ | २१ | २४ | ४५ |
| ६ | ३६ | ३३ | ६९ | ९ | ६ | १५ |
| ७ | ७० | ८५ | १५५ | १३ | १२ | २५ |
| जम्मा | ५४५ | ५२८ | १०७३ | १०७ | १०५ | २१२ |

*श्रोत: गाउपालिका कार्यलय*

### ३.८.२ गाउपालिकाको विवाह,सम्बन्ध-विच्छेद,बसाइ-सराई दर्ता सम्वन्धी विवरण:

व्यक्तिगत घटना दर्ता भन्नाले जन्म, विवाह, बसाइ-सराई, सम्वन्ध-विच्छेद र मृत्यु गरी पाँच घटनालाई जनाउदछ । यस सम्वन्धी विवरणलाई हेर्दा समूदायमा वा वडाहरुमा फरक-फरक स्थिति देखिने गर्दछ । गत बर्षको तथ्यांकमा लाई हेर्दा यस गाउपालिकामा निम्नानुसरको विवरण देखिन्छ ।

**तालिका न.१९: विवाह र सम्बन्ध-विच्छेद सम्वन्धी विवरण**

| वडा न. | विवाह दर्ता जोडी | सम्बन्ध-विच्छेद विवरण |
|---|---|---|
| १ | ५० | ० |
| २ | ५३ | ० |
| ३ | ७५ | ० |
| ४ | ६० | ० |
| ५ | ७८ | ० |
| ६ | २० | ० |
| ७ | ६३ | ० |

*श्रोत: गाउपालिका कार्यलय*

### ३.८.३ बसाइ सराई तथा जनसांख्यिक गतिशिलता :

नेपालमा बसाइसराई एकदमै प्रचलित छ । लगभग आधाजसो (४७ %) घरपरिवारले कम्तीमा १ जना सदस्य विगत १० बर्षमा बसाइ सराई गरेको वताएका थिए । सन २०१५ मा मात्रै तीन जना मध्ये एकजना बसाइ सराइ गरेका थिए । हरेक दश पूरुष मध्ये आठ पूरुष कामको शिलशिलामा बसाइ सरेरगएका थिए र दुइ तिहाइ महिलाहरु बैवाहिक कारणले बसाइ गरेका थिए । पूरुषहरुको गन्तव्य स्थल धेरैजसो खाडी मूलुक (३२%) र भारत (१७%) थियो । महिलाहरुको मुलुक वाहिर बसाइ सराई गर्ने प्रचलन खासै पाईदैन (NHDS-2016)।

माथीको तथ्याकं हेर्दा नेपालमा बसाइ सराई एकदमै प्रचलित छ । जहदा गाउपालिकामा पनि जिल्ला भित्रै र वाहिर विभिन्न तेश्रो देशहरुमा पनि आफ्नो थाक-थलो छाडेर विभिन्न उद्देश्य राखि जस्तै : रोजगारी, शिक्षा, स्वास्थ्यका लागि बसाइ सर्नेहरु प्रशस्तै रहेको देखिन्छ । यसरी ठूलो हिस्सा जनसंख्या कामको लागी वाहिरिदा विप्रेषणले मात्र कालान्तरमा गाउपालिकाको विकाश सम्भव हुदैन । यसका लागी दूरदृष्टि सहित दिगो सोच र विकाशको लक्ष्य लिएर अगाडी बढ्ने युवा जमातको उपस्थिति गाउपालिकामै हुनु अनिवार्य छ । यसरी युवा शक्तिलाई गाउपालिकाकै विकासका लागी परिचालन गरी स्थाई वा अस्थाई रुपमा बसाइ सराई गर्ने जनसंख्यालाई कम गर्नै प्रभावकारी योजना र त्यसको कार्यन्वयन गर्नु स्थानीय सरकारको लक्ष्य हुनु जरुरी छ ।

वडागत रुपमा यस जहदा गाउपालिकाको अस्थाई बसाई सराई गर्ने जनसंख्याको विवरण निम्नानुसार तालिकामा दिइएको छ ।


**तालिका न.२०: वडा अनुसार अस्थाइ बसाइ सराई गर्ने जनसंख्याको विवरण**

| वडा न. | जनसंख्या | | | जम्मा जनसंख्या | प्रतिशत वडागत |
|---|---|---|---|---|---|
| | महिला | पुरुष | ते.ली | | |
| १ | ० | ३७ | ० | ३७ | ०.५२ |
| २ | ० | २७ | ० | २७ | ०.३८ |
| ३ | ० | २२ | ० | २२ | ०.३० |
| ४ | ० | ४५ | ० | ४५ | ०.६६ |
| ५ | ० | ७६ | ० | ७६ | १.१५ |
| ६ | २ | १०४ | ० | १०६ | २.९४ |
| ७ | ३ | ७१ | ० | ७४ | १.१५ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथिको तालिका अनुसार यस सप्तकोशी गाउपालिकाका ७ वटा वडाहरुबाट अस्थाइ रुपमा बसाइ सराइ गर्ने जनसंख्या जम्मा ३८७ रहेको देखिन्छ। जसमा महिलाको दाजोमा पुरुषहरुको संख्या उल्लेख्य रहेको तथ्यांकमा देखिन्छ। यस गाउपालिकामा सवैभन्दा बढी वडा.न ६ बाट १०६ जना महिला,पूरुष तथा वाल-वालिकाहरु अस्थाई रुपमा बसाइ सरेको देखिन्छ भने सवैभन्दा कम वडा न ३ बाट २२ जना यस अध्ययनको कममा अनुपस्थित रहेको देखिन्छ।

**वृत्त चित्र न.४ : वडा अनुसार अस्थाइ बसाइ सराई गर्ने जनसंख्याको विवरण**




### ३.८.४ अस्थाई बसाइ सराई गरेका जनसंख्या र देशहरुको विवरण :

यसैगरी यस जहदा गाउपालिकाको ७ वटै वडाहरुवाट अस्थाई रुपमा बसाइ सराई गरी जाने पूरुष र महिलाहरुको वडागत विवरण र गन्तव्य देशहरुको विस्तृत विवरण पनि आजको दिनमा अति महत्वपूर्ण तथ्यांकंको रुपमा देखिन्छ। त्यसलाई अझ सहज रुपमा बुझ्नका लागी तालिकामा विश्लेषण गरिएको छ।

**तालिका न.२१: नेपालमै अस्थाई बसोवास गर्नेहरुको वडागत विवरण**

| वडा न. | महिला | पूरुष | ते.ली | जम्मा |
|---|---|---|---|---|
| १ | ० | २ | ० | २ |
| २ | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० |
| ४ | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० |
| ६ | ० | १ | ० | १ |
| ७ | ० | १ | ० | १ |

*श्रोत: पार्श्वचित्र २०७७*

माथीको तालिका अनुसार जहदा गाउपालिका बाट नेपालकै विभिन्न जिल्लाहरुमा अस्थाई रुपमा गएको जनसंख्यालाई हेर्दा सवैभन्दा बढी वडा न. १ वाट २ जना गएको देखिन्छ ।

**भारतमा अस्थाई बसोवास गर्नेहरुको वडागत विवरण**

यसैगरी कामको शिलशिलामा भारतका विभिन्न शहरहरुमा रोजगारीका लागी जाने जनसंख्या पनि यस गाउपालिकामा अध्ययनको क्रममा पाइएको थियो । जसलाई तलको तालिकामा प्रस्तुत गरीएको छ । नेपाल वाट रोजगारीका लाागि जाने गन्तव्यहरुमा सहज र सरल रुपमा सवैभन्दा नजिकको स्थल भारतको विभिन्न सहरहरु मध्ये पनि पंन्जाव, हरियाणा, मुम्वर्य, दिल्ली, कर्नाटक तथा आसाम र पशिचक बंगालका सहरहरुमा मुख्य रुपमा आउने-जाने गरेको स्थलगत अध्ययनको क्रममा पाइएको थियो । भारतमा रोजगारीका लागि जानेहरुले धेरै ठूलो खर्च र लगानी गर्नु नपर्ने तथा उनिहरुले मौसमी रोजगारी प्राप्त गर्ने हुदा पनि नेपालका तराइ भेगवाट भारतका माथि उल्लेखित स्थानहरु मुख्य आकर्षणक श्रम गन्तव्यको रुपमा रहेको पाइन्छ । वडागत रुपमा तलको तालिकामा यसरी यस गाउपालिका बाट जाने जनसंख्यालाई देखाइएको छ ।

**तालिका न.२२: भारतमा अस्थाई रुपमा बसोवास गरेका वडागत जनसंख्या विवरण**

| वडा न.. | महिला | पूरुष | ते.ली | जम्मा |
|---|---|---|---|---|
| १ | ० | ३ | ० | ३ |
| २ | ० | ७ | ० | ७ |
| ३ | ० | १ | ० | १ |
| ४ | ० | ० | ० | ० |
| ५ | ० | २० | ० | २० |
| ६ | २ | ८ | ० | १० |
| ७ | २ | ४१ | ० | ४३ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथिका तालिका अनुसार भारतमा कामको लागी जाने जनसंख्या जसलाई Seasonal Migrants Population भनिन्छ । उनिहरु विशेषतः भारतका विभिन्न शहरहरुमा गएर एउटा निश्चित समयसम्म काम गर्ने, तत्पश्चात नेपाल

फर्कने गर्ने गरेको विभिन्न अध्ययन अनुसन्धानले देखाएका छन् । त्यहि रुपमा यस गाउपालिका बाट पनि भारतमा गएर काम गर्नेहरुको संख्या सवै भन्दा बढी वडा न ७ मा ४३ जना र सवैभन्दा कम अर्थात १ जना वडा न ३ मा देखिन्छ ।

यसरीनै जहदा गाउपालिका बाट तेश्रो मूलुकका रुपमा रहेका यूरोप र अमेरिकी देशहरुमा जानेहरुको संख्या पनि यस अध्ययन को क्रममा पाइएको थियो । जसलाई निम्नानुसारको तालिकामा देखाइएको छ ।

**तालिका न.२३: यूरोप र अमेरिकी देशहरुमा अस्थाई रुपमा बसोवास गरेको विवरण**

| वडा न.. | महिला | पूरुष | ते.ली | जम्मा |
|---|---|---|---|---|
| १ | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० |
| ४ | ० | १ | ० | १ |
| ५ | ० | ० | ० | ० |
| ६ | ० | ० | ० | ० |
| ७ | ० | ० | ० | ० |

*श्रोतः पार्श्वचित्र २०७७/२०७८*

उपरोक्त तालिका अनुसार हेर्दा यस नगरपालिका बाट अस्थाई रुपमा तेश्रो मूलुकको रुपमा अमेरिका र यूरोपियन युनियनका देशहरुमा रोजगारी गर्न ,शिक्षा आर्जन गर्न , जानेहरुको संख्या १ जना रहेको देखिन्छ ।

यसरीनै खाडी मूलुकमा रोजगारीमा जाने महिला/पूरुषहरुको संख्या पनि गाउपालिकाका ७ वटा वडाहरुमा उल्लेख्य रुपमा रहेको देखिन्छ । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.२४: अस्थाई रुपमा खाडी मूलुकमा बसोवास गर्नेहरुको वडागत विवरण**

| वडा न.. | महिला | पूरुष | ते.ली | जम्मा |
|---|---|---|---|---|
| १ | ० | १८ | ० | १८ |
| २ | ० | ५ | ० | ५ |
| ३ | ० | ५ | ० | ५ |
| ४ | ० | २१ | ० | २१ |
| ५ | ० | १४ | ० | १४ |
| ६ | ० | २१ | ० | २१ |
| ७ | १ | २० | ० | २१ |

*श्रोतः पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिकामा जहदा गाउपालिकाबाट मूख्यतयाः कतार,दुवई, साउदि अरब, बहराईन जस्ता मूलुकहरुमा रोजगारीको शिलशिलामा जानेहरु सवैभन्दा बढी वडा न ४, ६, ७ बाट महिला र पूरुष गरी जम्मा २१, २१, २१ जना रहेका छन् भने सवैभन्दा कम वडा न २, ३ बाट जम्मा ५, ५ जना गएको देखिन्छ ।

यसैगरी जहदा गाउपालिका बाट जापान,कोरियामा कामको शिलशिलामा विगत १० बर्ष भित्रमा कति घरपरिवारका सदस्यहरु गएका रहेछन् भन्ने बारेमा पनि यस पार्श्वचित्र निर्माणका कममा तथ्यांक संकलन गरीएको थियो जसलाई देहायको तालिकामा देखाइएको छ।

**तालिका न.२५: जापान,कोरियामा कामको कारण अस्थाई बसोवास गर्ने जनसंख्या**

| वडा न.. | महिला | पूरुष | ते.ली | जम्मा |
|---|---|---|---|---|
| १ | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० |
| ४ | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० |
| ६ | ० | २ | ० | २ |
| ७ | ० | ० | ० | ० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिकाअनुसार ७ वटै वडाहरु बाट जापान तथा कोरियामा रोजगारको शिलशिलामा जाने महिला तथा पूरुषहरुको संख्या मध्ये सवैभन्दा बढी वडा न.६ मा २ जना देखिन्छ।

यसैगरी गाउपालिका बाट अष्ट्रेलिया मा रोजगार वा अध्ययनको शिलशिलामा जानेहरु पनि यस अध्ययनको कममा पाइएको छ। यसरी अष्ट्रेलिया गएका जनसंख्यालाई निम्नानुसारको तालिकामा देखाइएको छ।

**तालिका न.२६: अष्ट्रेलियामा बसोवास गरेको वडागत विवरण**

| वडा न.. | महिला | पूरुष | ते.ली | जम्मा |
|---|---|---|---|---|
| १ | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० |
| ४ | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० |
| ६ | ० | १ | ० | १ |
| ७ | ० | ० | ० | ० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार अष्ट्रेलियामा रहेर रोजगार वा उच्च शिक्षा आर्जन गर्ने महिला/पूरुषहरुको संख्या १जना रहेको छ।

यसैगरी जहदा गाउपालिका का सवै वडाहरुबाट अस्थाई रुपमा अन्य देश : मलेशिया लगायतका देशहरुमा बसोवास गर्नेको संख्या पनि उल्लेख्य मात्रामा रहेको देखिन्छ। यसलाई तलको तालिकामा देखाइएको छ।

**तालिका न.२७: अन्य देशमा बसोवास गर्ने जनसंख्या विवरण**

| वडा न.. | महिला | पुरुष | ते.ली | जम्मा |
|---|---|---|---|---|
| १ | ० | ३ | ० | ३ |
| २ | ० | ८ | ० | ८ |
| ३ | ० | २ | ० | २ |
| ४ | ० | १ | ० | १ |
| ५ | ० | १ | ० | १ |
| ६ | ० | ४ | ० | ४ |
| ७ | ० | २ | ० | २ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिकामा देखाइए अनुसार जहदा गाउपालिका सवै वडाहरु बाट अन्य मूलुक भन्नाले चीन, मलेशीया, थाईल्याण्ड लगायतका मूलुकहरुमा जानेको विवरण समेटिएको छ । जसमा सवैभन्दा बढी वडा न २ बाट ८ जना र सवैभन्दा कम वडा न ४, ५ बाट १ १ जना गएको तथ्यांकमा देखिन्छ ।

जहदा गाउपालिकाका सवै वडाहरुबाट पार्श्वचित्र निर्माणका क्रममा प्रत्येक घरधूरीवाट लिएको तथ्याकं अनुसार अथ्याई प्रकृतिको बसाइ सराई मा विगत १० बर्षमा कहाँ गएको, किन गएको भन्ने जवाफमा थाहा छैन भन्ने केही व्यक्तिमात्र रहेको अध्ययनका क्रममा पाइएको छ । यस गाउपालिकाको यसरी हेर्दा अस्थाई प्रकृतिको बसाइ सराईले पनि आगामी दिनमा गाउपालिकाका विभिन्न कार्यक्रम, योजना तथा जनसंख्यामा प्रत्यक्ष वा परोक्ष ढंग वाट प्रभाव पर्ने देखिन्छ । हाल देशमा भइरहेको COVID -19 स्वास्थ्यसँग सम्बन्धीत विषम परिस्थिति लाइ मध्यनजर गर्दै वडाहरुवाट वाहिरिएका जनसंख्याको विस्तृत विवरण प्रस्तुत गरीएको हो । जुन नगरपालिका तथा वडा कार्यलयहरुलाई यस विषम परिस्थितिमा त्यसको व्यवस्थापनमा सहजता ल्याउने विश्वास पनि यस अस्थाई प्रकृतिको जनसंख्या विवरणले सरलता ल्याउने आशा राखिएको छ ।

### ३.८.५ बसाइ सराई र जनसांख्यिक गतिशिलता

यसरी स्थाई वा अस्थाई रुपमा बसाइ सराई गर्ने विभिन्न कारण र माध्यम हुन सक्दछन् । मानिस सामाजिक प्राणी भएका कारणले गर्दा समाज,टोल, बस्ति ,गाउ या आफूलाई स्थापित गराउन,राम्रो र मीठो खाना खान तथा स्वास्थ्यका दृष्टिकोण बाट स्वास्थ्य भएर जीवन निर्वाह गर्ने चाहाले बढी नै दौडधूप गर्छ । आफू र आफ्ना सन्तानको उज्वल भविष्यको लागी आर्थिक र सामाजिक तवरले स्थापित भएर बस्ने चाहना जो कोहीमा हुन सक्दछ । बसाइ सर्नु कसैको बाध्यता पनि हुन सक्दछ । मूलत : आम मानिसहरुको उद्देश्य भनेको उन्नत भविष्यको चाहना नै प्रमुख कारण हुन जान्छ भन्ने तथ्य विभिन्न अध्ययन अनुसन्धान प्रतिवेदनहरुले समेत पुष्टि गरीसकेको छ । यि यसरी बसाइ सर्नुको मूल कारणहरु के हो भनि अध्ययनको क्रममा खोजिएको थियो। जसलाई निम्नानुसारको तालिकामा देखाइएको छ ।

**तालिका न.२८: वडा अनुसार बसाइ सराई गर्नुको कारणहरुको विवरण**

| वडा न.. | काम गर्न/रोजगारीको लागी | पढाइ गर्न/अध्ययन गर्न | विवाह भएर गएको | परिवार सँग गएको | सुरक्षाको कारणले | अन्य | थाहा छैन |
|---|---|---|---|---|---|---|---|
| १ | ३७ | ० | ४ | ० | ० | १ | ० |
| २ | २७ | ० | ० | ० | ० | ५ | ० |
| ३ | २२ | ० | ० | १ | ० | ० | ० |
| ४ | ४५ | ० | ५ | ० | ० | ० | ० |
| ५ | ७४ | २ | ० | ० | ० | ० | ० |
| ६ | १०४ | २ | ० | ० | ० | १ | ० |
| ७ | ७३ | १ | ० | ० | ० | ० | ० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिकामा गाउपालिका बाट मूख्य रुपमा वा बढी जसो कुन कारणले कति जना कुन वडा बाट बाहिरिएका रहेछन् भन्ने विवरण देखाइएको छ। काम गर्न या रोजगारीका लागी अधिकांश वडाका व्यक्तिहरु बहिर गएको देखिन्छ भने सुरक्षाका कारण बाट पनि सात जना व्यक्तिहरुले पनि सरेको तथ्यांकमा देखिन्छ । यस तालिकामा अन्य शिर्षकहरुमा रोजगारी खोज्न जाने, स्वास्थ्य उपचारको लागी उतै गएर वस्ने, अंश वण्डा गरेर छुट्टिएको भन्ने जवाफहरु पनि आएको देखिन्छ। यसैगरी यस नगरपालिकामा अवसर लगायत आधुनिकताको प्रभाव विस्तारभएका र विकाशका पूर्वाधारहरुको सहजता भएको स्थलहरुमा जानेहरु पनि अध्ययनको क्रममा पाइएको थियो।

## ३.९ जातजाति अनुसार गाउपालिकाको विवरण

यस जहदा गाउपालिकामा विगतको जात-जातियताको विवरणहरुलाई profile मा समावेश गर्दा थरका आधारमा प्रस्तुत गरिने गरीएको दस्तावेजहरुमा देखिन्छ। यसरी विभाजन गर्दा यस गाउपालिकामा जात वा थरका आधारमा ७० वटा भन्दा बढी थरहरुलाई रिपोर्टहरुमा पनि प्रस्तुत गरीएको देखिन्छ। यस अध्ययनमा केन्द्रीय तथ्यांक विभाग द्वारा राष्ट्रिय स्तरमा गरीने सर्वेक्षणको रुपमा प्रयोग गरीने जात जातियतालाई आधार बनाएर अध्ययन गरीएको थियो । मूख्य रुपमा तथ्यांक विभागले २०६८ सालमा गरेको जनगणना, त्यसैगरी स्वास्थ्य मन्त्रालयले इ.स २०१६ मा गरेको जनसांख्यिक स्वास्थ्य सर्वेक्षणका जात जातियताको कोडहरुलाई आधार बनाएर यस गाउपालिकाको जात जातिको अवस्थालाई हेर्ने वा विश्लेषण गरिएको छ। यस जात जातियताको आधारमा जनसंख्याको विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका न.२९: जात/जातियताको आधारमा जनसंख्या विवरण**

| सि.न | जात/जातियता | पूरुष जम्मा | महिला जम्मा | तेश्रो लिङ्गी जम्मा | जम्मा | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ब्राह्मण | १५ | ११ | ० | २६ | ०.०६ |
| २ | पहाडे क्षेत्री | २१ | ३० | ० | ५१ | ०.११ |
| ३ | तराई ब्राह्मण/क्षेत्री | १६७ | १६४ | ० | ३३१ | ०.७४ |
| ४ | अन्य तराई जाती | ७९९२ | ७३६८ | ० | १५३६० | ३४.४३ |
| ५ | पहाडे दलित | ९१ | ८४ | ० | १७५ | ०.३९ |
| ६ | तराई दलित | २१९८ | २०४६ | ० | ४२४४ | ९.५१ |
| ७ | नेवार | ४६ | ४० | ० | ८६ | ०.१९ |
| ८ | पहाडे जनजाति | २२९ | २२४ | ० | ४५३ | १.०२ |
| ९ | तराई जनजाती | १०५६९ | ९९७३ | ० | २०५४२ | ४६.०४ |
| १० | मुस्लिम | १६८३ | १५७३ | ० | ३२५६ | ७.३ |
| ११ | अन्य | ४६ | ४४ | ० | ९० | ०.२ |
| जम्मा | | २३०५७ | २३०५७ | ० | ४४६१४ | १००.०० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

उपरोक्त तालिका अनुसार जहदा गाउपालिकाको समग्र जनसंख्या घरमा जात जातियताको अवस्थाका बारेमा देखाइएको छ । जसमा ब्राह्मण जात जातियता भित्र-अर्याल ,आचार्य अधिकारी, भट्टराई, पोखरेल,रिमाल, न्यौपाने, भण्डारी, ढकाल, पौडेल, खनाल, बराल, उपाध्याय, रेग्मि, घिमिरे जस्ता धेरै प्रकारका थरहरु समेटिएको हुन्छ । ति ब्राह्मण जात जातिको प्रतिशत समग्र जनसंख्यामा ०.०६ प्रतिशत रहेको देखिन्छ । यसैगरी तराई जनजाति भित्र समेटीएका थरहरुमा थारु, कठरिया, खाँ, विश्वास, राजी, खवास, चौधरी, परिहार, सैलिमार, जोगी, दनुवार, माझी, खस, भगत आदि जस्ता लगायत कुश्वाहा, धानुक, राजवंशी, धिमाल, सतार,सन्थाल, झागड, ताजपूरिया आदी पनि यहि जातियता भित्र समेटिएको छ। जसको समग्र प्रतिशत हेर्दा ४६.०४ प्रतिशत गाउपालिकामा देखिन्छ।

## ३.१० थर र जातका आधारमा जनसंख्या विवरण

जहदा गाउपालिकाका सवै वडाहरुमा बसोवास गर्ने थर र जातलाई हेर्दा अत्यन्तै विविधता पाईन्छ । नेपाल राष्ट्र नै एउटा विविधता भएको मूलुक भएकाले यहा पनि सोहि विविधताको झल्को देखिन्छ। जात जातियता भित्रका विभिन्न थरीका जनसंख्याले आफ्नो धर्म, परम्परा, रितिरिवाज,संस्कृति तथा आफ्नो पहिचान लाई पनि सुनिश्चित गरेका छन् । यस शिर्षकमा जहदा गाउपालिकाका विभिन्न जात जातियता भित्रका जातिहरुको अवस्थिति कस्तो छ , उनिहरुको संख्या के,कति छ भन्ने बारेमा तलको तालिकामा विस्तृत रुपमा प्रस्तुत गरिएको छ।

**तालिका न.३०: तराई दलितहरुको जनसंख्या विवरण**

| क्र.स. | जात / जातियता | महिला | पुरुष | तेस्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|---|
| १ | चमार | ११३ | १३६ | ० | २४९ |
| २ | मुसहर | १६५७ | १७६१ | ० | ३४१८ |
| ३ | दुसाध | १३६ | १५० | ० | २८६ |
| ४ | तत्मा | १६ | १५ | ० | ३१ |
| ५ | धोबी | ३९ | ५७ | ० | ९६ |
| ६ | डोम | ७४ | ७० | ० | १४४ |
| ७ | हलखोर | ० | ० | ० | ० |
| ८ | बन्तर | ४ | ४ | ० | ८ |
| ९ | खत्वे | ० | १ | ० | १ |
| १० | चिडीमार | ३ | २ | ० | ५ |
| ११ | पत्थरकत्ठा | ४ | २ | ० | ६ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

उपरोक्त तालिका बमोजिम यस जहदा गाउपालिकामा तराई दलितका रुपमा परिभाषित भएका जातिहरुलाई समेटिएको छ। यस गाउपालिकामा तराई दलितहरु मध्ये २१९६ जना पूरुष र २०४६ जना महिलाहरु समेटिएका छन् । यसरी हेर्दा गाउपालिकाको समग्र जनसंख्याका करीब ९.५१ प्रतिशत जनसंख्या तराई दलितहरुको रहेको छ।

यसैगरी जहदा गाउपालिकाको पहाडे दलित जात जातियता भित्र को परिभाषामा समेटिएका थरहरु कामी, दमाई, ढोली, सार्की, गाइने, वादी जस्ता जातहरुको अवस्थिति पनि गाउपालिकाको लागी महत्वपूर्ण हुन सक्ने सम्भावनालाई मध्यनजर गरेर उनिहरुको अवस्थाका वा अवस्थितिका बारेमा तलको तालिकामा समग्र गाउपालिकाको अवस्था देखाइएको छ।

**तालिका न.३१: पहाडे दलित जातिहरुको जनसंख्या विवरण**

| क्र.स. | जात / जातियता | महिला | पुरुष | तेस्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|---|
| १ | कामि | ० | ० | ० | ० |
| २ | दमाइ | ० | ० | ० | ० |
| ३ | सार्की | ८४ | ९० | ० | १७४ |
| ४ | बादी | ० | १ | ० | १ |
| ५ | ढोलि | ० | ० | ० | ० |
| ६ | गाइने | ० | ० | ० | ० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार गाउपालिकामा पहाडे दलितहरुको संख्या १७५ जना देखिन्छ। यसरी गाउपालिकाको समग्र जनसंख्याको ०.३९ प्रतिशत जनसंख्या पहाडे दलित समुदायहरुको रहेको छ। पछाडी पारिएका वर्गहरु मध्ये पर्ने दलित समूदायको उत्थान तथा सहज जिवीकोपार्जन का निमित्त यस्ता खालका विवरणहरुले गाउपालिकाको समग्र योजना तथा कार्यक्रम निर्माण गर्दा यिनिहरुको पनि विकाश निर्माणमा सम्वोधन हुन सकेको खण्डमा वा ति यस्ता कार्यक्रमहरु

मा साथै यस वर्ग समूदायलाई सहभागि गराउन सकेको खण्डमा गाउपालिकाको समग्र विकाशमा समानुपातिकताको अवधारणा विकाश भएर जाने हुन्छ ।

यसैगरी जहदा गाउपालिकाको जात जातियताको अवस्थालाई हेर्दा तराई जनजाती भित्र केन्द्रीय तथ्यांक विभागको राष्ट्रिय जनगणनामा समेटिएका जातजातीहरुको अवस्था कस्तो छ , उनिहरु जातको आधारमा कति संख्यामा छन् भन्ने बारेको विश्लेषण पनि गाउपालिकाका विभिन्न कार्यक्रमहरुमा सहयोगी हुन सक्छन् भन्ने उद्देश्यले यस शिर्षकमा ति तराई जनजाती भित्र समेटिएकाहरुको विवरण प्रस्तुत गरीएको छ । यसरी हेर्दा तराई जनजाती भित्र थारु जातीमा विभिन्न थरहरु मूख्य रुपमा कठरीया, खाँ, विश्वास, राजी, खवास, चौधरी, परिहार, जोगी, दनुवार, माझी, महन्त, भगत आदी जस्ता जातिहरु समेटिएको पाईन्छ । यसलाई अझ विस्तृत रुपमा देहायको तालिकामा देखाइएको छ ।

**तालिका न.३२: तराई जनजातिहरुको समग्र जनसांख्यिक विवरण**

| क्र.स. | जात / जातियता | महिला | पुरुष | तेस्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|---|
| १ | थारु | ४ | ५ | ० | ९ |
| २ | कुशवाह | ११५ | १२९ | ० | २४५ |
| ३ | धिमाल | ३१ | ३७ | ० | ६८ |
| ४ | धानुक | ३०८ | ३३४ | ० | ६४२ |
| ५ | राजवंसी | २३४० | २४४६ | ० | ४७८८ |
| ६ | सतार | १८७७ | १९१८ | ० | ३७९६ |
| ७ | सन्थाल | १३८१ | १४०९ | ० | २७९० |
| ८ | झागद | ४ | ६ | ० | १० |
| ९ | गनगाइ | ३९१३ | ४२७९ | ० | ८१९४ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यस गाउपालिकामा २०५४२ जना जनसंख्या देखिएको छ जसमा थारु जति भित्र पनि विभिन्न थरका जनसंख्या रहेका छन् । बाहुल्य जनसंख्याको अवस्था रहेका यि तराई जनजातिहरु समग्र गाउपालिकाको ४६.०४ प्रतिशत रहेको देखिन्छ ।

### ३.१०.१ वडागत रुपमा जात जातियताको जनसांख्यिक विवरण

जहदा गाउपालिकाका सवै वडाहरुमा जात, जाति र लिङ्गका आधारमा वडागत विवरण कस्तो रहेछ भनेर हेर्दा देहाय बमोजिमको तालिकामा विस्तृत विश्लेषण गरीएको छ । यस विवरणले गाउपालिकाका वडाहरुमा विभिन्न रुपमा वसोवास गर्ने मानिसहरुको जातजातियताका आधारहरु कस्तो रहेछ भनेर हेर्नका लागि मदत पुग्नेछ । यस तालिकामा पनि केन्द्रीय तथ्यांक विभागद्धारा विगतमा गरिएको जनगणनाका अवधिका जातजातियताको वर्गिकरणलाई आधार वनाई विश्लेषण गरिएको छ ।

**तालिका न.३३: जात जातियताको आधारमा जनसंख्या विवरण वडा न.१**

| वडा.न | जात/जातियता | पूरुष | महिला | तेश्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|---|
| १ | ब्राह्मण | ० | ० | ० | ० |
| | पहाडे क्षेत्री | ० | १ | ० | १ |
| | तराई ब्राह्मण/क्षेत्री | ३३ | २६ | ० | ५९ |
| | अन्य तराई जाती | १८५७ | १७६५ | ० | ३६२२ |
| | पहाडे दलित | ८९ | ८२ | ० | १७१ |
| | तराई दलित | २६५ | २२८ | ० | ४९३ |
| | नेवार | ४० | ३६ | ० | ७६ |
| | पहाडे जनजाति | ९५ | ९० | ० | १८५ |
| | तराई जनजाती | ७७० | ७४७ | ० | १५१७ |
| | मुस्लिम | ५०२ | ४६२ | ० | ९६४ |
| | अन्य | ० | ० | ० | ० |
| जम्मा | | ३६५१ | ३४३७ | ० | ७०८८ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार वडा न.१ को समग्र मध्ये महिला ३६५१ र पूरुष ३४३६ जनालाई जातको आधारमा विश्लेषण गर्दा अन्य तराई ,तराई जनजाति जस्ता जातिहरुको बाहुल्यता देखिन्छ। समग्र जनसंख्याको १५.८८ प्रतिशत हिस्सा ओगटेको पाईन्छ। यस तालिकामा अस्थाइ वसाइसराई गर्नेहरुको संख्या समावेश गरिएको छैन।

**तालिका न.३४: जात जातियताको आधारमा जनसंख्या विवरण वडा न.२**

| वडा.न | जात/जातियता | पूरुष | महिला | तेश्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|---|
| २ | ब्राह्मण | २ | १ | ० | ३ |
| | पहाडे क्षेत्री | ९ | ९ | ० | १८ |
| | तराई ब्राह्मण/क्षेत्री | ३० | २७ | ० | ५७ |
| | अन्य तराई जाती | १०२० | ९५९ | ० | १९७९ |
| | पहाडे दलित | ० | ० | ० | ० |
| | तराई दलित | ४१३ | ३९६ | ० | ८०९ |
| | नेवार | ० | ० | ० | ० |
| | पहाडे जनजाति | १२८ | १२९ | ० | २५७ |
| | तराई जनजाती | १६३५ | १६१३ | ० | ३२४८ |
| | मुस्लिम | २९२ | २७५ | ० | ५६७ |
| | अन्य | ११ | १० | ० | २१ |
| जम्मा | | ३५४० | ३४१९ | ० | ६९५९ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार वडा न.२ को समग्र मध्ये महिला ३४१९ र पुरुष ३५३९ जनालाई जातको आधारमा विश्लेषण गर्दा पहाडे क्षेत्री र तराइ जनजाति जस्ता जातिहरुको बाहुल्यता देखिन्छ । समग्र जनसंख्याको १५.५९ प्रतिशत हिस्सा ओगटेको पाईन्छ । यस तालिकामा अस्थाइ वसाइसराई गर्नेहरुको संख्या समावेश गरिएको छैन ।

**तालिका न.३५: जात जातियताको आधारमा जनसंख्या विवरण वडा न.३**

| वडा.न | जात/जातियता | पूरुष | महिला | तेश्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|---|
| ३ | ब्राह्मण | ३ | ३ | ० | ६ |
| | पहाडे क्षेत्री | २ | ३ | ० | ५ |
| | तराई ब्राह्मण/क्षेत्री | ३२ | ४० | ० | ७२ |
| | अन्य तराई जाती | १२१९ | १०५३ | ० | २२७२ |
| | पहाडे दलित | २ | २ | ० | ४ |
| | तराई दलित | ४६० | ४३२ | ० | ८९२ |
| | नेवार | ० | ० | ० | ० |
| | पहाडे जनजाति | ० | १ | ० | १ |
| | तराई जनजाती | १८६५ | १७७२ | ० | ३६३७ |
| | मुस्लिम | १६४ | १४९ | ० | ३१३ |
| | अन्य | ० | ० | ० | ० |
| जम्मा | | ३७४७ | ३४५५ | ० | ७२०२ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार वडा न.३ को समग्र मध्ये महिला ३७४५ र पूरुष ३४५५ जनालाई जातको आधारमा विश्लेषण गर्दा पहाडे क्षेत्री र तराई जनजाति जस्ता जातिहरुको बाहुल्यता देखिन्छ । समग्र जनसंख्याको १६.१४ प्रतिशत हिस्सा ओगटेको पाईन्छ । यस तालिकामा अस्थाइ वसाइसराई गर्नेहरुको संख्या समावेश गरिएको छैन ।

**तालिका न.३६: जात जातियताको आधारमा जनसंख्या विवरण वडा न.४**

| वडा.न | जात/जातियता | पूरुष | महिला | तेश्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|---|
| ४ | ब्राह्मण | ६ | ५ | ० | ११ |
| | पहाडे क्षेत्री | ६ | ८ | ० | १४ |
| | तराई ब्राह्मण/क्षेत्री | ११ | १६ | ० | २७ |
| | अन्य तराई जाती | १२८६ | १२१५ | ० | २५०१ |
| | पहाडे दलित | ० | ० | ० | ० |
| | तराई दलित | १८८ | १६७ | ० | ३५५ |
| | नेवार | ५ | ४ | ० | ९ |
| | पहाडे जनजाति | ४ | २ | ० | ६ |
| | तराई जनजाती | २०२७ | १८४८ | ० | ३८७५ |
| | मुस्लिम | १ | ० | ० | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| | अन्य | ० | ० | ० | ० |
| जम्मा | | ३५३४ | ३२६५ | ० | ६७९९ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार वडा न.४ को समग्र मध्ये महिला ३२६५ र पूरुष ३५३३ जनालाई जातको आधारमा विश्लेषण गर्दा अन्य तराई जाति र तराई दलित जस्ता जातिहरुको बाहुल्यता देखिन्छ । समग्र जनसंख्याको १५.२३ प्रतिशत हिस्सा ओगटेको पाईन्छ । यस तालिकामा अस्थाइ वसाइसराई गर्नेहरुको संख्या समावेश गरिएको छैन । यस तालिकामा अस्थाइ वसाइसराई गर्नेहरुको संख्या समावेश गरिएको छैन ।

**तालिका न.३७: जात जातियताको आधारमा जनसंख्या विवरण वडा न.५**

| वडा.न | जात/जातियता | पूरुष | महिला | तेश्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|---|
| ५ | ब्राह्मण | १ | ० | ० | १ |
| | पहाडे क्षेत्री | ४ | ९ | ० | १३ |
| | तराई ब्राह्मण/क्षेत्री | २० | १६ | ० | ३६ |
| | अन्य तराई जाती | १३८७ | १२६२ | ० | २६४९ |
| | पहाडे दलित | ० | ० | ० | ० |
| | तराई दलित | २६६ | २२७ | ० | ४९३ |
| | नेवार | ० | ० | ० | ० |
| | पहाडे जनजाति | १ | ० | ० | १ |
| | तराई जनजाती | १४५७ | १३६९ | ० | २८२६ |
| | मुस्लिम | २७२ | २६३ | ० | ५३५ |
| | अन्य | ४ | २ | ० | ६ |
| जम्मा | | ३४१२ | ३१४८ | ० | ६५६० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार वडा न.५ को समग्र मध्ये महिला ३१४८ र पूरुष ३४१२ जनालाई जातको आधारमा विश्लेषण गर्दा तराइ दलित र तराई जनजाति जस्ता जातिहरुको बाहुल्यता देखिन्छ । समग्र जनसंख्याको १४.७० प्रतिशत हिस्सा ओगटेको पाईन्छ । यस तालिकामा अस्थाइ वसाइसराई गर्नेहरुको संख्या समावेश गरिएको छैन ।

**तालिका न.३८: जात जातियताको आधारमा जनसंख्या विवरण वडा न.६**

| वडा.न | जात/जातियता | पूरुष | महिला | तेश्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|---|
| ६ | ब्राह्मण | ३ | २ | ० | ५ |
| | पहाडे क्षेत्री | ० | ० | ० | ० |
| | तराई ब्राह्मण/क्षेत्री | ६ | ४ | ० | १० |
| | अन्य तराई जाती | ६७ | ५६ | ० | १२३ |
| | पहाडे दलित | ० | ० | ० | ० |
| | तराई दलित | २४७ | २४९ | ० | ४९६ |
| | नेवार | ० | ० | ० | ० |
| | पहाडे जनजाति | ० | ० | ० | ० |
| | तराई जनजाती | ११३८ | १०४२ | ० | २१८० |
| | मुस्लिम | ४०९ | ३७७ | ० | ७८६ |
| | अन्य | ० | ० | ० | ० |
| जम्मा | | १८७० | १७३० | ० | ३६०० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार वडा न.६ को समग्र मध्ये महिला १७३० र पूरुष १८६५ जनालाई जातको आधारमा विश्लेषण गर्दा अन्य तराई जाति र तराई जनजाति जस्ता जातिहरुको बाहुल्यता देखिन्छ । समग्र जनसंख्याको ८.०६ प्रतिशत हिस्सा ओगटेको पाईन्छ । यस तालिकामा अस्थाइ वसाइसराई गर्नेहरुको संख्या समावेश गरिएको छैन ।

**तालिका न.३९: जात जातियताको आधारमा जनसंख्या विवरण वडा न.७**

| वडा.न | जात/जातियता | पूरुष | महिला | तेश्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|---|
| ७ | ब्राह्मण | ० | ० | ० | ० |
| | पहाडे क्षेत्री | ० | ० | ० | ० |
| | तराई ब्राह्मण/क्षेत्री | ३५ | ३५ | ० | ७० |
| | अन्य तराई जाती | ११५६ | १०५८ | ० | २२१४ |
| | पहाडे दलित | ० | ० | ० | ० |
| | तराई दलित | ३५९ | ३४७ | ० | ७०६ |
| | नेवार | १ | ० | ० | १ |
| | पहाडे जनजाति | १ | २ | ० | ३ |
| | तराई जनजाती | १६७७ | १५८२ | ० | ३२५९ |
| | मुस्लिम | ४३ | ४७ | ० | ९० |
| | अन्य | ३१ | ३२ | ० | ६३ |
| जम्मा | | ३३०३ | ३१०३ | ० | ६४०६ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार वडा न.७ को समग्र मध्ये महिला ३१०२ र पूरुष ३३०३ जनालाई जातको आधारमा विश्लेषण गर्दा अन्य तराई जाति र तराई जनजाति जस्ता जातिहरुको बाहुल्यता देखिन्छ । समग्र जनसंख्याको १४.३५ प्रतिशत हिस्सा ओगटेको पाईन्छ । यस तालिकामा अस्थाइ वसाइसराई गर्नेहरुको संख्या समावेश गरिएको छैन ।

## ३.११ धर्म अनुसार जनसंख्या विवरण

नेपालमा सदियौंदेखि रहि आएको धार्मिक सहिष्णुता यस गाउपालिकामा पनि देखिन्छ । नेपालमा प्राचीनकाल देखि चलि आएको र मान्दै आएको, नेपालको प्राचीनकालवाट नै राष्ट्रिय स्तरमा मान्दै आएको हिन्दु धर्म नेपाली संस्कृतिको एउटा विशिष्टिकृत अवस्थामै रहेको छ । देश गणतन्त्रमा प्रवेश गरिसकेको र धर्म निरपेक्षता समेत ग्रहण गरीसकेको छ । धर्म अनुसारको जनसंख्या हेर्दा यस जहदा गाउपालिकामा विभिन्न धर्म र सम्प्रदायका मानिसहरुको बसोवास रहेको देखिन्छ । विशेष गरी हिन्दु धर्मालम्वीहरुको बाहुल्यता यस गाउपालिकामा रहेको देखिन्छ । यसैगरी सवैभन्दा कम प्रकृति धार्मिक सम्प्रदाय अंगिकार गर्ने धर्माभिरुहरु मध्ये २ जना प्रकृति धर्मका देखिन्छन् ।

यस पार्श्वचित्र निर्माणका क्रममा यस गाउपालिकाको ९१३२ घरधूरीहरुमा प्रत्येक सदस्यहरुको धर्म प्रतिको आस्थाका बारेमा प्रश्न सोधिएको थियो । गाउपालिकाको समग्र जनसंख्या ४४६१४ ले कुन-कुन धर्म मान्दछन् भनि अझ विस्तृत रुपमा देहायको तालिका बाट बुझ्न सकिन्छ ।

**तालिका न.४०: वडागत रुपमा धर्मका आधारमा जनसंख्या विवरण**


| वडा.न. | हिन्दु | बौद्ध | मुस्लिम | इसाई | किरात | जैन | प्रकृति | बिदिन | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६०९३ | १० | ९५५ | ० | ० | ० | ० | १९ | ११ |
| २ | ५२६५ | १२ | ५७८ | १४१ | ० | ० | ० | ९५३ | १० |
| ३ | ६५०१ | २ | ३०० | १७३ | २ | ६ | ० | २१८ | ० |
| ४ | ६१८१ | १४ | ० | ७४ | ० | ० | ० | ५२८ | २ |
| ५ | ५५७२ | १० | ५१४ | १४२ | ० | १ | ० | ३१८ | ३ |
| ६ | २८४१ | ४ | ७२१ | ० | ५ | ० | ० | ० | २९ |
| ७ | ५६८० | ४ | ७९ | १७८ | ० | ० | ० | ४६५ | ० |
|  | ३८१३३ | ५६ | ३१४७ | ७०८ | ७ | ७ | ० | २५०१ | ५५ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यस गाउपालिकाको ७ वटा वडाहरुमा मा यस पार्श्वचित्र निर्माणका क्रममा घरधूरी सर्भेक्षण गर्दा प्रत्येक घरधूरी भित्र हाल रहेका व्यक्तिहरुको धर्मप्रतिको आस्थाका बारेमा प्रश्न सोधिएको थियो । उनिहरु प्रत्येकले मान्ने धर्मका आधारमा हेर्दा सवैभन्दा बढी ३८१३३ जना हिन्दु धर्म मान्ने पाइएको छ भने सवैभन्दा कम जैन र प्रकृति धर्म मान्ने क्रमश: ७ र ७ जना पाइएको छ । यसैगरी अन्य धर्म भन्नाले हिन्दु धर्म सम्प्रदाय भित्रकै मानव धर्म तथा अन्य शिर्षकमा समेटिएको वताएका थिए भने केहीले इसाइ धर्मकै अर्के हाँगा हो भनि स्थलगत अध्ययनको क्रममा वताएका थिए । यसरी हेर्दा नगरपालिकामा ९०.९६ प्रतिशत जनसंख्याले हिन्दुधर्म मान्ने गरेको र दोश्रोमा ७.०५ प्रतिशत जनसंख्याले मुस्लिम धर्म मान्ने गरेको बताएका थिए ।

धर्म अनुसारका जनसंख्याको अवस्थालाई हेर्दा त्यसको प्रतिशतको आधारमा विभिन्न धर्मको अवस्था बारे निम्न वृत्त चित्रवाट थप प्रष्ट पारिएको छ ।

**वृत्त चित्र न.१२ : :धर्मको आधारमा जनसांख्यिक बाहुल्यता**




*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

यस गाउपालिकाको बाहुल्य जनसंख्याले हिन्दु धर्म मान्ने गरेको माथीको वृत्त चित्रमा देखिन्छ। त्यसैगरी मुस्लिम धर्म मान्ने व्यक्तिहरुको प्रतिशत दोश्रो नम्बरमा देखिन्छ। जसमा ३१४७ जना अर्थात ७.०५ प्रतिशतले मान्ने गर्दछन्। एवं प्रकारले बौद्ध,किरात,इसाई, जैन, प्रकृति र अन्य धर्मावलम्वीहरु रहेको देखिन्छ।

## ३.१२. मातृभाषाको आधारमा जनसंख्या विवरण :

नेपालको संविधानको धारा ३२ मा भाषा तथा संस्कृतिको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ र धारा ३१ मा शिक्षा सम्वन्धी हकको उपधारा ५ बमोजिम " नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समूदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागी विद्यालय तथा शैक्षिक संस्था खोल्ने हक हुनेछ " भनि प्रष्ट किटान गरीएको छ। तसर्थ नेपाली बाहेक अन्य मातृभाषामा यस गाउपालिकामा आधारभूत शिक्षा पढ्न चाहने विद्यार्थीहरुलाई गाउपालिकाले विशेष व्यवस्थापन गर्न सक्ने संवैधानिक प्रावधान रहेको छ। अर्कोतर्फ जनसंख्याको हिसाबले तराई जातिमा मैथिलि, थारु, राजवंशी, सन्थाल जातिहरुका भाषाभाषिहरु धेरै भएता पनि सबैले आ-आफ्नो भाषा नबोलि नेपाली नै बोल्ने गरेको पनि पाइन्छ। यो कम बढ्दै जादा कालान्तरमा कम बोलिने भाषा र उनिहरुका विशिष्ट पहिचान र संस्कृति लोप हुने अवस्था आउने भएकोले यस्ता बौद्धिक सम्पत्तिको संरक्षण गर्नु राज्य, समूदाय र स्थानीय सरकारहरुको दायित्व पनि हो।

यस गाउपालिकामा विभिन्न भाषाभाषि बोल्ने मानिसहरुको बसोवास रहेको छ। यहा विभिन्न भाषा बोलचालमा आउने भए पनि आफ्नो जातियता अनुसार मानिसहरुले आफ्नो घर व्यवहार र परिवार भित्र बोलिने भाषालाई मातृभाषाको रुपमा अपनाउने र बोलिचालिमा प्रयोगमा ल्याउने गर्दछन्। यसरी हेर्दा यस गाउपालिकामा मातृभाषाको रुपमा सवैभन्दा बढी बोलिचालिमा आउने भाषा मैथिलि नै देखिन्छ। यस भाषालाई यस क्षेत्रमा शुद्ध मैथिलि नभनेर ठेटि पनि भन्ने गरीएको स्थलगत अध्ययनको कममा पाइएको छ। मातृभाषाको आधारमा गाउपालिकाको जनसंख्यालाई देहायको तालिकामा देखाइएको छ।


**तालिका न.४१: मातृभाषाको आधारमा जनसंख्या विवरण**

| वडा. न. | नेपाली | थारु | लिम्बु | नेवार | आङि का | राई | भोजपूरी | मैथिलि | धिमाल | राजवंशी | उराव/ सन्थाल | शेर्पा | मगर | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४०२ | १ | १ | ९ | २७ | ० | १६ | ४८३४ | ४ | ८८३ | ४१ | १ | २० | ८४८ |
| २ | २३२ | १ | ० | ० | ३४२ | ० | १६४ | ३०५० | ३ | २९७ | २०८० | ० | २३ | ७६५ |
| ३ | १५ | १ | १ | ० | १०७९ | ६ | ६९ | २०९८ | ४ | २८८१ | ५९० | ० | १ | ४५६ |
| ४ | २४ | ० | ० | १ | ३२९९ | ० | ९५ | २२२६ | ४ | २३० | ७२७ | ० | ० | १९४ |
| ५ | १० | ० | ० | १ | २६५४ | ० | २६५ | १६१७ | ० | ४ | ९८० | ० | १ | १०२६ |
| ६ | ५ | ० | ० | ० | २०२६ | ० | १ | ७१० | ४ | ० | १२० | ० | ० | ७३२ |
| ७ | ० | १ | ० | १ | १८२७ | ० | २५१ | १८१६ | ० | १ | १५६१ | ५ | ० | ९४२ |
| जम्मा | ६८८ | ४ | २ | १२ | ११२५४ | ६ | ८६१ | १६३५१ | १९ | ४२९६ | ६०९९ | ६ | ४५ | ४९६३ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

उपरोक्त तालिका अनुसार नगरपालिकामा रहेका कूल जनसंख्या मध्ये सवैभन्दा बढी मैथिलि १६३५१ अर्थात ३६.६४ प्रतिशतले बोल्ने, नेपाली भाषा ६८८ जना अर्थात १.५४ प्रतिशतले बोल्ने, त्यसैगरी ११२५४ जना अर्थात २५.२२ प्रतिशतले आङिका भाषा लाई मातृभाषाको रुपमा आफ्नो दैनिकिमा प्रयोग गर्ने गरेको यस अध्ययनका क्रममा पाइएको छ। यस तथ्यांकलाई ग्राफ चित्रको माध्यम बाट थप विश्लेषण गरीएको छ।

**ग्राफ न.२ : मातृभाषाको आधारमा जनसंख्या विवरण**




*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

## ३.१३. मातृभाषा र लिङ्गका आधारमा जनसंख्या विवरण


जहदा गाउपालिकाको सवै वडाहरुमा बसोवास गरेका जनसंख्यालाई लिङ्गका आधारमा मातृभाषाको अवस्था देखाउन निम्न तालिकामा प्रस्तुत गरीएको छ । यस तालिकामा अस्थाई रुपमा बसाइ सराई गरेका जनसंख्यालाई समावेश गरीएको छैन ।

**तालिका न.४२: मातृभाषा र लिङ्गका आधारमा जनसंख्या विवरण**

| क्र.स. | मातृभाषा | महिला | पुरुष | तेस्रो लिङ्गी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | नेपाली | ३३९ | ३४९ | ० | ६८८ | १.५४ |
| २ | थारु | ३ | १ | ० | ४ | ०.०१ |
| ३ | लिम्वु | ० | २ | ० | २ | ० |
| ४ | नेवार | ७ | ५ | ० | १२ | ०.०३ |
| ५ | तामाङ्ग | ३ | ० | ० | ३ | ०.०१ |
| ६ | राई | ४ | २ | ० | ६ | ०.०१ |
| ७ | भोजपुरी | ४१० | ४५१ | ० | ८६१ | १.९३ |
| ८ | मैथली | ७९६१ | ८३७२ | ० | १६३३३ | ३६.६१ |
| ९ | धिमाल | ८ | ८ | ० | १६ | ०.०४ |
| १० | राजबंशी | २०८२ | २२१४ | ० | ४२९६ | ९.६३ |
| ११ | उराव (सन्थाल) | ३०२१ | ३०७८ | ० | ६०९९ | १३.६७ |
| १२ | माझी (दनुवार) | ३ | ५ | ० | ८ | ०.०२ |
| १३ | चौधरी | ८ | १० | ० | १८ | ०.०४ |
| १४ | शेर्पा | ४ | २ | ० | ६ | ०.०१ |
| १५ | मगर | २२ | २३ | ० | ४५ | ०.१ |
| १६ | अन्य | २३६७ | २५९६ | ० | ४९६३ | ११.१२ |
| १७ | आङिका | ५३१५ | ५९३९ | ० | ११२५४ | २५.२३ |
| **जम्मा** | | २१५५७ | २३०५७ | ० | ४४६१४ | १०० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिकामा हेर्ने हो भने यस गाउपालिकामा मैथिलि भाषिहरुको संख्या समग्र जनसंख्याको ३६.६४ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी सवैभन्दा कम भाषाभाषि लिम्बु समूदायको देखिन्छ । उनिहरुको कूल संख्या २ जना रहेको यस अध्ययनको क्रममा पाइएको छ । यसलाई थप प्रष्ट तलको स्तम्भ चित्रबाट पारिएको छ ।




## ३.१४ उमेर अनुसार वैवाहिक स्थितिका विश्लेषण

विवाहको सन्दर्भमा नेपाल सरकारले आफ्नो छुट्टै नीति कायम गरेको छ । विवाहको लागी केटा र केटीका उमेर पनि निर्धारण गरी समाजमा सानै वा कलिलै उमेरमा हुने विवाहलाई निरुत्साहित गर्नका लागी विभिन्न खालका सचेतना मूलक कार्यक्रमहरु सञ्चालन पनि गर्ने गरेको पाइन्छ । नेपालको सन्दर्भमा तराई तथा पहाड र हिमाली जिल्लाहरुमा वाल वालिकाको सानै उमेरमा विवाह गर्ने परम्परा पनि सदियौ देखि चलन चल्तिमा आएको पनि देखिन्छ । कानूनले दण्डनिय रुपमा हेरे पनि हाल यदाकदा वाल विवाह जस्ता परम्परागत संस्कृति कायमै रहेको देख्न र सुन्न सकिन्छ ।

यस सर्वेक्षणमा घरधूरीहरुमा तथ्यांक लिने क्रममा १० बर्ष भन्दा माथीका उमेर समूहका सवैलाई वैवाहिक स्थितिका वारेमा प्रश्न सोधिएको थियो । कति उमेर समूहमा वैवाहिक सम्वन्ध कायम हुने रहेछ भन्ने कुरा महत्वपूर्ण हुने हुदा यस शिर्षकमा उमेर समूह निर्माण गरी १० बर्ष भन्दा माथीका उमेर समूहलाई छुट्याएर विश्लेषण गरीएको छ । यसलाई अझ विस्तृत रुपमा देहायको तालिकामा देखाइएको छ ।

**तालिका न.४३: गाउपालिकाको वैवाहिक स्थितिको विवरण**

| क.न | उमेर समूह | अविवाहित | | विवाहित | | पारपाचुके | | एकल(श्रीमान वा श्रीमती वितेको) | | बहुविवाह | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूरुष | महिला | पूरुष | महिला | पूरुष | महिला | पूरुष | महिला | पूरुष | महिला |
| १ | १० बर्ष देखि १५ बर्ष सम्म | २०९० | २०७५ | ६५ | ४२ | ० | ० | ० | ० | ० | ० |
| २ | १६ बर्ष देखि २४ बर्ष सम्म | ३२९६ | १८७८ | ७६७ | १९७६ | १ | ४ | १ | ८ | ० | ० |
| ३ | २५ बर्ष देखि ४० बर्ष सम्म | ७१३ | १२६ | ५५१९ | ५७३८ | ९ | १५ | २४ | १२२ | ० | ० |
| ४ | ४१ बर्ष देखि ६० बर्ष सम्म | २३ | ३० | ३६०५ | २८०१ | ६ | ७ | ९८ | ३९५ | ० | ० |
| ५ | ६१ बर्ष देखि ७५ बर्ष सम्म | २ | ४ | ११२९ | ५७७ | ३ | ६ | १९६ | ५७१ | ० | ० |
| ६ | ७६ बर्ष माथी सवै | ० | ० | १५३ | ५१ | १ | ० | ८२ | १५३ | ० | ० |

*श्रोतः पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यस गाउपालिकामा अझै पनि वाल विवाहको स्थिति ४२ जना महिला तथा ६५ जना पूरुषहरुमा देखिन्छ । यो तथ्यांक अनुसार हाल यस गाउपालिकामा पहिलाको दाजोमा वालविवाह निरुत्साहनमा उल्लेख्य प्रगती हासिल भएको देखिन्छ। एकल उमेर समूहको पनि यस गाउपालिकामा उल्लेख्य रुपमा संख्या देखिएका कारणले आगामी दिनका कार्यकमहरु यस्ता वर्ग र समूदायमा लक्षित हुनुपर्ने देखिन्छ।

## ३.१५. अपाङ्गता सम्वन्धी जनसांख्यिक विवरण:

शरीरका अंगहरु र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक,सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेत वाट सिर्जना भएको अवरोध समेतले दैनिक कयिाकलाप सामान्य रुपमा सञ्चालन गर्न एवं सामाजिक जिवनमा पूर्ण सहभागी हुन कठीनाई हुने अवस्थालाई अपाङ्गता भनिन्छ। खासगी व्यक्तिहरुमा अपाङ्गता हुने कारण आयोडिन युक्त नुनको कमी, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप,कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्धन्द्ध वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदी देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र सुधारात्मक दुवै कार्य गरिनु पर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा वाल वालिकाहरुको हक,हित रअधिकारको संरक्षण एवं सम्वर्द्धन हुने गरी विकाश गर्न १९ वटा क्षेत्रलाई समेटि अपाङ्गता संरक्षण तथा कल्याण ऐन २०३९ र अपाङ्गता सम्वन्धी कार्ययोजना २०६३ तयार गरी कार्यन्वयनमा ल्याएको छ । त्यसैगरी २०६६ साल पुष १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी २००६ लाई अनुमोदन गरिसककेको छ । नेपालको संविधान २०७२ मा अपाङ्गता सम्वन्धी देहाय वमोजिम व्यवस्था गरिएको छ।

- *धारा ४२ ''सामाजिक न्याय को हक'' अन्तर्गत उपधारा ३ मा अपाङ्गता भएका भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मान पूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा सुविधामा समान पहुचको हक हुने व्यवस्था गरिएको छ।*
- *धारा ३१ '' शिक्षा सम्वन्धी हक'' अन्तर्गत उपधारा ३ मा अपाङ्गता भएका नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने तथा उपधारा ४ मा दृष्टिविहिन नागरिकलाई ब्रेललिपी तथा बहिरा र स्वर वा बोलाई सम्वन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमवाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने व्यवस्था गरिएको छ।*

- *धारा ३९ " वाल वालिकाको हक" अन्तर्गत उपधारा ९ मा अपाङ्गता भउका वालवालिका लाई राज्यवाट विशेष संरक्षण र सुविधा पाउने हक हुने व्यवस्था उल्लेख छ।*

अपाङ्गता परिचय-पत्र वितरण गर्नका लागी अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताका आधारमा शारीरिक अपाङ्गता, दृष्टि विहिन र न्यून दृष्टि युक्त, स्वर बोलाई सम्वन्धी अपाङ्गता, सुस्त श्रवण र वहिरा, श्रवण विहिनता, मानसिक अपाङ्गता, बोद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले गाम्भीर्यताका आधारमा तह-क (रातो रंगको परिचय पत्र), तह-ख(निलो रंगको परिचय पत्र), तह-ग(पहेलो रंगको परिचय पत्र) र तह-घ(सेतो रंग) गरी चार तहमा विभक्त परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यस सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केहीसामान्य आयमूलक र सीपमूलक तालिमहरु सञ्चालन गरिएतापनि यिनिहरुको आत्मविश्वासलाई बढाउन र समूदायवाट हुने गरेको उपेक्षावाट मुक्त राख्न स्थानीय स्रोत ,साधन र निकायहरुमा यो समूदायको पहुच पुर्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

यस गाउपालिकामा विभिनन किसिमका अपाङ्गता भएका मानिसहरुको बसोवास रहेको देखिन्छ। स्थलगत अध्ययनका क्रममा यस गाउपालिकाका प्रत्येक वडाहरुमा अपाङ्गताको अवस्थालाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका न.४४: वडाअनुसार अपाङ्गता भएकाको विवरण**

| वडा न.. | पुरुष | महिला | ते.ली | जम्मा |
|---|---|---|---|---|
| १ | ३३ | ५५ | ० | ८८ |
| २ | ४२ | ५२ | ० | ९४ |
| ३ | ३५ | ४६ | ० | ८१ |
| ४ | १३ | ६१ | ० | ७४ |
| ५ | २६ | ५२ | ० | ७८ |
| ६ | १४ | २६ | ० | ४० |
| ७ | ४२ | ३९ | ० | ८१ |
| जम्मा | २०५ | ३३१ | ० | ५३६ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिकामा अनुसार यस गाउपालिकाको वडाहरु मध्ये सवैभन्दा बढी अपाङ्गता वडा न. २ मा ९४ जना जसमा पूरुष ४२ जना र महिला ५२ जना रहेको देखिन्छ। यसैगरी सवैभन्दा कम वडा न. ६ मा ४० जना व्यक्तिहरु अपाङ्गता भएको जसमा महिला २६ जना रहेको देखिन्छ।

### ३.१५.१ अपाङ्गता अनुसार जनसंख्या विवरण:

यस शिर्षक अन्तर्गत मानिस जन्मजात वा जन्मपश्चात विभिन्न कारणहरुले, आकस्मिक घटनाक्रमले , दुर्घटना वा भवितव्यमा परेर अपाङ्गताको अवस्था आएको छ। अपाङ्गता कुन हो, अपाङ्गता कस्तो प्रकृतिको छ भन्ने बारेमा अपाङ्गता भएको व्यक्तिले प्राप्त गरेको परिचय पत्र वा डाक्टरको रिपोर्ट अनुसार पत्ता लगाइने गरिन्छ। यस सर्भेक्षणमा यिनै कुराहरुलाई तथा केही अवलोकनका आधारमा पनि अपाङ्गताको किसिम निर्धारण गर्ने प्रयास गरिएको छ। कस्तो अपाङ्गता भएको व्यक्ति पूरुष वा महिला वा तेश्रो लिङ्गी के हो भनेर देहायको तालिकामा विस्तृत रुपमा देखाइएको छ।


**तालिका न.४५: अपाङ्गताको किसिम अनुसार जनासंख्या विवरण**

| क.स. | अपाङ्गताको किसिम | महिला | पुरुष | ते.ली | जम्मा |
|---|---|---|---|---|---|
| १ | शारीरिक अपाङ्ग वा विकलाङ्ग | ११७ | १९९ | ० | ३१६ |
| २ | दृष्टिविहिन वा न्यून दृष्टि | १७ | ३९ | ० | ५६ |
| ३ | स्वर वोलाई वा बोल्न नसक्ने | ३१ | ४८ | ० | ७९ |
| ४ | सुस्त श्रवण | १ | ४ | ० | ५ |
| ५ | बौद्धिक अपाङ्गता वा सुस्त मनस्थिति | ३० | २४ | ० | ५४ |
| ६ | श्रवण विहिन | ३ | ७ | ० | १० |
| ७ | अटिजम | ० | ० | ० | ० |
| ८ | हेमोफेलिया | ० | ० | ० | ० |
| ९ | मनोसामाजिक अपाङ्ग | ३ | ५ | ० | ८ |
| १० | अन्य | ३ | ५ | ० | ८ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यस गाउपालिकामा अपाङ्गताका किसिम अनुसार जनसंख्या विवरण हेर्ने हो भने सबैभन्दा बढी शारीरिक अपाङ्गता भएका व्यक्तिहरुको संख्या धेरै रहेको छ । यसमा मूख्यतया:: शरीरको बाहिरि बनावट मा सवालंगमा देखिने जस्ता हात खुट्टा, आँखा, कान या बाहिरी अंगहरु नहुनु नै हो । यसैगरी स्वर र वोलाई सम्वन्धी अपाङ्गता भएकाहरु पनि गाउपालिकामा रहेको तथ्यांकले देखाउछ । यस अपाङ्गताको किसिम समवन्धी विवरणलाइ निम्न वृत्त चित्रवाट थप प्रष्ट पारिएको छ ।

**वृत्त चित्र न.१२ : अपाङ्गताको किसिमको आधारमा जनसंख्याको विवरण**




*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

### ३.१५.२ अपाङ्ग परिचय पत्रका आधारमा जनसंख्या विवरण

अपाङ्गता भएको महिला तथा पुरुषहरुलाई नेपाल सरकारले अपाङ्गताको अवस्था अनुसार परिचय पत्र प्रदान गरेको देखिन्छ । यसरी अपाङ्गता परिचय पत्र पाएका सो व्यक्ति कस्तो प्रकारको अपाङ्गता हो र उसको स्तर के हो भन्ने कुरा प्रष्ट खोलेको हुन्छ । यस नगरपालिका बाट वितरण भएको र यस अध्ययनको क्रममा पाइएको कार्डहरुको स्तर वर्गिकरण देहाय बमोजिम रहेको देखिन्छ ।


**तालिका न.४६: अपाङ्ग परिचय पत्रका आधारमा जनसंख्या विवरण**

| लिङ्ग. | पूर्ण अशक्त अपाङ्गता (रातो रङ्ग) | अति अशक्त अपाङ्गता (निलो रङ्ग) | मध्यम अशक्त अपाङ्गता (पहेलो रङ्ग) | सामान्य अशक्त अपाङ्गता (सेतो रङ्ग) | जम्मा |
|---|---|---|---|---|---|
| महिला | २१ | ३० | १० | १९ | ८० |
| पुरुष | ३५ | ४० | २९ | ३३ | १३७ |
| ते.ली | ० | ० | ० | ० | ० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यस गाउपालिकामा अपाङ्गताको अवस्था अनुसार वितरण गरीएको कार्डहरुको अवस्था देखाइएको छ । जसमा ३० जना महिला तथा ४० जना पुरुषहरुले निलो रंगको कार्ड पाएको देखिन्छ । त्यस्तै रातो रंगको कार्ड अर्थात पूर्णरुपमा अपाङ्गता भएकाको संख्या ५६ जनामात्र देखिन्छ । यि माथीका कार्ड अनुसारको संख्या हेर्दा अझ पनि यस गाउपालिकामा सरकारद्धारा अपाङ्गताको प्रकार अनुसार दिइने सेवा र सुविधा बाट एउटा ठूलो संख्या बाहिर रहेको देखिन्छ । गाउपालिकाको कूल अपाङ्गताको संख्या ५३६ जना देखिएको भएपनि हाल कार्ड २१७ जनाले मात्र प्राप्त गरेको देखिन्छ । यस तथ्यांकलाई ग्राफमाा देहाय अनुसार देखाउन सकिन्छ ।

**ग्राफ न.४ : परिचय-पत्रको आधारमा अपाङ्गताको विवरण :**



## ३.१६. व्यक्तिगत घटना दर्ता

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न राज्यमा विद्यमान कानूनी प्रकृयाहरु पलना गर्नुपर्ने हुन्छ । नागरिकता, राहदानी वा अन्य परिचयपत्र सिलन, रोजगारी वा उद्यम गर्न , विदेश जान राज्यले आधिकारीक प्रमाणपत्र उपलव्ध गराउछ । जन्म, मृत्यु, बसाइ सराई , विवाह र सम्वन्ध विच्छेद जस्ता घटना समयमै दर्ता गर्नुपर्ने हुन्छ । संविधानले नागरिक लाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ । यस प्रकारको सेवा , सुविधा र अधिकार प्राप्तीको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो । राष्ट्रिय तथ्यांक वनाउन यसको विश्वव्यापी मान्यता हो । कहाँ कति जन्मे, कतिको मृत्यु भयो, कतिले बसाइ सराई गर, कतिको सम्वन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ । यसको आधारमा सरकारले नीति तथा कार्यक्रमहरु बनाउने हुदा व्यक्तिगत घटना दर्ता सम्वन्धी जनचेतना अभिवृद्धि गनुपर्ने देखिन्छ ।

गाउपालिकामा वालवालिकाहरुको जन्मदर्ता सम्वन्धी विवरण एउटा महत्वपूर्ण सूचांकको रुपमा रहने गर्दछ । यसले यस गाउपालिकामा विगत ५ बर्ष भित्रका कति वालवालिकाहरुले जन्म दर्ता गराएका रहेछन् भन्ने तथ्यांक दिन्छ । यस शिर्षकमा जहदा गाउपालिकाका सवै वडाहरुमा ० देखि ५ बर्ष भित्रका कतिजना रहेछन् भन्ने बारेमा देहायको तालिकामा विस्तृत रुपमा दिइएको छ ।


**तालिका न.४७: ५ बर्ष भन्दा मूनिका वालवालिकाका जन्मदर्ता सम्वन्धी विवरण**

| वडा न.. | कूल संख्या | | जन्मदर्ता | |
|---|---|---|---|---|
| | केटा | केटी | केटा | केटी |
| १ | ४४२ | ४२९ | २२७ | २३८ |
| २ | ४०५ | ४१४ | १४७ | १४२ |
| ३ | ४९० | ४४९ | २५३ | २१८ |
| ४ | ३६१ | ३३६ | २१० | २०६ |
| ५ | ४१५ | ३६६ | २०९ | १७० |
| ६ | २१३ | १९७ | ११३ | १०४ |
| ७ | ४४१ | ३९३ | १९८ | १५८ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिकाअनुसार यस गाउपालिकामा ५ बर्ष मूनिका वाल वालिकाहरुको कूल संख्या सर्भेक्षण गरिएको समयमा ५३२१ जना देखिन्छ । वालवालिकाको जम्मा संख्याको करीब ४८.७३ प्रतिशत वालवालिकाहरुले मात्र जन्मदर्ता गराएको देखिन्छ भने ५१.२६ प्रतिशत वालवालिकाहरुले अझै पनि जन्मदर्ता जस्तो स्थानीय तहको प्रारम्भिक चरण पनि पार नगरेको माथीको तथ्यांकमा देखिन्छ । जन्म,मृत्यु, बसाइ सराई रविवाह जस्ता जीवनका प्रमुख व्यक्तिगत घटनाको अनिवार्य र समयमानै दर्ता गर्नुपर्दछ । यसवाट स्थानीय सरकारलाई यकिन तथ्यांकको वा सही तथ्यांकको अभिलेख तयार गर्न सहयोग पुग्दछ भने अर्को तर्फ नागरिकले राज्यवाट प्राप्त गर्ने सेवा र सुविधाको लागी नागरिकको पहिचान कायम गर्न र अन्य कानुनी कियाकलापमा यसको आवश्यकता पर्दछ । तसर्थ जन्मदर्तालाई समयमै अनिवार्य रुपमा स्थानीय सरकारले प्रोत्साहन गर्नुपर्ने देखिन्छ । नगरपालिकामा ५१.२६ प्रतिशतले जन्मदर्ता नगरेको पाइएकोले जन्मदर्तालाई सत-प्रतिशत र समयमानै गर्ने परिपाटि बसाउन व्यापक जनचेतना फैलाउने कार्यक्रम गर्नै जरुरी देखिन्छ । जसलाई निम्न ब्रृत्त चित्रमा प्रस्तुत गरीएको छ ।

**वृत्त चित्र न.१४ : पाँच बर्षमूनिका वालवालिकाको जन्मदर्ता विवरण**




*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

## ३.१७ मतदाताको आधारमा जनसंख्या विवरण


कम्प्युटर प्रबिधिको प्रयोग गरी मतदाताको फोटो सहितको व्यक्तिगत विवरण रहेको एकीकृत नामावलीको सूची नै मतदाता नामावली हो , सो सूचीमा दर्ता भएको व्यक्तिलाई मतदाता भनी परिभाषित गरिन्छ। यसरी नै यस गाउपालिकामा रहेको ४४६१४ जनसंख्या मध्ये पुरुष मतदाता १२५६२ अर्थात २८.१५ प्रतिशत र महिला मतदाता १०३१४ अर्थात २३.१८ प्रतिशत रहेको देखिन्छ। प्रस्तुत विवरणलाई वडागत रुपमा तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका न.४८: मतदाताको आधारमा जनसंख्या विवरण**

| वाड न. | मतदाता संख्या | | | |
|---|---|---|---|---|
| | पुरुष | महिला | ते.लि | जम्मा |
| १ | २०१४ | १६८१ | ० | ३६९५ |
| २ | १९५५ | १५२२ | ० | ३४७७ |
| ३ | १९९९ | १५९९ | ० | ३५९८ |
| ४ | २०७२ | १७७५ | ० | ३८४७ |
| ५ | १८३२ | १५३९ | ० | ३३७१ |
| ६ | १००९ | ८९४ | ० | १९०३ |
| ७ | १६८१ | १३०४ | ० | २९८५ |
| | १२५६२ | १०३१४ | ० | २२८७६ |

निर्वाचन कार्यलय मोरङ्ग

**मतदाताको आधारमा जनसंख्या विवरण**



# परिच्छेद ४ : आर्थिक स्थिती

यस परिच्छेदमा गाउपालिकाको कृषि, उद्योग, पर्यटन, रोजगारी लगायत आर्थिक क्षेत्रसँग सम्वन्धीत विविध विषयहरु समावेश गरिएको र तिनीहरुलाई तथ्यांकिय रुपमा प्रस्तुत गरिएको छ ।

सप्तकोशी गाउपालिकाको अर्थतन्त्र मूख्यतयाः कृषि, उद्योग, व्यवसाय, थोक तथा खुद्रा बजार तथा सेवा जस्ता क्षेत्रहरुमा भएको देखिन्छ । यस गाउपालिकाको उपयुक्त हावापानी र उर्वरमाटोको वनौट भएको कारणले गर्दा कृषिका लागी उत्तम क्षेत्र मानिन्छ । यस क्षेत्रका अधिकांश घर परिवारहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। यहाको सवै वडाहरुमा सडक सञ्जालको अवस्था राम्रो रहेको कारण पनि पूर्वाधार विकाशमा थप सहजता भएको पाईन्छ । कृषि, व्यापार,सेवामूलक व्यवसाय साथै गाउपालिकामा रहेका साना मझौला तथा ठूला उद्योगधन्दा र कलकारखानाहरुले यहाको आर्थिक पक्षमा धेरै ठूलो टेवा पुर्याएको पाईन्छ । यसका साथै गाउपालिकाको वैकल्पिक आर्थिक आधार वैदेशिक रोजगारमा समेत रहेको देखिन्छ ।

यस गाउपालिका सांस्कृतिक रुपमा विविधतापूर्ण रहेको छ । यहाका विभिन्न जातजाति, भाषा, धर्म र संस्कृति, चाडपर्वहरुलाई उजागर गर्न सकेको खण्डमा पर्यटकिय स्थलका रुपमा समेत विकास गर्न सकिने सम्भावना रहेको छ । यसरी नै यो क्षेत्रमा सिचाइ सुविधाको उपलव्धता भएको कारणले कृषि तथा पशुपालनलाई बढी जोड दिनुका साथै कृषि सँग सम्वन्धीत उद्योग र व्यवसायहरुलाई बढाउन सकेको खण्डमा यो क्षेत्रको विकास गर्न परनिर्भर हुनुपर्ने अवस्था आउने छैन जसका कारण अर्थतन्त्र मजवुत हुने सुनिश्चत छ ।

## ४.१ गाउपालिकाको रोजगारी र आम्दानीको अवस्था

### ४.१.२ वडागतरुपमा रोजगारीको अवस्था

चलनचल्तीको ज्याला दरमा काम गर्न इच्छुक र काम गर्न सक्षम व्यक्तिले काम वा रोजगार प्राप्त गर्न नसकिरहेको अवस्थालाई बेरोजगारी भनिन्छ । १८ देखि ५९ वर्ष उमेर समुहको जनसंख्या जो परिवारलाई आर्थिक सहयोग गर्न असक्षम हुन्छ त्यस्तो जनसंख्यालाई बेरोजगार भनी बिश्लेषण गरिएको छ । यस जहदा गाउपालिकामा रहेका १८ देखि ५९ वर्ष उमेरका जनसंख्या जसले मुख्य पेसा अध्ययन र गृहिणी बताउने जनसंख्यालाई बेरोजगारीको सूचीमा राखिएको छ ।

**तालिका न.४९: आर्थिक आम्दानी नगर्ने जनसंख्या**

| वाड नं. | अध्ययन | | गृहिणी | | अन्य* | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | १०१ | १२१ | १६४८ | ५९ | १० | २९ |
| २ | १०७ | १३२ | १६०४ | ४४ | ८ | ३६ |
| ३ | १०६ | १४५ | १६७७ | २७ | ७ | ४१ |
| ४ | १४७ | १९९ | १५१४ | ३४ | १३ | २६ |
| ५ | ८५ | १३३ | १४४९ | ५८ | ९ | ६४ |
| ६ | ५७ | ८३ | ७२६ | १८ | ९ | ४४ |
| ७ | ९६ | ११८ | १४२८ | ४८ | ८ | २६ |
| | ६९९ | ९३१ | १००४६ | २८८ | ६४ | २६६ |

अन्य* - कुनै पनि पेसा नगर्ने पूर्ण बेरोजगार

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथिको तालिका अनुसार अध्ययन मात्र गर्नेलाई अस्थायी बेरोजगार भन्ने गरिन्छ , सो बेरोजगार जनसंख्या रोजगार हुनको लागी आफ्नो योग्यतामा विशेषज्ञता हासिल गर्नुपर्छ। यस गाउपालिकामा पनि आफ्नो मुख्य पेसा अध्ययन रहेको बताउने जनसंख्यामा ६९९ जना महिला र ९३१ जना पुरुष गरी जम्मा १६३० जना अर्थात कुल जनसंख्याको ३.६५ प्रतिशत देखिन्छ। त्यस्तै घरको मात्र काम गर्ने जनसंख्यालाई गृहिणी भनिन्छ। यस गाउपालिकामा पनि १००४६ जना महिला र २८८ जना पुरुष गरी जम्मा १०३३४ जना दैनिक आर्थिक आम्दानी नगर्ने देखिन्छ। अन्यमा पर्ने ३३० जनसंख्या पूर्ण रुपमा बेरोजगार रहेको देखिन्छ। यसरी १८ देखि ५९ वर्ष उमेर समूहका जनसंख्या जसले दैनिक आम्दानी गर्न केही काम गर्ने जनसंख्यालाई रोजगार र आर्थिक आम्दानी नगर्नेलाई बेरोजगार भनी तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका न.५०: रोजगार र बेरोजगार जनसंख्या**

| वडा नं. | रोजगार | बेरोजगार | बेरोजगार प्रतिशत | जम्मा जनसंख्या |
|---|---|---|---|---|
| १ | १८३४ | १९६८ | २७.७६ | ७०८८ |
| २ | १८५३ | १९३१ | २७.७४ | ६९५९ |
| ३ | १९८२ | २००३ | २७.८१ | ७२०२ |
| ४ | १८८३ | १९३३ | २८.४३ | ६७९९ |
| ५ | १६९९ | १७९८ | २७.४० | ६५६० |
| ६ | ९९४ | ९३७ | २६.०२ | ३६०० |
| ७ | १६५० | १७२४ | २६.९१ | ६४०६ |
| **जम्मा** | **११८९५** | **१२२९४** | **२७.५५** | **४४६१४** |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

प्राप्त तथ्याङ्कअनुसार गाउपालिकामा ११८९५ जना रोजगार , १२२९४ जना बेरोजगार रहेको पाइयो १० वर्ष वा सोभन्दा माथिका कुल ३४२०५ जनामा गरिएको रोजगारी सम्बन्धी प्रश्नमा ११८९५ अर्थात ३४.७७ प्रतिशत जनसंख्यामात्र रोजगार रहेको देखिन्छ। सामान्यतया काम गर्ने उमेर १८ देखि ५९ वर्षका कुल जनसंख्या २४४४२ रहेका छन् जसमध्ये ४८.९४ प्रतिशत रोजगार रहेको देखिन्छ। यद्यपि नेपालमा कानुनले तोकेको १८ देखि ५९ वर्षसम्मको उमेर बाहेक समेत बालबालिकालाई काममा लगाउने र जेष्ठ नागरिकहरुले बाध्यतावश काम गर्नु परिरहेको यर्थाथ छ। ठूलो संख्यामा रहेको बेरोजगारको कारण गाउपालिकामा उत्पादन शील कार्यमा लागेको जनसंख्यामााथि ठूलो आर्थिक दवाब पर्ने र बेरोजगारीका कारण उत्पन्न हुने थप सामाजिक , आर्थिक र मनोवैज्ञानिक असरहरु निकै संवेदनशील हुने गर्दछन् ।अर्धदक्ष , अदक्ष र बेरोजगारको जनसंख्या उच्च हुदा गाउपालिकाको विकाशमा दीर्घकालिन नकारात्मक प्रभाव पर्दछ। यसर्थ दिगो विकासको लागि रोजगारी सिर्जना ,दक्ष जनशक्ति उत्पादन र सेवामुखी उद्योग व्यवसायको विकास गर्न दीर्घकालीन कार्य योजना निर्माण गरी लागु गर्नुपर्ने देखिन्छ।

## ४.१ पारिवारीक आम्दानीको विवरण :

यस क्षेत्रका वासिन्दाहरुले विभिन्न किसिमका पेसा र व्यवसाय मार्फत जीविकोपार्जन गर्ने गरेको देखिन्छ। जसमा मूख्य गरी आम्दानीको स्रोत हाल कृषि ज्याला मजदुरीवाट बार्षिक रु ६९०५२.९५ आम्दानी भएको देखिन्छ। यस शिर्षकबाट आम्दानीको कूल हिस्साको २३.३५ प्रतिशत भाग ओगटेको देखिन्छ। यसैगरी बार्षिक आम्दानीको पक्ष हेर्दा नोकरी तथा पेन्सन तर्फवाट ९.१४ प्रतिशत हिस्सा ओगटेको देखिन्छ। त्यसै गरी सवैभन्दा बढी कृषि वाट बार्षिक रु

७२०५३.३५ अर्थात २४.३७ प्रतिशत भएको देखिन्छ । यसलाई अझ विस्तृत रुपमा देहायको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका न.५१: औषत पारिवारीक बार्षिक आम्दानी विवरण**


| क.स | आम्दानी शिर्षक | औषत आम्दानी(रु) | प्रतिशत(%) |
|---|---|---|---|
| १ | कृषि(सवै कृषि वालीको उत्पादन बिक्रि) | ७२०५३.३५ | २४.३७ |
| २ | पशूपालन(सवै पशूपालन उत्पादन बिक्रि) | १०४८७.१ | ३.५५ |
| ३ | व्यापार तथा उद्योग | १६०४२.६१ | ५.४२ |
| ४ | नोकरी तथा पेन्सन | २७०३७.३५ | ९.१४ |
| ५ | वैदेशिक रोजगारी | ३८९६९.६३ | १३.१८ |
| ६ | कृषि ज्याला मजदूरी | ६९०५२.९५ | २३.३५ |
| ७ | गैरकृषि ज्याला मजदूरी | ५४८९०.८८ | १८.५६ |
| ८ | अन्य | ७१९०.९३ | २.४३ |
| जम्मा | | २९५७२४.८ | १००.००% |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिकामा देखाइए अनुसार यस गाउपालिकाको मूख्य आम्दानीको स्रोत भनेकै कृषि बाट २४.३७ प्रतिशत र सवैभन्दा कम ३.५५ प्रतिशत पशुपालन बाट भएको देखिन्छ । यसैगरी २.४३ प्रतिशत आम्दानीको स्रोत माथी तालिकामा उल्लेख नभएका शिर्षकहरुवाट जस्तै, ऐचो-पैचो,सरसापट, चल अचल सम्पत्तिको बिक्रि वितरण र वैंक तथा वित्तिय संस्था र सहकारीवाट लिइएका ऋणहरुलाई पनि आम्दानीनै मान्नुपर्ने भएकोले गर्दा सो शिर्षकका आम्दानी पनि महत्वपूर्ण रुपमा देखिएको छ । यसैगरी यस गाउपालिकामा कृषि ज्याला मजदूरी तर्फ वाट आएको आम्दानीको पनि महत्वपूर्ण हिस्सा रहेको देखिन्छ । प्रतिशतका दरले औषतमा बार्षिक आम्दानीमा यसको स्थान तेश्रो रहेको तथ्यांकमा रहेको देखिन्छ ।

दिर्घकालिन विकाश र समृद्धिका हिसावले कमाइको लागी आफ्नो स्थान छाडेर बाहिरिने युवा जमातको अनुपस्थितीले स्थानीय स्तरमा विकाश असम्भव प्राय: हुन्छ । जल्दो-बल्दो उमेरको उत्पादनशिल जनशक्ति उर्जावान समयमा बाहिरीने र शिथिल हुदा फर्कने वा पलायन हुने परिस्थिती श्रृजना हुदा विकाश निर्माण कार्य अपेक्षाकृत अगाडि बढ्न सक्दैन । संख्या उच्च हुनुले निम्न आय-स्तर भएका परिवारहरुको संख्या धैरै रहेको संकेत मिल्दछ । यस वाहेक अन्य सवै क्षेत्रबाट प्राप्त औषत आम्दानी तुलनात्मक रुपमा कम रहेको देखिन्छ । श्रम र सेवा क्षेत्रमा धैरै जनसंख्या संलग्न हुनु आर्थिक समृद्धिका दृष्टिले सकारात्मक हो तर गाउपालिकाले उत्पादनमूखी र आत्मनिर्भर रोजगारी तर्फ जनतालाई उन्मुख बनाउनु जरुरी छ । तसर्थ गाउपालिकाले रोजगारीका अवसरहरु सृजना गरी युवाहरुलाई उत्पादनशिल क्षेत्रमा आकर्षण गर्दै दिगो विकाशको अवधारणा अनुरुप कार्ययोजना बनाइ अगाडि बढ्नु पर्ने देखिन्छ ।

**वृत्त चित्र न.१५ : पारिवारीक वार्षिक आम्दानी विवरण**





*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

## ४.२ पारिवारीक आम्दानीको वडा अनुसारको बार्षिक विवरण:

यस शिर्षक अन्तर्गत रहेर जहदा गाउपालिकाका सवै वडाको बार्षिक पारिवारीक आम्दानीको अवस्था कस्तो छ भनेर विभिन्न वृत्त चित्रहरुमा देखाइएको छ । यसरी वडा अनुसार वृत्त चित्रमा प्रस्तुत गर्ने क्रममा आम्दानीका स्रोतहरुलाई विभिन्न शिर्षकहरुमा प्रतिशतका आधारमा प्रस्तुत गरिएको छ ।

**वृत्त चित्र न.१६ : वडा न.१ को पारिवारीक बार्षिक आम्दानी विवरण**





*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको वृत्त चित्र अनुसार वडा.न.१ मा आम्दानीको कृषि उत्पादन शिर्षक अन्तर्गत सवैभन्दा बढी आम्दानीको स्रोत देखिन्छ भने सवैभन्दा कम पशुपालन वाट ३ प्रतिशत मात्र आम्दानी आएको देखिन्छ ।

यसैगरी वडा न.२ मा बार्षिक आम्दानीका आठ वटा शिर्षक अन्तर्गत भएका आम्दानीलाई देहायको वृत्त चित्रमा देखाइएको छ ।

**वृत्त चित्र न.१७ : वडा न.२ को पारिवारीक बार्षिक आम्दानी विवरण**





*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको वृत्तचित्र अनुसार वडा न.२ मा प्रमुख आम्दानीको स्रोत कृषि ज्याला मजदूरी रहेको भने सवैभन्दा कम आम्दानी यस वडामा पशुपंक्षि पालन र उत्पादन तथा बिक्रि वितरण गर्ने शिर्षक अन्तर्गत कम देखिन्छ । यस वडामा आयका अन्य स्रोत अन्तर्गत भएका आम्दानी पनि उल्लेख्य रुपमा भएको पाइन्छ ।

जहदा गाउपालिकाको वडा न:३ को बार्षिक आम्दानीको विवरणहरुको बारेमा यस पार्श्वचित्र निर्माणका क्रममा लिइएको घरधूरीको तथ्यांक वाट देहाय अनुसार को आर्थिक अवस्था वडामा रहेको जानकारी पाउन सकिन्छ ।


**वृत्त चित्र न.१८ : वडा न.३ को पारिवारीक बार्षिक आम्दानी विवरण**




*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

यसैगरी वडा न.४ को पारिवारीक विवरण अन्तर्गत आम्दानीका स्रोतहरुको अवस्था कस्तो छ र कुन शिर्षक बाट कति-कति आम्दानी भएको छ र कुन शिर्षक ले आम्दानीको महत्वपूर्ण भागमा टेवा पुर्याएको छ भनी हेर्नको लागी देहायअनुसारको वृत्त चित्रमा दिइएको छ ।

**वृत्त चित्र न.१९ :वडा न.४ को पारिवारीक बार्षिक आम्दानी विवरण**





*श्रोतः पार्श्वचित्र २०७७/२०७८*

यस वृत्त चित्र अनुसनर वडा न.४ को मूख्य रुपमा आम्दानीको स्रोत भनेको कृषि ज्याला मजदुरीवाट सवैभन्दा बढी आम्दानी गर्ने गरेको सर्भेक्षणको क्रममा पाइएको थियो भने सवैभन्दा कम अन्य शिर्षक अन्तर्गत  पशुपालन बाट पैसा आम्दानी गरेको तथ्यांकले देखाउछ ।

यसरी नै वडा न.५ वाट लिइएको जानकारी अनुसार परिवारमा औषत बार्षिक आम्दानी कुन शिर्षक बाट कति-कति आम्दानी भएको छ र कुन शिर्षक ले आम्दानीको महत्वपूर्ण भागमा टेवा पुर्याएको छ भनी हेर्नको लागी देहायअनुसारको वृत्त चित्रमा दिइएको छ ।

**वृत्त चित्र न.२० : वडा न.५ को पारिवारीक बार्षिक आम्दानी विवरण**





*श्रोतः पार्श्वचित्र २०७७/२०७८*

उपरोक्त वृत्तचित्र अनुसार यस वडामा बार्षिक औषतमा आम्दानीका विभिन्न ८ वटा स्रोतहरुको अवस्थाको विश्लेषण गर्दा सवैभन्दा बढी गैरकृषि ज्याला मजदुरीबाट आम्दानी भएको देखिन्छ भने सवैभन्दा कम पशुपालनवाट भएको देखिन्छ ।

यसैगरी जहदा गाउपालिकाको वडा न.६ को बार्षिक आम्दानीको श्रोतहरुका कुरा गर्दा मूख्यतया ८ वटा आम्दानीका श्रोतहरुको बुदामा कुन चैं शिर्षक बाट वडा न. ६ का घरधूरीले औषतमा कति आम्दानी गर्दछन् भन्ने जानकारी त्यस वडाका लागी महत्वपूर्ण हुन्छ । जसलाई देहायको वृत्त चित्रमा देखाइएको छ ।

**वृत्त चित्र न.२१ : वडा न.६ को पारिवारीक बार्षिक आम्दानी विवरण**





*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

उपरोक्त वृत्तचित्र अनुसार यस वडामा बार्षिक औषतमा आम्दानीका विभिन्न ८ वटा स्रोतहरुको अवस्थाको विश्लेषण गर्दा सवैभन्दा बढी कृषि बाट आम्दानी भएको देखिन्छ भने सवैभन्दा कम पशुपालन क्षेत्र वाट भएको देखिन्छ ।

यसैगरी वडा न.७ मा १३५६ घरधूरीमा गरीएको सर्वेक्षण अनुसार बार्षिक रुपमा औषतमा १ परिवारले कति आम्दानी गर्ने रहेछन् भनि विश्लेषण गर्ने कममा देहाय अनुसारको वृत्त चित्रमा देखाइएको छ ।

**वृत्त चित्र न.२२ : वडा न.७ को पारिवारीक बार्षिक आम्दानी विवरण**




*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार विभिन्न ८ वटा आम्दानीका शिर्षकहरुमा सवैभन्दा बढी कृषि बाट आम्दानी भएको देखिन्छ भने सवैभन्दा कम पशुपालन  बाट भएको देखिन्छ ।

## ४.३. पारिवारीक बार्षिक खर्चको विवरण:

कल्याणकारी राज्यको आभारभूत अवधारणा अनुरुप संघीय संविधानले आधारभूत मौलीक हकको रुपमा स्थापित गरेको खाद्य सम्प्रभुता निशुल्क आधारभूत शिक्षा र स्वास्थ्य सेवामा सवैको पहुच जस्ता हकहरुको सुनिश्चितता गर्न समग्र राज्य तथा स्थानीय सरकारले यि क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर काम गर्नुपर्ने देखिन्छ । राज्यको दायित्वमा पर्ने क्षेत्रहरुमा साधारण नागरिकहरुले ठूलो रकम खर्च गनुपर्ने अवस्था सकारात्मक होइन ।

गाउपालिकाका घरपरिवारले बार्षिक रुपमा गर्ने खर्चका प्रमुख शिर्षकहरुमध्ये औषत रुपमा खाद्य वस्तु खरिद, स्वास्थ्य, चाडपर्व, मनोरञ्जन, यातायात, ववाह तथा सामाजिक संस्कारहरु नै महत्वपूर्ण रहेका छन् । यस सर्भेक्षणका कममा गाउपालिकाका सवै वडाहरुका ९१३२ घरधूरी सर्भेक्षण गर्दा औषतमा प्रति परिवार वार्षिक देहाय अनुसारको खर्च गर्ने परिपाटि रहेको पाइन्छ ।


**तालिका न.५२: पारिवारीक बार्षिक खर्च विवरण**

| क.स | खर्च शिर्षक | औषत खर्च(रु) | प्रतिशत |
|---|---|---|---|
| १ | खाना खर्च | ६२२५९.८६ | ३७.४१ |
| २ | लत्ताकपडा | १६७४३.८१ | १०.०६ |
| ३ | शिक्षा | १३००३.३ | ७.८१ |
| ४ | स्वास्थ्य उपचार | १८४२३.६६ | ११.०७ |
| ५ | चाडपर्व तथा मनोरन्जन | १४४७२.८४ | ८.७ |
| ६ | कृषि तथा अन्य | २०२४०.५७ | १२.१६ |
| ७ | यातायात | ६९६१.२७ | ४.१८ |
| ८ | विवाह र सामाजिक संस्कार | १३९६८.७४ | ८.३९ |
| ९ | अन्य | ३४६.३१ | ०.२१ |
| जम्मा | | १६६४२०.३६ | १००.००% |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार जहदा गाउपालिकाको खर्चका शिर्षकहरुमा मूख्य र महत्वपूर्ण क्षेत्रहरुमा भन्दा उत्पादनशिल, उत्पादकत्वको क्षेत्रमा भन्दा अन्य क्षेत्रमा खर्च भएर गएको देखिन्छ । यसले के देखिन्छ भने अनुत्पादक क्षेत्रमा भएको खर्चले भविष्यमा परनिर्भरता बढाउने गर्दछ । माथीको तथ्यांक हेर्दा चाडपर्व , लत्ताकपडा, मनोरञ्जन, विवाह तथा सामाजिक संस्कार तथा यातायत क्षेत्रको खर्च अनुत्पादक खर्च भएको छ । यसवाट भविष्यमा प्रतिफल प्राप्त हुदैन जसले गर्दा जीवनस्तर माथी उठ्न सक्दैन । यसैगरी राज्यको दायित्व भित्र पर्ने शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रहरुमा पनि धेरै खर्च भएको कारणले गर्दापनि ति क्षेत्रमा ठूलो सुधारका कार्यक्रमहरु वनाएर जानुपर्ने यहाको आवश्यकता देखिएको छ । यस खर्चका शिर्षकहरुलाई देहायको वृत्त चित्रमा पनि देखाइएको छ ।

**वृत्त चित्र न.२३ : बार्षिक पारिवारीक खर्चको विवरण**





*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको वृत्त चित्र अनुसार यस गाउपालिकामा सवैभन्दा बढी खानामा रु ६२२५९.८६औषत बार्षिक खर्च हुने देखिन्छ भने सवैभन्दा कम अन्य क्षेत्रमा भएको खर्च देखिन्छ । जहा रु ३४६.३१ खर्च भएको छ । यसरी हेर्दा माथीका शिर्षकहरुमा अनुत्पादक क्षेत्रमा व्यापक खर्च हुने गरेको तथा उत्पादनमूलक क्षेत्रमा कम खर्च भएको तथ्यांकमा देखिन्छ ।

## ४.४. पारिवारीक खर्चको वडागत विवरणः


जहदा गाउपालिकामा सर्भेक्षणको क्रममा भेटिएका ९१३२ घरधूरीहरुमा विभिन्न ९ वटा शिर्षकहरुमा खर्चको औषत लागत कति छ भनेर तथ्यांक संकलन गरिएको थियो । खानामा, शिक्षमा, स्वास्थ्यमा तथा लत्ता कपडामा समग्रमा उल्लेख्य रुपमा खर्च भएर गएको देखिन्छ । यसका साथ-साथै अन्य शिर्षकहरुमा पनि सोहि अनुरुपम खर्च भएको देखिन्छ । यस तथ्यांकलाई वडागत रुपमा हेर्दा देहाय अनुसारको अवस्था जहदा गाउपालिकामा देख्न सकिन्छ ।

**वृत्त चित्र न.२४ : वडा न.१ को पारिवारीक खर्चको बार्षिक औषत विवरण**





*श्रोतः पार्श्वचित्र २०७७/२०७८*

.**वृत्त चित्र न.२५ : वडा न.२ को पारिवारीक खर्चको बार्षिक औषत विवरण**





*श्रोतः पार्श्वचित्र २०७७/२०७८*

**वृत्त चित्र न.२६ : वडा न.३ को पारिवारीक खर्चको बार्षिक औषत विवरण**





*श्रोत:पार्श्वचित्र २०७७/२०७८*

**वृत्त चित्र न.२७ : वडा न.४ को पारिवारीक खर्चको बार्षिक औषत विवरण**





*श्रोत:पार्श्वचित्र २०७७/२०७८*

**वृत्त चित्र न.२८ : वडा न.५ को पारिवारीक खर्चको बार्षिक औषत विवरण**





*श्रोत:पार्श्वचित्र २०७७/२०७८*

**वृत्त चित्र न.२९ : वडा न.६ को पारिवारीक खर्चको बार्षिक औषत विवरण**




*श्रोत:पार्श्वचित्र २०७७/२०७८*

**वृत्त चित्र न.३० : वडा न.७ को पारिवारीक खर्चको बार्षिक औषत विवरण**




*श्रोतःपार्श्वचित्र २०७७/२०७८*

## ४.५. पेशा अनुसार जनसंख्या विवरणः

नेपालमा कानूनले तोकेको १५ बर्ष देखि ५९ बर्ष सम्मको उमेर बाहेक समेत वाल वालिकाहरुलाई काममा लगाउने र जेष्ठ नागरिकहरुले बाध्यतावश काम गर्नु परिरहेको यथार्थ छ । ठूलो संख्यामा रहेको बेरोजगारको कारण नगरपालिकामा उत्पादनशिल कार्यमा लागेकाको जनसंख्यामाथी ठूलो आर्थिक दवाव पर्ने र बेरोजगारीका कारण उत्पन्न हुने थप सामाजिक आर्थिकर मनोवैज्ञानिक असरहरु निकै संवेदनशील हुने गर्दछन् । तसर्थ दिगो विकाशको लागी रोजगारी सृजना, दक्ष जनशक्ति उत्पादन र उत्पादन तथा सेवामूखी उद्योग व्यवसायको विकाब गर्न दीर्घकालिन कार्ययोजना निर्माण गरि लागु गर्नुपर्ने देखिन्छ । तसर्थ त्यसतर्फ त्यसतर्फ सम्वन्धीत सरोकारवालाहरुको ध्यान जानु जरुरी छ ।

रोजगारी, पेशा र आम्दानीको अवस्था हेर्दा सप्तकोशीगाउपालिकाका क्षेत्रमा विविध पेशा र व्यवसायमा संलग्न रहेका मानिसहरु बसोवास गर्ने गरेका छन् । यहाको मूख्य पेशाा भनेको ज्याला मजदूरी नै रहेको देखिन्छ । यस सर्भेक्षणका क्रममा गरिएको घरधूरी सर्भेक्षणका क्रममा १० बर्ष भन्दा माथीको उमेर समूहका व्यक्तिहरुलाई लक्षित गरेर मूख्य पेशाको बारेमा जानकारी संकलन गरिएको थियो । यस तालिकामा अस्थाई रुपमा बसाइ सराई गर्नेहरुको पेशा वा व्यवसाय उल्लेख गरीएको छैन । उनीहरु हाल के, कहाँ रकस्तो पेशा रव्यवसाय गरिरहेका छन् , सो कुरा यस सर्भेक्षणमा प्राप्त नहुने हुदा यहा रहेकाहरुको मात्र विवरण राखिएको छ । उमेर समूह अनुसार पेशा अवलम्वन गर्नेहरुको थप विवरण देहाय बमोजिम रहेको छ ।


**तालिका न.५३: पेशा अनुसार जनसंख्या विवरण**

| पेशा | उमेर समूहको जनसंख्या | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १०-१४ | | १६-२४ | | २४-४० | | ४१-६० | | ६१ माथी | | जम्मा | | |
| | *महिला* | *पूरुष* | *महिला* | *पूरुष* | *महिला* | *पूरुष* | *महिला* | *पूरुष* | *महिला* | *पूरुष* | *महिला* | *पूरुष* | *जम्मा* |
| कृषि पशुपालन | २ | १ | ११ | ८८ | ४३ | ५१९ | ४८ | १०१८ | १२ | ४१८ | ११६ | २०४४ | २१६० |
| नोकरी/जागीर | १ | ० | ४३ | १५४ | ११३ | ५२४ | १२ | १५६ | १ | १९ | १७० | ८५३ | १०२३ |
| उद्योग तथा व्यापार | ० | २ | १४ | ६९ | ५४ | ३६१ | २७ | २२४ | ७ | ४२ | १०२ | ६९८ | ८०० |
| ज्याला मजदूरी | ९ | २८ | ८१ | १६१२ | २४० | ३७५४ | १२९ | १८९३ | १७ | २४५ | ४७६ | ७५३२ | ८००८ |
| वैदेशिक रोजगार | ० | १ | १ | ३२४ | १३ | ७७० | १ | ११२ | ० | ० | १५ | १२०७ | १२२२ |
| व्यवसायिक फर्म( पत्रकार,वकिल) | ० | ० | ० | ३ | ८ | १९ | १ | ६ | १ | १ | १० | २९ | ३९ |
| धार्मिक कार्य | ० | ४ | ० | ११ | २ | ४ | १ | २ | १ | ६ | ४ | २७ | ३१ |
| अध्ययन | १९१४ | २०१२ | १३३७ | १५४९ | २७ | ६७ | ११ | २ | २ | १ | ३२९१ | ३६३१ | ६९२२ |
| गृहिणी | १७८ | ८८ | २३३८ | १७३ | ५४६७ | १०० | २७६० | १०६ | ५७१ | १४५ | ११३१४ | ६१२ | ११९२६ |
| अशक्त वृद्धा | ३ | २ | ३ | ८ | ८ | १४ | २३१ | १३८ | ६७३ | ५७४ | ९१८ | ७३६ | १६५४ |
| अन्य | १० | १७ | ३८ | ७४ | २६ | १३३ | १२ | ७५ | २ | २६ | ८८ | ३२५ | ४१३ |
| *जम्मा* | २११७ | २१५५ | ३८६६ | ४०६५ | ६००१ | ६२६५ | ३२३३ | ३७३२ | १२८७ | १४७७ | १६५०४ | १७६९४ | ३४१९८ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यस गाउपालिकामा  ज्यालादारी मजदूरहरुको संख्या ८००८ जना रहेको देखिन्छ भने नोकरी र जागीरमा १०२३ जना देखिन्छ । गाउपालिकामा समग्र रुपले हेर्ने हो भने श्रम गरेर जीविकोपार्जन गर्नेहरुको संख्या उल्लेख्य रहेको छ । यस तथ्यांकलाई प्रतिशतको आधारमा हेर्ने हो भने ज्याला मजदूरी गर्नेहरुको प्रतिशत बढी रहेको देखिन्छ । यसलाई अझ विस्तृत रुपमा तलको वृत्त चित्रमा प्रस्तुत गरीएको छ ।

**वृत्त चित्र न.३१ :पेशाको आधारमा जनसख्या विवरण**




*श्रोत:पार्श्वचित्र २०७७/२०७८*

## ४.६ कृषि

राष्ट्रिय कृषि नीति २०६१ साथै २०७६ मा देशमा भौगोलिक विविधताले उपलव्ध गराएको अवसर, कृषकहरुको लामो समयदेखिको विशिष्ट अनुभव र आधूनिक कृषि प्रविधिको सदूपयोगवाट दिगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा कायम गर्न सकिने सम्भावना औल्याएको छ । तथापि कृषि उर्वर भूमिको अवैज्ञानिक प्रयोग, प्राकृतिक प्रकोपहरुको भूमिमापर्ने असरहरु, कृष श्रम र सीप हुनेहरुमा कृषि योग्य भूमिको पहुच नहुनु र पहुच हुनेहरुले पनि भूमिको प्रयोग गर्न नसक्नु, कृषि क्षेत्रको विकाशका लागी आवश्यक भौतिक पूर्वाधारहरुको व्यवस्था हुन नसक्नु नेपालमा कृषि क्षेत्रका मूख्य समस्या र चुनौति रहेको राष्ट्रिय कृषि नीति २०६१ मे पृष्ठभूमिमै स्पष्ट उललेख गरिएको छ । यो समग्र राष्ट्रको कृषि क्षेत्रको आम समस्या भएकोले यस गाउपालिकाको हकमा समेत  लागु हुन्छ । नेपालमा कृषि क्षेत्र देशको देशको प्रमुख रोजगार प्रदायक तथा कूल ग्राहस्थ उत्पादनमा प्रमुख हिस्सेदार रुपमा देशको अर्थतन्त्रको मेरुदण्ड हो । ग्रामिण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत तथ्यांकलाई ग्रामिण विकाशको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदेवालिहरु, फलफूल, पशुपक्षि, मस्त्य सिचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्वन्धी विविध सूचनाहरु कृषि तथ्यांकको क्षेत्रभित्रै पर्ने भएता पनि नेपालमा सरकारी स्तरवाट राष्ट्रिय तथा स्थानीय स्तरमा कृषि सम्वन्धी सूचना तथा तथ्यांकको प्रमुख श्रोतको रुपमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र केन्द्रीय तथ्यांक विभाग रहेका छन् । स्थानीय उत्पादनको उत्पादनको वृद्धि र विकाश गर्न बजारिकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

आर्थिक सर्वेक्षण २०७३/२०७४ अनुसार नेपालको कूल ग्राहस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेकोछ । नेपालमा करीब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन् । बर्षेनि युवा जनशक्ति पलायनमा बढोत्तरि, अव्यवस्थित शहरिकरण, जग्गाको खण्डीकरण, घडेरिकरण, जग्गा बाझो राख्ने प्रवृत्ति समग्र कृषि क्षेत्रको चूनौतिहरु हुन् । कृषि क्षेत्रको विकाशका लागी आवश्यक सिचाई, सडक, विजुली, सञ्चार, उद्योग र व्यवस्थापन तथा उन्नत प्रविधिमा पर्याप्त लगानी आकर्षित गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने

कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, मर्यादित, सम्मानजनक र व्यावसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिपूर्ण रुपमा रहेको छ ।

नेपालको कूल ग्राहस्थ उत्पादनमा सवैभन्दा बढी कृषि क्षेत्रको योगदान रहिआएको छ । मूलुकको अधिकाशं जनताको रोजगारी, आय आर्जन र जीविकोपार्जन को मूख्य क्षेत्र नै कृषि हो । परम्परागत जिवन तथा निर्वाहमूखी नेपालको कृषि क्षेत्र कमशः आधूनिक तथा व्यावसायिक रुपमा विकाश र प्रवर्द्धन गर्न कृषि मन्त्रालयले देहायको रणनीति तथा कार्यक्रमहरु पनि ल्याएको छ ।

**<u>रणनीति</u>**

- *कृषिजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नेतर्फ कार्यक्रम केन्द्रीत गर्ने ।*
- *स्थान विशेषको सम्भाव्यता, तुलनात्मक लाभ एवम् प्राथमिकताको आधारमा वाली वस्तु विशेषका पकेट क्षेत्रहरुको विकाश गरी व्यावसायिक एवं प्रतिष्पर्धी प्रणालीको विकास गर्ने ।*
- *विकशित पकेट क्षेत्रहरुलाई कमिक रुपमा (Agricultur Growth Center) मा रुपानतरण गर्ने र यसका लागी आवश्यक स्रोत केन्द्रहरुको विकाश गर्ने ।*
- *समावेशी र सामाजिक न्यायको आधारमा, सामाजिका भौगोलिक तथा आर्थिक रुपमा पिछडिएका समूदायलाई कृषि विकाशको मूल प्रवाहमा समावेश गर्न प्राथमिकता दिने र उत्पादनशील रोजगारीका अवसरहरु बढाई गरिवी न्यूनिकरणमा टेवा पुर्याउने ।*
- *कृषि विकाश कार्यक्रमलाई विश्व व्यापार संगठन एवं क्षेत्रीय स्तरका व्यपार सम्झौताहरुवाट प्राप्त अवसरहरुको अधिकतम लाभ लिनेतर्फ उन्मूख गराउने ।*
- *सार्वजनिक-नीजि साझेदारी अवधारण (PPP) अनुरुप नीजि र सरकारी, सहकारी,गैरसरकारी तथा सामूदायिक संघ संस्थालाई साझेदार निकायको रुपमा अंगिकार गरी प्रभावकारी सेवा प्रवाहमा व्यापकता ल्याउने ।*
- *कृषक समूह तथा कृषि सहकारीहरुलाई सक्षमा बनाई कृषि पेशालाई मर्यादित बनाउदै लैजानुपर्ने ।*

**<u>कार्यकमहरुः</u>**

- *उत्कृष्ट कृषक पुरस्कार*
- *ब्लक सञ्चालन*
- *व्यावसायिक कृषि तथा व्यापार आयोजना (PACT)*

कृषि क्षेत्रको विकाश तथा प्रवर्द्धन गर्न नीति तथा कार्यकमहरु सँगै कृषि क्षेत्रको व्यावसायिकता पनि थपिदै गएको देखिन्छ । ग्रामिण तथा शहरीक्षेत्रहरुमा व्यवसायिक कृषि फारमहरुको तथा कृषकहरुको संलग्नतामा सूधार भएको देखिन्छ । सप्तकोशीनगरपालिकामा धेरै व्यवसायिक फारमहरु सञ्चालनमा आएको देखिदैनन् । त्यसैले यस्ता व्यवसायिकता अंगालेका फारमहरुको विकाश तथा निर्माण गर्नु आजको आवश्यकता तथा कृषि र कृषि उत्पादकत्वमा आमूल परिवर्तन ल्याउन जरुरी छ ।

### ४.६.१ कृषिजन्य उत्पादनहरुको विवरण:

जहदा गाउपालिका कृषिका लागी उर्वर रहेको छ । यस सर्भेक्षणका कममा घरधूरी सर्भेक्षण गर्दा कृषि वालीसंग सम्वन्धीत प्रश्नहरु सोधिएको थियो । कृषिजन्य उत्पादनहरुमा अन्नवाली, दलहन वाली, तरकारी खेती, फलफूल खेतीहरु हिउदे र बर्षे वालिका रुपमा उत्पादन भएको देखिन्छ ।

क) यस गाउपालिकामा उत्पादन गरीने प्रमुख हिउदे वालीहरुमा धान,मकै,आलु,बन्दा,काउली लगायत तरकारी वाली तथा हिउदे फलफूलहरु रहेका छन् ।

ख) गाउपालिकाको प्रमूख बर्षे वालीहरुमा धान, मकै, गहु, कोदो, दलहनवालीहरु, मास,मुग, आलु, बेसार, अदूवा, केरा, आँप, लिच्चि र कटहर जस्ता फलफूल रहेका छन् ।

**तालिका न.५४: कृषिजन्य उत्पादनहरुको गतबर्षको विवरण**

| क.स | वाली विवरण | उत्पादन क्विन्टलमा |
|---|---|---|
| १ | अन्न वाली | ४९६८५७ |
| २ | दलहन वाली | १६ |
| ३ | तेलहन | ४ |
| ४ | तरकारी खेती | ४२१ |
| ५ | फलफूल खेती | ५१४ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार अन्नवाली वर्ग भित्र पर्ने धान,मकै,गहु,कोदो, फापर, जौ जस्ता वालीहरुको, त्यसैगरी दलहन वाली वर्ग भित्र मास,वोडी, सिमी,मस्याङ् ,मसुरको दाल, मटर केराउ जस्ता वालीहरु समेटिएका छन् भने तेलहन वालीमा तोरी, रायो, सूर्यमूखी, सर्स्यू लगायत समेटिएको छ। तरकारी वाली वर्ग भित्र सवै किसिमका तरकारीहरु समेटिएको छ। मौसमि,बेमौसमी तरकारी लगायत समग्रमा उत्पादन हुने कृषि वालीको अवस्था माथीको तालिकामा उल्लेख गरीएको छ। जसलाई तलको वृत्त चित्रमा समेत समेटिएको छ।

### ४.६.२. कृषिजन्य उत्पादनमा खाद्यान्नवाली/अन्नवालीको उत्पादनको अवस्था:

खाद्यान्न वाली अर्थात अन्नवाली वर्गभित्र पर्ने धान,मकै,गहु,कोदो, फापर, जौ जस्ता वालीहरुको समग्र नगरपालिकामा उत्पादनको अवस्था कस्तो छ , कुन उत्पादनको उत्पादकत्व कस्तो रहेछ भन्ने विवरण देहायको तालिकामा विस्तृत रुपमा प्रस्तुत गरीएको छ।


**तालिका न.५५: अन्नवाली उत्पादनको विवरण**

| क.स | वाली विवरण | उत्पादन (क्विन्टलमा) |
|---|---|---|
| १ | धान | १७२६५२ |
| २ | गहु | ५११७९ |
| ३ | मकै | २७३०२४ |
| ४ | कोदो | २ |
| ५ | जौ | ४९६८५७ |
| ६ | फापर | ० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

यसैलाई प्रतिशतको आधारमा हेर्दा अन्नवाली वर्गभित्र पर्ने समग्र वालीनालिहरुको प्रतिशतमा कुन वालीको उत्पादन कति रहेछ भनेर स्पष्ट हुन सकिन्छ। त्यसैले यहा वृत्त चित्रको सहायतामा सो उत्पादनलाई प्रतिशतमा देखाइएको छ।

**वृत्त चित्र न.३२ : अन्नवाली भित्रका अन्नहरुको बार्षिक उत्पादन विवरण**




*श्रोतः पार्श्वचित्र २०७६/२०७७*

### ४.६.३. कृषिजन्य दलहनवाली उत्पादनको विवरणः

कृषि उत्पादनमा दलहनवाली अन्तर्गत मास,वोडी, सिमी,मस्याङ् ,मसुरको दाल, मटर केराउ जस्ता वालीहरु उत्पादनको अवस्था यस शिर्षकमा दिइएको छ । यस नगरपालिकामा दलहन वालीभित्र सवैभन्दा राम्रो उत्पादनको अवस्था कुन वालीको रहेको छ भन्ने तथ्यांक तलको तालिकामा दिइएको छ।


**तालिका न.५६: दलहनवाली उत्पादनको अवस्था र विवरण**

| क.स | वाली विवरण | उत्पादन (केजिमा) |
|---|---|---|
| १ | मास, बोडि, सिमी, मस्याङ् | ६७३ |
| २ | रहर | २२ |
| ३ | मसुरो | ८१२ |
| ४ | चना, मटर, केराउ | ३० |

*श्रोतः पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार जहदा गाउपालिकामा दलहनवाली वर्गभित्र मूख्यतया राम्रो उत्पादन रहेको मसुरो दालको उत्पादन राम्रो रहेको देखिन्छ  भने अर्को दलहनवाली मा चना, मटर र केराउको उत्पादन देखिन्छ ।यस दलहनवाली उत्पादनलाई अझ विस्तृत रुपमा प्रतिशतको आधारमा देहायको वृत्त चित्रमा प्रस्तुत गरीएको छ।

**वृत्त चित्र न.३३ : दलहन वाली वर्गको उत्पादनको प्रतिशत**




*श्रोत:पार्श्वचित्र २०७७/२०७८*

### ४.६.४. कृषिजन्य तेलहन वालीको उत्पवादन विवरणः

यस अध्ययनको क्रममा तेलहनवाली वर्ग भित्र तोरी, रायो, सर्स्यू , सूर्यमूखी जस्ता उत्पादनको अवस्था यस गाउपालिकाका सवै वडाहरुमा कस्तो रहेछ भन्नेकुरा समग्रमा तलको तालिकामा दिइएको छ ।


**तालिका न.५७: तेलहन वाली उत्पादनको अवस्था..**

| क.स | वाली विवरण | उत्पादन (क्विन्टलमा) |
|---|---|---|
| १ | तोरी, तोर, आलस | २८९ |
| २ | रायो, सर्स्यू | १०६ |
| ३ | सूयैमूखी | ० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यस नगरपालिकामा तेलहन वाली अन्तर्गत तोरी, तोर र आलसको उत्पादन अन्य साँहीं वर्गका वाली भन्दा राम्रो देखिएको छ । यसलाई अझ प्रतिशतको आधारमा देहायअनुसार वृत्त चित्रमा प्रस्तुत गरीएको छ ।

**वृत्त चित्र न.३४ :तेलहन वाली उत्पादनको अवस्था**




*श्रोत:पार्श्वचित्र २०७७/२०७८*

### ४.६.५. कृषिजन्य तरकारी वाली उत्पादनको अवस्था :

तरकारी खेती भित्र हाल मौसमी र वेमौसमी खेती प्रणाली विकाशसँगै नगदेवालीको रुपमा खेती लगाउने प्रचलन बढ्न थालेको छ । यस गाउपालिकामा तरकारी खेतीको अवस्था हेर्दा धेरै प्रकारका तरकारीहरुको उत्पादनको अवस्था राम्रो देखिन्छ। यहाका मानिसहरुले तरकारी खेतीवाट मनग्य आम्दानी गर्न सक्ने अवस्था पनि देखिन्छ। यस गाउपालिकाको दक्षिण भागमा अवस्थित एकदमै जनघनत्व भएको कटहरी गाउपालिका, पश्चिमी भागमा रहेको विराटनगर महानगरपालिका र दक्षिण तर्फ अवस्थित रहेको भारतको जोगवनिमा दैनिक रुपमा ठूलो मात्रामा तरकारी निकाशी गरी आम्दानी गर्न सक्ने अवस्था रहेको छ। मूख्य रुपमा यस सर्भेक्षणका क्रममा निम्न वालीहरुमा केन्द्रीत रहि तथ्यांक संकलन गरिएको थियो जसलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।


**तालिका न.५८: कृषिजन्य तरकारी वाली उत्पादनको विवरण**

| क.स | वाली विवरण | उत्पादन (मनमा) |
|---|---|---|
| १ | आलु | १५०१ |
| २ | प्याज | २७४ |
| ३ | लसुन | २६१ |
| ४ | टमाटर/गोलभेडा | ६६४२ |
| ५ | काउली | ३७४८ |
| ६ | मूला | ६४२ |
| ७ | तोरी | १४८ |
| ८ | वन्दा | २४८८५ |
| ९ | रामतोरी (भिण्डी) | १६१७ |
| १० | खुर्सानी | ६१४ |
| १३ | अन्य | ० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यस गाउपालिकाका सवै वडाहरुमा तरकारी वालीमा मूख्यतया: आलु , लसुन, रामतोरी ,प्याज, टमाटर जस्ता तरकारी वालीहरुको उत्पादनको अवस्था राम्रो देखिन्छ । यस तालिकामा देखाइएका तरकारी वालीहरुलाई प्रतिशतको आधारमा निम्न वृत्त चित्रमा समेत प्रस्तुत गरीएको छ ।

**वृत्त चित्र न.३५: कृषिजन्य तरकारी वाली उत्पादनको विवरण**




*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

### ४.६.६ कृषिजन्य उत्पादनमा फलफूल खेतीको अवस्था:

फलफूल खेती अन्तर्गत जहदा गाउपालिकामा मूख्य रुपमा केरा ,आँप, कटहर ,लिच्चि, जमुना, सरिफा, कागती, ज्यामीर जस्ता फलफूलहरुको उत्पादन राम्रो देखिएको छ । यहा तथ्यांक संकलन गर्ने क्रममा गत बर्षको उत्पादन भएर भित्रिसकेको वाली वा फलफूललाई मात्र यसले समेटेको छ । केराको उत्पादन मन वा क्विन्टलमा नहुने हुदा घरीमा उल्लेख गरीएको छ । यस गाउपालिकामा फलफूल उत्पादनको अवस्था देहाय अनुसार रहेको दृखिन्छ ।


**तालिका न.५९: फलफूल खेतीवाट भएको उत्पादनको विवरण**

| क.स | फलफूलवालीको विवरण | उत्पादन (घरी) र क्विन्टलमा |
|---|---|---|
| १ | केरा | २०० |
| २ | आप | २१८ |
| ३ | कागती | १२ |
| ४ | अम्वा | ५११२९ |
| ५ | अन्य | ० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथी दिइएको उत्पादन अनुसार यस गाउपालिकामा केरा घरीमा  घरी र अन्य वस्तु वा वालीहरुको उत्पादन क्विन्टलमा दिइएको छ । यसरी हेर्दा यस ठाउँमा आप, अम्वा र अन्य शिर्षकमा कटहर, लिच्चि, जमूना, सरीफा जस्ता फलफूलहरु समेटिएका छन् । यसलाई प्रतिशतको आधारमा देहाय अनुसार देखाइएको छ ।

**वृत्त चित्र न.३६: फलफूल खेतीवाट भएको उत्पादनको विवरण**




*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

## ४.७. वैदेशिक रोजगारीको अवस्था:

वैदेशिक रोजगारी हाम्रो देशको सन्दर्भमा आय आर्जनको प्रमुख स्रोतको रुपमा देखिन थालेको छ । नेपालवाट विशेष गरेर खाडी मूलुक लगायत भारत र अन्य पश्चिमा मूलुकहरुमा जाने र त्यहावाट विप्रेषणको रुपमा भित्रने पैसाले घरव्यवहार देखि लिएर ठूला-ठूला आर्थिक उपार्जनका क्षेत्रमा लगानी बढ्न थालेको छ । यसै सन्दर्भमा जहदा गाउपालिकामा पनि वैदेशिक रोजगार नै आफ्नो पेशा भएको बताउने युवा तथा युवतिहरुको जमात पनि निकै ठूलो देखिन्छ । यस गाउपालिकावाट वडा अनुसार देहाय बमोजिम महिला तथा पुरुष वैदेशिक रोजगारीमा गएको तथ्यांकले देखाउछ ।

**तालिका न.६०: वैदेशिक रोजगारीमा गएकाको वडागत विवरण**

| वडा न. | महिला | पुरुष |
|---|---|---|
| १ | ० | ३७ |
| २ | ० | २७ |
| ३ | ० | २२ |
| ४ | ० | ४५ |
| ५ | ० | ७४ |
| ६ | २ | १०२ |
| ७ | २ | ७१ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यस गाउपालिकावाट रोजगारीका लागी  विदेश जानेहरुको वडागत रुपमा जनसंख्या देखाइएको छ ।

### ४.७.१. रेमिटेन्स सम्वन्धी विवरण:

वैदेशिक रोजगारीमा जानेहरुले विभिन्न माध्यमवाट पैसा पठाउने गर्दछना् । विदेशमा मात्र नभएर स्वदेशकै कुनैपनि ठाउवाट यस ठाउमा पैसा भित्रिनुलाई रेमिटेन्स वाट आएको आम्दानी भनिन्छ । विदेशमा रहेका तथा स्वदेशमै भएकाले पनि आफ्ना आफन्तलाई पैसा कतिसम्म पठाउछन् भनेर यस अध्ययनमा ५ वटा स्तरहरु/अवस्थाहरु राखेर तथ्यांक लिइएको थियो जसलाइ निम्न तालिकामा देखाइएको छ ।

**तालिका न.६१: रेमिटेन्स सम्वन्धी विवरण**

| क.स | विवरण | पठाउनेको विवरण |
|---|---|---|
| १ | ५ लाख भन्दा कम | ३३४ |
| २ | ५ लाख देखि ७ लाख सम्म | २९ |
| ३ | ८ लाख देखि १० लाख सम्म | ३ |
| ४ | १० लाख भन्दा माथी | ० |
| ५ | पैसा नै पठाएको छैन | १६ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार विभिन्न वडावाट बाहिर गएका महिला तथा पूरुषहरुले बार्षिक सरदरमा करीब ५ लाख सम्म पठाउनेहरुको संख्या उल्लेख्य रुपमा रहेको देखिन्छ भने १० लाख भन्दा माथी पैसा पठाउनेहरु पनि यस गाउपालिकामा देखिदैन । यसैगरी नपठाउनेहरु जो हालसालै जानेहरु तथा अन्य विविध कारणले पैसा नपठाउनेहरु पनि रहेको माथीको तालिकामा रहेको देखिन्छ ।

## ४.८ सामाजिक सुरक्षा प्राप्त व्यक्तिको विवरण

संविधानको मूल भावना लोककल्याणकारिता र सामाजिक न्यायमा लक्षित रहेको छ । जसअनुरुप जोखिममा रहेक, अत्यन्त विपन्न र बहिष्करणमा परेका, वृद्ध असहाय, अपाङ्ग, एकल महिला, लोपोन्मुख आदिवासी, जनजाति तथा विपन्न नागरिकलाई जीविकोपार्जनमा आइपर्ने जोखिमको सामना गर्न सघाउ पुर्याउने उद्देश्यले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिएको छ । साथै सबै प्रकारको आम्दानीमा एक प्रतिशत सामाजिक सुरक्षा शुल्क असुल गरी बृहत् रुपमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न अवधारणा पनि अघि सारिएको छ, तर यसलाई कार्य रुपमा ल्याइसकिएको भने छैन । नेपालमा खाद्यान्नमा अनुदान (छानिएका दुर्गम जिल्ला) सम्बन्धीत कार्यक्रम, सामाजिक सहायता (वृद्ध भत्ता, एकल महिला भत्ता, अशक्त भत्ता, लोपेन्मुख आदिवासी भत्ता आदि) रोजगार सुरक्षा योजना, सार्वजनिक निर्माण कार्य (कामका लागि खाद्यान्न), कर्णाली विशेष कार्यक्रम, कर्मचारी सुरक्षा कार्यक्रम, सीप विकास कार्यक्रम, लक्षित कार्यक्रम, सामाजिक विकास कार्यक्रम, सामाजिक समावेशिता (आरक्षण र सकारात्मक विभेद) मार्फत सामाजिक सुरक्षाको सीमित प्रयोग भइरहेको छ ।

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ बमोजिम समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा, दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति, अशक्त, अपाङ्गता भएका नागरिकहरु एवंम दलित बालबालिकाहरुले सामाजिक सुरक्षा भत्ता वृत्ति अनुदान प्राप्त गर्नेछन् । नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ४३ मा सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था गरिएको छ । उक्त धारामा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लापोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्था बमोजिम यस गाउपालिकामा विभिन्न श्रेणीका व्यक्तिहरुलाई निम्न तालिका अनुसार सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ ।

**तालिका न.६२: सामाजिक सुरक्षा प्राप्त व्यक्तिको विवरण**

| वार्ड नं | ज्येष्ठ नागरिक | बिधवा | अल्पसंख्यक जनजाति | दलित ज्येष्ठ नागरिक | पूर्ण अपाङ्ग | आंशिक अपाङ्ग | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १५९ | ७१ | २ | ११ | १२ | ७ | २६२ |
| २ | १२६ | ११० | २ | १४ | ८ | ४ | २६४ |
| ३ | १२३ | ९४ | ० | १३ | ८ | ४ | २४२ |
| ४ | १३४ | ९३ | १ | ९ | ८ | ४ | २४९ |
| ५ | ११४ | १३० | १४ | १८ | १९ | १६ | ३११ |
| ६ | ७६ | ४९ | ० | १ | २ | २ | १३० |
| ७ | १२३ | १०२ | ३ | १६ | ६ | ४ | २५४ |
| **जम्मा** | ८५५ | ६४९ | २२ | ८२ | ६३ | ४१ | १७१२ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

## ४.९. विमाः

मानव समूदायको इच्छा आकांक्षा सुरक्षित भविष्यको कामना पनि हो। मनिसले आज जे काम गरी आय आर्जन गर्छ सो रकम उ भोलीका लागी समेत सुरक्षित पार्न चाहन्छ । यहा कुनै घर परिवार यस्तो पनि हुन्छ जुन भोलीको लागी सोच्दैन आज नै उसका लागी महत्व राख्दछ । यस्तो हुनु पनि यदाकदा अपवाद मात्र हो । अधिकांश घरपरिवार, समाज, गाउ, टोल सवैले भोलीका लागी सुख र दु:खमा केहि गरौं , आज जे भयो भोलीको लागी राम्रो होस् भन्ने कामना गरेको हुन्छ । विभिन्न खालका दुर्घटना वा भविष्यमा आइपर्ने भवितव्य घटनालाई मध्यनजर गर्दै विभिन्न रुप र स्वरुपमा व्यक्तिको घरको,पशुचौपायको, वालीनालिको आदी जस्ता कुराहरुरको विभिन्न पक्षको विमा गर्ने प्रचलन पाइन्छ । यस कारणकी भविष्यमा पर्नसक्ने घटनाहरुलाई हेरेर त्यसवापत हुने क्षतिलाई कमगर्न वा त्यसवाट सुरक्षित रहनका लागी विमा गरीने हो । यस गाउपालिकामा पनि स्वास्थ्य, जीवन विमा मानवहरुलाई लक्षित गरेर कति घर परिवारले गराएका रहेछन् भन्ने वारेमा तथ्यांक संकलन गरिएको थियो । यसवाट के देखिन्छ भने अहिलेको २१ औं शताब्दीमा आएर पनि मानिसले आफूमा आइपर्न सक्ने विभिन्न किसिमका दूर्घटनाहरु, रोगव्यधिहरु वाट पनि भवितव्य के पर्छ भन्ने आंकलन गर्न सक्दैन । यसै कुरालाई आधार वनाएर यस गाउपालिकाको सबै वडामा जीवन विमाहरुसँग सम्वन्धीत भइ तथ्यांक लिइएको थियो । जसलाई देहायको तालिकामा प्रस्तुत गरिएको थियो ।


**तालिका न.६३: वडा अनुसार विमा गरेकाको विवरण**

| वडा न. | विमा गरेको छ | विमा गरेको छैन | जम्मा |
|---|---|---|---|
| १ | २९८ | १०९० | १३८८ |
| २ | ३२१ | १०५३ | १३७४ |
| ३ | ४९४ | ९९६ | १४९० |
| ४ | ४९९ | ९११ | १४१० |
| ५ | ४२७ | ९४५ | १३७२ |
| ६ | २४० | ५०२ | ७४२ |
| ७ | ४९६ | ८६० | १३५६ |
| **जम्मा** | २७७५ | ६३५७ | ९१३२ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार विमा गर्ने घरपरिवार जम्मा जहदा गाउपालिकाको समग्र घरधूरी ९१३२ मध्ये २७७५ अर्थात ३०.३८ प्रतिशत घरधूरीले विमा गरेको र ६३५७ घरधूरी अर्थात ६९.६१ प्रतिशत घरधूरी विमाको दायरा भन्दा बाहिर रहेको बताएका थिए। वडागत रुपमा विमा गर्नेहरुको प्रतिशत निम्नानुसारको प्रतिशतमा देखाइएको छ।

**वृत्त चित्र न.३७: विमा गर्नेहरुको वडागत प्रतिशतको विवरण**




*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

## ४.१०. खेती गरिएको आधारमा घरधूरी विवरणः

कृषि प्रयोजनको जमिन भएका वा कृषि प्रयोजनका जमिन भोग चलन गर्ने घरधूरी संख्या का निमित्त कृषि प्रयोजनको जमिन नहुने भएपनि खेतीपाति नगर्ने परिवार संख्या तथा आफ्नो नभएइपनि अरुकोमा पनि कृषि कर्म गर्ने घरधूरी संख्या के र कस्तो रहेको छ भन्ने वारेमा यहा चर्चा गरिएको छ । सवै कृषि प्रयोजनको जमिन हुनेहरुले कृषि कर्म गरेका छैनन् भने कृषि प्रयोजनको जमिन नहुने परिवारले पनि अरुको जमिनमा खेतीपाति गरेका छन् । नेपालको संविधानको धारा ४३ को उपधारा ४ मा “ प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागी भूमिमा पहुच, परम्परागत रुपमा प्रयोग र अवलम्वन गरीएको स्थानीय विउ-विजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ ।” भनि उल्लेख गरीएको छ । मुलत यस तथ्यांकले कृषि प्रयोजनको जमिनको पूर्ण रुपमा सदूपयोग भई दिगो उत्पादनशील काममा प्रयोग भएको छ कि छैन भन्ने कुरालाई इङ्गित गर्दछ । पहिलो कुरा वास्तविक कृषि कर्ममा संलग्न परिवारले जमिनको परिवारले जमिनको सही सदूपयोग गर्न पाउनु पर्छ भने दोश्रो कृषि योग्य जमिनलाई जमिनको स्तर अनुसार वालीनालि लगाइ सदूपयोग गर्नु पर्दछ । असिंचित जमिनको क्षेत्रफल बढी हुनु र सींचित जमिनको सही र पूर्ण सदूपयोग नहुदा खाद्यान्न, तरकारी र अन्य कृषिजन्य उपजहरु ऋायात गनैुपर्नै हुन्छ जसले गर्दा परनिर्भराता बढेकोछ । तसर्थ गाउपालिकालाई कृषि र खाद्यान्न उत्पादनमा सवल वनाउन सके आर्थिक क्षेत्रमा उल्लेख्य सुधार भइ ाीर्यात प्रवर्द्धन गर्न सकिन्छ । अर्कोतर्फ सिचाइ सुविधा नपुगेको क्षेत्रमा सुविधा पुर्याउन पहल गर्नुपर्ने देखिन्छ । राष्ट्रिय रुपमा अधिकांश जनसंख्या कृषि क्षेत्रमा संलग्न भएको देखाए पनि गाउपालिकामा पहिलाको तुलनामा अहिले कृषिमा संलग्नहरुकोसंख्या कम देखिन्छ । कृषि प्रणलीमा रहेका समस्याहरु ज्स्तैः निर्वाहमूखी खेती, मल, विउ लगायतको समस्या, प्रविधिको समस्या, तालिम, वजारिकरण, भ०डारण तथा बजारमूल्यमा हुने अस्थिरता, कृषि विमा, ऋण आदीमा भएका समस्याका कारण कृषिमा आकर्षण भन्दा विकर्षण बढीरहेकोले क्रमशः तथ्यांक घटेको छ । यसका कारण कृषिमा अपेक्षाकृत आम्दानी नहनु र अन्य पेशा र रोजगारीका अवसरहरु समेत वृद्धि हुनुले गर्दा पनि यस्तो अवस्था आउको हो । तसर्थ वैज्ञानिक कृषि गुरु योजना निर्माण गरी कृषि उत्पादन दिगो रुपमा वृद्धि गर्न स्थानीय सरकार अग्रसर हुनुपर्ने देखिन्छ । यस अध्ययनका क्रममा गरिएको स्थलगत घरधूरी सर्भेक्षण गर्दा ९१३२ घरधूरी मध्ये कति घरधूरी आफ्नै जग्गा कमाउछन् ? कति घरधूरी अरुको जग्गा कमाउछन् कति घरधूरी खेतिपातिनै नगर्ने छन् भनि तथ्यांक संकलन गरिएको थियो । यसलाई वडागत रुपमा देहायको तालिकामा देखाइएको छ ।

| वाड. नं | खेती गर्ने | खेती नगर्ने |
|---|---|---|
| १ | ४१९ | ९६९ |
| २ | ४५४ | ९२० |
| ३ | ३२५ | ११६५ |
| ४ | ४६५ | ९४५ |
| ५ | ३७१ | १००१ |
| ६ | १६८ | ५७४ |
| ७ | ४१४ | ९४२ |
| जम्मा | २६१६ | ६५१६ |

## ४.१०. गरिवीको रेखामुनी भएका घर परिवारको विवरण

**विपन्नता सूचकाङ्क**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहकार्यमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले सामाजिक परिचालकहरुको लागि तयार पारेको हाते पुस्तिकाअनुसार विपन्नता सूचक भन्नाले:

१) ठूला पशुपाल्ने क्षमता र रोजगारका अवसर नभईदैनिक ज्यालादारीमा आधारित जीविकोपार्जन -(आर्थिक विपन्नताका कारण दैनिक ज्यालादारीमा काम गर्न वाध्य घर परिवार)

२) सार्वजनिक तथा व्यक्तिगत रुपमा छेउ लगाइएका वा सीमान्तकृत गरिएका -Marginalised वा भेदभाव गरिएका परिवार जस्तैः दलित ,जनजाति आदि । यसमा विशेष गरेर समाजमा पिछडिएका वर्गका घर परिवार पर्दछन् ।(तर स्पष्ट हुनुपर्ने कुरा के छ भने दलित तथा जनजाति भन्दैमा स्वत : विपन्न हुनेर अन्य जातजाति हुदैँमा स्वत : विपन्न नहुने भने होइन । यो त उनीहरुको सामाजिक , आर्थिक अवस्था र स्थितिको आधारमा बिचार गरी -Condition and position) निर्धारण गरिनुपर्ने कुरा हो ।

३) खाद्य अपर्याप्तता -(आफ्ना खेति/मुख्य आम्दानीबाट ३ महिनाभन्दा कम समयसम्म मात्र खान पुग्ने वा ३ देखि ६ महिनासम्म मात्र खान पुग्ने विपन्न घर परिवार । यस अन्तर्गत त्यस्ता घर परिवारहरु पर्दछन् जसले बाँकी अवधिको लागि ज्याला मजदुरी गरेर गुजारा गनुपर्ने हुन्छ ।

जुटाउन असक्षम परिवार  सूचकाङ्कको विवरण  हेदा गाउपालिकामा रहेको कुल ९१३२ घरपरिवारहरु मध्ये ६७९ अर्थात ७.४३ प्रतिशत परिवार कमजोर अवस्थामा रहेको देखिन्छ जसमध्ये ३१८ अर्थात ६.९६ प्रतिशत परिवार एकदम कमजोर अवस्थामा रहेको देखिन्छ । अझ विस्तृत रुपमा यसलाई  आफ्नै वार्षिक आम्दानीले खान पुग्ने र नपुग्ने परिवारका आधारमा वडागत विशलेष्ण गरिएको छ ।

### ४.१०.१: आफ्नै वार्षिक आम्दानीले परिवार धान्न पुग्ने महिनाको आधारमा परिवारको विवरण

नेपाल सरकार तथा विश्व खाद्य कार्यक्रम अन्तर्गत नेपालमा विगतका तथ्याङ्क हेर्ने हो भने नेपालमा गरिवीको रेखामूनि भएका जनसंख्या झण्डै सम्पूर्ण जनसंख्याको एक चौथाई अर्थात २५% जनसंख्या गरिवीको रेखामूनी रहेको पाईन्छ । यस तथ्यांक लाई नेपालका विभिन्न क्षेत्रमा कार्यरत संघ-संस्थाहरुले आ-आफ्नो ढङ्गबाट हेर्ने तथा विश्लेषण गर्ने गरेको पाइन्छ । संयुक्त राष्ट्रसंघको गरिवी निवारण सम्वन्धी तथा मानव विकाश सूचाङ्कमा विश्वको अति कम विकशित देशको तुलनामा नेपाल अति पिछडीएको गरिव तथा प्रतिव्यक्ति आय कम भएको राष्ट्रको रुपमा देखाइएको छ । विश्व वैकंको गरिवी निवारण सम्वन्धी कार्यक्रम अन्तर्गत नेपालमा २५.२ प्रतिशत नेपालीहरु अति विपन्न वर्गका भनि विश्लेषण गरेको प्रतिवेदनहरु पाइन्छ । नेपाल सरकारले सन २०११ मा तयार पारेको प्रतिवेदनमा २५ प्रतिशत जनसंख्या गरिवी तथा खाद्य समस्यामा जुधिरहेको उल्लेख छ ।

नेपालको सन्दर्भमा गरिवी निवारण सम्वन्धी तथ्यांकहरु विभिन्न संघ-संस्थाहरुले आ-आफ्नो कार्यक्रम अनुसार प्रक्षेपण गर्ने गरेका उदाहरणहरु पाइन्छ । विभिन्न रुपमा यसरी आ-आफ्नै ढंगवाट गरिवीको अवस्था निर्क्योल गर्ने गर्दा तथ्यांक फरक-फरक पर्न जान्छ । यस्तो अवस्था आउनु भनेको गरिवीको निर्क्योल गर्नका लागि अन्तराष्ट्रिय स्तरमा मान्यता पाएका सूचाङ्कहरुको फरक-फरक परिवेशले जनाउने गर्दछ । जस्तो की, कुनै कार्यक्रममा जनसंख्याको पेशालाई तथा उनिहरुको बार्षिक आम्दानीलाई आधार बनाई गरिवीको अवस्था निर्धारण गरिन्छ भने कसैले खाद्यान्नको पर्याप्तताको आधारमा पनि हेर्ने गरिन्छ जसले गर्दा फरक-फरक तथ्यांकहरु आउने गरेको पनि पाइन्छ । यसै गरी हाल आधूनिक

युगमा हाम्रा पूराना गरिवी निर्धारण गर्ने सूचाङ्कहरुमा निर्भर भएका कारणवाट पनि तथ्यांकमा फरक-फरक अवस्था आउने गरेको पाइन्छ ।

यस अध्ययनमा जहदा गाउपालिकामा गरिवीको अवस्था हेर्नको लागि मूख्य रुपमा प्रति परिवारको कृषि योग्य जग्गा-जमिनको अवस्था, रोजगारीको अवस्था, बार्षिक आम्दानी तथा खर्चको विवरणको अवस्था जस्ता सूचाङ्कहरुको आधारमा तथा घर परिवारमा भएका आर्थिक पक्ष सवल बनाउने अचल सम्पत्तिका आधारमा पनि व्याख्या र विश्लेषण गरीएको छ । यसवाट आफ्नो बार्षिक आम्दानीले १२ महिनामा ३ महिना सम्म खान पुग्ने, ६ महिनासम्म खान पुग्ने, ९ महिनासम्म खान पुग्ने र १२ महिनासम्म खान पुग्ने परिवार भनि विश्लेषण गर्न सकिनेछ । यसलाई तलको तालिकामा अझ विस्तृत रुपमा देखाइएको छ ।

**तालिका न.६४: आफ्नै वार्षिक आम्दानीले परिवार धान्न पुग्ने महिनाको आधारमा परिवारको विवरण**

| वाड न. | ०-३ महिना | ४-६ महिना | ७-९ महिना | १०-११ महिना | खान पुगेर संचित हुने |
|---|---|---|---|---|---|
| १ | ४० | २६ | ३३ | ६० | १२२९ |
| २ | ३३ | १८ | ५३ | ३६ | १२३२ |
| ३ | २६ | ४० | ९४ | १७ | १३१३ |
| ४ | १० | २७ | ५६ | २४ | १२९३ |
| ५ | १० | २५ | ३५ | ३ | १२९९ |
| ६ | २ | ९ | ५४ | ३ | ६७४ |
| ७ | १३ | ३९ | ३६ | १० | १२६० |
| | १३४ | १८४ | ३६१ | १५३ | ८३०० |

*श्रोत: पार्श्वचित्र २०७६/२०७७*

यस गाउपालिकामा रहेका कुल ९१३२ घरधुरीहरु मध्ये आफ्नै वार्षिक आम्दानीले बाह्र महिनाभन्दा माथि धान्नेको परिवार संख्या ८३०० अर्थात ९०.८८ प्रतिशत देखिन्छ, त्यसैगरी ९ देखि ११ महिनासम्म धान्न पुग्ने परिवार संख्या १५३ अर्थात् १.६७ प्रतिशत, ७ देखि ९ महिनासम्म धान्न पुग्ने परिवार संख्या ३६१ अर्थात् ३.९५ प्रतिशत, ४ देखि ६ महिनासम्म धान्न पुग्ने परिवार संख्या १८४ अर्थात २.०१ प्रतिशत र ० देखि ३ महिनासम्म धान्न पुग्ने परिवार संख्या १३४ अर्थात १.४६ प्रतिशत देखिन्छ ।

## ४.१०.२ कुल वार्षिक आम्दानीले परिवार धान्न नपुग्ने परिवारले नपुग अवधिको लागि घर धान्न गरेको अन्य व्यवस्थाको आधारमा परिवारको विवरण

| वाड न. | संचित सम्पत्ति प्रयोग गरेर | उधारो र बाँकि लिएर | ऋण लिएर | अचल सम्पत्ति बेचबिखन गरेर | सर सापट र ऐचोपैचो लिएर | ज्याला मजदूरी गरेर | घरायसी सरसामान विक्री वितरण गरेर ९ घर को रेडियो, टिभी, मोबाइल, खाट,पलंग आदि |
|---|---|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ० | ० | ३ | ० |
| २ | ० | ११ | ३८ | ० | ३ | २४ | ० |
| ३ | १ | २२ | ६८ | १ | २ | ७८ | ० |
| ४ | ० | १० | ४६ | १ | ५ | ४८ | ० |
| ५ | ० | ११ | २९ | ० | ० | ३३ | ० |
| ६ | ० | ४ | ११ | १ | ४ | ४२ | ० |
| ७ | ० | ९ | ५३ | ० | ० | ३४ | ० |
| | १ | ६७ | २४५ | ३ | १४ | २६२ | ० |

गाउपालिकामा रहेको ८३२ घर परिवारहरुको वार्षिक आम्दानीले परिवार धान्न नपुग्ने देखिन्छ । यसरी अपुग हुदा उनीहरुले अन्य विभिन्न माध्यमबाट त्यसको गर्जो टार्ने गरेको पाइयो जसमध्ये सबैभन्दा बढी २६२ घर परिवारहरु अर्थात ३०.७६ प्रतिशतले दैनिक ज्याला मजदुरी गरेर बिहान बेलुकाको छाक टार्ने गरेको पाइयो र २४५ घर परिवार अर्थात २९.४४ प्रतिशतले ऋण लिने गरेको पाइयो ।

## ४.११. सुकुम्वासीको अवस्था:

यस गाउपालिकाका सवै वडाहरुमास्थाई रुपमा बसोवास गरेका घरधूरीहरुमध्ये कति घरमा घरधूरी यस्ता छन् जुन घरधूरीको आफ्नो नाममा जग्गा जमिन तथा घरघडेरी केहि पनि नभएको अवस्था छ । यस्ता आफ्ना नाममा नेपाल अधिराज्य भरीमा कहि कतै खेतीयोग्य जमिन, घरघडेरी पनि नभएको तथा मालपोत कार्यालय बाट दिइने लालपूर्जा/धनीपुर्जा नभएको घरपरिवारलाई सुकुम्वासी भन्ने गरेको छ । यस गाउपालिकामा आफ्नो नाममा जग्गा र जमिन नभए पनि उनिहरुको आम्दानीको बाटो ज्याला मजदूरी, अर्काको घरमा काम गर्ने कामदार तथा अन्यको खेतीपाति अधिया, ठेक्का तथा बन्धकी रुपमा गर्ने र त्यसको उत्पादनवाट आफ्नो गर्जो टार्ने गरेको वताएका स्थलगत अध्ययनको कममा पाइएको थियो । सुकुम्वासीहरुको वास्तविक संख्या निकाल्नु भनेको सर्भेक्षणको सवैभन्दा ठूलो चूनौति हो । यति हुदा हुदै पनि विभिन्न सूचांकहरुको आधारमा गाउपालिकाको वडागत रुपमा निम्नानुसारको विवरण देखाइएको छ ।

**तालिका न.६५: सुकुम्वासी र जग्गा धनिको विवरण**

| वडा न. | जग्गा जमिन हुने | जग्गा जमिन नहुने | जम्मा |
|---|---|---|---|
| १ | ८५३ | ५३५ | १३८८ |
| २ | ७७१ | ६०३ | १३७४ |
| ३ | ८७४ | ६१६ | १४९० |
| ४ | ८१८ | ५९२ | १४१० |
| ५ | ७२६ | ६४६ | १३७२ |
| ६ | ४१२ | ३३० | ७४२ |
| ७ | ७३८ | ६१८ | १३५६ |

*श्रोतः पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार जहदा गाउपालिकामा जग्गा जमिन नहुनेहरुको संख्या उल्लेख्य रुपमा रहेको देखिन्छ । यस क्षेत्रमा सुकुम्वासीहरुको बाक्लो वस्ती हुनुमा मूख्यतया यस क्षेत्र पर्ति जग्गा, ऐलानी जग्गा, गूठीको जग्गा भएका कारण र दैनिक ज्यालादारीमा काम गर्ने प्रयाप्त अवसर हुने  देखेका कारणले यस क्षेत्रमा सुकुम्वासीहरुको उपस्थिति उल्लेख्य रहेको देखिन्छ । साथै घरायसी व्यवहारको कारणवाट अंशवण्डा नपाएकाहरुको पनि संख्या यस तालिकामा देखिएको छ । यस क्षेत्रमा खोला, बगर तथा नहरका डिलहरुमा पनि खाली जमीनमा वस्ति बसेको देखिन्छ ।

**तालिका न.६६: जग्गा जमिन नहुनुका कारणहरु**

| वाड न. | ऐलानी पर्ती जग्गा | प्राकृतिक प्रकोप | भएको सम्पति सबै बेचबिखन गरेकोले | अंस नपाएकोले | सुकुम्बासी भएकोले | बैंक बाट निलामी भएकोले | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | १९५ | १२ | ४ | १११ | २१२ | ० | १ |
| २ | २४० | ९ | ५ | १२३ | २२५ | १ | ० |
| ३ | १६६ | ० | ६ | १६१ | २६५ | २ | १६ |
| ४ | १८२ | २ | १ | १४८ | २५९ | ० | ० |
| ५ | १९९ | ० | २ | १३६ | ३०८ | ० | १ |
| ६ | ४७ | ५ | ० | ८७ | १८९ | ० | २ |
| ७ | १४४ | ० | १ | १९७ | २७५ | ० | १ |
| | ११७३ | २८ | १९ | ९६३ | १७३३ | ३ | २१ |

*श्रोतः पार्श्वचित्र २०७७/२०७८*

माथिको तालिका अनुसार यस गाउपालिकामा जग्गा आफ्नो नाममा नहुनुका कारणहरुलाई हेर्दा सवैभन्दा धेरै ऐलानी, पर्त्ती जग्गा भएकाले देखिन्छ । यस्तो घरपरिवार ११७३ अर्थात जम्मा घर संख्याको १९.४४ प्रतिशत देखिन्छ । त्यस्तै दोस्रो कारण सुकुम्बासी भएकाले १७३३ घर परिवार अर्थात १८.९७ प्रतिशत देखिन्छ र ९६३ अर्थात १०.५४ प्रतिशत अंस नपाएकाले जग्गा आफ्नो नाममा नभएको देखिन्छ ।

## ४.१२.कृषि उपजमा लाग्ने रोग किरा सम्वन्धी जानकारी विवरण:

जहदा गाउपालिकामा कृषि र पशुपालन सँग सम्वन्धीत विभिन्न उत्पादनहरुको कुरा माथी नै गरीसकिएको छ । कृषि तथा पशुपंक्षीपालन गर्दा के कस्तो रोग र किराहरुको प्रकोप यस ठाउमा रहेको छ भन्ने वारेमा विवरणहरु दिइएको छ । यस क्षेत्रमा देखा पर्ने यस्तो रोग तथा किराहरुको विवरण वाली अनुसार फरक-फरक हुन सक्दछन् । यस क्षेत्रमा कृषि उत्पादनमा धान, गहु, मकै, कोदो, तेलहन,दलहन, तरकारी र फलफूल आदी नै मूख्य रुपमा रहेको छ । सामान्यतया धानमा ब्लाष्ट, खैरोथोप्ले, फेद कुहिने रोगहरु देखा पर्दछन् भने गहुमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाँठ वा घोगा कुहिने र तरकारी आलु लगायत सागपातहरुमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया,कवरट र जरा कुहिने जस्ता रोगहरु मूख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेष गरेर कोत्रे,सेतोधूले, भोजक पात गुज्जमुज्ज हुने, जरा कुहिने, ओइलाउने आदी रोगहरुको प्रकोप देखिने गरेको छ । मूख्य वालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण जिल्ला कृषि कार्यलय मोरङ बाट प्राप्त भएको अनुसार देहाय बमोजिम रहेको छ ।

**तालिका न.६७: वालीमा लाग्ने रोगको विवरण**

| क.स | वाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो,पतेरो, ढुगे किरा, कटओर्म आदी | वि.एल.वि.ब्लास्ट,ब्राउन लिफ स्पट आदी |
| २ | गहु | गवारो,वायर वर्म, लाही आदी | सिन्दुरे,कालोपोके आदि । |
| ३ | मकै | गवारा, वायर वर्म | घोगा कुहिने,पात डढ्ने, जरा कुहिने आदी । |
| ४ | आलु | पि.टी.एम, लाही,पात खाने लाभ्रे किरा | ढुवा,मोजाइफ, खैरो पिप, चक्के आदी । |
| ५ | काउली, वन्दा | डाइमण्ड एण्ड क्याक मोथ,टोवाको क्याटरपिलर, लाही, उफ्ने फड्के आदी । | सफ्ट रट, अल्टरवेरीया,क्लव ख्वटडेम्पीङ् अफ, क्लव रुट आदी । |
| ६ | गोलभेडा | टुटायप्सूलुटा, सेतो झिँगा, लाही, फुलको गवारो, पतेरो आदी । | उडुवा-अगौटे ,पछौटे, औइलाउने, मामाजाइक आदी । |
| ७ | रायो | डाइमण्ड ब्याक मोथ, टोवाको क्याटरपिलर, लाही, उफ्ने फड्के आदी । | सफ्ट रट, ब्लाक रट, अल्टरवेरिया, क्लव रुट, डेम्पीङ्ग रुट आदी । |

*श्रोत: जिल्ला कृषि विकाश कार्यलय मोरङ, २०७७/०७८*

माथीका रोगव्याधिहरु साधारणतया सवैतिर एक समान नदेखिने पनि हुन सक्दछन् भने कुनै-कुनै रोगहरु एकैपटक सवैतिर देखिने पनि हुन सक्छ । त्यसैले हिमाल , पहाड र तराईमा देखिने रोगहरु प्राय अवस्था अनुसार फरक-फरक पनि पर्ने गर्दछ । तराईमा विशेष गरी निम्नानुसार का रोग र किराहरुले बढी असर पुर्याएको देखिन्छ । जसलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.६८: तराईका कृषि वालीमा लाग्ने रोग किरा सम्वनधी विवरण**

| तरकारी वालीमा लाग्ने रोगको नाम | फलफूल खेतीमा लाग्ने रोगको नाम | दलहन वालीमा लाग्ने रोग किराको नाम | खाद्यान्न वालीमा लाग्ने रोग किराको नाम | द्यलहन वालीमा लागनेरोग किराको नाम |
|---|---|---|---|---|
| ओइलाउने रोग | ऐन्थ्रक्नोज | डडुवा | डडुवा | डडुवा |
| अल्टरवेरिया | सेतो ढुसी | ब्लाट | खैरो थोप्ले | - |
| क्लब रट | डाइव्याक | - | कालोपोके र सिन्दुरे | - |
| ड्याम्पिङ् अफ | जरा कुहिने | - | डाठ र घोगा कुहिने | - |
| जरा कुहिने | ओइलाउने | - | कालोपोके | - |

*श्रोत: जिल्ला कृषि विकाश कार्यलय मोरङ्, २०७७/०७८*

## ४.१३. पशुपंक्षीपालनः

जहदा गाउपालिकामा विशेष गरी गाईगोरु, राँगा, भैसी, बाखा,कुखुरा, हाँस, सुगुर आदीनै यहाका प्रायजसो घरपालुवा जनावरहरु हुन् । यसवाट नगरवासीहरुको जीविकोपार्जनमा उल्लेख्य सूधार भइरहेको छ । पशुजन्य उत्पादनहरु जस्तै दूध, दहि, घ्यू तथा मासुका लागी कुखुरा, बंगुर, खसी लगायतको बिकि बाट आम्दानी बढेको देखिन्छ । यहा डेरी उद्योगहरु, व्यापारिक फार्महरु, गाई,भैसी र कुखुरा फार्म लगायत कृषिजन्य उद्योगहरु एकदमै कम मात्रामा रहेका छन् । त्यसैगरी भेटेनरी सेवा पनि यस गाउपालिकामा उपलव्ध रहेको छ ।

यस गाउपालिका भित्र के र कस्ता पशुपंक्षीहरु पालिएका छन्र तिनीहरुको संख्या कति छ भन्ने बारेमा यस अध्ययनका कममा तथ्यांक संकलन गरीएको थियो । विविध जातका उन्नत र स्थानीय जातका पशुपंक्षीहरुको पालन गर्ने गरेको र एकाध ठाउमा उन्नत स्तरमा व्यवसायिक फार्मकै रुपमा विकाश हुदै गएको पनि स्थलगत सर्भेक्षणका कममा पाइएको थियो । यस गाउपालिकामा विविध जातका पशुचौपाय र पंक्षीहरु पलेर यहाका वासिन्दाहरुले राम्रै आम्दानी पनि गरेको देखिन्छ । गाउपालिकाका ११ वटा वडाहरुमा के र कस्ता पशु तथा पंक्षीहरु कति संख्यामा पालेका रहेछन् भन्ने विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका न.६९: पशुपंक्षीहरुको विवरण**

| क.स | पशुपंक्षीहरुको विवरण | जम्मा संख्या |
|---|---|---|
| १ | गाई गोरु | १०४७० |
| २ | भैसी/रागा | १२२९ |
| ३ | घोडा/खच्चड/गधा | ८४ |
| ४ | बाखा/पाठा | १३६७४ |
| ५ | कुखुरा | ८१०० |
| ६ | हाँस | २९३८ |
| ७ | सुगुर बंगुर | ४४० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

### ४.१३.१ पशुनश्लः

जहदा गाउपालिकामा पालन गरीने मूख्य पशुपंक्षीहरुमा गाई,भैसी,खसी,बोका,कुखुरा र हाँस लगायतका रहेछन् । सामान्यतया व्यावसायिक पशुपंक्षीपालनको विकाश सँगै वर्णशंकर तथा उन्नत जातका पशुहरु यदाकदा पाल्ने गरेको पाइन्छ । गाई भैसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखा र सुगुरबंगुर तर्फ उन्नत जातका भालेसँग प्रजजन गराउने परिपाटि बिस्तारै बसेको हुदा यी जातका जनावरहरुमा वर्णशंकरको संख्या पनि बढ्दो छ । तथापि बँधूवा पशुपालन पद्धतिको कमी, कमजोर पशुस्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालन सम्वन्धी प्राविधीक ज्ञान तथा चेतनाको अभावको कारण वर्णशंकर बाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरुले अपेक्षाकृत बढी उत्पादन दिने जनवारहरुको आहार खाइदिने हुदा सवै न्यून उत्पादक जनावरहरुलाई हटाएर उन्नत जातको जनावर किनेर पाल्दा उचित हुन्छ । तसर्थ नश्ल सूधार मार्फत नयाँ जन्मिएका जनावरका बच्चाहरु भविष्यको राम्रो माउमा विकशित गर्ने कुरालाई मध्यनजर गरी थप कार्यक्रमहरु संञ्चालन गर्नु आवश्यक छ । विगतका बर्षहरुमा गाउपालिकाले पशुपंक्षीपालनको क्षेत्रमा के र कस्ता कार्यक्रमहरु गरेको छ त्यसको मूल्यांकन गर्नु जरुरी छ । जसले गर्दा पशुपंक्षी उत्पादनमा परिमाणात्मक विकाश सम्भव छ । तर हालको परिमाणात्मक विकाशको गती सुस्त छ । पशुपंक्षीपालनको क्षेत्रमा क्रमिक रुपमा रुपमा व्यावसायिकता ल्याउन, पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागी उद्योग स्थापना गर्न सकेको खण्डमा यस गाउपालिकाको विकाशमा टेवा पुग्ने देखिन्छ । पशुपालन सँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्यून हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा व्यावसायिकरण हुन नसक्नु, पशुपालन क्षेत्रमा पूँजी लगानीको आकार धेरै सानो हुनु तथा आमजनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदी कारणले गर्दा पशुपालन क्षेत्रवाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

### ४.१३.२ पशुपंक्षीमा लाग्ने रोगहरुः

कृषकहरुको सहायक आम्दानीको स्रोत को रुपमा रहेको पशुपंक्षीहरुको पालन यस गाउपालिकामा कम मात्रामा देखिन्छ । यसलाई मूख्य आम्दानीको श्रोतको रुपमा विकाश गर्नु पनि आजको आवश्यकता हो । यसका लागी यस क्षेत्रका रोगव्याधी तथा व्यवसायिकता र जनचेतनास्तरमा काम गर्नु जरुरी देखिन्छ । पशुपालन विशेष शिक्षाको कमीका कारणले यो व्यवसाय पछाडी परिरहेको छ । नगरपालिकामा देखिने पशु रोगहरुमा रेवीज, खोरेत,पिपीआर, स्वाइन फिवर, भ्यागुते,चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजजन सम्वन्धी जुका पर्दछन् । खोरेत,पिपीआर, स्वाइन फिवर जस्ता अत्यन्त संक्रमणजन्य रोगका प्रकोप पनि यस नगरपालिकामा रहेको पाइन्छ । यसको कारण हेर्दा पशुको अवाञ्छित आवत-जावत तथा आयात, दयनिय व्यवस्थापन , खोप लगाउनु पर्छ भन्ने चेतनाको कमी आदी मान्न सकिन्छ ।

गाउपालिकामा मौसम अनुसार लाग्ने विभिन्न रोगहरुले वेलावेलामा धेरै नै ठूलो क्षति पुर्याउने गर्दछ । जसको कारण पशुपंक्षीजन्य व्यवसाय र उत्पादिनमा ठूलो असर पुर्याउने गरेको छ । यस्ता रोगव्यधीलाई कतिपयले घरमै त कतिपयले भेटेनरी सँगै उपचार गराउने गर्दछन् । यस क्षेत्रमा देखापर्ने रोगलाई तलको तालिकामा उल्लेख गरिएको छ

**तालिका न.७०: पंक्षीमा लाग्ने रोग**

| क.स | पंक्षीमा लाग्ने रोगहरु |
|---|---|
| १ | रानीखेत |
| २ | गमबोरे |
| ३ | सि.आर.डि |
| ४ | कक्सीडियोसिस |
| ५ | वर्डफ्लु |

*श्रोतः पशुसेवा कार्यलय मोरङ,२०७६/७७*

यसैगरी जहदा गाउपालिका लगायत तराई तिर साधारणतया सबै ठाउमा पाइने पशुहरुमा देखिने वन लाग्ने रोगहरुमा निम्न तालिकामा दिए अनुसार कै देखिन्छ । जहदा गाउपालिका भित्र त्यस्तो छुटै र अन्यत्र नपाइने खालका रोगव्याधी देखिएको छैन ।

**तालिका न.७१: पशुमा लाग्ने रोग**

| क.स | गाईवस्तु, भैसीमा | बाखा, खसीबोका | सूगुर बंगुर |
|---|---|---|---|
| १ | भ्यागुते | पि.पि.आर | स्वाइन फिवर |
| २ | चरचरे | इन्टेरियो टक्सिमीमा | स्वाइन फ्लु |
| ३ | पटके | कुमरी | |
| ४ | खोरेत | | |

*श्रोत: पशुसेवा कार्यलय मोरङ,२०७६/७७*

## ४.१४. बैक तथा वित्तिय संस्था :

गाउपालिका व्यापार उद्योगमा लगानी गर्न वित्तिय संस्थाहरुमा 'क' तथा 'ख' वर्गका बैक र 'घ' वर्गको लघुवित्तीय संस्थाहरुले सेवा पुर्याइरहेका छन् । गाउपालिकामा यि संस्थाहरु मार्फत कर्जामा समेत लगानी हुने गरेको छ । यस बाहेक गाउपालिकामा संञ्चालित अन्य बैक तथा वित्तीय संस्थाहरुले पनि कर्जा उपलव्ध गराउदै आएका छन् भने गाउवासीहरुको रकमलाई समेत निक्षेपको रुपमा स्विकार गरी बचत पनि गर्दै आएका छन् । यस गाउपालिकामा ..वटा वित्तीय संस्थाहरु संञ्चालनमा रहेका छन् । यी संस्थाहरुको लगानी मूख्य क्षेत्रको रुपमा व्यापार, कृषि, उद्योग आदी रहेका छन् । गाउपालिकामा यसरी संञ्चालित वित्तीय संस्थाहरु देहाय अनुसार छन् ।

**तालिका न.७२: वित्तीय संस्थाको विवरण**

| क.स | वित्तीय संस्था |
|---|---|
| १ | जीवन विकास समाज |
| २ | फरवार्ड माइको फाइन्यान्स |
| ३ | नेशनल माइको फाइन्यान्स |
| | |

*श्रोत: गाउपालिका कार्यलय २०७७*

### ४.१४.१. सहकारी संस्थाको विवरण:

गाउपालिकाको आर्थिक तथा सामाजिक विकाशमा हा रहेका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउपालिका बाहिर जान बाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरीरहेका छन् । सहकारी संस्थाप्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुदा वित्तीय क्षेत्रमा यहाका जनताको पहुच पनि बढेको छ । गाउपालिकाको उद्योग र व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि उत्पादन र बहुउद्देश्य आदी प्रकृतिका सहकारी संस्थाहरुवाट कर्जा लगानी हुने गरेको छ । साथै यी संस्थाहरुले नियमित रुपमा सदस्यहरुवाट बचत संकलन पनि गर्दै आएको देखिन्छ । यस नगरपालिकामा रहेका सहकारी संस्थाहरुको विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका न.७३: सहकारी संस्था सम्वन्धी विवरण**

| क.स | सहकारीको नाम | ठेगाना |
|---|---|---|
| १ | मानव विकास बचत तथा ऋण सहकारी संस्था लि. | |
| २ | भाथिगछ महिला बचत तथा ऋण सहकारी संस्था लि. | |
| ३ | मालती महिला बचत तथा ऋण सहकारी संस्था लि. | |
| ४ | आधुनिक बचत तथा ऋण सहकारी संस्था लि | |
| ५ | शिशवनी जहदा नारी बचत तथा ऋण सहकारी संस्था लि | |
| ६ | सन्देस बचत तथा ऋण सहकारी संस्था लि | |
| ७ | जीवन सुधार बचत तथा ऋण सहकारी संस्था लि | |
| ८ | प्रकाश बचत तथा ऋण सहकारी संस्था लि | |
| ९ | जनसेवा बचत तथा ऋण सहकारी संस्था लि | |
| १० | मा भगवती बचत तथा ऋण सहकारी संस्था लि | |
| ११ | अटुट बचत तथा ऋण सहकारी संस्था लि | |
| १२ | कलश बचत तथा ऋण सहकारी संस्था लि | |
| १३ | उपमा समृद्धि बचत तथा ऋण सहकारी संस्था लि | |
| १४ | जितीया समृद्धि बचत तथा ऋण सहकारी संस्था लि | |
| १५ | उत्सव कृषि सहकारी संस्था लि. | |
| १६ | बुधनगर कृषि सहकारी संस्था लि. | |
| १७ | जगदम्बा कृषि सहकारी संस्था लि. | |
| १८ | प्रशंसा कृषि सहकारी संस्था लि. | |
| १९ | प्रसिद्ध महिला बचत सहकारी संस्था लि | |
| २० | सिसबनी जहदा नारी वचत तथा सहकारी संस्था लि. | |
| २१ | किसान विकास बचत तथा ऋण सहकारी संस्था लि | |

*श्रोत: गाउपालिका कार्यलय २०७७*

# परिच्छेद-५ सामाजिक पूर्वाधार

यस परिच्छेदमा शिक्षा,स्वास्थ्य तथा मानव संसाधन क्षेत्रसँग सम्वन्धीत विवरणहरु समावेश गरी ति क्षेत्रहरुका तथ्यांकहरुलाई विश्लेषण गरिएको छ ।

## ५.१ शिक्षा - (पृष्ठभूमि)

नेपाललाई अल्पविकशित राष्ट्रको सूचीवाट मुक्त गराई विकासोन्मूख राष्ट्रको सूचीमा समावेश गराउन एवं दिगो विकाशका लक्ष्य अनुरुप समावेशी र समन्वय मा आधारीत शिक्षा सवैमा पुर्याउने संविधान प्रदत्त अधिकार सुनिश्चित प्रतिवद्धता सहित शिक्षा प्रणालीलाई आर्थिक सामाजिक संवाहकको रुपमा विकाश गर्ने सवै तह एवं विधाको शिक्षामा समतामूलक पहुच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मूख बनाउने, गुणस्तरमा सूधार एवं व्यवस्थापकिय क्षमता अभिवृद्धि गरी आर्थिक सामाजिक विकाशका लक्ष्यहरु हासिल गर्ने तर्फ राष्ट्रिय शिक्षा नीति र कार्यक्रमहरु लक्षित (०७३/०७४-०७५/०७६) आवधिक यो

विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकाशको सूचांकको रुपमा लिइन्छ । यसै शिलशिलामा यहा जहदा गाउपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ । विकाशको आधाशिला भनेकै शिक्षा हो । शिक्षाको माध्यमवाट व्यक्तिमा अन्तरनिहित प्रतिभाको विकाश हुन गई समग्र समाज राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ । सचेत, अनुशासित तथा उत्पादनशील जनशक्ति निर्माणको लागस् शिक्षा क्षेत्रको नै सर्वोपरि भूमिका रहने हुन्छ । योजना निर्माणमा गरिवी निवारण तथा चौतर्फि विकाशका लागी शिक्षा क्षेत्रलाई मानव संशाधन विकाशको एक सशक्त माध्यमको रुपमा अवलम्वन गरिएको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३१ म शिक्षा सम्वन्धी हकमा देहाय बमोजिमको व्यवस्था गरिएको छ ।

- *प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा पहुचको हक हुनेछ ।*
- *प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क पाउने हक हुनेछ ।*
- *अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।*
- *दृष्टिविहिन नागरिकलाई ब्रेललिपी तथा बहिरा र स्वर वोलाई सम्वन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यम बाट कानून बमोजिम निशुल्क शिक्षा पाउने हक हुनेछ ।*
- *नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समूदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागी विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संञ्चालन गर्ने हक हुनेछ ।*

संविधान तथा योजनाका ठूला-ठूला बहस भएतापनि शिक्षाको हकमा विश्वको सामू तुलनात्मक अध्ययन गर्दा उल्लेखनिय विकाश भने भएको देखिदैन । शिक्षाले ज्ञान र सीपको प्रयोगात्मक परिवर्तन ल्याउने, पिछडीएको, विपन्न तथा अभावग्रस्त वर्गको पक्षपोषण गर्ने, अवोध वालवालिका एवं आवाजविहिनका पक्षमा रही देशलाई समृद्ध बनाउने परिकल्पनालाई साकार पार्नु पर्दछ । देशका लागी आवश्यक नेतृत्वदायी क्षमताको विकाश, अथक रुपमा सिक्ने र सिकाउने प्रवृत्ति, समाजिक र मानवीय मूल्य मान्यता र आत्मश्विास जस्ता आधारभूत समग्र पक्षको विकाश गर्न सघाउनुनै गुणस्तयि शिक्षाको विशेषता हो । यस्तो शिक्षामा विश्लेषणात्मक र मौलिक सोचको पर्याप्तता हुनु पर्दछ । निर्दिष्ट सिकाइमात्र स्तरियता होइन । आज व्यावहारीक परिवर्तन, श्रम सँगको आस्था, जीवन उपयोगी खोज, अध्ययन अनुसन्धान, सान्दर्भिक देश र संस्कृति प्रेम, नैतिक जिम्मेवारी साथै विज्ञानको उपभोग गर्न स्तरिय शिक्षाको आवश्यकता छ । शिक्षाको स्तरिय विकाशले मात्र देशमा रोजगारीको अवसर, कलकारखानाको विकाश, सुविधाको

पहुच, प्रविधिको विस्तार, उत्पादनमूखी कृषि, आयमूखी व्यवसाय, स्थानीय स्रोत साधनको प्रचुर उपयोग गरी जनताको जीवनस्तर उकास्न सकिन्छ ।

शिक्षा क्षेत्रको परिसूचकलाई यस क्षेत्रमा संञ्चालित विभिन्न शैक्षिक कार्यक्रमवाट निर्धारण गर्न सकिन्छ । यसै सिलसिलामा यस गाउपालिकाको शैक्षिक स्थिति देखाउन, यहाको साक्षरता स्थिति, शिक्षण संस्थाको विवरण, शिक्षक र शिक्षिकाको दरवन्दी विवरण, विद्यार्थीको भर्ना जस्ता कुराहरु देखाउन खोजिएको छ । गाउपालिकाको शैक्षिक अवस्थालाई बुझी आगामी दिनमा सूधार गर्ने नीति तथा कार्यक्रम बनाउन सकिन्छ ।

### ५.१.१ शैक्षिक संस्थाहरुको विवरण

विकाशको प्रमुख आधारशिला भनेको शिक्षा नै हो । शिक्षाको माध्यमवाट व्यक्तिमा अन्तरनिहित प्रतिभाको प्रस्फुटन हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहि आएको छ । सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नको लागी शिक्षा क्षेत्रको भूमिका नै सर्वोपरि रहन्छ । गाउपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएतापनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन । तथापी योजनावद्ध रुपमा शैक्षिक पूर्वाधार एवं सेवा विस्तार गर्ने प्रयास हुदै आएको छ । योजना निर्माणमा गरिवि निवारण तथा चौतर्फि विकासका लागी शिक्षालाई मानव संसाधन विकाशको एक सशक्त माध्यमको रुपमा अवलम्वन गरिएको छ । शिक्षा क्षेत्रको पसिूचकलाई यस क्षेत्रमा संञ्चालित विभिन्न शैक्षिक कार्यक्रमवाट निर्धारण गर्न सकिन्छ । यसै अनुरुप गाउपालिकामा संञ्चालन भै रहेको शैक्षिक संस्थाहरुको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका न.७४: शैक्षिक संस्थाहरु सम्वन्धी विवरण**

| क.स | विवरण | सरकारी | निजि | कुल |
|---|---|---|---|---|
| १ | वाल विकास केन्द्र | ५७ | - | - |
| २ | आधारभूत तह | २२ | ९ | - |
| ३ | माध्यमिक तह | ८ | १ | - |
| ४ | क्याम्पस | - | - | - |
| ५ | मदरसा | ६ | - | - |
| ६ | गुम्वा | - | - | - |

*श्रोतःगाउपालिका कार्यलय २०७७*

माथीको तालिका अनुसार जहदा गाउपालिकाका ७ वटा वडाहरुमा अवस्थित वालविकास केन्द्, आधारभूत विद्यालय, माध्यमिक तह र क्याम्पस तथा मदरसाहरुको विवरण देखाइएको छ ।

### ५.१.२ वडा अनुसार शैक्षिक संस्थाहरुः

यस गाउपालिकामा सरकारी, सार्वजनिक र निजिगरी ३ प्रकारका शैक्षिक संस्थाहरु रहेका छन् । विद्यालय र महाविद्यालय शिक्षाको ज्योति छर्ने केन्दको रुपमा रहेका छन् । देशका विभिन्न भागमा शैक्षिक केन्द्रहरु खुल्ने क्रम व्यापक छ । शहर बजार केन्द्रीत मात्र नभएर दूर दराजहरुमा पनि शैक्षिक संस्थाहरु निजि रुपमा खुल्ने र जनसंख्याको बढ्दो अवस्था हेरेर सामूदायिक र सरकारी संस्थाहरु विस्तार हुने गरेको पाइन्छ । गाउपालिकामा चैत्र मसान्त सम्म खुलेका र संञ्चालनमा रहेका विद्यालयहरु निम्नानुसार देखिन्छ ।

**तालिका न.७५: वडागत शैक्षिक संस्थाहरुको विवरण**

| क.स | विद्यालयको नाम | विद्यालयको रहेको ठेगाना | वडा न. |
|---|---|---|---|
| १ | बुधेश्वरी मावि | बुधनगर | १ |
| २ | जनता बाल निमावि | बुधनगर | १ |
| ३ | लक्ष्मी प्रावि | बुधनगर | १ |
| ४ | दुर्गामावि | बुधनगर | १ |
| ५ | गणेश प्रावि | बुधनगर | १ |
| ६ | आदर्श प्रावि | भाथिगछ | २ |
| ७ | जनप्रियप्रावि | भाथिगछ | २ |
| ८ | जनता मावि | भाथिगछ | २ |
| ९ | काली निमावि | भाथिगछ | ३ |
| १० | लक्ष्मी निमावि | भाथिगछ | ३ |
| ११ | माँ भवानी प्रावि | भाथिगछ | ३ |
| १२ | बैरिया मावि | भाथिगछ | २ |
| १३ | हरिनगरा प्रावि | भाथिगछ | ३ |
| १४ | रामजानकी प्रावि | भाथिगछ | ३ |
| १५ | सन्थाल प्रावि | भाथिगछ | २ |
| १६ | दुर्गा मावि | मझारै | ५ |
| १७ | हनुमान प्रावि | मझारै | ५ |
| १८ | जनताप्रिया निमावि | मझारै | ५ |
| १९ | जानकी प्रावि | मझारै | ५ |
| २० | लोहन्द्रा प्रावि | मझारै | ५ |
| २१ | महेन्द्र मावि | मझारै | ५ |
| २२ | रामजानकी निमावि | मझारै | ५ |
| २३ | भवानी प्रावि | पोखरिया | ६ |
| २४ | इस्लामिया मदर्सा | पोखरिया | ६ |
| २५ | जनता मावि | पोखरिया | ६ |
| २६ | भानुभक्त प्रावि | शि.जहदा | ४ |
| २७ | लक्ष्मी निमावि | शि.जहदा | ४ |
| २८ | सरस्वती निमावि | शि.जहदा | ४ |
| २९ | सार्वजनिक मावि | शि.जहदा | ४ |
| ३० | मदरसा तालिमुल कुरान आ.वि | जहदा | ५ |
| ३१ | मदरसा फैजेमिल्लत आ.वि | जहदा | २ |
| ३२ | आरिफ हुसेन आ.वि | जहदा | १ |
| ३३ | मदिनतुल आ.वि | जहदा | १ |

| | | | |
|---|---|---|---|
| ३४ | म ई ता कु वा वि | जहदा | ३ |
| ३५ | श्री आ.वि | जहदा | २ |
| ३६ | श्री सन्थाल आ.वि | जहदा | २ |

*श्रोतःगाउपालिका कार्यलय २०७७*

### ५.१.३ नगरपालिकामा कार्यरत तहगत शिक्षक विवरणः

यस गाउपालिकामा विभिन्न तहहरु, वालविकास केन्द्र, आधारभूत तह, माध्यमिक तह तथा अन्य उच्च माध्यमिक तहहरुमा कार्यरत शिक्षक र शिक्षिकाहरुको अवस्था कस्तो छ, ति शिक्षक र शिक्षिकाहरु स्थाई, अस्थार्य, राहात वा परियोजना दरवन्दि कुन अन्तर्गत कार्यरत रहेका छन् भन्ने बारेका तथ्यांकहरु पनि महत्वपूर्ण हुने हुदा यस पार्श्व चित्र निर्माणका क्रममा गाउपालिका बाट उपलव्ध गाइएको तथ्यांकलाई देहायको तालिकामा राखिएको छ।

**तालिका न.७६: तहगत शिक्षक विवरण**

| तह | स्विकृत दरवन्दि | | | | | | | | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पूरुष | जम्मा | स्थाई | | अस्थाई | | परियोजना | | राहात | | तालिम प्राप्त शिक्षक संख्या | |
| | | | | महिला | पूरुष | महिला | पूरुष | महिला | पूरुष | महिला | पूरुष | | |
| वाल विकाश केन्द | ८३ | २३ | १०६ | ० | ० | ४ | २ | २ | २ | ० | ० | | |
| आधारभूत तह | ३२ | ८३ | | १२ | ५४ | १ | ० | २ | १ | १९ | २१ | | |
| माध्यमिक तह | १ | १५ | ८ | १ | ५ | ० | ० | ० | १ | ० | १ | | |
| उच्च मा.वि | १ | १ | २ | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | |

*श्रोतःगाउपालिका कार्यलय २०७७*

### ५.१.४ शैक्षिक छात्रवृत्ति तथा लक्षित सुविधाको विवरणः

जहदा गाउपालिका अन्तर्गत रहेका विद्यालयहरुमा छात्रवृत्ति तथा अपाङ्गता वृत्ति जस्ता सेवा सुविधाहरुको समग्र स्थिति निम्नानुसारको तालिकामा देखाइएको छ।

**तालिका न.७७: शैक्षिक छात्रवृत्ति लक्षित सुविधाको विवरण**

### ५.१.५. साक्षरताको स्थिति निश्चित उमेर समूहमाः

यस जहदा गाउपालिकामा शिक्षाको अवस्था कस्तो छ भन्ने कुरा शिक्षा क्षेत्रको नीति नियम तथा कार्यक्रम तर्जुमा गर्दा अति आवश्यक सूचकमा आउछ। यस अध्ययनका क्रममा विद्यालय जाने ५ बर्ष भन्दा माथीका सवै उमेर समूहमा लक्षित गरी प्रत्येक घरधूरी सदस्यहरुवाट लिइएको तथ्यांक अनुसार देहाय बमोजिमको अवस्था रहेको देखिन्छ।

**तालिका न.७८: निश्चित उमेरसमूहमा साक्षरता प्रतिशत**

| क.स | उमेर समूह | साक्षरको संख्या | साक्षर प्रतिशत | निरक्षरको संख्या | निरक्षरको प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ५ वर्ष देखि १० वर्ष सम्म | ४८८२ | १२.३८ | १७२ | ०.४४ |
| २ | ११ वर्ष देखि १५ वर्ष सम्म | ४१५६ | १०.५४ | ११८ | ०.३ |
| ३ | १६ वर्ष देखि २४ वर्ष सम्म | ६९१८ | १७.५५ | १०१४ | २.५७ |
| ४ | २५ वर्ष देखि ४० वर्ष सम्म | ७३४४ | १८.६३ | ४९२३ | १२.४९ |
| ५ | ४१ वर्ष देखि ६० वर्ष सम्म | २१६० | ५.४८ | ४८०६ | १२.१९ |
| ६ | ६१ वर्ष देखि ७५ वर्ष सम्म | ४८४ | १.२३ | २००५ | ५.०९ |
| ७ | ७६ वर्ष देखि माथि | ७६ | ०.१९ | ३६४ | ०.९२ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका हेर्दा गाउपालिकाको साक्षरता ६६ प्रतिशत रहेको देखिन्छ भने निरक्षरता भने ३४ प्रतिशत देखिन्छ। निश्चित उमेर समूह अनुसार ५ बर्ष देखि १० बर्ष सम्मका १७२ जना वालवालिकाहरु स्कुल नजाने देखिन्छ। त्यस्तै ११ देखि १५ बर्ष उमेर समूहका ११८ जना गरेर जम्मा २९० जना वालवालिका स्कुल पढ्न नगएको तथ्यांकले देखाउछ। विद्यालय जान र शिक्षा आर्जन गर्न उमेरले असर नगर्ने भएतापनि मूलत: ५ बर्ष देखि १५ बर्ष सम्मलाई स्कुल गएर शिक्षा आर्जन गर्ने उमेर समूह मान्नु पर्ने हुन्छ। यसरी हेर्दा आगामी दिनमा विद्यालय प्रति ति क्षेत्रका वालवालिकालाई आकर्षित गर्ने खालका कार्यक्रम बनाउनु जरुरी देखिन्छ।

### ५.१.७. वडा र लिङ्गगत रुपमा साक्षरताको विवरण:

परिवार शिक्षित भए घर, टोल, वडा, गाउ राष्ट्रनै शिक्षित हुन्छ भन्ने अवधारणा र नारा शिक्षा क्षेत्रमा व्यापक छ। अझ महिला शिक्षामा जोड दिदै १ महिला १ सिङ्गो परिवार नै शिक्षित हुने वातावरण रहन्छ भन्ने मान्यता पनि रहदै आएको छ। महिलाहरुले घरव्यवहार, शिक्षा, दिक्षा र स्वास्थ्य तथा लाालनपालनमा समेत संलग्न हुने गर्दछन्। तयसैले महिला शिक्षामा जोड दिने गरेको पाइन्छ। यस शिर्षकमा यस गाउपालिकाको साक्षरता अवस्था स्कुल जाने उमेर देखि माथिको जनसंख्यामा लैंगिक रुपमा कस्तो छ भन्नेवारे को जानकारी निम्न तालिकामा दिइएको छ।

**तालिका न.७९: वडा र लिङ्गगत रुपमा साक्षरता स्थिति**

| वडा.न | निरक्षर जनसंख्या | | | | साक्षर जनसंख्या | | | | साक्षरता प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पूरुष | महिला | ते.ली | जम्मा | पूरुष | महिला | ते.ली | जम्मा | पूरुष | महिला | ते.ली | जम्मा |
| १ | ८४१ | १२५० | १ | २०९२ | २३६८ | १७५७ | ० | ४१२५ | २८.२६ | ३८.०९ | ० | ६६.३५ |
| २ | ९१९ | १३२७ | ० | २२४६ | २२१५ | १६७८ | १ | ३८९४ | २७.३३ | ३६.०७ | ०.०२ | ६३.४२ |
| ३ | ८९१ | १३०३ | ० | २१९४ | २३६४ | १७०३ | २ | ४०६९ | २७.१९ | ३७.७५ | ०.०३ | ६४.९७ |
| ४ | ७६३ | ११७३ | ० | १९३६ | २४०९ | १७५६ | १ | ४१६६ | २८.७८ | ३९.४८ | ०.०२ | ६८.२७ |
| ५ | ७१२ | ११२८ | ० | १८४० | २२८५ | १६५४ | ० | ३९३९ | २८.६२ | ३९.५४ | ० | ६८.१६ |
| ६ | ३७९ | ६२८ | ० | १००७ | १२७३ | ९०५ | १ | २१७९ | २८.४१ | ३९.९६ | ०.०३ | ६८.३९ |
| ७ | ७६३ | ११८४ | १ | १९४८ | २०९९ | १५२५ | ० | ३६२४ | २७.३७ | ३७.६७ | ० | ६५.०४ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार २०६८ सालको जनगणना भन्दा यसपटकको साक्षरता प्रतिशत मा वृद्धि भएको देखाए पनि आशातित रुपमा साक्षरता प्रतिशतमा वृद्धि हुन नसकेको देखिन्छ । २०६८ सालमा भन्दा हाल वडागत साक्षरता प्रतिशतमा कमिक रुपमा सूधार हुदै गएको देखिन्छ ।

### ५.१.८. गाउपालिकाको शैक्षिक स्तरको विवरण:

शिक्षाको स्तर अध्ययनको कममा उर्त्तिण कक्षाका आधारमा कसले कति कक्षामा उर्त्तिण गरेको छ भन्ने विषय/सूचांकले शिक्षा क्षेत्रमा औपचारिक महत्व राख्दछ । यस शिर्षकमा सोही सूचांकको विश्लेषण गरिएको छ । यसमा आधारभूत (पूर्व प्राथमिक) स्तर देखि विद्यावारिधी सम्म तथा प्राविधिक एस.एल सी. सम्म र निरक्षरताको वडागत संख्या पनि देखाइएको छ ।

**तालिका न.८०: वडागत शैक्षिक स्तर सम्वन्धी विवरण**

| वडा | पूर्व प्राथमिक तह | आधारभूत तह | माध्यमिक तह | स्नातक तह | एम.ए./एमफिल | विद्यावारीधी | प्राविधिक एस.एल सी | साक्षर | निरक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ११२७ | १३८१ | ७१८ | ८२ | ४५ | १ | ६० | ७१० | २०९२ |
| २ | १०८७ | १००८ | ८५८ | १७४ | ४४ | ४ | ९२ | ६२७ | २२४६ |
| ३ | १०४९ | ११४४ | ८३४ | १५५ | ३० | २ | ९५ | ७६० | २१९४ |
| ४ | ९४५ | १२३८ | ९३८ | १७८ | ३१ | ८ | १२३ | ७०५ | १९३६ |
| ५ | ११५१ | ९५० | ८४० | १३८ | १८ | ७ | १६६ | ६६९ | १८४० |
| ६ | ६०८ | ४६३ | ५७१ | ११७ | २५ | ४ | २५ | ३६६ | १००७ |
| ७ | १०९५ | ९०८ | ७११ | १७३ | २४ | ६ | ११० | ५९७ | १९४८ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार सप्तकोशी गाउपालिकामा वडा अनुसार पूर्व प्राथमिक तह अर्थात वालकक्षा लगायत साधारण लेखपढ गर्न सक्ने वा साक्षरता कक्षामा समावेश भइ आफ्नो नाम लेख्न र साधारण लेखपढ गर्न सक्ने जनसंख्यालाई समेटिएको छ । यसरी हेर्दा गाउपालिकामा अझै पनि निरक्षरता ३४ प्रतिशत भन्दा बढी रहेको देखिन्छ ।

### ५.१.९ जातिगत आधारमा विद्यार्थीहरुको विवरण:

जहदा गाउपालिकामा अनेकतामा एकता जातिगत रभाषिक रुपमा विविधता रहेको देखिन्छ । यस गाउपालिकामा दलित भित्र पहाडे दलित र तराई दलित, मुस्लिम, पहाडे जनजाती र तराई जनजाती लगायतको अवस्था कस्तो छ , विद्यालयमा जातिगत आधारकमा विद्यार्थीहरुको प्रतिशत कस्तो छ भनी हेर्न का लागी ति जात-जातियताको आधारमा विद्याथीहरुको संख्या देहायको तालिकामा दिइएको छ ।

**तालिका न.८१: जातिगत आधारमा विद्यार्थीको संख्या**

| वडा.न | पहाडे दलित | तराई दलित | पहाडे जनजाती | तराई जनजाती | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|
| १ | ११६ | २१७ | १३५ | ९१८ | ५७२ | २१६६ |
| २ | ० | ३६७ | १७८ | १८०५ | २९२ | १२५२ |
| ३ | १ | ३४७ | १ | २२४३ | १४९ | १३२८ |
| ४ | ० | १७४ | ४ | २४९० | १ | १४९७ |
| ५ | ० | १९७ | १ | १७४४ | २८९ | १७०८ |
| ६ | ० | १८२ | ० | १४७४ | ४३१ | ९२ |
| ७ | ० | २२१ | ० | १८९७ | ५१ | १४५५ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

## ५.१.१०. विद्यालयमा पहुचको स्थिति:

यस जहदा गाउपालिकामा प्राविधिक पोलिटेक्नीक इन्सिच्युट लगायत उच्च माध्यमिक स्तर सम्मको शैक्षिक संस्थाहरु रहेको सामूदायिक तथा संस्थागत विद्यालयहरु छन् । यस्ता शैक्षिक संस्थाहरुमा त्यहाको अवस्था हेरेर धेरैजसोले प्रयोग गर्ने (Means of transportation) अर्थात साईकल, बस, पैदल, मोटरसाईकल जस्ता माध्यम मध्ये जुन बढी प्रयोगमा आउछ त्यसलाई नै आधार बनाई यस स्थलगत सर्भेक्षणका क्रममा त्यहाका घरधूरीहरुको पहुचको अवस्था सोधिएको थियो । जसअनुसार बढी जसो घरधूरीले पैदल हिडेर लाग्ने समयलाई आधार बनाई जवाफ दिएका थिए । तपायको समूदायवाट सवैभन्दा नजिकको विद्यालय वा शैक्षिक संस्था पुग्न कति समय लाग्छ भन्ने प्रश्नमा ४ वटा समय विभाजन गरी ० देखि १५ मिनेट गरेर १५ मिनेटको समय अन्तराल कायम गरी प्रश्नका उत्तरहरुलाई विश्लेषण गरिएको छ । यसरी समय विभाजन गरी सोधिएको प्रश्नको जवाफ वा तथ्यांकलाई देहाय अनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.८२: वडागत रुपमा विद्यालय पुग्न लाग्ने समय अनुसार घरधूरी विवरण**

| वडा.न | ० - १५ मी. | १६ - ३० मी. | ३१ - ४५ मी. | ४६ मी. माथी | जम्मा घरधूरी |
|---|---|---|---|---|---|
| १ | ६४६ | ६३१ | ५७ | १० | १३४४ |
| २ | ६७६ | ६५६ | २७ | १ | १३६० |
| ३ | ९८७ | ४५७ | ३८ | ३ | १४८५ |
| ४ | ९०८ | ४७७ | २४ | ० | १४०९ |
| ५ | ९९६ | ३५६ | ८ | १ | १३६१ |
| ६ | ५९० | १५० | १ | ० | ७४१ |
| ७ | ९०५ | ४३४ | ३ | १ | १३४३ |
| जम्मा | | | | | ९०४३ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार जहदा गाउपालिका का सवै वडाहरुमध्ये वडा न. १ मा मात्र ४५ मीनेट माथी समय लाग्ने घरधूरी १० वटा देखिन्छ भने ८९ घरधूरी लाई अझ पनि १ घण्टाको आसपासमा पैदल यात्रा गरी स्कुल जानुपर्ने तथ्याङ्कमा देखिन्छ ।

## ५.२. विशेष सीप र दक्षता भएको जनसंख्याको वडागत विवरणः

१० बर्ष वा सो भन्दा माथीका उमेर समूहको जनसंख्यालाई तपाइमा विशेष सीप वा दक्षता के-के छन् भनी विभिन्न सीपमूलक शिर्षकहरुनै जस्तै : सिकर्मी, डकर्मी, सिलाई वुनाई, मेकानिक, कम्प्यूटर, विदूत जडान, कृषि जे.टि.ए, पशु स्वास्थ्य, ड्राइभिङ् , प्लम्विङ् , व्युटिसियन, मोवाइल मर्मत, जस्ता विषयहरु सोधिएको थियो । यसरी गाउपालिकाका ७ वटा वडाहरुवाट जम्मा ३८७ जना मात्र ले विशेष सीप वा दक्षता भएको भन्ने जवाफ दिएका थिए । जुन गाउपालिकाको १० वर्ष माथीको जनसंख्याको एकदमै कम प्रतिशत हो । समग्रमा हेर्दा कुनैपनि प्रकारको सीप वा दक्षता हुनु आफैमा राम्रो भएता पनि गाउपालिकामा आधूनिक समाजमा आवश्यक पर्ने खालका विशेष सीपहरु तथा विश्वविद्यालयहरु बाट प्राज्ञिक सर्टिफिकेट (प्रमाणपत्र) लिएर तयार भएका जनशक्ति जस्तै डक्टर, इन्जिनियर, मेकानिक्स वा विषयगत विज्ञहरुको संख्या अत्यन्तै न्यून रहेको देखिन्छ । दक्ष जनशक्तिको आयस्तर उच्च हुने हुनाले विकाश निर्माणमा सहयोग पुग्नका साथै उक्त जनशक्तिको जीवनयापन वा जीवनस्तर उच्च र गुणस्तरिय हुन्छ । यस प्रकारको जनशक्तिले गाउपालिकाको समग्र दिगो विकाशमा प्रत्यक्ष भूमिका खेल्न सक्दछ । जनसंख्या अदक्ष वा अर्धदक्ष हुनाले गाउपालिकाको विकाशमा ठूलो प्रयास गर्नुपर्ने देखिन्छ । साथै मानव संसाधन विकाशलाई उच्च प्राथमिकतामा राख्नुपर्ने देखिन्छ । यस्ता सीपमूलक तालिम लामो, छोटो दुवै प्रकारको हुने गर्दछ । गाउपालिकामा विभिन्न संघसंस्था वा गाउस्तरमा कार्यरत रहेका सामूदायिक कार्यलयहरुले विभिन्न सीपमूलक तालिमहरु संञ्चालन गर्ने गर्दछन् । यसका साथ साथै कसैले आफ्नै प्रयासमा समेत यस्ता खालका तालिमहरु लिएको हुन सक्दछ । सीप विकाश र सीपमूलक तालिम प्राप्त जनशक्तिले कुनै पनि काम गदौ पूर्णतया सही ढंग र दीर्घकालिन सोचको भावनाले गर्नसक्दछन् । अर्धदक्ष र अदक्ष कामदार वाट गुणस्तरिय कामको आशा राख्न सकिदैन । त्यसैले गाउपालिकामा विभिन्न विधा वा शिर्षकमा सीप आर्जन गरेका जनशक्ति कति छ भन्ने कुरा गाउपालिकाका लागी महत्वपूर्ण हुन जान्छ । गाउपालिकाले आफूसँग भएका त्यस्ता दक्ष मानव संसाधनलाई व्यवस्थित तरिकावाट उपयोगमा ल्याउनु पर्छ भन्ने आजको आवश्यकता पनि हो । विभिन्न सीपयुक्त मानव श्रम शक्तिको श्रम बजार पनि व्यापक बन्न सक्छ । उसले आफ्नो क्षेत्रमा मात्र हैन अन्य क्षेत्रमा समेत अवसरहरु प्राप्त गर्न सक्छ । सीपमूलक तालिम प्राप्त जनशक्तिहरु यस जहदा गाउपालिकामा कति छन् भन्ने बारेमा देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.८३: वडागत रुपमा विशेष सीप वा दक्षता भएको जनसंख्याको विवरण**

| वडा.न | डकर्मी | | सिकर्मी | | मेकानिक | | कम्प्यूटर | | विद्यूत जडान | | कृषि तथा जे.टि.ए | | पशु स्वास्थ्य | | ड्राइभिङ | | प्लम्विङ् | | व्युटिसियन | | मोवाइल मर्मत | | सिलाइ वुनाइ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म. | पू. | म. | पू. | म. | पू. | म. | पू. | म. | पू. | म. | पू. | म. | पू. | म. | पू. | म. | पू. | म. | पू. | म. | पू. | म | पू. | |
| १ | ५ | ० | १ | १ | ० | ० | ० | २ | ० | ० | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १५ | ० | २९ |
| २ | १ | २ | ० | ० | ० | ३ | ४ | ७ | ० | ० | ५ | ८ | ३ | १ | ० | २ | ० | ० | ० | ० | ० | ० | २९ | ० | ६५ |
| ३ | १ | ० | १ | ० | ० | ६ | ४ | ११ | ० | २ | ३ | ३ | ० | ० | ० | ३ | ० | ० | ० | ० | ३ | ० | ३२ | ० | ६९ |
| ४ | ० | १ | ४ | ० | १ | १ | ४ | ११ | ० | ८ | ५ | ९ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३४ | २ | ८१ |
| ५ | ४ | ० | ० | ० | १ | ३ | ३ | ५ | ० | ६ | १ | ० | ० | ० | ० | १ | ० | ३ | ० | ० | ३ | ० | ३९ | ३ | ७२ |
| ६ | ३ | ० | ६ | ४ | ० | १ | १ | ८ | ० | ३ | २ | ४ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | १६ | २ | ५३ |
| ७ | ० | ० | १ | ० | ० | ० | १ | १ | ० | १ | २ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १० | १ | १८ |

श्रोत: पार्श्वचित्र २०७७/२०७८

माथीको तालिका अनुसार जहदा गाउपालिकामा महिला र पूरुष गरेर जम्मा ३८७ जनाले विभिन्न शिर्षकमा सीप विकाश तालिम लिएका छन् । सवैभन्दा कम वडा न. ७ मा १८ जना र सवैभन्दा बढी वडा न. ४. मा ८१ जनाले तालिम लिएको देखिन्छ ।

## ५.३. जनचेतनामूलक तालिम सम्वन्धी विवरण:

जहदा गाउपालिकामा विभिन्न संघसस्था तथा नगर स्तरमा कार्यरत रहेका सामूदायिक कार्यलयहरुले गाउपालिका अन्तर्गत विभिन्न किसिमका सूचनामूलक तालिम संञ्चालन गर्ने गर्दछन् । यस्ता सूचनामूलक तालिमहरुले दीर्घकालिन रुपमा विकाश, नेतृत्व क्षमता, शिक्षा, स्वास्थ्य तथा अन्य सामूदायिक कियाकलापहरु प्रति गहकिलो छाप छोड्न सक्छ । जसका कारणले गाउपालिका अन्तर्गत भएका स्वास्थ्य , शिक्षा तथा विकाश संग सम्वन्धीत कुराहरुमा समूदायलाई सकारात्मक सोच तथा पिछडीएका वर्ग, जाती को उत्थान गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । यस जहदा गाउपालिकाको सूचनामूलक/जनचेतनामूलक जनशक्तिको ११ वटै वडाहरुको अवस्था कस्तो छ भन्ने बारेको तथ्यांक महत्वपूर्ण हुन जान्छ । सूचनामूलक विभिन्न खालका तालिम मध्ये हाल दीर्घकालिन रुपमा प्रभाव छोड्न सफल तालिका शिर्षकहरुमा आधारित भएर तथ्यांक लिइएको थियो जसलाई निम्न तालिकामा विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका न.८४: गाउपालिकामा जनचेतनामूलक तालिम**

| वडा.न | स्वास्थ्य सम्वन्धी | | लैङ्गिक विकास | | खानेपानी सरसफाई | | नेतृत्व विकाश | | बचत तथा ऋण | | सीप विकाश | | वन व्यवस्थापन सम्वन्धी | | विभिन्न उपभोक्ता तालिम | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पू. | म | पू. | म | पू. | म | पू. | म | पू. | म | पू. | म | पू. | म | पू. | म | पू. | |
| १ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| २ | १० | १ | २ | ० | ७ | १ | १ | ० | २ | ० | १ | २ | ० | ० | ० | ० | १ | ३ | ३१ |
| ३ | १० | ४ | १० | २ | १ | ३ | १ | १ | ३ | १ | ३ | ० | ० | ० | ० | १ | २ | ० | ४२ |
| ४ | १० | १२ | ७ | ० | ० | ० | ० | ० | ० | ४ | ३ | १ | ० | ० | ० | ० | ७ | ३ | ४७ |
| ५ | ३ | ३ | १ | २ | १ | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | २ | ० | १५ |
| ६ | १३ | १४ | ४ | ८ | १ | ७ | ० | ४ | ५ | २ | ० | १ | ० | ० | ० | ३ | ० | ० | ६२ |
| ७ | २ | ० | १ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ६ |

श्रोत: पार्श्वचित्र २०७७/२०७८

माथीको तालिका अनुसार जहदा गाउपालिकामा ७ वटै वडाहरुमा समग्रमा हेर्दा वडा न. ६ को जनचेतनामूलक तालिम प्राप्त व्यक्तिहरुको संख्या अन्य वडाको तुलनामा एकदमै राम्रो देखिन्छ भने वडा न.१.र .७ मा एकदमै कम देखिन्छ ।

## ५.४ स्वास्थ्य:

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यवाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवालाई सवैको समान पहुच रहने कुरालाई मौलिक हककै रुपमा प्रत्याभूत गरेको छ । यसैलाई आधार बनाएर स्वास्थ्य क्षेत्रमा काम गर्ने सरकारी, गैर सरकारी सवैले समान, सहज र सरल ढङ्गवाट आधारभूत स्वास्थ्य सेवाहरु दिने व्यवस्था मिलाएका हुन्छन् । आफ्नो हैसियत अनुसार मानिसले आफूलाई पर्दा स्वास्थ्य उपचारका लागी कसैले नीजि त कसैले सरकारी अस्पताल लिएर जाने गर्दछन् । स्वास्थ्य रही जीवनयापन गरुन्, कसैको अकालमा मृत्यु नहोस् भन्ने उद्देश्यले सरकारले विभिन्न स्वास्थ्य केन्द्रहरुवाट विशेषज्ञता अनुसार सेवा प्रदान गर्ने व्यवस्था मिलाएको हुन्छ । स्थानीय स्तरमा स्वास्थ्य सेवाका लागी सरकारको तल्लो तहमा प्राथमिक उपचार तथा परामर्श सेवा र स्वास्थ्य वातावरणका लागी महिला स्वास्थ्य स्वयम सेविकावाट सूरु हुने सरकारको स्वास्थ्य सेवा माथिल्लो निकायमा पुग्दा विशेषज्ञ दक्षता हासिल गरेका दक्ष डाक्टरको सेवा सम्म पुग्दछ । यिनै स्वास्थ्य सेवा जनता सम्म पुर्याउन, जनता सम्म स्वास्थ्य सम्वन्भी चेतना अभिवृद्धि गर्न नेपाल सरकारले विभिन्न नीति निर्माण गरेको हुन्छ । यिनै नीति मध्ये प्रत्येक नेपाली जनताले ३० मिनेट भित्र आफूलाई पायक पर्ने स्थानमा स्वास्थ्य सेवा लिन सकुन भनेर अधिराज्यभरी सेवा संञ्चालनमा ल्याएको छ ।

यस अध्ययनका क्रममा जहदा गाउपालिकाका प्रत्येक वडाका घरपविारवाट स्वास्थ्य सेवा उपचार खोज्ने वानी व्यहोरा कस्तो छ ? पहिलो प्राथमिकतामा कुन स्वास्थ्य प्रदायककोमा जान रुचाउछन् भन्ने बारेमा विभिन्न सूचाङ्कहरु निर्माण गरी प्रश्न सोधिएको थियो जसलाई निम्न तालिकामा वडा अनुसार उपचारका लागी जाने घरधूरी विवरण देखाइएको छ ।

**तालिका न.८५: वडा अनुसार उपचारका लागी घरधूरी विवरण**

| वडा न. | लामा, धामी,भाक्री,ज्योतिष | स्वास्थ्य चौकि | नीजि अस्पताल | सरकार अस्पताल | स्थानीय मेडिकल | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ४ | ८७३ | ११० | २१६ | १८५ | १३८८ |
| २ | ३ | ६६९ | ७८ | २९९ | ३२५ | १३७४ |
| ३ | २ | ४४७ | ८० | ३६२ | ५९९ | १४९० |
| ४ | ३ | ४५७ | ६७ | ५०१ | ३८२ | १४१० |
| ५ | ३ | ४५५ | ७७ | ४५४ | ३८३ | १३७२ |
| ६ | १ | ३०९ | १५ | ८८ | ३२९ | ७४२ |
| ७ | ० | ५३२ | १०२ | ३२७ | ३९५ | १३५६ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार जहदा गाउपालिकामा स्वास्थ्य उपचार खोज्ने बानी व्यहोरा र पहिलो पटक उपचारका लागी जाने ठाउहरु माथी दिइएको छ । यस नगरपालिकामा अझ पनि मानिसहरुलाई परम्परागत शैली अन्तर्गत लामा,धामी, झाकि माथीको विश्वास टुटि नसकेको देखिब्न्छ । हालको अत्याधूनिक उपचार खोज्ने बानीको विकाश भइरहेको परिपेक्षमा र सरकारी अस्पतालवाट पनि पहिलाको दाजोमा हाल राम्रो उपचार पद्धतिको विकाश भए सँगसँगै पनि सरकारी अस्पताल र स्वास्थ्य केन्द्रमा बढी जनसंख्या नीजि अस्पताल र नीजि मेडिकल हलहरुमा जाने गरेको तथ्यांकमा देखिन्छ ।

### ५.४.१. दीर्घ रोग र जनसंख्या विवरणः

स्वास्थ्य जनसंख्या, स्वास्थ्य र दक्ष जनशक्ति भन्ने नाराका सहित सरकारी स्तरवाट र नेपालका अन्य स्वास्थ्य सेवा प्रदायकहरुवाट कुनैपनि रोगका विरामीहरुले उपचारवाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यका साथ सरकारका स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु बन्ने गरेका छन् । सरकारी स्वास्थ्य संस्थामा आउने जुनसुकै र जस्तोसुकै रोगीका विरामीहरुका लागी उपचार सम्भव छ भनेर सरकारले आफ्नो कार्यपत्रमा उल्लेख गरेको हुन्छ । यहि नीति तथा कार्यक्रम हुदाहुदै पनि मानव स्वास्थ्यमा हिजोआज विभिन्न नयाँ खानपान, आधूनिक शैली तथा सुविधाभोगी चालचलनको अनुशरणले दीर्घ रोगका विभिन्न प्रकारहरु पनि देखा पर्न थालेका छन् । यस अध्ययनका दीर्घरोगीका अवस्थाहरु के कस्तो छ, कति दीर्घरोगीहरु यस गाउपालिकामा छन् भनी सर्भेक्षण गरीएको थियो । जसलाई देहायको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका न.८६: वडा अनुसार दीर्घ रोगका किसिम र जनसंख्या**

| वडा न. | एच.आई भी.एड्स | मलेरिया | पक्षघात | दम | बाथ | क्षयरोग | क्यान्सर | मधुमेह | मुटुरोग | किड्नी सम्वन्धी रोग | उच्च रक्तचाप | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | ० | १ | १५ | ३ | ४ | २ | ३२ | ६ | १ | १० | ९ |
| २ | ० | ० | २ | ४ | ३ | ० | १ | ६ | १ | ३ | ३ | १६ |
| ३ | ० | ० | ० | ७ | १ | ० | ० | २१ | ६ | ४ | १० | ४ |
| ४ | ० | ० | ० | ९ | २ | १ | १ | १४ | ७ | १ | १० | ६ |
| ५ | ० | ० | ० | ६ | १ | ७२ | १ | ९ | २ | २ | ८ | ० |
| ६ | ० | ० | ० | ७ | १ | ४ | ० | १७ | ३ | ३ | ३ | १३ |
| ७ | ० | १ | ० | १० | २ | १ | १ | १४ | ४ | ४ | ३ | ५ |

*श्रोतः पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार नगरपालिकामा समग्र जनसंख्याको १.०१ प्रतिशत जनसंख्या दीर्घरोगीका रुपमा रहेको देखिन्छ । दीर्घरोगीहरुमा मूख्यतया दम, मधुमेह, उच्च रक्तचाप लगायत क्यान्सर किड्नीसम्वन्धी रोगीहरु साथै वाथ रोग पनि उल्लेखनिय रुपमा रहेको देखिन्छ । यसैगरी अन्य शिर्षकहरुमा ग्याष्ट्रिक, अल्सर,हाडजोर्नी र स्वाश प्रश्वास का रोगीहरु पनि स्थलगत अध्ययनको क्रममा पाइएको थियो । विशेष गरी खानपान र जीवनशैली, धुम्रपान, मद्यपान, शारीरिक व्यायामको कमी, मानसिक चिन्ता तथा वंशानुगत कारणले दीर्घरोगहरु लाग्न सक्दछन् । तसर्थ यस्ता रोगहरु कम गर्न व्यापक स्वास्थ्य चेतना केलाउने खालका कार्यक्रमहरु संञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ५.४.२ गाउपालिकाका स्वास्थ्य सेवा प्रदायक स्थलहरुः

यस गाउपालिकाको क्षेत्रमा स्वास्थ्य सेवा र सुविधाकोलागी यहा भएका विभिन्न स्थलहरुमा, स्वास्थ्य संस्था, गाउघर क्लिनिक, खोप केन्द्र जस्ता स्थलहरु मा सेवा र सुविधाका लागी जाने घरपरिवारको दूरीलाई यस शिर्षकमा समेटिएको छ । यस क्षेत्रमा बढीजसो मानिसहरुले यात्राका क्रममा प्रयोग गर्ने पैदल दूरीलाई आधार बनाई गाउपालिकाका प्रत्येक घरधूरीमा सोधिएको थियो । ७ वटै वडामा आफ्नो समूदाय भन्दा बाहिर भित्र भन्ने कुरालाई मध्यनजर राख्दै समूदाय भित्रकोलाई पहिलो प्राथमिकतामा राखेर प्रश्न सोधिएको थियो । यसरी सोधिएको प्रश्नवाट प्राप्त तथ्यांकलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.८७: स्वास्थ्य संस्थाको खोप केन्द्र पुग्न लाग्ने समय अनुसार घरभूरी विवरण**

| वडा.न | ० - १५ मी. | १६ - ३० मी. | ३१ - ४५ मी. | ४६ मी. माथी | जम्मा घरधूरी |
|---|---|---|---|---|---|
| १ | ५२६ | ५८९ | १०४ | २८ | १२४७ |
| २ | ४५६ | ६८३ | ७९ | ७ | १२२५ |
| ३ | ६७३ | ५९४ | ४२ | १ | १३१० |
| ४ | ७३० | ५३२ | ७ | ० | १२६९ |
| ५ | ७८७ | ५६९ | ५ | ० | १३६१ |
| ६ | ४३६ | २६७ | २५ | १ | ७२९ |
| ७ | ५८३ | ७३९ | १४ | ८ | १३४४ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यस गाउपालिकामा विभिन्न क्षेत्रमा रहेका खोपकेन्द्र सम्मको दूरी गाउपालिका वासीहरुको लागी कति टाढा र कति नजिक रहेछ भन्ने देखाउछ । यस गाउपालिकामा अझै पनि ४५ घरधूरी ४५ मीनेट भन्दा माथीको दूरीमा सेवा स्थल पुग्ने गरेको वताएका थिए । यस्ता घरधूरी पनि यस ठाउमा रहेका छन् ६४७ घरपरिवारले खोप केन्द्र हाम्रो सहज स्थल मा छैन, हाम्रो समूदाय भन्दा टाढा जानुपर्छ भन्ने कुरा स्थलगत अध्ययनको कममा वताएका थिए ।

### ५.४.३.नियमीत खोप:

वालवालिका भविष्यका निर्माता हुन तसर्थ यसका लागी यिनिहरु स्वास्थ्य र निरोगी हुनु आवश्यक छ । शिशु र वाल्य अवस्थामा उनीहरुलाई बी.सी.जी एक पटक, डि.पी.टी. र न्यूमोकोकल्स ३/३ पटक, पोलीयो ३ पटक, दादूरा र जे.इ १/१ पटक का साथै भटामीन ‘ए’ तोकिएको मात्रामा दिनै पर्छ । वाल वालिकाहरुका लागी पहाडमा ११ वटा र तराईमा ११ वटा खोप नियमित रुपमा दिनैपर्छ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यकमलाई उच्च प्राथमिकतामा राखेको छ । खोप कार्यकम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्यक्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो । खोप कार्यकमले उल्लेख्य रुपमा वाल मृत्यूर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्याएको पाईन्छ । जसले गर्दा सहशब्रिद्ध विकाश लक्ष्यको वालमृत्यूदर घटाउने लक्ष्य (एम.जी.डी-४) प्राप्त गर्न सहयोग प’शगेको छ। यसको प्रतिफल स्वरुप नेपालमा वाल मृत्यूदर प्रतिहजारमा ३ सय वाट घटेर २१ मा आएको तथ्यांक नेपाल जनसांख्यिय स्वास्थ्य सर्वेक्षण -२०१६ मा उल्लेख छ । बच्चा जन्मिएपछि दिनुपर्ने नियमित खोपको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.८८: नियमित राष्ट्रिय खोप विवरण**

| पटक/भेट | कुन उमेरमा | कुन खोप | कुन रोग बाट बचाउने |
|---|---|---|---|
| १ | जन्मने वित्तिकै | बि.सी.जी. | क्षयरोग |
| २ | ६ हप्तामा | • रोटा (पहिलो मात्रा)<br>• पोलियो (पहिलो मात्रा)<br>• एक.आइ.भी.पी.(पहिलो मात्रा)<br>• डि.पी.टी.हेप बी.हिब (पहिलो मात्रा) | • रोटा भाइरस वाट हुने झाडापखाला<br>• पोलीयो<br>• निमोनिया न्युमोकोकल्स रोगहरु<br>• भ्यागुते, लहरेखोकी, धनुष्टंकार,हेपाटाइटिस बी.र हेमोफिलस इन्फ्लुइन्जा बी. |
| ३ | १० हप्तामा | • रोटा (दोश्रो मात्रा)<br>• पोलियो (दोश्रो मात्रा)<br>• पि.सी.भी (दोश्रो मात्रा) | • रोटा भाइरस वाट हुने झाडापखाला<br>• पोलीयो<br>• निमोनिया न्युमोकोकल्स रोगहरु |

| | | | |
|---|---|---|---|
| | | • डि.पी.टी.हेप बी.हिब (दोश्रो मात्रा) | • भ्यागुते,लहरेखोकी, धनुष्टंकार,हेपाटाइटिस बी.र हेमोफिलस इन्फ्लुइन्जा बी. |
| ४ | १४ हप्तामा | • पोलियो (तेश्रो मात्रा)<br>• एक.आइ.भी.पी.(तेश्रो मात्रा)<br>• डि.पी.टी.हेप बी.हिब (तेश्रो मात्रा) | • पोलीयो<br>• पोलीयो<br>• निमोनिया न्युमोकोकल्स रोगहरु<br>• भ्यागुते,लहरेखोकी, धनुष्टंकार,हेपाटाइटिस बी.र हेमोफिलस इन्फ्लुइन्जा बी. |
| ५ | ९ महिना | • पि.सी.भी (तेश्रा मात्रा)<br>• दादुरा-रुवेला (पहिलो मात्रा)) | • निमोनिया न्युमोकोकल्स रोगहरु<br>• दादुरा र रुवेला |
| ६ | १२ महिना | • जापानिज इन्सेफ्लाइटिस | • जापानिज इन्सेफ्लाइटिस(मच्छड) |
| ७ | १५ महिना | • दादुरा-रुवेला (दोश्रो मात्रा) | • दादुरा र रुवेला |

*श्रोत: वालस्वास्थ्य महाशाखा-२०७५/०७६*

वालवालिकाहरुले वाल्य अवस्थामा लगाएको खोपले वालवालिकाको स्वास्थ्य निर्धारण गर्दछ । वाल स्वास्थ्य रहन वाल्य अवस्थामा लगाउनुपर्ने खोपहरु सवै पूरा गर्नुपर्दछ । खोप कार्यक्रम प्रभावकारी भएको खण्डमा वाल्य अवस्थामा जोखिम हुने रोगहरुवाट बच्नुका साथै वाल मृत्यूदर पनि कम हुन्छ । यस गाउपालिकामा वालवालिकामा लगाइने खोप विवरण निम्नानुसार रहेको छ ।

**तालिका न.८९: खोप सम्वन्धी विवरण**

| वडा नम्बर | बालबालिका संख्या | | | खोप लिने बालबालिका संख्या | | | | | ५ बर्ष मुनीका बालबालिका | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ बर्ष मूनीका | २ बर्ष मूनीका | ५ बर्ष मूनी | विसिजि | पेण्टाभ्यालेण्ट✶ | पोलियो तेश्रो | दादुरा /रुबेला | जापानिज इन्सफलाइटिस (जे.ई.) | बृद्धी अनुगमन गरिएका | बृद्धी अनुगमन गरिएका मध्ये कुषोषित |
| १ | १४८ | ३५५ | ९७६ | २६८ | २५५ | २५५ | १९१ | १७७ | २१८ | १२ |
| २ | १६० | ३४८ | ९४४ | यसको रिर्पोट ३ नं वाडकोमा समावेश भएको | | | | | | |
| ३ | १६३ | ३९० | १०२३ | ३०६ | २५६ | २५६ | २३३ | २६२ | ३१३ | २ |
| ४ | १६० | ३६६ | ९६३ | १३५ | १३० | १३० | १५१ | १२९ | १४७ | ३४ |
| ५ | १४२ | ३४७ | ९२५ | २५६ | २१३ | २१३ | २०९ | १९४ | १८२ | |
| ६ | ७८ | १८३ | ५०४ | ८६ | ८६ | ८६ | ८४ | ७७ | १०९ | २ |
| ७ | १३४ | ३४९ | ९३० | यसको रिर्पोट ५ नं वाडकोमा समावेश भएका | | | | | | |

*श्रोत: गाउपालिका कार्यलय २०७७*

### ५.४.४. गाउघर क्लिनिक :

खोप तथा मासिक क्लिनिकहरु संञ्चालन गर्नका लागी हरेक नगरपालिका वा स्वास्थ्य संस्थाले आफ्ना विभिन्न स्थानहरुको पहिचान गरी ति ठाउमा महिनामा कम्तीमा १ पटक र बढीमा २ पटक सम्म गाउघर क्लिनिक वाट सेवा प्रदान गर्दछ । गाउपालिकाका विभिन्न स्थानहरुमा गाउघर क्लिनिक संञ्चालनमा रहेको पाइन्छ । यि स्थानहरुमा ति कार्यक्रम नियमित रुपमा संञ्चालनमा आउनु पर्दछ नत्र यसको उपादेयता कम हुन जान्छ । नेपाल सरकारको तल्लो स्तरमा रहेको सेवा प्रवाह गर्ने स्थानको रुपमा गाउघर क्लिनिकलाई लिइन्छ । यसले यस स्थानवाट सेवाग्राहिलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नुको साथै गर्भवति, प्रसुति तथा नवजात शिशुसँग सम्वन्धीत पोषणका कुराहरु पनि सेवा अन्तर्गत पर्दछन् । यस जहदा गाउपालिकामा गाउघर क्लिनिकको अवस्था कस्तो छ, कति दूरी तय गरेर यहाका सेवाग्राहिहरु गाउघर क्लिनिक पुग्दछन् भन्ने बारेमा समय निर्धारण गरेर यस स्थलगत अध्ययनका कममा तथ्यांक संकलन गरिएको थियो । जसलाई देहायको तालिकामा प्रस्तुत गरिउको छ ।

**तालिका न.९०: गाउघर क्लिनिक पुग्न लाग्ने समयका आधारमा घरधूरी विवरण**

| वडा.न | ० - १५ मी. | १६ - ३० मी. | ३१ - ४५ मी. | ४६ मी. माथी | जम्मा घरधूरी |
|---|---|---|---|---|---|
| १ | २८७ | ३३३ | ५७ | ११ | ६८८ |
| २ | ४०४ | २६९ | ३० | ३ | ७०६ |
| ३ | ८९३ | ४१६ | ३४ | १ | १३४४ |
| ४ | ६८१ | २७७ | ३ | ० | ९६१ |
| ५ | ७२० | ४६८ | ४ | ० | ११९२ |
| ६ | ३१३ | १४९ | १७ | ७ | ४८६ |
| ७ | ६०८ | ४६९ | १४ | १ | १०९२ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार नेपाल सरकारको तल्लो स्वास्थ्य प्रदायक निकाय गाउघर क्लिनिक सम्म यस गाउपालिकाका ७ वटै वडाहरुको आफ्नो-आफ्नो क्षेत्रको स्थलमा पुग्ने समय दिइएको छ ।

### ५.४.५ सरकारी स्वास्थ्य संस्था :

जहदा गाउपालिकामा स्वास्थ्य सेवा प्रदान गर्ने सरकारी स्वास्थ्य सेवाको पहुचको अवस्था पनि यस पार्श्व चित्र निर्माणका क्रममा महत्वपूर्ण सूचांकको रुपमा लिएर तथ्यांक संकलन गरिएको थियो। जस अनुसार सरकारी स्वास्थ्य सेवा लिनका लागी गाउघर टोलवाट कति समय लाग्छ भन्ने विषयलाई यस तालिकाले प्रस्तुत गरेको छ ।

**तालिका न.९१: सरकारी स्वास्थ्य संस्था सम्मको दूरी सम्वन्धी विवरण**

| वडा.न | ० - १५ मी. | १६ - ३० मी. | ३१ - ४५ मी. | ४६ मी. माथी | जम्मा घरधूरी |
|---|---|---|---|---|---|
| १ | १६१ | १८६ | २५ | ८ | ३८० |
| २ | १९५ | २८३ | १९ | ३ | ५०० |
| ३ | ३१९ | ४९१ | ३८ | १ | ८४९ |
| ४ | २७३ | ३८३ | ७ | ० | ६६३ |
| ५ | २८८ | ३८१ | ७ | १ | ६७७ |
| ६ | ३७६ | २२० | १ | ० | ५९७ |
| ७ | २०६ | ४९६ | ३४ | १ | ७३७ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार अझपनि वडा न. १ र २ मा ४५ मिनेट भन्दा माथी समय लाग्ने घरधूरीको तथ्यांक बढी देखिन्छ । ४७२९ घरधूरीहरुले स्थलगत अध्ययनका क्रममा वताए अनुसार सरकारी स्वास्थ्य संस्था टाढा भएको र त्यहा जादा स्वास्थ्यकर्मी नभेटिने र औषधी पनि नपाइने गरेको वताएका थिए ।

## ५.५ स्वास्थ्य सेवा तथा पोषणको स्थिति :

राजनैतिक रुपमा ७ वटा वडाहरुमा विभाजित यस गाउपालिकाका धेरै जसो जनताहरुले आवश्यकता अनुसार स्वास्थ्य सुविधा लिन सकिरहेका छैनन् । गाउपालिकाका सुविधा सम्पन्न क्षेत्रका जनताहरुको पहुच सहज देखिएतापनि बाँकि दूर दराजका जनताको पहुच केवल स्वास्थ्य चौकी सम्म मात्र रहेको छ जहा सवै स्वास्थ्य समस्याको समाधान सम्भव

छैन । स्वास्थ्य केन्द्रमा पर्याप्त स्वास्थ्यकर्मी नहुनु, स्वास्थ्य उपकरण, सामग्री र औषधि उपलव्ध नहुदाका समस्याहरु झेल्नु पर्ने वाध्यताका साथसाथै महिला रोगसँग सम्वन्धीत रोगका लागी पूरुष डक्टर हुने हुदा महिलाहरुलाई अप्ठेरो महसुस हुने कुरा व्यवहारमा देखिने गरेको छ । गाउपालिकाका विभिन्न वडाहरुमा स्वास्थ्य केन्द्रहरु रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरवन्दी अनुसार स्वास्थ्यकर्मीहरु छैनन् । तथापि ग्रामिण स्तरमा उपचारात्मक स्थिति कमजोर रहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्वेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजि क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ । आर्थिक स्थिति मजवुत भएका तथा पहुचवाला व्यक्तिहरु मात्रले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ ।

यस क्षेत्रमा आपतकालिन प्रसुति सेवा (Emergency obstetric care) कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थितिनै मातृमृत्यूदर (Maternal Mortality)को सवैभन्दा प्रमुख कारण हो । समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणको (Symptoms) गम्भीरता सम्वन्धी बुझाइमा कमी, औषधी उपचार प्रणाली ( Medical system)माथीको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागी यात्रा गरिरहने दूरी सम्वन्धी कुरा, सेवाको लागत, परम्परागत विश्वास,गरिवी न्यून गर्ने सामाजिक आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरुको कारणले गर्दा आपतकालिन सेवामा कमी आउने गरेको देखिन्छ ।

## ५.६ परिवार नियोजन सम्वन्धी विवरण:

परिवार नियोजन वाट हुने फाइदाका बारेमा विभिन्न संघ संस्थाहरुवाट गरिएको अध्ययन अनुसंन्धानवाट आमा, बच्चा र नवजात शिशुको स्वास्थ्य सूधार गर्न उल्लेखनिय भूमिका खेल्ने कुरा प्रमाणित भएको छ । साथै यसले लैङ्गिक समानता,महिलाको शिक्षा र वृत्ति विकाश गर्नको लागी सहयोग पुर्याउदछ । त्यसकारण गुणस्तरिय परिवार नियोजन सेवा प्रदान गर्ने उद्देश्यले सन १९९१ बाटै सुरु भएको प्रजनन स्वास्थ्य कार्यक्रम र परिवार नियोजन कार्यक्रमलाई विस्तार गर्दै, विभिन्न रुपमा परिमार्जन गर्दै अस्पताल,प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, गाउघर क्लिनिक, घुम्ति शिविरहरु, महिला स्वास्थ्य स्वयमसेविका र्याउदै आउको छ । परिवार नियोजनसम्वन्धी स्थाई, अस्थाई विधिहरु प्रयोगकर्ताको अवस्था देहायअनुसारको तालिकामा दिइएको छ ।

**तालिका न.९२: परिवार नियोजन सम्वन्धी विवरण**

| वडा नम्बर | परिवार नियोजनको साधन प्रयोग गर्ने | | | |
|---|---|---|---|---|
| | महिला | | पुरुष | |
| | स्थायी | अस्थायी | स्थायी | अस्थायी |
| १ | ६४ | ३२८ | - | - |
| २ | - | - | - | - |
| ३ | - | ११८ | - | - |
| ४ | - | ६७ | - | - |
| ५ | ११० | ६२ | - | - |
| ६ | - | ३१ | - | - |
| ७ | - | | - | - |
| जम्मा | १७४ | ६०६ | - | - |

*श्रोत: गाउपालिका कार्यलय २०७७*

## ५.७. सुरक्षित मातृत्वको आवश्यकता :

वालवालिकालाई गर्भमा रहदादेखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरु विभिन्न रोगवाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहदा मूलत आमाको उमेर , पोषण, आराम, मादक तथा सूर्तिजन्य पदार्थको सेवन लगायतका पक्षहरुले वालवालिकाको स्वास्थ्य निर्धारण गर्दछ। वालवालिका स्वास्थ्य जन्मनको लागी गर्भवति महिलाले कम्तीमा पनि ४ पटक नियमित स्वास्थ्य जाँच गराउनु पर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन अर्वेन्डाजोल,क्याल्सियम चक्किहरु नियमित सेवन गर्नु पर्दछ । कम उमेरमै गर्भवति हुदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानी नोक्सानी पुग्ने भएकोले सरकारले कानूनी रुपमा नै विवाह गर्ने न्यूनतम उमेर २० बर्ष तोकिदिएको छ । तर १७ प्रतिशत किशोरीहरु १५ बर्ष देखि १९ बर्ष उमेरमै गर्भवति भएका वा आमा भइसकेका हुन्छन् । (NDHS-2016)

सरकारले स्वास्थ्य सेवा विभाग मार्फत सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्यका लागी समूदायमा आधारित कार्यक्रम संञ्चालन गरिहेको छ । यसले आमा र वालवालिकाको मृत्यूदर घटाउन धेरै मदत पुर्याएको छ । तर पनि उक्त सेवाहरु कार्यक्रम केन्द्रीत भएका कारणले सवै लक्षित वर्गमा अझै पुग्न सकेको देखिदैन । ग्रामिण भेगहरुमा समयमै गर्भवति महिला स्वास्थ्य केन्द्र नपुग्दा र स्वास्थ्यकर्मी पर्याप्त नहुदा कति को मृत्यू हुने गरेको कुरा हामी सामू छ। जहदा गाउपालिकाको सुरक्षित मातृत्व सम्वन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका न.९३: सुरक्षित मातृत्व सम्वन्धी विवरण**

| वडा नम्बर | गत बर्षको गर्भवती/प्रसुती भएका महिला संख्या | टि.टि. खोप लिने गर्भवती | | गर्भावस्थाको४ पटक जाँच गराउने गर्भवती संख्या | प्रसुती भएको आधारमा गर्भवतीको संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | टी.टी. १ (पहिलो जाँचमा) | टी.टी. २ (पहिलो खोप लिएको एक महिना पछि) | | स्वास्थ्य संस्थामा | दक्ष स्वास्थ्यकर्मीको सहयोगमा घरमा | स्वास्थ्यकर्मीको अनुपस्थितिमा घरमा |
| १ | २७४ | १२० | ९६ | ४१ | ९७ | - | - |
| २ | - | - | - | - | - | - | - |
| ३ | २६५ | १०७ | १४५ | १८४ | - | - | - |
| ४ | १२४ | ८६ | ९२ | ५७ | - | - | - |
| ५ | २४५ | ११६ | ७५ | १३२ | - | - | - |
| ६ | ७८ | ३७ | ३८ | ३६ | - | - | - |
| ७ | - | - | - | - | - | - | - |
| जम्मा | ९८६ | ४६६ | ४४६ | ४५० | ९७ | - | - |

*श्रोतः नगरपालिका कार्यलय २०७७*

## ५.८. पोषण सम्वन्धी विवरण :

कुनै पनि ठाउको पोषणको अवस्था त्यस ठाउका वालवालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ । पोषित वालवालिकालाई कुनै पनि ठाउको सामाजिक तथा आर्थिक विकासको सूचकको रुपमा लिइन्छ । सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ बर्ष मूनीका वालवालिकालाई नियमित रुपमा वाल बृद्धि अनुगमन गर्दै आएको छ। बाल अधिकार सम्वन्धी महासन्धी १९८९ ले समेत वालवालिकालाई अवहेलना , वेवास्ता, हेलचेकाई, दूर्व्यवहार,हिंसा लगायतवाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चत गनुपर्ने उललेख गरेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वास्थ्य नागरिक विना राष्ट्रको अन्य विकाश क्रियाकलापहरु प्रभावकारी हुन नसक्ने भएको हुदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रकियाको एउटा महत्वपूर्ण हिस्सा हुन आउछ । जहदा गाउपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भै वालस्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, सूचना सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकास सम्वन्धी कार्यक्रम सञ्चालन भइरहेका छन् । स्वास्थ्य तथा पोषण सम्वन्धी काम गर्नका लागी राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु समेत कार्यरत रहेको परिपेक्षमा गाउपालिकाले कार्यक्रम सञ्चालनका लागी गाउ स्वास्थ्य सञ्जाल निर्माण गर्नुपर्ने देखिन्छ । वालवालिकाको पोषणलाई ध्यानमा राख्दै सरकारले विभिन्न पोषण सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । जसले वालवालिकामा देखिने कुपोषण जस्ता समस्यालाई कम पनि गर्दै आएको छ । नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण-२०१६ को नतिजा अनुसार वालवालिकाको पोषणको अवस्थामा क्रमिक सूधार हुदै आएको देखिए पनि सन्तोषजनक नतिजा अझै पनि आउन नसकेको देखिन्छ । यसै सर्भेक्षणमा वालवालिकाको उचाइ र तौलको तुलना गरी उनीहरुको पोषणको स्थिति मापन गरिएको थियो । पुड्कोपनाले दीर्घकालीन कुपोषणलाई इङ्गित गर्दछ । नेपालमा ५ बर्ष मूनीका एक तिहाई भन्दा बढी करीब ३६% वालवालिकामा पुड्कोपन वा उमेरअनुसार उचाइ नपुगी पुड्को (stunting) भएको पाइएको छ । शहरी क्षेत्रमा (३२%) को तुलनामा ग्रामिण क्षेत्रमा (४०%)वालवालिकाहरुमा पुड्कोपना बढी पाइएको छ । समग्रमा १०% वालवालिकाहरुको उचाई अनुरुप तौल नबढी ख्याउटे (wasted) भएको पाइएको छ । जुन दीर्घकालिन कुपोषणको लक्षण हो । यसका अतिरक्ति २७% वालवालिकाहरु उमेरअनुसार कम तौल भएको पाइएको छ । नेपालमा सन १९९६ देखि यता वालवालिकाहरुको पोषणको स्थितीमा सुधार भएको देखिन्छ । सन १९९६ मा आधा भन्दा बढी ५७% बच्चाहरु ख्याउटे थिए भने सन २०१६ मा ३६% म ा झरेको छ ।

वर्तमान समयमा जहदा गाउपालिकामा पोषणको अवस्था निम्नानुसार रहेको देखिन्छ ।

**तालिका न.९४: विगत ३ बर्षमा पोषणको अवस्था**

| क.स. | सूचकांकहरु | आ.व.०७३/०७४ संख्या | आ.व.०७४/०७५ संख्या | आ.व.०७५/०७६ संख्या |
|---|---|---|---|---|
| १ | ५ बर्ष मूनिको वृद्धि अनुगमन(पटक) | २.४३ | १.९२ | १.६२ |
| २ | गर्भवति महिलाको लागी आइरन चक्की वितरण (जना) | ७८९ | ८८४ | १०९२ |
| ३ | १८० आइरन चक्की पाएका गर्भवतिको संख्या | ३८८ | ५५४ | ५७० |
| ४ | गर्भवति महिलाले पाएको जुकाको संख्या (जना) | ७८५ | १०८३ | १०९० |
| ५ | भीटामिन ‘ए’ पाएका सुत्केरी महिलाहरुको संख्या | ३५४ | ४१६ | ४८२ |
| ६ | ६ महिनादेखि ५ बर्ष सम्मका बच्चालाई खुवाएको भीटामिन ‘ए’ (जना) | १२५०६ | ८३५० | ९७७६ |

*श्रोत: गाउपालिका कार्यलय २०७७*

## ५.९. खानेपानी तथा सरसफाई :

यस शिर्षक अन्तर्गत जहदा गाउपालिकाका सवै वडामा यस सर्भेक्षणको दौरानमा खानेपानी, शौचालय र सरसफाई सम्वन्धी भएका अभ्यास र प्राप्त भएका तथ्यांकहरुको बारेमा विश्लेषण गरीएको छ ।

## ५.९.१ खानेपानी :

नेपालको एक अध्ययनको रिपोर्टमा उल्लेख भए अनुसार ९५ प्रतिशत घरपरिवार सुरक्षित खानेपानीको पहुचमा पुगेको उल्लेख गरेको छ । यसरी हेर्दा केही हदसम्म नेपालीहरुको स्वच्छ खानेपानी खान पाउने नैसर्गिक अधिकार प्राप्त गरेको देखिन्छ । तर नेपालको सवै भागमा यस्तो खानेपानीको सुरक्षित पहुच र व्यवस्था हुन सकेको छैन । तराइमा ट्युवेलको पानी , पहाड र हिमाली जिल्लमा अस्थाई पाइप जोडेको पानी स्वास्थ्यकर भए नभएको परीक्षण नगरिकन स्वास्थ्यकर मान्ने कि नमान्ने भन्ने प्रश्न छ । तराइमा ट्युवेलको पानीको स्रोत जमिन मूनी भए पनि खान योग्य आर्सेनिक परीक्षण नगरि भन्न सकिन्न तर माथीका जस्ता अध्ययनले यस्ता ट्युवेलको पानीलाइ समेत सुरक्षित मानेको देखिन्छ । यसैगरी पहाड तथा हिमाली भेगमा अस्थाई पाइप जोडेका पानीको स्रोत त्यसको मुहान कति सुरक्षित छ, त्यसको अध्ययन नै नगरि सुरक्षित पानी छ भन्नु स्वास्थ्यका दृष्टिकोणवाट राम्रो होइन । तर अन्य विकल्प नभएसम्म मानिसहरुले यस्तो पानी खान बाध्य हुने गर्दछन् । पानीको जस्तोसुकै स्रोत प्रयोग गरेतापनि पिउने पानी पूर्ण रुपमा शुद्ध र पिउन योग्य भएको यकिन गर्न शुद्धिकरणका उपायहरु अवलम्वन गर्नुपर्ने देखिन्छ । यसो गर्दा पानीजन्य रोगहरुवाट बच्न सकिन्छ ।

यस गाउपालिका पनि मूख्यरुपमा ट्युवेल बोरिङ्गको पानीमा आश्रित भएको देखिन्छ । यस गाउपालिकामा खानेपानी पाइप द्धारा वितरण गरिएको वडा न.१ नम्वरमा देखिन्छ भने अन्य वडाहरुमा ट्युवेल बोरिङ्गकै पानीमा बढीजसो घरपरिवारहरु आश्रित रहेका छन् । जसलाई वडागत रुपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका न.९५: वडाअनुसार खानेपानी श्रोतको वर्गिकरण विवरण**

| वडा .न | मूख्य खानेपानी श्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पाइपको पानी | ट्युवेल वा बोरिङ्ग | इनारको पानी | बर्षा वा आकाश वाट परेको पानी | नदीवाध,पोखरी,कुलो,ताल, पैनी | जार वा बोतलको पानी | अन्य | जम्मा |
| १ | १ | १३८४ | ० | ० | ० | २ | १ | १३८८ |
| २ | १ | १३६९ | ० | ० | ० | २ | २ | १३७४ |
| ३ | ३ | १४८५ | १ | ० | ० | १ | ० | १४९० |
| ४ | ४ | १४०० | ५ | ० | ० | ० | १ | १४१० |
| ५ | ० | १३६५ | १ | ० | ० | ६ | ० | १३७२ |
| ६ | १ | ७४० | १ | ० | ० | ० | ० | ७४२ |
| ७ | ० | १३४८ | १ | ० | ० | ४ | ३ | १३५६ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार यस गाउपालिकामा अधिकांश वडाहरुमा व्यवस्थित खानेपानी स्रोतको अभाव देखिन्छ । यस क्षेत्रका बासिन्दाले शुद्ध खानेपानीको श्रोत ट्युवेल/बोरिङको पानीलाई मानेको देखिन्छ । इनारको पानी पनि यस गाउपालिकामा प्रयोग गरेको देखिन्छ । केहि केहि घर परिवार जुन शहरी क्षेत्रमा बसोवास गर्दछन् उनीहरु घरायसी प्रयोग गरेपनि खानाका लागी जार बोतलको पानी नै प्रयोग गर्ने गरेको पनि बताएका थिए । यसलाई वृत्त चित्रमा देहाय अनुसार प्रतिशतमा देखाइएको छ ।

**वृत्त चित्र न.३८ :खानेपानीको मूख्य स्रोतको आधारमा घरधूरी विवरण**




*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

### ५.९.२. खानेपानी सुरक्षित बनाउने घरपरिवार सम्वन्धी विवरण

यस अध्ययनका क्रममा जहदा गाउपालिकाका सवै वडाहरु का घरधूरी मा खानेपानीलाई सुरक्षित बनाउने अभ्यास कति घरपरिवारले गर्दा रहेछन् भनेर तथ्यांक संकलन गरिएको थियो । सुरक्षित खानेपानी स्वास्थ्यको दृष्टिकोणवाट सवैभन्दा पहिलो चरणमै हेरीने सूचांक भएका कारणले गर्दा यहा स्रोतको सुरक्षा र माध्यमको सुरक्षा दुवैलाई महत्वका साथ हेर्नुपर्ने हुन्छ । पहिलो त खानेपानी लाई सुरक्षित श्रोतवाट थापेर ल्याउने र त्यसलाई सुरक्षित ढंगवाट छोपेर राख्ने हो भने , दोश्रो जुन वस्तु वा भाडामा राखेर त्यसलाई प्रयोग गरिन्छ त्यो पनि सुरक्षित हुनुपर्दछ भन्ने मान्यता रहेको देखिन्छ । त्यसैले यस गाउपालिकामा कति घरधूरी र परिवारले पानी थापेर ल्याएपछि पानी शुद्धिकरण गर्दछन् भन्ने तथ्यांक प्रस्तुत गरिएको छ ।

**तालिका न.९६: खानेपानी शुद्ध बनाउने घरधूरी विवरण**


| वडा न. | सुरक्षित बनाउने | सुरक्षित नबनाउने | थाहा नभएको | जम्मा |
|---|---|---|---|---|
| १ | ११४ | १०५० | २२४ | १३८८ |
| २ | ९४ | १०८१ | १९९ | १३७४ |
| ३ | ७४ | १२८५ | १३१ | १४९० |
| ४ | १०३ | ११८७ | १२० | १४१० |
| ५ | ३२ | ११७१ | १६९ | १३७२ |
| ६ | २५२ | ३४६ | १४४ | ७४२ |
| ७ | ३३ | ११४१ | १८२ | १३५६ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिकाअनुसार यस गाउपालिकामा खानेपानीलाई शुद्धिकरण गर्नुपर्छ जुन रुपमा पानी थापेर ल्यायो त्यहि रुपमा खान हुदैन भन्ने चेतनाको स्तर अझ पनि विकास भएको देखिदैन । यहा खानेपानी शुद्ध बनाउने घरधूरी भन्दा

नवनाउने घरधूरी बढी रहेको तथ्यांकवाट देखिन्छ। यसलाई प्रतिशतको आधारमा हेर्दा निम्नानुसारको वृत्त चित्र बाट प्रष्ट हुन्छ।

**वृत्त चित्र न.३९ :खानेपानी शुद्ध बनाउने र नबनाउने घरधूरी**




*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

### ५.९.३. खानेपानी सुरक्षित बनाउने तरिका सम्वन्धी विवरण :

खानेपानीलाई विभिन्न चरणमा सुरक्षित बनाउन सकिन्छ। यसरी चरणबद्ध रुपमा सुरक्षित र शुद्ध बनाएपछि मात्र पानी पिउनु स्वास्थ्यका दृष्टिकोणले लाभदायक मानिन्छ । मुल वा श्रोतवाट लिइएको पानीलाई सुरक्षित बनाउन फरक परिवारहरुले फरक-फरक तौर तरिकाहरु अपनाउने गर्दछन्। कसैले फिल्टरको प्रयोग गर्छन भने कसैले कपडाले छान्न त कसैले थापेर ल्याएको पानीलाई थिग्राउने गर्दछन्। यि विभिन्न माध्यम मध्ये कुन बढी लाभदायक र पिउन सुरक्षित छ भने विषय भन्दा पनि केही सुरक्षित हुने तौर तरिका अपनाएका कारण त्यस्ता परिवारलाई अझ राम्रा माध्यमहरु संप्रेषण गर्न सकिन्छ। यस सप्तकोशी नगरपालिकामा खानेपानीलाई कस्तो रुपवाट शुद्धिकरण गरिन्छ भन्ने बारेमा पनि तथ्यांक संकलन गरिएको थियो जसलाई देहायको तालिकामा देखाइएको छ।

**तालिका न.९७: खानेपानी सुरक्षित बनाउने तरिका सम्वन्धी विवरण**

| वार्ड.नं | उमाल्ने | ब्लिचीङ्गग, क्लोरिन, पियुस, वा वाटर गार्डको प्रयोग गर्न | कपडामा छान्ने | पानी छान्नेफिल्टरको प्रयोग( सेरामिक, बालुवा, गिट्टी फिल्टर) | थिग्रिन दिने | अन्य | थाहा छैन | केही नगर्ने |
|---|---|---|---|---|---|---|---|---|
| १ | १०८ | ३ | १२ | ७ | ३ | ० | १७ | १०६४ |
| २ | ८७ | १२ | १९ | ११ | ० | ० | २ | १०९२ |
| ३ | ७० | १२ | ३४ | ५ | ० | ० | १ | १२८५ |
| ४ | १०१ | ० | २१ | २ | ० | ० | १ | ११८७ |
| ५ | २९ | १ | २ | ५ | ० | १ | ० | ११७१ |
| ६ | २५१ | १० | ७ | २ | ० | ० | १ | ३४६ |
| ७ | २४ | ८ | १ | २० | २ | ० | ० | ११४१ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

## ५.१०. फोहोरमैला व्यवस्थापन :

गाउपालिकालाई सधै सफा राखि वातावरणमैत्री घर, टोल, बस्ति र समाज बनाउने हेतुले राष्ट्रिय सरसफाइ अभियानलाई यस गाउपालिकाका केहि वडाहरुमा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, टोल विकाश संस्था, टोल सूधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा कहिले कहि वडा र टोल स्तरमा काम भएको पाइन्छ । शहरीकरणको धेरै प्रभाव नपरेको यस गाउपालिकाका केही वडाहरुमा अझैपनि स्वच्छ हावापानीको र प्राकृतिक वातावरणको अनुभव गर्न सकिन्छ । तर पनि यहाका ४ वटा वडाहरु शहर उन्मूख जीवनशैली बसोवास र रहन सहनमा अग्रसर भएको देखिन थालेको छ । दैनिक रुपमा घरवाट निस्कने फोहोरलाई आजैदेखि उचित व्यवस्थापन गर्न समिएको खण्डमा भविष्यमा पर्ने दूरगामी असरलाई न्यूनिकरण गर्न सकिन्छ । जसले गाउवासीहरुको स्वस्थ्य जीवन जिउन मदत गर्दछ । यस विषयमा गाउपालिकाले विशेष प्राथमिकताका साथ काम गनुपर्ने देखिन्छ ।

फोहोरमैला व्यवस्थापन आज भोली अत्यन्त जटिल हुदै गएको एउटा महत्वपूर्ण समस्या हो । शहरोउन्मूख गाउपालिकाहरुका लागी यो एउटा ठूलो समस्याका रुपमा खडा भएको पाइन्छ । हाम्रो नेपालमा फोहोरमैला व्यवस्थापन गर्न नसक्दा विभिन्न प्रकारका रोग व्याधीहरु जनमानसमा देखापर्ने गरेका यथेष्ट उदाहरणहरु छन् । फोहोरमैला व्यवस्थापनमा जनमानसमा चेतनाको मात्र विकास गर्न सकेको खण्डमा यस क्षेत्रमा भइ रहेको हालको फोहोरमैला सम्वन्धी लगानी र व्यवस्थापन आधाभन्दा बढी आफै हल भएर जान्छ । फोहोरमैला कहाँ, कसरी विसर्जन गर्ने भन्ने एउटा ठूलो समस्या देखिन्छ । घरवाट निस्कने सड्ने फोहोर र नसड्ने फोहोरको अवस्था कस्तो छ भनेर यस अध्ययनमा हेरिएको थियो । जसमा कति घरभूरीले फोहोरको व्यवस्थापन गर्न प्रारम्भिक चरणमा फोहोर छुट्याउने कार्य कसरी भएको छ भनेर देहायको तालिकामा प्रस्तुत गरीएको छ ।


**तालिका न.९८: घरवाट निस्कने फोहोरलाई छुट्याउने र नछुट्याउने घरधूरी**

| वडा न. | फोहोर छुट्याउने | फोहोर नछुट्याउने | जम्मा |
|---|---|---|---|
| १ | ४२० | ९६८ | १३८८ |
| २ | ४७९ | ८९५ | १३७४ |
| ३ | ४३६ | १०५४ | १४९० |
| ४ | ३५१ | १०५९ | १४१० |
| ५ | ३६५ | १००७ | १३७२ |
| ६ | ३२७ | ४१५ | ७४२ |
| ७ | ४३८ | ९१८ | १३५६ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिकालाई प्रतिशतको आधारमा हेर्दा फोहोरको व्यवस्थापन मा निम्नानुसारको अवस्था देखिन्छ ।

**ग्राफ न.५० :फोहोरको प्रकार अनुसार सड्ने र नसड्नेगरी छुट्याउने घरधूरी**




*श्रोत: पार्श्वचित्र २०७६/२०७७*

### ५.१०.१. घरवाट निस्कने फोहोरको व्यवस्थापन :

शहरीकृत वडाहरुका रुपमा रुपान्तरण भैरहेको अवस्थामा यस जहदा गाउपालिकाको क्षेत्रहरु पनि फोहोरमैला व्यवस्थापनको क्षेत्रमा अवस्था बिग्रिहाल्ने रुपमा चैं होइन तर भोलीका दिनमा समस्या आउन नदिनु अगावै केहि कामहरु गर्नु जरुरी देखिन्छ । मानिसहरुको फोहोरमैला प्रतिको चेतनाको स्तरमा सूधार ल्याउनु आवश्यक देखिन्छ । फोहोरलाई मोहोरमा परिवर्तन गर्ने विभिन्न तरिकाहरु पनि केही छिमेकी जिल्लामा लागु गर्ने अवस्थता छ । यस गाउपालिकाले पनि घरवाट निस्कने फोहोरमैला तथा शहर हाट बजार, पसल, उद्योग, कल कारखाना वाट निस्कने फोहोरको उचित व्यवस्थापनमा जोडदिनु जरुरी छ । यस स्थलगत अध्ययनका कममा घरधूरी सर्भेक्षण गर्दा फोहोरको व्यवस्थापन कसरी गर्नुहुन्छ भनि सोधिएको थियो । उहाहरुवाट आएको उत्तरलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका न.९९: घरवाट निस्कने फोहोरको व्यवस्थापन सम्वन्धी विवरण**

| वडा न. | आगोमा डढाउने | खाल्डोमा पूर्ने | मल बनाउने | जतासुकै फाल्ने | अन्य |
|---|---|---|---|---|---|
| १ | ८५० | ८२८ | २३७ | १८९ | ० |
| २ | ८७३ | १०२२ | २४८ | १५५ | ० |
| ३ | १०२६ | १२५४ | २३२ | २५७ | ० |
| ४ | ८३७ | १०४१ | ३५३ | २५२ | ० |
| ५ | १०११ | १०५९ | २८२ | १७५ | ० |
| ६ | ६०३ | ५८८ | १४९ | १७५ | १ |
| ७ | १०७२ | ११२१ | २१० | २१८ | ० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

फोहोरमैला व्यवस्थापन एउटा चुनौति पूर्ण कार्य हो । वडा अनुसार माथीको तालिकामा घरधूरीको आफ्नो घरवाट निस्कीएको फोहोरको व्यवस्थापन सम्वन्धी विवरण छ तर जतासुकै फाल्ने अन्य शिर्षकमा नदी खोला, पैनी र नहरमा बगाउने भन्ने उत्तर पनि आएको देखिएकोले यो पनि अव्यवस्थित फोहोरको व्यवस्थापन भित्र पर्ने गर्दछ । यसलाई प्रतिशतको आधारमा देहाय अनुसार वृत्त चित्रमा देखाउन सकिन्छ ।

**वृत्त चित्र न.४० :फोहोरमैला व्यवस्थापन सम्वन्धी प्रतिशत सहितको विवरण**




*श्रोत: पार्श्वचित्र २०७६/२०७७*

### ५.१०.२ खुल्ला दिशामुक्त क्षेत्र र शौचालयको व्यवस्थापन:

देशका कतिपय भागहरुमा सामूदायिक स्वास्थ्यका दृष्टिले हानीकारक खुल्लारुपमा दिशापिसाव गर्ने प्रवृत्ति रहेको छ । यो मानव सभ्यता र व्यक्तिगत स्वास्थ्यका हिसाबले समेत अवाञ्छित कार्य हो । तर हालका बर्षहरुमा सञ्चार माध्यहको सकारात्मक भूमिका,शिक्षाको विकाश र विस्तारले आम जनसमूदायहरुले खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने काम पनि गर्दै आएका छन् । हाल पछिल्लो समयमा विभिन्न संघ,संस्था, नेपाल सरकारको साथै नागरिक समाजको सक्रिय पहलमा सञ्चालन भएको " एक घर एक चर्पी कार्यक्रम " , खुल्ला दिशामुक्त क्षेत्र कार्यक्रम लगायत जनचेतनामूलक कार्यक्रमहरुले गाउपालिकामा शौचालय प्रयोगको अवस्था बढेको देखिन्छ । जहदा गाउपालिकामा पनि विकाशका खुड्किलोमा उक्लदै गर्दा केही वडाहरु शहरीकृत वडामा रुपान्तरण भइरहेको अवस्थामा अझ पनि केही घरपरिवार खुल्ला दिशा पिसाब गरीरहेको अवस्था यस अध्ययनको क्रममा पाइएको थियो । यस अध्ययनमा गाउपालिकाको शौचालयको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका न.१००: वडा अनुसार घरपरिवारले प्रयोग गर्ने चर्पीको प्रकार

| वार्ड | चर्पीको प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | फ्लस चर्पी | खाल्डेचर्पी | हावादारीवा सुधारियको खाल्डे चर्पी | बस्नेठाउँ स्ल्यव भएको खाल्डे चर्पी | बस्नेठाउँ स्ल्यव नभएको वा खुल्ला, खाल्डे चर्पी | दिशाकम्पोष्ट हुने चर्पी | चर्पीछैन, झाडी वा खेतमा जाने | अन्य |
| १ | १६७ | ४६३ | ११२ | १२० | १० | २५१ | २४१ | २४ |
| २ | ४१ | ४३६ | १४१ | २३१ | ३९ | २७८ | १९६ | १२ |
| ३ | १४८ | ३४६ | १२२ | २८१ | ३४ | १७५ | ३६५ | १९ |
| ४ | १६१ | ४३८ | १०७ | २४७ | २४ | २४३ | १९० | ० |
| ५ | ५ | ३८२ | ९८ | १६१ | २८ | १७५ | ५२३ | ० |
| ६ | १३ | २९५ | १९५ | १२४ | १ | ४९ | ६५ | ० |
| ७ | १ | ३४० | १०५ | १९३ | २५ | २७३ | ४१९ | ० |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार जहदा नगरपालिका मा खुल्लारुपका खाल्डे चर्पीहरुको संख्या अझैपनि उल्लेख्य रुपमा रहेको देखिन्छ । जुन स्वास्थ्यको दृष्टिकोणवाट हेर्ने हो भने सुरक्षित शौचालय मान्न सकिदैन । यसैगरी यहा २१.९ प्रतिशत घरधूरी शौचालय विहिन देखिन्छन् । खुल्ला दिशामूक्त क्षेत्र घोषणा भएपनि कुनै घरपरिवार शौचालय बनाउने क्रममा रहेको र कसैको घर छुट्टिएको कारणले, अंशवण्डा भएको कारणले शौचालय आफ्नो नभएको बताएका थिए ।

## ५.११. महिला तथा वालवालिका:

कूल जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरु अझैपनि देश विकाशको मूल प्रवाहमा उल्लेखनिय रुपमा आउन सकेका छैनन् । महिला सहभागिता, सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरु पछिल्लो समयमा हुदै आएपनि समान सहभागिता र लैङ्गिक समतम भने कायम हुन सकिरहेको देखिदैन । यसको कारण समाजमा समाजमा व्याप्त असमान शक्ति सम्वन्ध, पितृसत्तात्मक सोच तथा सामाजिक संरचना आदी रहेका छन् । जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक र शैक्षिक रुपमा अझै पनि तुलनात्मक रुपमा पछाडी परेको देखिन्छ ।

विकाशमा महिलाहरुको समानूपातिक र सक्रिय सहभागिता सुनिश्चित गर्न उनीहरुको आर्थिक र सामाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रुपमा २०३९/४० सालवाट ५ वटा जिल्ला (सुर्खेत, तनहु, स्याङ्जा, धादिङ् , नवलपरासी) वाट सुरु भएको महिला विकाश कार्यक्रम हाल ७७ वटै जिल्लाहरुमा विस्तार भएको छ । महिला विकाश कार्यक्रम महिला विकाश र सशक्तिकरणको लागी एउटा महत्वपूर्ण प्रयास हो । ग्रामिण तथा विपन्न महिलाहरुलाई समूह, समिति, संस्थामा संगठीत गरराई जनचेतना अभिवृद्धि अभिवृद्धि, क्षमतम विकाश गरी सामाजिक तथा आर्थिक रुपमा सशक्त बनाउन, सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमूख भूमिका निर्वाह गर्दै आइरहेको छ ।

महिला हक अधिकार सशक्तिकरणका लागी विभिन्न गैर सरकारी संघ संस्था ताथ सरकारी निकायवाट कामहरु सशक्त रुपमा नै भइरहेको छ । अझ नेपालको संविधानको भाग ३ को धारा ३८ ले निम्नानुसार का महिला हक लाई सुनिश्चत गरेको छ ।

- *प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशिय हक हुनेछ ।*
- *प्रत्येक महिलालाईै सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी हक हुनेछ ।*

- *महिला विरुद्ध सामाजिक, धार्मिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै पनि किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। यस्तो कार्य कानून बमोजिम दण्डनिय हुनेछ र पिडीतलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।*
- *राज्यका सवै निकायमा महिलालाई समानूपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।*
- *महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।*
- *सम्पत्ति तथा पारिवारीक मामिलामा दम्पत्तिको समान हुनेछ ।*

विशेषगरी गर्भवति महिलाहरुको निशुल्क वा न्यूनतम शुल्कमा स्वास्थ्य परीक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन र पाठेघर क्यान्सरको अग्रिम पहिचान तथा न्यूनिकरणका लागी विशेष पहल गनुपर्ने देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यलय एवं अन्य सम्वद्ध स्वास्थ्य संस्थासँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागी स्थायित्व, वृत्ति विकास तथा पूर्नताजगी जस्ता कार्यक्रमलाई महिलाहरुका लागी लघू उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सवल बनाउनुपर्ने देखिन्छ । आर्थिक, सामाजिक, साँस्कृतिक, तथा शैक्षिक सशक्तिकरण गर्दै गाउविकाशमा महिलाहरुको समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ। सामाजिक क्षेत्रमा उदाहरणिय काम गर्ने आमा समूह, टोल विकाश संस्था, महिला समन्वय समिति तथा महिला सम्वन्धी संघ संस्थालाई संस्थागत विकाशका लागी विभिन्न कार्यक्रम सञ्चालन गर्नुपर्दछ । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका न.१०१: महिला हिंसा सम्वन्धी विवरण**

| क.स | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | घरेलु हिंसा बाट पिडित | २८ | |
| २ | सौता रहेको र झगडा भएको संख्या | १४० | |
| ३ | बेचविखनमा परेको | ५ | |
| ४ | श्रीमान वाट पिडीत पिटीएको | १७० | |
| ५ | द्धन्द्धवाट पिडीत | २५ | |
| ६ | सामाजिक कुरिती लगाइएको | १२ | यौन हिंसा समेत |
| | जम्मा | ३८० | |

*श्रोत: गाउपालिका कार्यलय २०७७*

### ५.११.१. पीरिवारीक संरचनामा महिला :

जहदा गाउपालिकाको जनसांख्यिक वनावटलाई हेर्दा हाल यहा स्थाइरुपमा बसोवास गर्ने घरपरिवारका सदस्यहरु सँग सम्वन्धीत भै तथ्यांक हेर्ने हो भने सरदर यहाको परिवारको आकार ४.८८ प्रति घरधूरी आकार रहेको देखिन्छ। कूल घरधूरी ९१३२ रहेको यस गाउपालिकामा घरमूलि संख्या मध्ये महिला २१५५५., पूरुष २३०४८ र तेश्रो लिङ्गी ११. जना रहेको देखिन्छ। यस संरचना सम्वन्धी थप विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।


**तालिका न.१०२: वडाअनुसार घरमूलिको वनावट र महिला घरमूलि विवरण**

| वडा न.. | घरमूलि अनुसार घरधूरी | | | जम्मा |
|---|---|---|---|---|
| | महिला | पूरुष | ते.ली | |
| १ | ८८ | १३०० | ० | १३८८ |
| २ | ११५ | १२५९ | ० | १३७४ |
| ३ | ९५ | १३९५ | ० | १४९० |
| ४ | १३४ | १२७६ | ० | १४१० |
| ५ | १०४ | १२६८ | ० | १३७२ |
| ६ | ४५ | ६९७ | ० | ७४२ |
| ७ | ८२ | १२७४ | ० | १३५६ |

*श्रोत: पार्श्वचित्र २०७७/७८*

माथीको तालिका अनुसार यस तथ्यांकमा अस्थाई बसाइ गरेको जनसंख्यालाई समेटिएको छैन । हाल यस नगरपालिकामा वास्तविक रुपमा ४.८ प्रति घरधूरी परिवार सदस्यहरु बसोवास गर्ने देखिन्छ। यसैगरी घरमूली महिला प्रमूख भएकाको घरको संख्या ६६२ देखिन्छ। ७.२४. प्रतिशत घरमा निर्णय गर्ने प्रकियामा महिलाको प्रमूख भूमिका रहेको देखिन्छ। यसलाई प्रतिशतको आधारमा विभाजन गर्दा देहाय अनुसारको वृत्त चित्रवाट प्रष्ट पार्न सकिन्छ।

**वृत्त चित्र न.४१ :घरमूलिको आधारमा घरधूरी विवरण**




*श्रोत: पार्श्वचित्र २०७७/७८*

### ५.११.२. वालवालिका सम्वन्धी विवरण:

अन्तराष्ट्रिय स्तरमा १८ बर्ष भन्दा बढी मूनिका वालवालिकालाई वालक/वालिका भनिन्छ भने नेपालको वालवालिका सम्वन्धी ऐन २०४८ ले १६ बर्ष भन्दा मूनिक सम्पूर्ण वालवालिका हुन् भनेर पभिाषित गरेको छ । वालवालिका भविष्यका कर्णदार हुन, वालवालिका साझा भविष्य हुन् र उनीहरुको स्वतन्त्रता, अधिकार, संरक्षण,विकाश र जीवनस्तर सूधारका लागी सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भन्ने कुरा महसुस गरी संयुक्त राष्ट्रसंघले सन १९८९ नोभेम्वरमा वाल अधिकार सम्वन्धी महासन्धी पारित गरेपछि हरेक बर्ष नोभेम्वर २० का दिन अन्तराष्ट्रिय वाल दिवस मनाईन्छ। वालवालिकालाई अधिकार रुपी औजारले एक कर्मठ र सवल नागरिकमा परिणत गर्न सकिन्छ।

नेपालमा वालवालिकाको हक र हितका लागी थुप्रै कुराहरु समावेश गरिएको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३९ मा देहाय बमोजिम वालवालिकाको हकको व्यवस्था गरेको छ ।

- *प्रत्येक वालवालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ ।*
- *प्रत्येक वालवालिकालाई परिवार तथा राज्यवाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकाशको हक हुनेछ ।*
- *प्रत्येक वालवालिकालाई प्रारम्भिक वालविकाश तथा वाल सहभागीताको हक हुनेछ ।*
- *कुनै पनि वालवालिकालाई कलकारखाना, खानी वा त्यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।*
- *कुनै पनि वालवालिकालाई वालविाह, गैरकानून ीओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने हुन्छ ।*
- *कुनै पनि वालवालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनैपनि माध्यम वा प्रकारले दूर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।*
- *कुनै पनि वालवालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान वा अवस्थामा शारीरिक , मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।*
- *कुनै पनि वालवालिकालाई वाल अनुकुल न्यायको हक हुनेछ ।*
- *असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्व पिडीत,विस्थापित वा जोखिममा रहेका वालवालिकालाई राज्यवाट विशेष संरक्षण वा सुविधा पाउने हक हुनेछ ।*

माथीका सँगै वालवालिकाहरुको अधिकार सम्वन्धी महासन्धीमा ५० औं हस्ताक्षरकर्ता देशहरुमध्ये नेपाल पनि एक हो । संविधानमा वालवालिका सम्वन्धी हकको सुनिश्चतता र विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाको प्रयासको वावाजुद घरेलु कामदारको रुपमा खटिएका वालवालिकाहरु, उद्योग र कारखानामा कडा श्रममा खटिएका वालवालिकाहरु , शिक्षवाट बञ्चित रहेका वालवालिकाहरुको बाँच्न पाउने नेसर्गिक अधिकार सुनिश्चित भएर पनि जन्मन नपाई जन्मने अधिकार खोसिएका वालवालिकाहरु र वाल अधिकारको उपभोगवाट दूरमा रहेका वालवालिकाहरुको उदाहरणहरु समाजमा हामीसँग छर्लङ्ग छ । यसरी समाजमा हुने वाल श्रम र वाल अधिकारवाट वञ्चित वालवालिकाहरुको लागी अझै पनि सरकार, नागरिक समाज, सचेत रहन जरुरी छ ।

### ५.११.३. वाल श्रमको अवस्थाः

वालवालिकाहरुलाई सामाजिक वा आर्थिक लाभका लागी श्रममा संलग्न गराउनु श्रम हो । नेपालको कानूनले वालवालिकाको उमेरका आधारमा स्विकार्य वा अस्विकार्य कामहरु तोकेको छ । १३ बर्ष उमेर नपुगेका वालवालिकालाई श्रमिकको रुपमा श्रममा लगाउनु हुदैन भने १४ बर्ष देखि १५ बर्ष सम्मकालाई खास-खास क्षेत्रको हलुका विशेष सुविधाका काममा लगाउन पाइन्छ । कुनै पनि वालवालिकालाई जोखिमपूर्ण काममा लगाउन पाइदैन । तथापि सुरक्षित वातावरणमा नया-नया कुरा सिक्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै वालवालिकाहरु वाल श्रमिकका रुपमा काम गर्नु पर्नाले शिक्षावाट बञ्चित हुनेदेखि शोषण र दूर्व्यवहार वाट धेरै वालवालिका पिडीत भएका छन् । नेपालमा वाल श्रमका वारेमा विभिन्न विषयगत क्षेत्रहरुमा सानाठूला अध्ययन भएतापनि आवधिक एकिकृत आधिकारिक तथ्यांक तथा जानकारीको भने अभाव छ । वालश्रम नेपाली वालवालिकाहरुको एउटा दुःखद यथार्थ हो ।

वाल श्रमिक कानूनी रुपमा दण्डनिय भएपनि अझैपनि हाम्रो घर, समाज, गाउ र टोलमा वालवालिकालाई काम गर्न राख्ने प्रचलन छ । जहदा गाउपालिकाका ७ वटै वडाहरुमा वालश्रमको अवस्था कस्तो छ भन्ने वारेमा तथ्यांक स.कलन गरिएको छ जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका न.१०३: वडा अनुसार वाल श्रमको विवरण**

| वडा न.. | वाल श्रमिक | | |
|---|---|---|---|
| | केटा | केटी | जम्मा |
| १ | ९ | २ | ११ |
| २ | ११ | २ | १३ |
| ३ | २१ | ० | २१ |
| ४ | ४ | १ | ५ |
| ५ | ३ | ० | ३ |
| ६ | ३१ | १६ | ४७ |
| ७ | ७ | १ | ८ |
| | | | |

*श्रोत: पार्श्वचित्र २०७६/७७*

माथीको तालिका अनुसार वाल श्रमिकहरुको अवस्था यस नगरपालिकामा कस्तो छ भन्ने वारेमा वडागत रुपमा देखाइएको छ । सवैभन्दा बढी वाल श्रमिक वडा मा वडा न.६ मा रहेको छ भने सवैभन्दा कम वाल श्रमिक भएको वडा न. कमश: ५ ,.४ र.७ मा रहेको देखिन्छ ।

## ५.१२. संघ संस्थामा आवद्धता सम्वन्धी :

जहदा गाउपालिकामा विभिन्न संघ संस्थाहरुले आफ्नो क्षेत्र कायम गरी काम गरीरहेको अवस्था देखिन्छ । महिला, वालवालिका, अपाङ्गताको हकहित र संरक्षणको लागी तथा आमा र बच्चाको स्वास्थ्य स्थिति सम्वन्धी काम गर्न, चेतना अभिवृद्धि गर्न बचत तथा सहकारी मार्फत सानोतिनो बचत परिचालन गर्न राम्रो वातावरण वनोस् भनेर महिला स्वयमसेविकाको नेतृत्वमा आमा समूह बनाएको पाइन्छ । यसैगरी कृषक समूहहरु पनि कृषि क्षेत्रका उत्पादनहरुको उत्पादकत्व देखि लिएर बजार व्यवस्थापन सम्मका कामहरु गर्नका लागी समूह बनाएको पाइन्छ । यस्तै विषय वस्तुहरुलाई आधार बनाएर यस अध्ययनको कममा गाउपालिकाका सवै वडाहरुमा विभिन्न संघसंस्था प्रति आवद्ध भएको घरधूरी कति छन् भनेर तथ्यांक संकलन गरिएको थियो सो को विस्तृत विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका न.१०४: संघ संस्थामा आवद्ध भएका घरधूरी विवरण**

| वडा न. | आमा समूह | कृषक समूह | सामूदायिक उपभोक्ता समूह | सहकारी संस्था बचत | गैर सरकारी संस्था | परम्परागत समूह | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ४ | १३ | ० | ६ | २३ |
| २ | १ | ० | ० | ७ | १० | ० | २ | २० |
| ३ | ० | १७ | ० | २० | २८ | १ | २ | ६८ |
| ४ | ० | २५ | ० | ६७ | १३८ | ० | ० | २३० |
| ५ | ० | १ | ० | १९ | १०१ | १ | ३ | १२५ |
| ६ | १ | २ | १ | ८ | १७३ | ० | ० | १८५ |
| ७ | ० | १ | ० | ६ | ५८ | ० | ० | ६५ |

*श्रोत: पार्श्वचित्र २०७७/७८*

# परिच्छेद -६ भौतिक विकासको अवस्था

यस परिच्छेदमा गाउपालिकाको विभिन्न क्षेत्र भित्रका पारिवारीक र भौतिक र पूर्वाधारहरुको स्थिति साथै त्यसको उपयोगको अवस्थालाई प्रस्तुत गरिएको छ । जस अन्तर्गत भवन, बस्ती, उर्जा तथा घरायसी चलअचल सम्पत्ति सम्वन्धी विवरण लगायतका प्राथमिक श्रोत र द्धितिय श्रोतका विषयहरु समावेश र विश्लेषण गरिएको छ ।

## ६.१. घरायसी विवरणः

घरायसी सरसामान,घरको स्वामित्व, घरको बनावट/प्रकार तथा घरमा प्रयोग हुने वस्तु र सरसामानहरुले त्यस घरपरिवारमा वस्ने व्यक्तिहरुको अवस्था र स्तर निर्धारण गर्दछ । नेपालको राष्ट्रिय स्तरको सर्भेक्षण " नेपाल जीवनस्तर सर्भेक्षण" तथा संयुक्त राष्ट्रसंघले प्रकाशित गर्ने मानव विकाश प्रतिवेदनका सूचांकहरुमा नेपालको कति प्रतिशत मानिसहरुमा मोवाइल फोन छ, कति प्रतिशत व्यक्तिहरु फुसको छानो भएको घरमा बस्दछन् , कति प्रतिशत मानिसहरुसँग आफ्नै सवारी साधन छ भन्ने जस्ता तथ्यांकहरुले नेपालीहरुको जीवनस्तर निर्धारण गर्दछ । विश्वको जनसांख्यिक अवस्थासँग तुलनात्मक रुपमा व्याख्या र विश्लेषण गर्दछ । यहि आधारमा हामी विकाशमा तथा मानव सूचांकमा कुन स्तरमा छौँ भन्ने कुराको मापन गर्दछ ।

यसैगरी सुविधा सम्पन्न घरमा बस्ने मान्छे वा व्यक्ति धनी हुने र स्वास्थ्यको दृष्टिकोणवाट सुरक्षित हुन्छन् भनि नेपालकै स्वास्थ्य सर्वेक्षणमा उल्लेख छ । जस्तो नेपालको जनसांख्यिक स्वास्थ्य सर्भेक्षण २०१६ मा नेपालको घरको बनावटको आधारमा हेर्दा माटोले लिपेको घरमा बसोवास गर्ने व्यक्तिहरुमा विभिन्न खालका स्वास्थ्य तथा सरुवा रोगका समस्याहरु सामना गर्ने गर्दछन् भन्ने कुरा उल्लेख गरिएको छ । अव्यवस्थित घरमा बसोवास गर्ने व्यक्तिहरुमा सरसफाई सम्वन्धी चेतनाको विकाश भएको पाइदैन । त्यसको तुलनामा व्यवस्थित वसाइ र घरको निर्माण ले सरसफाई लगमयत अन्य घरायसी सुविधा, बाटोघाटो,शिक्षा, स्वास्थ्य, सञ्चार र खानेपानी लगायत विकाशका पूर्वाधारहरुको निर्माणमा सहजता र विस्तार गर्न सहज हुन्छ । जस्तो कुनै घरमा एकै ठाउमा बसोवास गर्ने, पशुपक्षी पनि त्यहि ठाउमा पाल्ने गर्दछन् । जसले गर्दा सरसफाई मा अत्यन्तै कठिनाई उत्पन्न हुन जान्छ । यहि कारणवाट मानव स्वास्थ्यमा नकारात्मक असर पर्न जान्छ । यसैगरी व्यवस्थित रुपमा बसोवास, त्यसको समूचित सरसफाई सहितको व्यवस्था गर्न पनि सहज हुन्छ र मानव स्वास्थ्यमा पर्ने त्यस्ता प्रकारका प्रभाव बाट मुक्ति मिल्छ । यसी आफू र आफ्नो परिवारलाई सुरक्षित राख्न सकिन्छ । त्यसैले समग्रमा भन्दा मानव बसोवासले घरायसी प्रयोगमा आउने सरसामग्री, अचल बनावटले मानव स्वास्थ्य र उसको जीवन स्तरमा सकारात्मक प्रभाव पर्ने गरेको विभिन्न अनुसन्धान प्रतिवेदनले देखाउका छन् ।

यस जहदा गाउपालिका अन्तर्गत रहेका ७ वटै वडाहरुमा घरको प्रकार अनुसार घरको छानो कस्तो प्रकारको छ भनेर यस अध्ययनमा तथ्यांक संकलन गरिएको थियो जसलाई देहायको तालिकामा देखाइएको छ ।

**तालिका न.१०५: घरको प्रकार अनुसार घरधूरी विवरण**

| वार्ड | घरको छानाको प्रकार | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | फुसको (परालको, छ्वाली,खर, स्याउला) | गुन्द्रि,मान्द्रो | छाना नभएको | टिनको जस्ता पाता | काठ | सिमेन्टको छानो,जस्ता आकारको,क्लालामाइन | सिमेन्ट | सिमेन्ट, टायल, ढुंगा, खपडा वा झिंगटि | अन्य | जम्मा |
| १ | ६४ | ३ | ७ | ११९८ | ५ | २२ | ५९ | २२ | १ | १३८८ |
| २ | ५९ | ७ | २ | १२३४ | ३ | १८ | ३६ | १८ | ० | १३७४ |
| ३ | २३ | ० | २ | १३७९ | ० | २३ | ३३ | २३ | ० | १४९० |
| ४ | ९ | ० | ५ | १२९५ | ० | २८ | ३२ | २८ | ० | १४१० |
| ५ | ११ | २ | ० | १२६६ | १ | २३ | ३४ | २३ | ० | १३७२ |
| ६ | ३५ | ४ | ० | ६२८ | ० | २५ | ३८ | २५ | ० | ७४२ |
| ७ | ९ | १ | २ | १२६१ | ३ | १९ | २६ | १९ | ० | १३५६ |
| जम्मा | २१० | १७ | १८ | ८२६१ | १२ | १५८ | २५८ | १५८ | १ | ९१३२ |

*श्रोत: पार्श्वचित्र २०७७/७८*

माथीको तालिका अनुसार यस गाउपालिकामा  ९१३२ घरधूरी मध्ये १८ वटा घरहरु छानो नभएको/बन्दै गरेको देखिन्छ । पुराना घरहरु भत्काएर बनाउदै गरेको र ति घरहरु के को बनाउने भनि प्रश्न गर्दा पैसा भए टिन जस्ता नभए फुस को भनेको कारणले हाल त्यस घरलाई पूर्ण रुपमा छानो नभएको तथ्यांक लिइएको हो भने यस नगरपालिकामा काठ र प्लाइउड जस्ता वस्तुहरुवाट पनि घरको छानो बनाएको पाइएकोले काठको छानो शिर्षकमा राखिएको छ र त्यसलाई माथीवाट प्लास्टिक ले छोपेको भनि स्थलगत अध्ययनको क्रममा पाइएको छ । यस्ता घरहरु प्राय अस्थाई प्रकृतिका भएकोले भोली वन्दै गरेको घरमा सरीसके पछि त्यसको स्वरुप पुन परिवर्तन हुने देखिन्छ । यस गाउपालिकामा २१० घर फुस वा पराल तथा गहु र खरका सामग्रीवाट छाएको देखिन्छ भने अर्को अस्थाई प्रकृतिको घरमा गुन्द्रि, मान्द्रो,प्लास्टिक जस्ता सामग्री वाट पनि घरको छानो निर्माण गरेको यस स्थलगत अध्ययनका क्रममा पाइएको छ ।

## ६.२. घरपरिवारले प्रयोग गरेको घरको भित्ता सम्वन्धी विवरण:

यस जहदा गाउपालिकाका ७ वटै वडाहरुमा बसोवास गर्ने घरपरिवार वा व्यत्तिहरुको अचल सम्पत्तिको रुपमा रहेको आफ्नो भौतिक संरचनाको गार्हो*(भित्ता)* के ले बनेको छ भनेर जान्नका लागी यस अध्ययनका क्रममा तथ्यांक संकलन गरिएको थियो । यस क्रममा घरको भित्ता अर्थात चार सुरमा अधिकांश भाग बढी जसो भाग के र कुन साधनले बनेको छ वा बनाइएको छ , त्यसलाई समेट्ने प्रयास गरिएको छ । यस गाउपालिकामा ९१३२ घरधूरीहरुमा वडा अनुसार घरको भित्ताको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.१०६: वडा अनुसार घरपरिवारले प्रयोग गरेको भित्ताको विवरण**

| वार्ड | घरको भित्ताको प्रकार | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | फल्याक वा तक्ति | भित्ता नभएको | वेत, सर्नि, सिर्कना वा हाँगाविगा | माटो वा बालुवा | ढुंगा र माटो | पुरानो पुन प्रयोग गरेको काठ | टिन वा जस्तापाता | सिमेन्ट | ईटा | ढुंगा र सिमेन्ट | सिमेन्टको ब्लक | जम्मा |
| १ | २ | ० | ६ | ८५ | ६१ | १०१९ | ९ | ४९ | ९८ | ४१ | १५ | १३८८ |
| २ | ० | १ | ३ | ४६ | २२ | १११२ | १ | २५ | १०२ | ४७ | १५ | १३७४ |
| ३ | ० | ० | १ | ३३ | १२ | ११८९ | १ | ३५ | १५१ | ४१ | २७ | १४९० |
| ४ | ० | ० | १ | २८ | ९ | १०४२ | ५ | २९ | २१० | ६० | २६ | १४१० |
| ५ | ० | ० | ० | २५ | ४ | १११९ | ० | ५ | १३९ | ५९ | २१ | १३७२ |
| ६ | ० | ० | १८ | १५ | १ | ५४० | २ | ४ | १४५ | ६ | ११ | ७४२ |
| ७ | ० | ० | ० | २६ | ८ | ११८७ | २ | १४ | १०० | १४ | ५ | १३५६ |
| जम्मा | २ | १ | २९ | २५८ | ११७ | ७२०८ | २० | १६१ | ९४५ | २६८ | १२० | ९१३२ |

*श्रोत: पार्श्वचित्र २०७७/७८*

## ६.७. घरायसी सरसामानहरुको विवरण:

यस अध्ययनका क्रममा यस सप्तकोशी नगरपालिका का ११ वटै वडा अन्तर्गतका घरधूरीहरुमा घरायसी प्रयोजनका सरसामानहरुको अवस्था वा संख्या कस्तो रहेको छ भन्ने वारेमा पनि तथ्यांक संकलन गरिएको थियो । मूख्य गरेर घरायसी सामानहरुको विवरण हेर्ने हो भने विजुली वत्ती घरमा छ छैन, टेवल ,पंखा, दराज, ढीकी, जातो, भित्ते घडी, इन्भटर जस्ता सामानहरुले समाजका मानिसहरुको स्तर निर्धारण गर्ने गर्दछ । सो घरायसी वस्तुहरुले समाज, टोल, गाउमा मान सम्मान र प्रतिष्ठामा वृद्धि गर्दछ । त्यसैले नेपषल जीवनस्तर सर्भेक्षणमा यि यस्ता घरायसी सामानहरुका बारेमा मानिसको स्तर निर्धारण गर्ने चलन छ । मानव विकास सूचांकको आधारमा पनि मानिसहरुले आफ्नो आम्दानीको केही हिस्सावाट यस्ता सामग्री जोड्ने गर्दछन् । जसले समाजमा उसको स्तर निर्धारण पनि गर्ने गर्दछन् भन्ने मान्यता पनि रहेको छ । यिनै कुराहरुलाई मध्यनजर राख्दै यस सप्तकोशी नगरपालिकामा घरायसी आधारभूत सरसामग्रीको विवरण कस्तो रहेछ भनेर हेरिएको छ । जसलाई देहायको तालिकामा देखाइएको छ ।

तालिका न.१०७: वडाअनुसार आधारभूत घरायसी सामग्रीको विवरण

| वडा न. | विजुली | टेवल | खाट पलङ् | दराज | विद्यूतिय पंखा | ढिकी जातो | कुर्सी | सोफा | भित्ते घडी | इन्भटर सोलार | हाते घडी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १२२८ | ९६२ | ११९७ | ४४६ | ९८० | ३६६ | १०६५ | ७० | ६७६ | ५४ | ७०२ |
| २ | १०३२ | ८६३ | १२३८ | २६७ | ८०८ | २३६ | ९५१ | ४१ | ४३६ | ७६ | ५४१ |
| ३ | १२६९ | ११२३ | १३४६ | ६०८ | १११९ | २५५ | ११६३ | ६६ | ६१७ | ५४ | ७३७ |
| ४ | १२४१ | ११०१ | १२१६ | ५४४ | ११२० | १८० | १०८४ | ५६ | ६४१ | ९४ | ७७२ |
| ५ | १२३२ | ९९१ | १२५० | ४८१ | ११२२ | २९७ | १०७५ | ३१ | ४५९ | ५२ | ५५२ |
| ६ | ७२९ | ६२७ | ७३० | ३४५ | ५८३ | २७३ | ६३५ | २३ | २२२ | १४ | ३२६ |
| ७ | १०५८ | ९६८ | १२६५ | ४०७ | ९४४ | १८९ | १०५५ | २६ | ३६६ | ६३ | ५०६ |

*श्रोत: पार्श्वचित्र २०७७/७८*

# परिच्छेद - ७: गाउपालिकाका आधारभूत सेवाहरु

यस परिच्छेदमा गाउपालिका भित्र रहेका आधारभूत सेवाहरुको विवरण तथा प्राप्त गर्ने सेवा सुविधाका वारेमा विस्तृत विवरण प्रस्तुत गरिएको छ।

नेपालको संविधान २०७२ आश्विन ३ गते देखि नेपाल विधिवत रुपमा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक राष्ट्रमा रुपान्तरित भइसकेको छ। संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्था विकेन्द्रीकरणको सिद्धान्तमा आधारित हुन्छ। विकेन्द्रीकरण शासकिय क्रियाकलापमा जनताको सहभागीता विस्तार गर्ने रणनीतिक औजार हो। राज्य प्रकृयालाई जनमूखी र सेवा व्यवस्थापन प्रभावकारी बनाउन प्रयोग भएका समकालिन ढाँचाहरु मध्ये विकेन्द्रीकरण एक हो। अहिलेको स्थानीय सरकारले शासकिय क्रियाकलाप ( विकाश, व्यवस्थापन , शक्ति अभ्यास) मा आम जनतालाई सक्रियतापूर्वक संलग्न गराउने कार्य गर्दछ। त्यसैले वर्तमान समयमा जनतालाई सेवा ग्रहण गर्न स्थानीय सरकारलाई नै अधिकार प्रत्यायोजन गरेको छ।

गाउपालिकाका वडाकेन्द्र देखि नगरपालिका केन्द्र र टाढाको बस्ती र टोल देखि वडा केन्द्र सम्मको दूरीले गाउपालिका सँग जनताको पहुच निर्धारण गर्दछ। त्यसैले गाउपालिका केन्द्र र वडा केन्द्र बीचको दूरी सवै वडा तथा टाढाको बस्तीहरु सापेक्ष हुनु जरुरी छ। स्थानीय संरचनामा जनताले आफ्नो वडा केन्द्र तथा गाउपालिका केन्द्र बाट आवश्यक सेवा सजिलै ग्रहण गर्न सक्ने खालको हुनु पर्दछ। जनताले सार्वजनिक सेवा ग्रहण गर्न कठीनाई हुनू हुदैन। यसका लागी सवै स्थानका जनतालाई मध्यनजर गर्दै वडा कार्यलय, गाउपालिका केन्द्र निर्धारण गर्नुपर्दछ। यसर्थ टाढाको बस्ती वाट वडा केन्द्र कति दूरीमा छ भन्ने कुरा महत्वपूर्ण हुन्छ। यस गाउपालिकाका अन्य विभिन्न सेवा सुविधाहरुको बारेमा यस खण्डमा चर्चा गरिएको छ।

## ७.१. स्थानीय तहको कार्यलय:

गाउपालिका भित्र रहेको स्थानीय तहको कार्यलय अर्थात वडा कार्यलयलाई नै बुझ्ने गरेको पाइन्छ। गाउपालिका गाउस्तरमा पहिलो जनतासँग प्रत्यक्ष सम्वन्धीत सरकारी निकाय हो। जनतालाई वा सेवाग्राहीलाई स्थानीय स्तरमा चाहिएको सेवा प्रदान गर्नु पनि यसको प्रमुख दायित्व पनि हो। यि कार्यलयमा गाउ स्तरमा सेवाग्राहीहरुको पहुचको अवस्था कस्तो छ भनेर निम्न समयमा विभाजनमा तालिका मार्फत प्रस्तुत गरिएको छ।


**तालिका न.१०८: स्थानीय तहको कार्यलयमा पहुचको अवस्था**

| वडा.न | ० - १५ मीनेट | १६ - ३० मीनेट. | ३१ - ४५ मीनेट | ४६ मीनेट माथी | जम्मा घरधूरी |
|---|---|---|---|---|---|
| १ | ५९२ | ५९४ | ८७ | २३ | १२९६ |
| २ | ४२२ | ६९२ | १३८ | १२ | १२६४ |
| ३ | ६१४ | ७६८ | २२ | ० | १४०४ |
| ४ | ६७५ | ५४५ | १३ | १ | १२३४ |
| ५ | ५८२ | ७१७ | ४ | ० | १३०३ |
| ६ | ५१७ | २०७ | ३ | ० | ७२७ |
| ७ | ४२४ | ८३३ | ५ | ७ | १२६९ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिकालाई प्रतिशतको आधारमा देहायको वृत्त चित्रमा प्रस्तुत गरिएको छ ।

**ग्राफ न.५३ :स्थानीय तहको कार्यलयमा पहुचको अवस्था**




*श्रोत: पार्श्वचित्र २०७६/२०७७*

## ७.२.सुरक्षा निकाय:

स्थानीय तहमा जनताको जिउधनको सुरक्षाको लागी सरकारी पक्षवाट विभिन्न रुपमा शान्ति सुरक्षा र अमनचयनको प्रत्याभूति दिनको लागी सशस्त्र प्रहरी, जनपथ प्रहरी र नेपाली सेनाहरु परिचालन गरेको हुन्छ । जनताको सुरक्षाको लागी यसरी परिचालित हुने सुरक्षा निकायहरुमा स्थानीय गाउपालिकावासीहरुको पहुचको अवस्था कस्तो छ, सहज र

सरल ढंगवाट पहुचको अवस्था छ कि छैन भनी यस स्थलगत अध्ययनको कममा तथ्यांक संकलन गरिएको थियो जसलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।


**तालिका न.१०९: स्थानीय स्तरमा सुरक्षा निकायमा पहुचको अवस्था**

| वडा.न | ० - १५ मीनेट | १६ - ३० मीनेट | ३१ - ४५ मीनेट | ४६ मीनेट माथी | जम्मा घरधूरी |
|---|---|---|---|---|---|
| १ | ४९७ | ६१५ | ९५ | ४१ | १२४८ |
| २ | ३०९ | ६३० | १३८ | ५८ | ११३५ |
| ३ | २८८ | ७८४ | १५२ | ३० | १२५४ |
| ४ | ३८६ | ७८८ | २१ | १ | ११९६ |
| ५ | ६०५ | ६७२ | ७ | ० | १२८४ |
| ६ | ४७१ | २५१ | १ | ० | ७२३ |
| ७ | २४० | ८३६ | १०१ | ४८ | १२२५ |

*श्रोत: पार्श्वचित्र २०७७/२०७८*

यस तालिकालाई हेर्दा सुरक्षा निकायमा स्थानीय जनताको पहुचको अवस्था हेर्दा सहहजता नै देखिन्छ। केही घर परिवार बाट भने अत्यन्त टाढा रहेको अवस्था पनि देखिन्छ। यस तालिकाको घरधूरीहरु लाई प्रतिशतको आधारमा देहायको ग्राफमा प्रस्तुत गरिएको छ।

**ग्राफ.५: स्थानीय स्तरमा सुरक्षा निकायमा पहुचको अवस्था**




*श्रोत:पार्श्वचित्र २०७६/२०७७*

## ७.३. स्वास्थ्य संस्थाः

जहदा गाउपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्था सँग सम्वन्धीत कार्यलय सेवा ,केन्द्रहरु मा स्थानीय सेवाग्राहीको अवस्था कस्तो छ , कति समयमा सेवा लिनेहरु स्वास्थ्य संस्थामा पुग्दछन् भन्ने वारेको तथ्यांक गाउपालिकाको लागी महत्वपूर्ण हुन्छ । स्वास्थ्य सेवा स्थानीय सरकारको पहिलो प्राथमिकताको क्षेत्र पनि रहेको छ । स्थानीय जनताको स्वास्थ्य सँग सम्वन्धीत विभिन्न समस्याहरु, रोगहरुको उपचार, परामर्श विभिन्न सेवा केन्द्रहरुवाट तथा वालवालिकामा खोपको सुविधा विभिन्न सेवा केन्द्रहरुवाट दिइने गरिन्छ । यस गाउपालिकाका सवै वडाहरुमा लगाइने खोप केन्द्रहरुको अवस्था र पहुचका वारेमा तलको तालिकामा उल्लेख गरिएको छ ।


**तालिका न.११०: खोप केन्द्रमा पहुचको अवस्था**

| वडा.न | ० - १५ मीनेट | १६ - ३० मीनेट | ३१ - ४५ मीनेट | ४६ मीनेट माथी | जम्मा घरधूरी |
|---|---|---|---|---|---|
| १ | ५२६ | ५८९ | १०४ | २८ | १२४७ |
| २ | ४५६ | ६८३ | ७९ | ७ | १२२५ |
| ३ | ६७३ | ५९४ | ४२ | १ | १३१० |
| ४ | ७३० | ५३२ | ७ | ० | १२६९ |
| ५ | ७८७ | ५६९ | ५ | ० | १३६१ |
| ६ | ४३६ | २६७ | २५ | १ | ७२९ |
| ७ | ५८३ | ७३९ | १४ | ८ | १३४४ |

*श्रोत:पार्श्वचित्र२०७७/२०७८*

माथीको तालिकामा संख्यात्मक रुपमा घरधूरीहरुवाट खोप केन्द्रको दूरी विभिन्न ४ वटा समय अवधिमा विभाजन गरी अध्ययन गरिएको छ। यस अध्ययनलाई प्रतिशतको आधारमा देहायको ग्राफमा प्रस्तुत गरिएको छ ।

**ग्राफ.६ :खोप केन्द्रमा पहुचको अवस्था**




*श्रोत:पार्श्वचित्र२०७७/२०७८*

## ७.४. गाउघर क्लिनिक:

गाउपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाले आफ्नो सेवा क्षेत्र भित्र सेवाग्राहीलाई सहज ढंगमा स्वास्थ्य सेवा उपचार विधिका परामर्शहरु उपलव्ध हुन सकोस् भन्ने उद्देश्यले महिनामा कम्तीमा एकपटक गाउघर, टोल, समाजमा outreach clinic को रुपमा आफ्ना विशेष सेवाहरु लिएर जाने कार्यक्रम बनाएको हुन्छ। यस जहदा गाउपालिका अन्तर्गत यस्ता खालका सेवा सुविधा हाम्रै गाउघरमा उपलव्ध हुन सक्दछन् भन्ने जानकारी नै नभएका घरधूरीहरु पनि भेटिएका छन् । गाउघर क्लिनिकमा वडावासीहरुको पहुचको अवस्था वडागत रुपमा कस्तो छ भनेर देहायको तालिकामा प्रस्तुत गरिएको छ


**तालिका न.१११: गाउघर क्लिनिकमा पहुचको अवस्था**

| वडा.न | ० - १५ मीनेट | १६ - ३० मीनेट | ३१ - ४५ मीनेट | ४६ मीनेट माथी | जम्मा घरधुरी |
|---|---|---|---|---|---|
| १ | २८७ | ३३३ | ५७ | ११ | ६८८ |
| २ | ४०४ | २६९ | ३० | ३ | ७०६ |
| ३ | ८९३ | ४१६ | ३४ | १ | १३४४ |
| ४ | ६८१ | २७७ | ३ | ० | ९६१ |
| ५ | ७२० | ४६८ | ४ | ० | ११९२ |
| ६ | ३१३ | १४९ | १७ | ७ | ४८६ |
| ७ | ६०८ | ४६९ | १४ | १ | १०९२ |

*श्रोत:पार्श्वचित्र२०७७/२०७८*

माथीको तालिका अनुसार वडा न. १ देखि वडाहरुमा अझै पनि गाउघर क्लिनिकजान लाग्ने समय ४५ मिनेट भन्दा माथि बताउने घरधूरी २३ रहेको देखिन्छ। यसलाई प्रतिशतको आधारमा देहायको ग्राफमा प्रस्तुत गरिएको छ।

**ग्राफ.७ :गाउघर क्लिनिकमा पहुचको स्थिति**




*श्रोत:पार्श्वचित्र२०७७/२०७८*

## ७.५. वैक तथा वित्तिय संस्थाहरुः


यस गाउपालिकामा वैक तथा वित्तिय संस्थाहरुमा स्थानीय समूदायको पहुचको अवस्था कस्तो छ भनी यस स्थलगत अध्ययनका क्रममा घरधूरी सर्वेक्षण गरिएको थियो । यहाका वैक तथा वित्तिय संस्थाहरुमा यहाका मानिसहरुको बचत, ऋण तथा व्यावसायीक कामहरु दिन प्रतिदिन परिनै रहेको हुन्छ । अझ अहिले आएर प्रत्येक घरका एक सदस्य वैदेशिक रोजगारीमा बाहिर जाने हुनाले गर्दा पनि रेमिटेन्स सकलनको लागी पनि यस्ता वैक र वित्तिय संस्थाहरु आवश्यक भइसकेका छन् । यसका साथै गाउघरमा आफ्नै सानै भएपनि आम्दानीको केही अंश भविष्यका लागी बचत गर्ने परिपाटि बसेका कारणले गर्दा मानिसहरुलाई वैक र वित्तिय संस्था अति आवश्यक पनि भैसकेको छ । यस गाउपालिका वडा न. १ देखि ७ सम्म रहेका ९१३२ घरधूरी  मध्ये सवै घरधूरीहरुले आफ्नो पहुच अनुसारको अवस्था वताएका थिए । जसलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.११२: वैकं तथा वित्तिय संस्थामा पहुचको अवस्था**

| वडा.न | ० - १५ मीनेट | १६ - ३० मीनेट | ३१ - ४५ मीनेट | ४६ मीनेट माथी | जम्मा घरधूरी |
|---|---|---|---|---|---|
| १ | ४२ | ४२ | २७ | ८ | ११९ |
| २ | ६३ | ४२ | २७ | ११ | १४३ |
| ३ | ६९ | १७१ | ४२ | ६ | २८८ |
| ४ | ८१ | २०४ | १६ | १ | ३०२ |
| ५ | ४११ | ४०८ | २२ | ० | ८४१ |
| ६ | ५८ | १०६ | १३ | ० | १७७ |
| ७ | ८८ | २२४ | ३७ | ४१ | ३९० |

*श्रोतःपार्श्वचित्र२०७७/२०७८*

माथीको तालिका अनुसार कति मिनेटभित्र कति घरधूरीले आफू नजिकको वैक तथा वित्तिय संस्थामा पुग्न सक्ने रहेछन् भन्ने तथ्यांक वडागत रुपमा नै देखिन्छ । ४६ मिनेट भन्दा बढी समय लाग्ने घरधूरीहरु अझै पनि यस गाउपालिकामा प्रशस्तै रहेको देखिन्छ । यस तालिकालाई प्रतिशतको आधारमा देहायको ग्राफमा प्रस्तुत गरिएको छ ।




*श्रोतःपार्श्वचित्र२०७७/२०७८*

## ७.६. कृषि सेवा केन्द्रः


नेपाल कृषि प्रधान देश भएकोले सरकारको नीति तथा कार्यक्रममा पनि कृषिलाई पहिलो प्राथमिकतामा राखेर कार्यक्रमहरु अगाडी बढाउने गर्दछ । यहा अधिकांश क्षेत्रमा मौसमी खेती प्रचलनमा रहेकोले सरकारले कृषि सँग सम्वन्धीत वेमौसमी र उन्नत प्रविधी मार्फत कृषि कार्यलाई अगाडी सारेको छ । स्थानीय सरकारले पनि देश विकाशका लागी कृषि क्षेत्रमा लगानी र उत्पादकत्व वृद्धि गर्न ज्ञान, सीप र प्रविधीहरु भित्राउने गर्दछन् । कूल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको उत्पादकत्वलाई अझ बढी रुपमा लैजानको लागी कृषि क्षेत्रमा ज्ञान,सीप, प्रविधि र परामर्श जस्ता कुराहरु कृषक माझ पुर्याउन स्थानीय निकायहरुले विभिन्न क्षेत्रमा आफ्नो सेवा प्रवाह गर्ने वातावरण वनाएको हुन्छ । यस्ता स्थानीय तहका सेवा केन्द्रहरुले कृषि क्षेत्रमा आमूल परिवर्तन गर्नका लागी सेवाग्राहीले चाहेको ज्ञान, सीप र प्राविधीक विज्ञ वा सम्वन्धीत पक्षका अगुवाहरु वाट शिक्षा प्रदान गर्ने गर्दछन् । यस जहदा गाउपालिकामा कृषि सेवा केन्द्रहरुमा कृषकको पहुचको अवस्था कस्तो भन्ने वारे देहायको तालिकामा दिइएको छ ।

**तालिका न.११३: कृषि सेवा केन्द्रमा स्थानीयको पहुच विवरण**

| वडा.न | ० - १५ मीनेट | १६ - ३० मीनेट | ३१ - ४५ मीनेट | ४६ मीनेट माथी | जम्मा घरधुरी |
|---|---|---|---|---|---|
| १ | ३५ | ४२ | २ | ० | ७९ |
| २ | ४१ | ७९ | ३६ | २ | १५८ |
| ३ | २७ | १५९ | ५ | १ | १९२ |
| ४ | ३८ | १२५ | ० | ० | १६३ |
| ५ | १२० | ५० | ० | ० | १७० |
| ६ | २७ | ५ | ० | ० | ३२ |
| ७ | ५७ | ६५ | ० | ० | १२२ |

*श्रोत:पार्श्वचित्र२०७७/२०७८*

माथीको तालिका अनुसार त्यसवाट आफ्नो कृषि व्यवसायमा लाभ पुग्छ भन्ने कुरा जानकारी नपाएको, आफ्नो पायक पर्ने स्थलमा नभएको भन्ने गुनासो स्थलगत अध्ययनको कममा पाइएको थियो । यसलाई प्रशितको आधारमा देहायको ग्राफमा प्रस्तुत गरिएको छ ।




*श्रोत:पार्श्वचित्र२०७७/२०७८*

## ७.७. सहकारी संस्था :


नेपालका ग्रामिण भेगमा खुलेका वित्तिय संस्थाहरु मध्ये सवैभन्दा बढी बचत तथा ऋृण सहकारी संस्था हुन् । गाउघर तिरका सानो तिनो बचत वैक भनेकै सहकारी संस्था हुन । यिनिहरुले गाउघरमा छरिएर रहको पूजिलाई एकतृत गर्ने कार्य गरेको हुन्छ । सहकारी संस्थाहरुले अन्य खालका गतिविधीहरु जस्ता कृषकहरुमा लक्षित गरेर दूग्ध उत्पादन कृषि सहकारी संस्था, तरकारी खेती कृषक सहकारी संसथा, महिला जागरण जस्ता नाम दिएर क्षेत्रगत रुपमा सशक्तिकरणको काम पनि गर्ने गरेको पाइन्छ । यस्ता सहकारी संस्थाहरुमा गाउघरमा विनाधितो समूहगत जमानीमा कम व्याजदरमा ऋृण पनि प्रवाह गर्ने गर्दछन् । यस्ता सहकारी संस्थाहरु मानिसको दैनिक जीवनमा प्रत्यक्ष सरोकार राख्ने भएका कारणले गर्दा यस गाउपालिकामा रहेका सहकारीहरुमा स्थानीय मानिसहरुको पहुचको स्थिति कस्तो छ भनि यस अध्ययनका क्रममा घरधूरीवाट तथ्यांक संकलन गरिएको थियो । जसलाई देहायको तालिकामा देखाइएको छ ।

**तालिका न.११४: सहकारी संस्थामा वडागतरुपमा पहुच सम्वन्धी विवरण**

| वडा.न | ० - १५ मीनेट | १६ - ३० मीनेट | ३१ - ४५ मीनेट | ४६ मीनेट माथी | जम्मा घरधूरी |
|---|---|---|---|---|---|
| १ | ७६ | ७२ | २८ | ० | १७६ |
| २ | ८० | ८९ | ५ | २ | १७६ |
| ३ | १४० | १४९ | ७ | ० | २९६ |
| ४ | २०७ | १४२ | ५ | ० | ३५४ |
| ५ | २१५ | १०५ | ० | ० | ३२० |
| ६ | १४३ | ९ | ० | ० | १५२ |
| ७ | १७५ | १५७ | ० | ० | ३३२ |

*श्रोत:पार्श्वचित्र२०७७/२०७८*

यसरी हेर्दा सहकारीको समग्र पहुचको अवस्था नगरपालिकामा देहाय बमोजिमको ग्राफमा प्रतिशतको आधारमा प्रस्तुत गरिएको छ ।




*श्रोतःपार्श्वचित्र२०७७/२०७८*

## ७.८. खेलमैदानः


खेलमैदानलाई मनोरञ्जनका माध्यमका रुपमा हेर्ने हाम्रो समाज हाल आएर केही परिवर्तन भएको पनि छ । मनोरञ्जनका अतिरिक्त शारीरिक स्वास्थ्य र आय आर्जन गरी जीविकोपार्जन गर्ने माध्यम पनि बनेको छ। खेलकुद र खेल माध्यम दुवै युवायुवतिको एकदमै चासोको क्षेत्र बनेको छ र हाल आएर प्रौढ अवस्था वृद्धवृद्धाहरुलाई समेत यसले आकर्षित गर्न थालेको छ । नगरपालिका अन्तर्गत खेलकुद मैदानमाथी वडा वासीहरुको पहुचको अवस्था कस्तो छ भनेर देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका न.११५: खेलमैदान सम्मको पहुचको आधारमा घरधूरी विवरण**

| वडा.न | ० - १५ मीनेट | १६ - ३० मीनेट | ३१ - ४५ मीनेट | ४६ मीनेट माथी | जम्मा घरधूरी |
|---|---|---|---|---|---|
| १ | १८ | ५ | ३ | ० | २६ |
| २ | ८४ | ४५ | ३ | ५ | १३७ |
| ३ | १०२ | १३४ | ४ | ० | २४० |
| ४ | ४०० | १९८ | १ | ० | ५९९ |
| ५ | २५२ | ११८ | ३ | १ | ३७४ |
| ६ | ३६७ | ११९ | १ | ० | ४८७ |
| ७ | २७८ | १५१ | १ | १ | ४३१ |

*श्रोतःपार्श्वचित्र २०७७/२०७८*

माथीको तालिका अनुसार खेलमैदानमा वडागतरुपमा पहुचको अवस्था हेर्दा अझै पनि गाउपालिकाका धेरै जसो वडावासीहरुले हाम्रो समूदायमा खेल मैदान नभएको स्थलगत अध्ययनका क्रममा बताएका थिए । यस तालिकामा २२९४ घरधूरी मध्ये केही घरधूरीले मात्र हाम्रो समूदायमा आसपास खेलमैदान रहेको त्यहा जाने समय बताएका थिए भने अन्यले हाम्रो आसपास तथा समूदायमा खेलमैदान नभएको बताएका थिए । यसलाई देहायको ग्राफमा प्रस्तुत गरिएको छ।




*श्रोत:पार्श्वचित्र२०७७/२०७८*

## ७.९. स्थानीय बजारमा पहुचको अवस्था सम्वन्धी विवरण:


जहदा गाउपालिका अन्तर्गत सवै वडाहरुवाट स्थानीय हाटबजारमा पहुचको अवस्था कस्तो छ भन्ने वारेको जानकारी पनि महत्वपूर्ण हुन्छ । स्थानीय व्यक्तिहरु दैनिक जीवनसँग सम्वन्धीत किनमेल, बेचविखन जस्ता कुराहरुका साथसाथै स्थानीय स्तरमा उव्जनी भएका वस्तुहरु क्रय विक्रय गर्ने हुनाले ती स्थानहरु महत्वपूर्ण हुन जान्छ । कुनै पनि उत्पादनको बजारिकरण भएमा सोको उत्पादन स्वत: बढ्छ र उत्पादकलाई फाइदा हुन्छ । स्थानीय स्तरमा हाटबजार भएको खण्डमा स-सानो उत्पादनहरु पनि बजारमा क्रय विक्रय हुने हुदा कृषकहरुलाई फाइदा पुग्छ । हाट बजारवाट कृषकहरुले बजार मूल्य र आफ्नो उत्पादनको बारेमा जानकारी प्राप्त गर्ने हुदा स्थानीय बजारको विकाशले व्यापार र व्यवसायमा ठूलो महत्व राख्दछ । यस गाउपालिकामा स्थानीय हाट बजारमा गाउवासीहरुको पहुचको अवस्था कस्तो र कति समयमा पुग्ने रहेछन् भनि देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.११६: स्थानीय हाट बजारमा पहुचको अवस्था**

| वडा.न | ० - १५ मीनेट | १६ - ३० मीनेट | ३१ - ४५ मीनेट | ४६ मीनेट माथी | जम्मा घरधूरी |
|---|---|---|---|---|---|
| १ | ४०१ | ४०१ | ३१ | ५ | ८३८ |
| २ | ३२९ | ५१८ | ५९ | ३७ | ९४३ |
| ३ | ७६० | ४२८ | १७ | ० | १२०५ |
| ४ | ५३५ | ३३० | १९ | ० | ८८४ |
| ५ | ७११ | ३९६ | ७ | ० | १११४ |
| ६ | ४६३ | २३७ | ० | ० | ७०० |
| ७ | ६२९ | ४८२ | ३ | १ | १११५ |

*श्रोत:पार्श्वचित्र २०७७/२०७८*

माथीको तालिकालाई ग्राफमा हेर्दा समग्र जनसमूदायको अवस्था देहाय बमोजिम देखिन्छ ।




*श्रोत:पार्श्वचित्र२०७७/२०७८*

## ७.१०. सामूदायिक भवनसम्मको पहुच विवरण:


गाउपालिका अन्तर्गत विभिन्न सामूदायिक भवनहरुमा जनसमूदायको पहुचको अवस्था कस्तो छ , कति टाढा नजिक भन्ने विषयले धेरै ठूलो प्रभाव पार्दछ । सामूदायिक भवनहरुमा विभिन्न खालका क्रियाकलापहरु हुने गर्दछन् । जसले गर्दा स्थानीय स्तरमा मानिसहरुको भेला, जमघट, कुनै सभा सम्मेलन, गाउ समाजका छलफल जस्ता कार्यहरुमा उपयोगमा आउने गर्ष्दछ । यस्ता भवनहरु हाल नेपालका सवै गाउपालिकाका वडाहरुमा छन् भन्ने मान्यता राहेको पाइन्छ । यस अभ्ययनका क्रममा जहदा गाउपालिकाको क्षेत्रमा अझ पनि केही घरधूरीहरुले सामूदायिक भवनका बारेमा थाहा नपाएको  र हाम्रो समूदायमा त्यस्तो भवनहरु छैनन् भनि बताएका थिए । यसलाई वडागत रुपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.११७: सामूदायिक भवनमा पुग्न लाग्ने समयको आधारमा वडागत विवरण**

| वडा.न | ० - १५ मीनेट | १६ - ३० मीनेट | ३१ - ४५ मीनेट | ४६ मीनेट माथी | जम्मा घरधूरी |
|---|---|---|---|---|---|
| १ | २० | २८ | ३ | ० | ५१ |
| २ | २८ | १९ | ० | ० | ४७ |
| ३ | १७२ | १४५ | ९ | २ | ३२८ |
| ४ | १० | ६५ | ० | ० | ७५ |
| ५ | ३० | १ | ० | ० | ३१ |
| ६ | ० | १ | ० | ० | १ |
| ७ | १ | ३ | ० | ० | ४ |

*श्रोत:पार्श्वचित्र२०७७/७७*

माथीको तालिका अनुसार यस जहदा गाउपालिकाका ७ वटै वडाको जम्मा घरधूरीमध्ये सामूदायिक भवनका वारेमा जानकारी राख्ने घरधूरी ५३७ मात्र यस अध्ययनको क्रममा पाइयो । यस तालिकालाई प्रतिशतको आधारमा तलको वृत्तचित्रमा देखाइएको छ ।




*श्रोत:पार्श्वचित्र२०७७/२०७८*

## ७.११. शवदाह गर्ने स्थानमा पहुचको अवस्था:


यस जहदा गाउपालिकामा शवदाह गर्ने स्थानको बारेमा सवै वडावासीहरुको आ-आफ्नो समूदायवाट कति टाढा र पहुचको अवस्था कस्तो छ भनेर यस शिर्षकमा छलफल गरिएको थियो । यस गाउपालिकामा धेरैजसो घरधूरीहरुले यस प्रश्नको जवाफमा यो हाम्रो समूदायमा वा नगरपालिकामा छैन अन्यत्र जानु पर्छ , धेरै टाढा छ भन्ने पनि जवाफ आएको छ । खोला किनारमा अव्यवस्थित पनि रहेको उल्लेख गरेका थिए । गाउपालिकाका ९१३२ घरधूरी मध्ये जम्मा केही घरधूरीले मात्र यस प्रश्नको जवाफ दिएका र अन्य घरधूरीले यस वडामा , समूदायमा छैन भनि वतएका थिए । यसलाई अझ तलको तालिकामा वडागत रुपमा विस्तृत विवरण दिइएको छ ।

**तालिका न.११८: शवदाह गर्ने स्थल सम्मकोसहजता सम्वन्धी विवरण**

| वडा.न | ० - १५ मीनेट | १६ - ३० मीनेट | ३१ - ४५ मीनेट | ४६ मीनेट माथी | जम्मा घरधूरी |
|---|---|---|---|---|---|
| १ | ५५ | ७७ | २४ | १ | १५७ |
| २ | १६० | ४२ | १ | १० | २१३ |
| ३ | १९० | १४३ | ३ | ० | ३३६ |
| ४ | १८५ | ७० | ० | ० | २५५ |
| ५ | १३७ | ४५ | ४ | ० | १८६ |
| ६ | ७९ | ३१ | ० | ० | ११० |
| ७ | १३९ | ४० | ० | ० | १७९ |

*श्रोत: पार्श्वचित्र२०७७/७८*

माथीको तालिका अनुसार समग्रमा हेर्दा १४३६ घरधूरी मध्ये केही घरधूरीले मात्र यसमा आफ्नो पहुच र सहजताको अवस्था रहेको वताएका थिए । त्यसैले मृत्यू संस्कार सम्वन्धी यस कार्यमा गाउपालिकाकै विभिन्न वडाहरुमा व्यवस्थित शवदाह स्थलको आवश्यकता देखिएको छ । यसलाई प्रतिशतको आधारमा देहायको ग्राफमा प्रस्तुत गरिएको छ ।




*श्रोत: पार्श्वचित्र२०७७/७८*

## ७.१२. हुलाक सेवा केन्द्र:


२१ औं शताब्दीको आम सञ्चारको युगमा एक क्लिकमा संसारको प्राप्त हुन सक्ने सवै समाचार तथा जानकारी पाइने अवस्थामा हाम्रोमा पहिला देखिनै चलिआएको चिठ्ठी आदानप्रदानका लागी प्रयोग हुने सेवा हिजो आज पनि सरकारी कामकाज, अड्डा अदालत तथा अन्य विभिन्न प्रयोजनमा आवश्यक पर्ने गरेको छ । यस युगमा पनि सरकारी कामकाज, अड्डा अदालती काम कारवाहि जस्ता कुराहरु गर्नुपर्ने भएमा हुलाक मार्फत नै गरेको छ। त्यसैले नेपाल सरकारको आम सञ्चारको क्षेत्रको हुलाक सेवा मा स्थानीय गाउपालिकावासीहरुको पहुचको स्थिति कस्तो छ भनी यस अध्ययनमा तथ्यांक संकलन गरिएको थियो जसलाई वडागत रुपमा देहायको तालिकामा प्रस्तुत गरएको छ ।

**तालिका न.११९: हुलाक सेवा केन्द्रमा पहुच सम्वन्धी विवरण**

| वडा.न | ० - १५ मीनेट | १६ - ३० मीनेट | ३१ - ४५ मीनेट | ४६ मीनेट माथी | जम्मा घरधूरी |
|---|---|---|---|---|---|
| १ | २ | ३२ | ० | ० | ३४ |
| २ | २२ | ५८ | २८ | १ | १०९ |
| ३ | ८३ | १५७ | ० | ० | २४० |
| ४ | ३६ | ९९ | ० | ० | १३५ |
| ५ | ११६ | ७४ | ४ | ० | १९४ |
| ६ | ४७ | २२ | १ | ० | ७० |
| ७ | ५८ | ६७ | १ | ० | १२६ |

*श्रोत: पार्श्वचित्र२०७७/७८*

माथीको तालिका अनुसार यस गाउपालिकामा हुलाक सेवा कार्यलयका वारेमा पनि अधिकांश घरधूरीलाई छ भन्ने कुरा थाहा नभएको तथा हाम्रो समूदायमा वा वडामा छैन भनी वताएका थिए । यसलाई प्रतिशतको आधारमा देहायको ग्राफमा देखाइएको छ ।




*श्रोत: पार्श्वचित्र२०७७/७८*

## ७.१३. गैर सरकारी संस्था:

यस गाउपालिकामा विभिन्न स्तरमा गैर सरकारी संस्थाहरु कार्यरत रहेका हुन सक्छन् । उनीहरुले आ-आफ्नो कार्यहरु विभिन्न रुपमा सञ्चालन गरेर गाउ, टोल, समाज तथा देशक विकाशका लागी टेवा पुर्याएको हुन सक्छ । यस्ता गैर सरकारी संघ संस्थाहरुमा गाउवासीहरुको पहुचको स्थिति कस्तो छ भनि यस अध्ययनका क्रममा तथ्यांक संकलन गरिएको थियो जसलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका न.१२०: गैर सरकारी संघ संस्थामा वडावासीको पहुच सम्वन्धी विवरण**

| वडा.न | ० - १५ मीनेट | १६ - ३० मीनेट | ३१ - ४५ मीनेट | ४६ मीनेट माथी | जम्मा घरधूरी |
|---|---|---|---|---|---|
| १ | ८ | १ | १ | ० | १० |
| २ | ३२ | १३ | ० | १ | ४६ |
| ३ | ४२ | २७ | २ | २ | ७३ |
| ४ | १० | ७९ | २ | ० | ९१ |
| ५ | १७० | ६३ | ७ | ० | २४० |
| ६ | ५५ | ४७ | २१ | ५ | १२८ |
| ७ | ९ | १४ | ० | ० | २३ |

*श्रोत: पार्श्वचित्र२०७७/७८*

माथीको तालिका अनुसार यस गाउपालिकाका सवै वडाहरुवाट गैर सरकारी संस्थामा पहुचको अवस्था हेर्दा समय विभाजनका आधारमा पहुच रहेको र केही घरधूरीले गाउपालिकामा यस्ता संस्था छैन वा हाम्रो गाउ, टोल , समाज र

वडामा नै नभएको तथा केहीले थाहा नभएको वताएका थिए । यसलाई प्रतिशतको आधरमा निम्न ग्राफमा प्रस्तुत गरिएको छ ।




*श्रोत: पार्श्वचित्र२०७७/७८*

# परिच्छेद -८: वन तथा वातावरणिय स्थिति :

यस परिच्छेदमा जहदा गाउपालिका भित्रको वन, वातावरण तथा जैविक विविधता,प्राकृतिक प्रकोप र विपदको अवस्थाको वारेमा चर्चा गरिएको छ ।

## ८.१. वन जंगल र खोलानाला:

यस गाउपालिकामा वन जंगल को अवस्था सिमावर्ती गाउ र गाउपालिकाहरुमा मात्र रहेको यसको भौगालिक अवस्थितिमा देखिन्छ । खोलानाला यस गाउपालिकामा ठूला नभए पनि धेरै वटा स-साना खहरे,खोल्सा र नालाहरु रहेको पाइन्छ भने यस गाउपालिकालाई पूर्वमा तथा पश्चिममा खोलाहरुले सिमा रेखा भौगोलिक रुपमा छुट्याएको पाइन्छ । यि र यस ठाउका ठूला खोला भएपनि यस ठाउको सिचाइको लागी बकाहा नदीवाट आएका पैनिहरुले यहाको जमिनको धेरै भू-भागमा सिचाइ सुविधा पुर्याएको पाइन्छ । यस क्षेत्रको पूर्वि उत्तरी भू-भागमा उष्ण प्रदेशिय प्रकारको वन भएकोले यहाको हावापानी जाडोमा अत्यधिक जाडो र गर्मीमा पनि अत्यधिक गर्मी हुने हुन्छ । यस गाउपालिकाका वासीन्दाले व्यक्तिगत रुपमा आफ्नो खेतवारी तथा उच्चा जमिनहरुमा वृक्षरोपण गरी गाउपालिकाको क्षेत्रलाई हराभरा नै राखेको पाइन्छ । आप, लिच्ची, कटहर जस्ता फलफूल वगान तथा उच्चा जमिनमा वास, सिसौ, सिमलका रुख तथा वोट विरुवाहरु प्रशस्तै मात्रामा पाइने गरेको छ ।

## ८.२. जैविक विविधता र वातावरणिय अवस्था :

यस गाउपालिकामा जैविक विविधताको रुपमा हेर्ने हो भने अत्यन्त नया रुपमा पाइन्छ । यस क्षेत्रमा हालसम्म कुनै अध्ययन अनुसन्धान भएको पाइदैन । स-साना खालि जमिनमा उभिएका वोट विरुवा ले यहाको वातावरणिय स्वच्छता प्रदान गरेको छ । जडीवुटि्ट जन्य वोट विरुवा, जंगली जनावर तथा पशुपक्षीहरुका वारेम ायस क्षेत्रमा अध्ययन अनुसन्धान नभएका कारणवाट वातावरिणिय क्षेत्र एकदमै नया क्षेत्र मान्नु पर्ने देखिन्छ । यस नगरपालिकामा पाइने प्रमुख चराचुरुङ्गि तथा जंगली जनवारहरु स्थाई र यहि ठाउका नभएर बाहिरवाट आउने र केही समय यस क्षेत्रमा विचरण गरी पुन आफ्नै वासस्थान फर्कने भएकोले यस क्षेत्रमा स्थाई रुपमा पाइने वन्यजन्तु र चराचुरुङ्गिगहरु स्थाई प्रकृतिका छैनन् । पर्यावरणिय सन्तुलनका लागी पारिस्थितिक जैविक प्रणालीलाई सनतुलित रुपवाट कायम राख्न ,जिवजन्तु , वनस्पति र प्राणी बिच स्थापित सम्वन्धलाई दिगो रुपमा कायम राख्न सजगता अपनाउनु पर्ने देखिन्छ । दिगो विकासका निम्ती पूर्वाधार विकाशका क्रममा हुने वतावरणिय, प्राकृतिक तथा पारिस्थितिक विनासलाई न्यूनिकरण गर्न नितान्त आवश्यक छ । वातावरणिय असन्तुलनले प्राणी तथा वातवरणिय अन्य क्षेत्रमा क्रमिक रुपमा ह्रास र विनास हुदै अन्ततः लोप हुने अवस्था पनि हुन सक्दछ । विषम हावापानीमा विभिन्न जात, जाती र प्राणी तथा वनस्पति रहेको यस गाउपालिकामा यसको सम्वर्द्धन संरक्षणको लागी स्थानीय वासिन्दाहरुले जानेर वा अन्जानमा भइ रहेको दोहनलाई सम्वोधन हुनु जरुरी पनि देखिन्छ ।

मानव जीवनको लागी जैविक विविधताको संरक्षण अपरिहार्य छ । दैनिक जीवनको लागी आवश्यक पर्ने पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागी समेत महत्वका साथ हेर्नु पर्ने हुन्छ । यस गाउपालिका क्षेत्रमा अत्यधिक आद्योगिक प्रतिष्ठानहरु भएको तथा वातावरणिय क्षेत्रमा शुन्य दरमा काम भएका कारणले भविष्यको लागी यस क्षेत्रले आजैंवाट गहन रुपमा सोच्नु पर्ने आवश्यकता देखिन्छ ।

जैविक विविधताको रुपमा यस क्षेत्रमा अस्थाई रुपमा विचरण गर्ने प्रमुख जनावर तथा चराचुरुङ्गिगहरु सम्वन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका न.१२१: अस्थाई विचरणका रुपमा पाइने जनवार र चराचुरुङ्गी**

| वासस्थानको नाम | मूख्य अस्थाई रुपमा पाइने जनवारको नाम | मूख्य जंगली चराचुरुङ्गी | सरीसृप |
|---|---|---|---|
| सामूदायिक वन | बाँदर, | सुगा, धनेश, कोयल | गोमन, करेत |
| धार्मिक वन | हरिण , चित्तल | काग, रुप्पी,लाटोकोशेरो | धामन, गोहोरो |
| निजि वन | निलगाई, दुम्सी | चीवे, बाज, मैना | हरेउ, सिरिसे |
| सरकारी वन | खरायो,स्याल , न्याउरी मुसा आदी, | ढुकुर, बट्टाई , जुरेली, चिल, चमेरा, धोवी चरा , तोप चरा, माटिकोरे आदी | डोम जातका पानी सर्प आदी |

*श्रोत: वन कार्यलय मोरङ्, २०७७*

माथीको तालिका अनुसार यस गाउपालिकामा अस्थाई तथा स्थाई प्रकृतिका जनवारहरु पाइने गरेका छन् । यहा वासस्थानको लागी स्थान अभावको कारणले यहा स्थाई रुपमा सरिसृप र स्थानीय चराचुरुङ्गीगहरु जुन खुल्ला क्षेत्र तथा वासका झाङ् मा बसोवास गर्दछन् । ति बाहेकका अन्य अस्थाई प्रकृतिका मात्र वन्यजन्तु पाइने गरेको छ ।

## ८.३. प्राकृतिक प्रकोप र विपदको व्यवस्थापनः

जहदा गाउपालिकाको धरातलिय स्वरुपको हिसावमा हेर्दा समथर तराइ भू-भाग रहेको पाइन्छ । यो क्षेत्र मोरङ् जिल्लाकै अत्यन्त उर्वर भूमिका रुपमापनि परिचित रहेको छ ।यहाको माटो कालो, दोमट भएको हुदा उत्पादन राम्रो हुन्छ । यहा वलौटे माटो भएको क्षेत्र र कालो चिम्टाइलो माटो भएका कारणले वलौटे दोमट भू-भागमा भूक्षय हुने भएकोले उच्च जोखिम पूर्ण रुपमा पनि रहेका छन् । भौगोलिक हिसाबले कमजोर भू-भाग र तल्लो खालको अवस्थाले गर्दा यहा बर्षेनि भूक्षय , बाढी, नदीकटान र डुवान हुने गरेको छ । यसरी वातावरणिय असन्तुलन भएका कारणले हुने प्राकृतिक प्रकोप ले यस क्षेत्रमा बार्षिक रुपमा धेरै ठूलो धनजनको क्षति हुने गरेको छ । यस्त तितो अवस्थालाई मनन गर्दै भूक्षय , बाढी र डुवानको क्षेत्रमा यसका समस्या र कारणहरु पहिल्याएर समाधानका लागी एक निकायलाई मात्र जिम्मेवार नठानी प्राथमिकताका साथ अगाडी बढ्नु र बढाउनु पर्ने आजको टड्कारो आवश्यकता देखिन्छ । यस गाउपालिकामा बार्षिक रुपमा हुने प्रकोपका विवरणलाई देहायको तालिकामा दिइएको छ ।

**तालिका न.१२२: प्राकृतिक प्रकोपको अवस्था**

| क.स | सम्भावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भुकम्पिय जोखिमका दृष्टिले नेपनल विश्वका ११ औं स्थानमा रहेको छ र गाउपालिकामा भुकम्प प्रतिरोधी भवन कमै मनत्रामा भएको, भवन आचारसंहिता लागु नभएको । | जुनसुकै समयमा |
| २ | बाढी/डुवान | गाउमा साना तिना नदि/खोला बग्ने गरेको र बर्षा याममा नदी तथा खोलाहरुले आसपासका भू-भागहरु बर्षेनि कटान गरि क्षति पुर्याइरहेकोछ। बर्षेनि धेरैपरिवार प्रभावित तथा जनधनको ठूलो क्षति हुने भइरहेको छ। | असार, श्रावण, भाद्र |
| ३ | आगलागी | अति विपन्न समूदायका घरहरुमा सचेतनाको अभाव, अग्नीनियन्त्रण यन्त्रको अभाव, चुल्होमा आगो वाल्दा मट्टिटतेलको प्रयोग, सलाई लाइटर जस्ता आगोवाल्ने वस्तुहरु बच्चाले खेलाउदा, विद्यूतिय सर्ट र सर्किटका कारणले आगलागीका घटनाहरु बढी हुने गरेको । | चैत-जेष्ठ |
| ४ | महामारी | प्रकोपको रुपमा झाडापखाला लगायत पानीजन्य रोग बढ्ने गरेको , श्रोत साधनको अभाव र जनचेतनामा कमी,अनुकुल क्षमताको कमी । | विपद पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु ,अन्यफ्लु | अव्यवस्थित कुखुरा तथा सुगुर, हाँस पालन । | जुनसुकै समयमा |
| ६ | मौसमी सुख्खा | पानी नपरेको समय, नहरको पानी नपुगेको क्षेत्र । | जुनसुकै समयमा |
| ७ | किट आतंक | जदवायु परिवर्तन, बढी विषदी प्रयोगका कारण लाभकारी चरा र किरा लोप | खेती मौसम |
| ८ | चट्याङ, असिना | बढीजसो पानी परेको बर्षा याममा | जुनसुकै समयमा |

*श्रोत: स्थलगत अध्ययन र जिल्ला प्रोफाइल -२०७२/०७३*

## ८.४. प्राकृतिक विपद वा प्रकोपको आधारमा पारिवारीक विवरण :

यस गाउपालिकामा सम्पूर्ण घरधूरीहरुलाई परिवार बसोवास गरेको स्थानमा विगत ५ बर्षको अवधिमा कस्ता-कस्ता विपद वा प्रकोपको सामना गर्नु भयो, भोग्नु भयो भनी बहुउत्तर आउने प्रश्न सोधिएको थियो । यस्ता विपद र प्राकृतिक प्रकोप तथा मानव असावधानी का तर्फवाट भएको घटना , दूर्घटना जस्ता विषयहरुले प्रत्यक्ष रुपमा हानी, नोक्सानी र क्षति गराएको पाइएको छ । यस गाउपालिकामा विगत ५ बर्षमा भएका क्षतिका विवरणहरु देहाय बमोजिम रहेका छन् ।

**तालिका न.१२३: प्रकोपको आधारमा क्षतिको आर्थिक तथा मानविय विवरण**

| क.स | प्रकोपको विवरण | आर्थिक क्षति | घाइते | मानविय क्षति, विरामी, प्रभावित | मृत्यू |
|---|---|---|---|---|---|
| १ | भुकम्प | २१९५००० | १ | १ | ० |
| २ | पहिरो | ५१७६५६० | ० | ३ | ० |
| ३ | बाढी , डुवान | ८३९२४३९५ | ९ | २६०२३ | १५ |
| ३ | आगलागी | ७१९०८० | १ | ० | ० |
| ४ | महामारी | १००००० | ० | ० | ० |
| ५ | खडेरी | २१७००० | ३ | ४ | ० |
| ६ | सडक दूर्घटना | ८१८००० | २ | ० | १ |
| ७ | अन्य | १०३०००० | ३ | ० | १ |

*श्रोत: पार्श्वचित्र२०७७/७८*

माथीको तालिका अनुसार गाउपालिकामा विगत ५ बर्षको अवधिमा भएका यस गाउपालिका का ७ वटै वडाहरुमा भएको प्राकृतिक प्रकोपहरु मध्ये भुकम्प , बाढी डुवान, आगलागी , महामारी , खडेरी , सडक दुर्घटना तथा विभिन्न प्रकारका क्षतिहरुका वारेमा तथ्यांक दिइएको छ । यस गाउपालिकामा अत्यधिक क्षति हुने प्राकृतिक प्रकोपहरुमा बाढी तथा डुवान, सडक दूर्घटना र आगलागी जस्ता प्रकोपहरु प्रमुख रहेका छन् ।

# परिच्छेद -९ विकासमा गाउवासीको चाहना/आवश्यकता

## ९.१. आवश्यकताको विश्लेषणको पृष्ठभूमिः

यस परिच्छेदमा यस गाउपालिकाका ७ वटै वडाहरुमा आवश्यकताको वडागत रुपमा स्तरीकरण गरी विश्लेषण गरिएको छ । स्थलगत अध्ययनका कममा घरधूरी सर्वेक्षण गर्दा प्रत्येक घरधूरीमा तपाइको गाउपालिका वा वडा कार्यलयवाट तत्कालै के सेवा वा चाहनाको इच्छा राख्नु भएको छ वा तपाइ विकाश निर्माण वा पूर्वाधारको क्षेत्रमा तत्कालै के चाहना राख्नुहुन्छ भनी प्रश्न राखिएको थियो । यसरी प्राप्त ९०% भन्दा बढी घरधूरीले जवाफ दिएको वा आफ्नो गाउ, टोल, समाज र वडाका विकाशका निम्ती दिइएका आवश्यकताहरुलाई स्तरिकरण गरी व्यक्तिगत चाहना वा इच्छाइएका कुरा भन्दा समूगत हक हितका लागी व्यक्त गरिएको आवश्यकतालाई लिएर विश्लेषण गरिएको छ ।

यस परिच्छेदमा व्यक्तिगत आवश्यकता भन्दा सामूहिक आवश्यकताहरुको coding गरी यस तथ्यांकलाई विश्लेषण गर्नु महत्वपूर्ण हुन जाने हुदा यहा व्यक्ति विशेष वा निश्चित घरधूरीको आवश्यकता भन्दा समग्र वडाको विकाश निर्माण, कुनै वर्ग विशेष भन्दा समग्र गाउपालिकाको हित र उत्थानका लागी व्यक्त गरीएको विचार र आकांक्षा लाई यहा विश्लेण गरिएको छ । व्यक्तिगत रुपका आवश्यकता जस्तै झुलको व्यवस्था, १ थान विजुली पोल, लत्ता कपडा, पानी छान्ने फिल्टरको व्यवस्था जस्ता व्यक्तिगत आवश्यकतालाई यस स्तरीकरणमा समावेश गरिएको छैन ।

जहदा गाउपालिकाका ७ वटै वडाहरुमा तत्कालै का आवश्यकताहरुको स्तरिकरण अर्थात प्राथमिकीकरण गर्ने सवालमा व्यक्तिगत आवश्यकता , पारिवारीक आवश्यकता जस्ता कुराहरुलाई सामाजिकीकरण र समूदाय, वर्गको हितमा देखिने सम्भावना रहेका आवश्यकताहरुलाई गाउ, टोल र समाजका कुनै वर्ग विशेषका हितका लागी उपयुक्त हुने सम्भावना देखिएका कुराहरुलाई यस प्राथमिकीकरण गर्दा मूलत त्यस वडामा प्रत्येक घरधूरीले पहिलो प्रकृतिको कुरा बताउने सन्दर्भ सँग मेल खाने भएकोले आवश्यकताको विश्लेषण गर्दा बढी भन्दा बढी घरधूरीले वताएका कुराहरुलाई प्राथमिकतामा राखेर त्यसैगरी दोश्रो तथा तेश्रो आवश्यकता पनि विश्लेषण गरिएको छ ।

## ९.२. विकाश आवश्यकताको प्राथमिकीकरण :

यस अध्ययनका कममा गरिएको स्थलगत सर्भेक्षण वाट प्राप्त आवश्यकताहरुको वर्गिकरण गरी घरधूरीहरुमा सवैभन्दा बढी घरधूरीले वताएका आवश्यकतालाई पहिलो त्यसैगरी दोश्रो र तेश्रो गरी वर्गिकरण गरेर विश्लेषणात्मक कुराहरुलाई तालिकिकरण गरिएको छ ।

**तालिका न.१२४: वडा न.१ को घरधूरीवाट प्राप्त मूख्य आवश्यकता सम्वन्धी विवरण**

| क.स | पहिलो आवश्यकताको विवरण | दोश्रो आवश्यकताको विवरण | तेश्रो आवश्यकताको विवरण |
|---|---|---|---|
| १ | सीपमूलक तालिम महिला/पूरुष | खानेपानीको व्यवस्था | फोहोर व्यवस्थापन र डस्विन व्यवस्था |
| २ | सुलभ र निशुल्क स्वास्थ्य | गरिबि को समाधान | गुणस्तरीय शिक्षा र प्राविधिक शिक्षा |
| ३ | तटबन्ध र बाढी नियन्त्रण | रोजगार श्रृजना र व्यवस्था | दमकल को व्यवस्था |
| ४ | बाटो ग्राभेल र मर्मत | सुकुम्वासी समस्या समाधान | वृद्धवृद्धाका लागी निशुल्क उपचार |

*श्रोत: पार्श्वचित्र२०७७/७८*

माथीको तालिका अनुसरा वडा न.१ मा जम्मा घरधूरी मध्ये १०० प्रतिशत घरधूरीले यस शिर्षकमा जवाफ दिएका थिए । तालिकाको पहिलो प्राथमिकतामा ४ वटा विषय, दोश्रोमा पनि ४ वटा विषय साथै तेश्रोमा पनि ४ वटा विषय नै समेटिएको छ । प्रत्येक विषयमा कति घरधूरीले सो सँग सम्वन्धीत जवाफ दिए का थिए भनेर प्रत्येक घरधूरी संख्या पनि राखिएको छ । मूख्य रुपमा वडामा यसरी उठेका विषयहरुमा बाटोको स्तरोन्नती, सडक कालोपत्रे, ह्यूम पाइप जडान, सीप मूलक तालिमको व्यवस्था, रोजगारीको व्यवस्थ ागर्ने , निशुल्क औषधी जस्ता विषयहरु पनि आएका थिए ।

## ९.३.वडा न.२ को आवश्यकताको प्राथमिकीकरण:

जहदा गाउपालिका वडा न.२ मा जम्मा घरधूरी १३७४ सर्भेक्षणका क्रममा देखिन्छ । त्यसमध्ये ९५ प्रतिशत घरधूरीहरुले वडाका तत्कालका आवश्यकता र चाहनाहरुलाई अभिव्यक्त गरेका थिए । यस वडामा पनि धैरै व्यक्तिगत इच्छा र आकांक्षाहरु समेटिएका थिए भने यस स्तरिकरणमा त्यस्ता परेका चाहना र आवश्यकताहरुलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.१२५: वडा न.२ को घरधूरीवाट प्राप्त मूख्य आवश्यकता सम्वन्धी विवरण**

| क्र.स | पहिलो आवश्यकताको विवरण | दोश्रा आवश्यकताको विवरण | तेश्रो आवश्यकताको विवरण |
|---|---|---|---|
| १ | बाटोको स्तरोन्नति | सुकुम्वासी व्यवस्थापन | कृषि तालिमको व्यवस्था |
| २ | सीपमूलक तालिम | खानेपानीको व्यवस्था | आवासको व्यवस्था |
| ३ | रोजगारीको व्यवस्था | नदीवाधको व्यवस्था | निशुल्क शिक्षा |
| ४ | अपाङ्ग लाई सहुलियत | ह्यूम पाइपको व्यवस्था | स्वास्थ्य केन्द्र टाढा भयो |

*श्रोत: पार्श्वचित्र२०७७/७८*

माथीको तालिका अनुसार वडा न.२ मा वाटोको स्तरोन्नती भित्र, सडक कालोपत्रे, ग्राभेल सडकमा नालीको व्यवस्था र बाटोमा माटो हाल्ने जस्ता आवश्यकताहरु समेटिएका छन् भने सीपमूलक तालिममा महिला तथा पुरुषहरुलाई आय आर्जनका लागी मूख्य रुपमा सिलाई कटाइ तालिम, व्यूटि पार्लर तालिम साथै अन्य आय आर्जन गर्ने सीपहरु हस्तकला, अचार वनाउने जस्ता कुराहरु पनि समेटिएको छ । यसरी नै सुकुम्वासी समस्या समाधान गर्न पहल गर्न, जग्गा नहुनेहरुलाई जग्गा प्रदान गरि कृषिमा लगाउने कुराहरु पनि आएका छन् । यसरी हेर्दा गाउ, टोल र वडाको विकाशका लागी कुनैपनि विन्दूवाट काम सुरु गर्ने र तिनीहरुलाई तत्कालै सम्वोधन गर्न सकेको खण्डमा गाउपालिका वासीहरुको विकाश चाहानालाई सम्वोधन गर्न सकिने देखिन्छ ।

## ९.४. वडा न.३ को आवश्यकता सम्वन्धी स्तरिकरण:

यसैगरी वडा न.३ मा रहेको जम्मा १४९०.घरधूरीहरुमा सर्भेक्षण गरिएको थियो । यस सर्भेक्षणमा भाग लिने सवै घरधूरीहरुले निम्नानुसारका आवश्यकताहरु वताएका थिए । सुविधा सम्पन्न सरकारी अस्पतालको व्यवस्था जसमा दक्ष विशेषज्ञ डाक्टरहरुको व्यवस्था, रोजगारीको व्यवसीथा, सरकारी क्याम्पसको निर्माण गरी सवै विषयहरु पठनपाठन गराउनु पर्ने, बाढी नियन्त्रण, ढल र नालाको व्यवस्थापन, बाटो कालेपत्रे , ग्राभेल गराउनु पर्ने, खानेपानीको लागी ट्यूवेल व्यवस्थापन, विभिन्न सीपमूलक तालिमको व्यवस्था, पार्कको व्यवस्था, एम्वुलेन्सको व्यवस्था, फोहोरमैला व्यवस्थापन जस्ता विषयहरु यस वडावाट आएका तत्काल कार्यहरु भनेर उल्लेख गरिएको थियो । जसलाई देहायको तालिकामा राखि कति घरधूरीहरुले ति कुरा उठाएका रहेछन् भन्ने वारेमा विश्लेषण गरिएको छ ।

**तालिका न.१२६: वाड न. ३ को घरधूरीवाट प्राप्त मूख्य आवश्यकता सम्वन्धी विवरण**

| क.स | पहिलो आवश्यकताको विवरण | दोश्रा आवश्यकताको विवरण | तेश्रो आवश्यकताको विवरण |
|---|---|---|---|
| १ | सुकुम्बासी व्यवस्थापन | सीपमूलक तालिम | दमकलको व्यवस्था |
| २ | रोजगारको सुविधा | दक्ष डाक्टरको व्यवस्था | शौचालय निर्माण |
| ३ | सुविधा सम्पन्न सरकारी अस्पताल | सडक को व्यवस्थापन | |
| ४ | सडकको स्तरोन्नती | खानेपानी धाराको व्यवस्था | |

*श्रोत: पार्श्वचित्र२०७७/७८*

यस तालिकामा उल्लेख गरिएका प्राथमिकताहरु गाउपालिकाको विकासका निमित्त गाउवासीले राखेका चाहना हुन् । सडक निर्माण, रोजगारको व्यवस्था, शौचालय निर्माण लगायतका रहेका छन् ।

## ९.५.वडा न.४ को आवश्यकता सम्वन्धी स्तरिकरण:

जहदा गाउपालिका वडा न.४ मा आवश्यकताहरुको स्तरिकरण गर्ने सवालमा यहा रहेका जम्मा ६७९९ घरधूरीहरुमध्ये सवै घरधूरीहरुको प्रतिकिया यस सर्भेक्षणमा प्राप्त भएको थियो । अन्य वडाहरुकै जसरी नै यहा पनि धेरै नै उत्तर व्यक्तिगत इच्छा तथा लाभको लागी प्रस्तुत भएका थिए । यसलाई गहन रुपमा ति व्यक्तिगत इच्छा र चाहनालाई सामूहिक हितका लागी प्रस्तुत गर्न सकिने जतिलाई यसमा समावेश गरिएको छ । लुगाफाटा, फ्लुल जस्ता कुराहरु नितान्त वैयत्तिक चाहना भएपनि दैनिक रोजगारीको बाटोमा उन्मूख भएका गरीव, निमूखा र सुकुम्वासी वर्गका धेरै व्यक्तिहरुको चाहना त्यहि छ भनि वडाले त्यस्ता कुराहरुको सम्वोधन गरी सामूहिक रुपमा ति कार्यहरु गर्न सक्दछ । यस वडाको मूख्य मूख्य रुपमा निम्नानुसारका आवश्यकताहरु पहिचान गरी तालिकामा देखाइएको छ ।

**तालिका न.१२७: वडा न.४ को घरधूरीवाट प्राप्त मूख्य आवश्यकता सम्वन्धी विवरण**

| क.स | पहिलो आवश्यकताको विवरण | दोश्रा आवश्यकताको विवरण | तेश्रो आवश्यकताको विवरण |
|---|---|---|---|
| १ | रोजगारको व्यवस्था | खानेपानीको व्यवस्था | विद्युतीकरण |
| २ | सडक सुविधा | सीपूलक तालिम | सिचाइको व्यवस्था |
| ३ | हस्पिटल निर्माण | कृषि तालिमको व्यवस्था | |
| ४ | हेल्थपोष्टको निर्माण | | |

*श्रोत: पार्श्वचित्र२०७७/७८*

माथीको तालिकामा देखाइए अनुसार यस वडा कार्यलय वा गाउपालिका बाट रोजगारको व्यवस्था भने जस्तै जागीर, भन्ने उत्तर बढी साथै सडक सुविधामा सडकको स्तरोन्नती, कालोपत्रे, ग्राभेल माटो हाल्ने, सडकको चौडाइ बढाउने, खानेपानीमा ट्यूवेल व्यवस्था गर्ने जस्ता कुरालाई विभिन्न रुपमा प्रस्तुत गरेका तथ्यांकमा देखिन्छ । यी यस्ता आवश्यकतालाई स्तरिकरण गर्नु भन्दा पहिला विषय वस्तुलाई coding गरेर एकरुपता कायम गरी माथीको तालिकामा प्रस्तुत गयिरएको छ ।

## ९.६.वडा न.५ को आवश्यकता सम्वन्धी स्तरिकरण:

जहदा गाउपालिकाको वडा न.५ अन्तर्गत जनगणना विधिद्धारा समेटिएका सम्पूर्ण गाउपालिकाका ६५६० घरधूरीहरुमा पनि अन्य वडाहरु जस्तै, तत्काल तपाइहरु कस्तो सेवा वा चाहाना गाउपालिका वा वडा कार्यलयवाट राख्नुन गर्दा अन्य वडाहरुमा जस्तै यस वडामा पनि सडकको अवस्थामा सूधार, खानेपानी, स्वास्थ्य चौकी, शौचालय निर्माण,

रोजगारीको व्यवस्था लगायतका कुराहरु मै मूख्य रुपमा केन्द्रीत रहेको देखिन्छ । यस ५ न.वडामा तत्कालका आवश्यकताहरुलाई देहाय अनुसार गरिएको छ ।

**तालिका न.१२८: वडा न.५ को घरधूरीवाट प्राप्त मूख्य आवश्यकता सम्वन्धी विवरण**

| क.स | पहिलो आवश्यकताको विवरण | दोश्रा`आवश्यकताको विवरण | तेश्रो आवश्यकताको विवरण |
|---|---|---|---|
| १ | व्यवस्थित बाटो | नदि नियन्त्रण | कृषि अनुदान |
| २ | नालाको व्यवस्था | कृषि तालिम | एम्वुलेन्स सेवा |
| ३ | सीपमूलक तालिम | ह्यूम पाइप | शौचालय निर्माण |
| ४ | रोजगारी | खानेपानी | |

*श्रोत: पार्श्वचित्र२०७७/७८*

माथीको तालिका अनुसारयस गाउपालिकाको वडा न.५ नगरपालिकाकै मध्य भागमा अवस्थित छ । यहा पनि मानिसको आवश्यकता थरी थरीका पाइएका छन् ती आवश्यकताको स्तरिकरण गर्नु पूर्व गुणात्मक तथ्यांक विश्लेषणका विधी प्रयोग गरि बढीजसो घरधूरीले भन्न खोजेको र एक रुपता झल्कने बढी माग र चाहना राखेका आवश्यकतालाई स्तरिकरण गरी माथीको तालिकामा प्रस्तुत गरिएको छ । यस वडामा पहिलो आवश्यकता आएको भएपनि दोश्रो र तेश्रो आवश्यकता एकदमै कम आएको छ ।

## ९.७.वडा न.६ को आवश्यकता सम्वन्धी स्तरिकरण

यस स्थलगत सर्वेक्षणका क्रममा वडा न.६ का वडा अन्तर्गतका घरधूरीहरुमा तत्कालका आवश्यकताहरु अलि पृथक ढंगवाट आएका पनि देखिन्छन् । आवश्यकता अन्य वडाहरुकै जस्तै भएपनि बढीजसो घरधूरीले एउटै आवश्यकता तिनै चरणमा वताएका पनि छन् । जस्तो कि सुकुम्वासीलाई जग्गा,सुकुम्वासी व्यवस्थापन, सुकुम्वासीलाइ विकाश निर्माणमा प्राथमिकता जस्ता कुरा कै सेरोफेरोमा आवश्यकताहरु आएको देखिन्छ । यसलाई तलको तालिकामा अझ विस्तृत रुपपमा देखाइएको छ ।

**तालिका न.१२९: वडा न.६ को घरधूरीवाट प्राप्त मूख्य आवश्यकता सम्वन्धी विवरण**

| क.स | पहिलो आवश्यकताको विवरण | दोश्रो आवश्यकताको विवरण | तेश्रो आवश्यकताको विवरण |
|---|---|---|---|
| १ | | कृषि तालिम | गरिवलाई शिक्षा सहज र सर्वसुलभ हुनु परो |
| २ | बाटोघाटोको राम्रो व्यवस्था | सडक बत्तिको सुविधा | खानेपानीको फिल्टर |
| ३ | सुकुम्वासी समस्या समाधान | रोजगारी व्यवस्था | हस्पिटलको व्यवस्था |
| ४ | सीपमूलक तालिम महिला/पूरुष | चेतनामूलक तालिम | एम्वुलेन्स सेवा |

*श्रोत: पार्श्वचित्र२०७७/७८*

माथीको तालिका अनुसार वडा न.६ का घरधूरीवाट प्राप्त भएका तत्कालका आवश्यकताहरुको स्तरिकरण गरिएको छ । जहा सवैभन्दा धेरै घरधूरीले रोजगार, बाटोघाटो, सुकुम्वासी समस्या समाधान र सीपमूलक तालिम जस्ता कुराहरु उठाएको पाइन्छ । मूख्य रुपमा त्यहा हिउदे सडक राम्रो भएतापनि बर्खा लागेपछि धेरै समस्या हुनाले त्यसको स्तरिकरण र स्तरोन्नती जस्ता कुराहरु समेटिएका छन् ।

## ९.८.वडा न.७ को आवश्यकता सम्वन्धी स्तरिकरण:

यस अध्ययनका क्रममा वडा न.७ को घरधूरीहरु बाट आएका तत्कालका आवश्यकता सामूहिक रुपका व्यक्तिगत तवरका तथा गाउटोलका लागी समग्र पक्षको व्यवस्था हुने खालका आवश्यकता आएका छन् । ति विभिन्न घरधूरीले वताएका कुराहरुको प्राथमिकता क्रम निर्धारण गरी स्तरिकरण गरिएको छ । जसलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.१३०: वडा न.७ को घरधूरीवाट प्राप्त मूख्य आवश्यकता सम्वन्धी विवरण**

| क.स | पहिलो आवश्यकताको विवरण | दोश्रो आवश्यकताको विवरण | तेश्रो आवश्यकताको विवरण |
|---|---|---|---|
| १ | स्वदेशमै रोजगार | सीपमूलक तालिम | सुकुम्वासी रोजगार |
| २ | व्यवस्थित बाटोघाटो | सडक बत्ति व्यवस्थित | सार्वजनिक शौचालय |
| ३ | एम्वुलेन्स सेवा | आवश्यकता अनुसार मलखाद | कृषि अनुदान |
| ४ | | खानेपानीको व्यवस्था | खोला नाला तार जाली |

*श्रोत: पार्श्वचित्र२०७७/७८*

माथीको तालिका अनुसार वडा न.७ मा रहेका घरधूरीहरु मध्ये सवैभन्दा बढी घरधूरीहरुले हालको तत्कालै गर्नुपर्ने पहिलो प्राथमिकतामा देखेका काम एम्वुलेन्स सेवा व्यवस्थापन गर्नु पर्ने देखिन्छ । प्रत्येक घरधूरीको कुनैमा पहिलो, कुनैमा तेश्रो नम्वरमा आएको विषय नै एम्वुलेन्स सेवाहो । यसैगरी दोश्रोमा खानेपानीको व्यवस्था जस्ता समेटिदै अन्ततोगोत्वा सवैको उद्देश्य एम्वुलेन्स सेवा र रोजगार मुलक तालिम ।

यसरी हेर्दा जहदा गाउपालिकाका सवै वडाहरुवाट तत्कालै सम्वोधन गर्नुपर्ने विषय प्रत्येक घरधूरी वाट आएका विकाश निर्माण, स्वरोजगार, आत्मनिर्भर जीवन स्तरका क्षेत्र लगायत शिक्षा, स्वास्थ्य, कृषि र सुकुम्वासी समस्याका कुराहरु तथा जीवनस्तर सरल र सहज रहोस् भनि गरिने अन्य विविध प्रकारका विषय लगायत सरकारी सेवा सुविधा, सहजताका आवश्यकता पनि आएका छन् । जसलाई माथी वडागत रुपमा प्रस्तुत गरीसकिएको छ । जसले गर्दा भोलीका दिनमा वडाअनुसार कार्यक्रम छनौट र लागु गर्दा माथीका कुनै विषयवस्तुहरुले सहयोग गर्ने अपेक्षा राख्न सकिन्छ ।

# परिच्छेद - १०: संस्थागत सुशासनको स्थिति

गाउपालिका भित्रको संस्थागत तथा सुशासनको विद्यमान अवस्था कस्तो छ , यसका संरचनात्मक ढाँचाहरु कस्ता छन भन्ने वारेमा यस परिच्छेदमा दिइएको छ ।

## १०.१. सरकारी कार्यलय सम्वन्धी विवरण:

यस जहदा गाउपालिकामा विभिन्न सेवा प्रवाह गर्ने उद्देश्यले स्थापित सरकारी कार्यलयहरु, शान्ति सुरक्षा र अमनचयनका उद्देश्यले स्थापित कार्यलय, विकाश निर्माणमा साझेदार कार्यलयहरु मुख्यतया गाउपालिका क्षेत्रमा रहेका हुन्छन् । यस शिर्षकमा सरकारी कार्यलय सँग सम्वन्धीत भएर तलको तालिकामा दिइएको छ ।

**तालिका न.१३१: सरकारी कार्यलय सँग सम्वन्धीत विवरण**

| क.स | सरकारी कार्यलय | ठेगाना | जनशक्ति | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | गाउकार्यपालिकाको कार्यलय | मझारे | ६६ | गाउपालिका भरी |
| २ | प्राथमिक स्वास्थ्य केन्द्र | | | गाउपालिका भरी |
| ३ | हुलाक कार्यलय | मझारे | २ | |
| ४ | प्रहरी कार्यलय | मझार, पोखरिया | | |
| ५ | शसस्त्र प्रहरी कार्यलय | | | |
| ६ | स्वास्थ्य चौकी | ७ वटै वाडमा | ४२ | |

*श्रोत: गाउपालिका कार्यलय २०७७*

## १०.२. नगरपालिकामा रहेका विभिन्न समूह सम्वन्धी विवरण:

गाउपालिकामा विभिन्न प्रकारका समूहहरु मार्फत संगठित रुपमा महिला र पूरुषहरु बिचमा आवद्ध भएर विभिन्न रुपमा कार्य गरी रहेका हुन्छन् । जसमा विशेषत बचत तथा ऋण सहकारी जस्ता सहकारी संस्थाहरु संगठित रुपमा विकाश निर्माणदेखि सामूदायिक चेतना अभिवृद्धि गर्ने, सरसफाई र सशक्तिकरण का क्षेत्रमा पनि काम गरेका हुन्छन् । गाउपालिका क्षेत्र अन्तर्गत रहेर शान्ति सुरक्ष, समाजमा मेलमिलाप, हिंसा र अपराध विरुद्ध सशक्त हुन यस्ता समूह, समिति र संगठनहरुको भूमिका महत्वपूर्ण हुन्छ । यस्ता सकारात्मकम सोचको विकाश र विस्तार गर्ने गरी गठन भएका र स्थापना भएका संघ संस्था र समूहहरुको विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका न.१३२: गाउपालिकामा रहेका विभिन्न समूहहरुको विवरण**

| महिला विकास संस्था तथा समिति विवरण | ठेगाना | सदस्य संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| महिला विकास समूह | | | | |
| प्रसिद्द म.वि.स | जहदा-१ | १५६ | - | १५६ |
| माथीगछ म.वि.स | जहदा-३ | ४२० | - | ४२० |
| माँ भवानी म.वि.स | जहदा-४ | ४३० | - | ४३० |
| मालती म.वि.स | जहदा-५ | ४२० | - | ४२० |
| आनन्द म.वि.स | जहदा-६ | ३० | - | ३० |
| लाली गुराँस म.वि.स | जहदा-७ | ३२ | - | ३२ |
| लक्ष्मी म.वि.स | जहदा-७ | ३१ | - | ३१ |
| रामजानकी म.वि.स | जहदा-२ | ३० | - | ३० |
| हाथीवन्दा म.वि.स | जहदा-३ | ३० | - | ३० |
| जानकी म.वि.स | जहदा-५ | ३३ | - | ३३ |

*श्रोत: गाउपालिका कार्यलय २०७७*

## १०.३.विकाश साझेदार गर्ने गैर सरकारी संस्था:

गाउपालिका भित्र आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, विकाश सहयोग र सहकार्य गर्ने विकाश साझेदार तथा गैर सरकारी संस्थाहरु पनि कार्यरत रहेका हुन्छन् । सुशासन, लक्षित वर्ग सशक्तिकरण, सामाजिक न्याय, आर्थिक विकास र समुन्नतीका क्षेत्रमा तथा सांस्कृतिक र धार्मिक कार्यहरुललाई अगाडी बढाउने कार्य पनि भइरहेको देखिन्छ । यस्ता विकाश सँग सम्वन्धीत यस क्षेत्रमा कार्यरत साझेदारहरुको विवरण देहाय बमोजिम छ ।

**तालिका न.१३३: विकाश साझेदार गर्ने गैर सरकारी संस्था**

| विकाश साझेदार संस्था | कार्यक्रमको विषयगत क्षेत्र | ठेगाना | लक्षीत वर्ग | | जम्मा |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | |
| नारी विकास | बाल विवाह | - | - | - | - |
| Bic Nepal | शिक्षा, स्वास्थ्य | - | - | - | - |
| लथुरन | शिक्षा, स्वास्थ्य | - | - | - | - |

*श्रोत: गाउपालिका कार्यलय २०७७*

## १०.४. गाउपालिकाको संगठनात्मक संरचनाः

## १०.५. गाउपालिका आफैंले बनाएका नियम/विनियमहरुको नियमावलिः

**तालिका न.१३४: नियम/विनियमहरुको नियमावलिः**

| क.स | नियम/विनियम/कार्यविधी/निर्देशिका नाम | कार्यन्वयनमा आएको मिति |
|---|---|---|
| १ | जहदा गाउँ कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि | २०७४ |
| २ | जहदा गाउँपालिका गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावल | २०७४ |
| ३ | जहदा गाउँपालिका गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावल | २०७४ |
| ४ | जहदा गाउँपालिका गाउँ कार्यपालिका निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण कार्यविधि नियमावल | २०७४ |
| ५ | जहदा गाउँपालिका पदाधिकारीहरुको आचारसंहिता | २०७४ |
| ६ | गाउ सभा सञ्चालन कार्यबिधि | २०७५ |
| ७ | आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, | २०७४ |
| ८ | आर्थिक कार्यबिधि नियमित तथा व्यवस्थित ऐन | २०७४ |
| ९ | सहकारी ऐन | २०७५ |
| १० | गाउ बिपद, जोखिम तथा न्यूनिकरण ऐन | २०७५ |
| ११ | कृषि व्यवसाय प्रवर्द्दन ऐन | २०७५ |
| १२ | कर तथा गैर कर राजश्व सम्बन्धी कानुन | २०७५ |
| १३ | न्यायिक समिति कार्यबिधि ऐन | २०७५ |
| १४ | बैठक सञ्चालन कार्यबिधि ऐन | २०७५ |
| १५ | कार्य बिभाजन नियामवाली | २०७४ |
| १६ | जहदागाउँपालिकाको शिक्षा ऐन | २०७७ |
| १७ | करारमा प्राबिधिक कर्मचारी व्यबस्थापन गर्ने सम्बन्धी ऐन | २०७५ |
| १८ | निर्णय वा आदेश वा अधिकारपत्रको प्रमानिकरण | २०७४ |
| १९ | जहदा गाउँपालिका सहकारी ऐन | २०७५ |
| २० | एफ. एम रेडियो व्यवस्थापन ऐन | २०७४ |
| २१ | विनियोजन ऐन | |
| २२ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि | २०७५ |
| २३ | एकीकृत सम्पति कर व्यव्स्थापन कार्यबिधि | २०७५ |
| २४ | परीक्षा संचालन तथा व्यवस्थापन कार्यबिधि | २०७४ |
| २५ | गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका | २०७५ |

*श्रोत: नगरपालिका कार्यलय २०७७*

## १०.६. गाउँकार्यपालिका सदस्यको नामावली:

**तालिका न.१३५: गाउँकार्यपालिका सदस्यको नामावली:**

| क.स | कार्यपालिका सदस्यको नाम | पद | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | कैलाश प्रसाद मण्डल | अध्यक्ष | ९८०५३०८१०९ |
| २ | शालो शाह | उपाध्यक्ष | ९८११०७३७०५ |
| ३ | प्रदिपचन्द यादब | १ नं. वडाध्यक्ष | ९८०७३८८५९९ |
| ४ | राजेश श्रेष्ठ | २ नं. वडाध्यक्ष | ९८०७३२२६१९ |
| ५ | अनिल कुमार ठाकुर | ३ नं. वडाध्यक्ष | ९८११३५०१९७ |
| ६ | जयनरथ गिरी | ४ नं. वडाध्यक्ष | ९८११०१०००६ |
| ७ | जगदिश सिंह | ५ नं. वडाध्यक्ष | ९८०४०३५६९२ |
| ८ | शिव नारायण मण्डल | ६ नं. वडाध्यक्ष | ९८१६३३९१७२ |
| ९ | भगवानलाल वेश्रा | ७ नं. वडाध्यक्ष | ९८०४३४५३३४ |
| १० | विनिता सिंह | का.पा सदस्य | ९८१५३६९५१८ |
| ११ | सुशिल सिंह | का.पा सदस्य | ९८०४०५०७५७ |
| १२ | मुस्कान कामत | का.पा सदस्य | ९८०५३२९४०९ |
| १३ | विन्ती देवी यादव | का.पा सदस्य | ९८२५३३४५९८ |
| १४ | लिला देवी सरवरिया | का.पा सदस्य | ९८२४८०३१६३ |
| १५ | गंगादेवी मलाहा | का.पा सदस्य | ९८१०५३२१९ |

*श्रोत: गाउपालिका कार्यलय २०७७*

# ANNEX- 1


- Population monograph - २०६८- केन्द्रीय तथ्यांक विभाग
- गाउँपालिका पार्श्व चित्र - २०७४- जहदा गाउँपालिका
- जिल्ला पार्श्व चित्र - जि.वि.स.मोरङ्ग - २०६४, २०७०
- नेपालको संविधान - कानून किताब खाना व्यवस्था समिति - २०७२
- स्थानीय स्वायत्त शासन संचालन ऐन - कानून किताब खाना व्यवस्था समिति - २०७४
- राष्ट्रिय जनगणना जातिगत प्रतिवेदन - केन्द्रीय तथ्यांक विभाग - २०६८
- नेपाल जीवनस्तर सर्भेक्षण प्रतिवेदन - स्वास्थ्य मन्त्रालय - २०११ र २०१६
- स्थानीय स्वायत्त शासन नियमावली - २०७४ - कानून किताब खाना व्यवस्था समिति
- कृषि सर्भेक्षण प्रतिवेदन - २०७३/०७४ - कृषि कार्यलय मोरङ्
- बार्षिक प्रतिवेदन - २०७४, जनस्वास्थ्य कार्यलय मोरङ्
- निर्वाचन आयोगको कार्यलय
- A study survey on disability in Nepal – UNDP